


३१८

# भक्तपुर मासिक

Bhaktapur Monthly
माघ २०७९
ISSN 2705-4454

## पुनःनिर्मित हरिशङ्कर नारायण मन्दिर (जेला)

- नेमकिपाको ३४ औँ केन्द्रीय परिषद्बाट पारित राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरु
- 'नेमकिपाले सुविधाको लागि प्रमुख प्रतिपक्षको भूमिका खोजेको होइन'
- सांस्कृतिक नगर घोषणामा किन विलम्ब ?
- लुकाइएको नेपाली इतिहास
- भक्तपुर नपाका गतिविधि






नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर नपाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा २५ औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा जनचेतनामूलक शैक्षिक प्रदर्शनीको उद्घाटन गर्नुभयो । (माघ ५ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६
website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np
Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

jÌ{$) ✭ cÆ #✭ g}; ≠!!$# ✭ lj=; ≠@)&( df3 ✭ A.D.2023

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी
सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार
डेस्कटप : धनलक्ष्मी त्यात
आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)




'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

**‘युद्धको लागि तयार सेनासँग भन्दा पनि बैंकिङ्ग संस्थासँग डराउनुपर्छ ।’–थोमस जेफर्सन**


## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | नेमकिपाको ३४ औँ केन्द्रीय परिषद्बाट पारित राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरू | – | ३ |
| २) | ‘नेमकिपाले सुविधाको लागि प्रमुख प्रतिपक्षको भूमिका खोजेको होइन’ | अध्यक्ष रोहित | ७ |
| ३) | सभामुख सरकारको आदेश पालकजस्तो हुन नहुने | प्रेम सुवाल | ८ |
| ४) | नेमकिपालाई कानुनबमोजिम प्रमुख प्रतिपक्षी दल तोक्नुपर्ने | सुनिल प्रजापति | १० |
| ५) | भीड जतातिर लाग्छ त्यतै नेमकिपा एकोहोरिँदैन | सुरेन्द्रराज गोसाई | ११ |
| ६) | ‘पारदर्शिता, अनुशासन र गुणस्तरीयताले नै वागीश्वरीलाई उचाइमा पुऱ्याएको हो’ | नपा प्रमुख सुनिल प्रजापति | १४ |
| ७) | नेमकिपा सशक्त र प्रखर प्रमुख प्रतिपक्ष | विवेक | १६ |
| ८) | कर्णाली प्रदेशमा नेमकिपाको सङ्गठन पुनः सुदृढ हुँदैछ | सुनिल प्रजापति | १८ |
| ९) | ‘भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले शैक्षिक गुणस्तरमा उचाइ प्राप्त गर्दैछन्’ | – | २० |
| १०) | सांस्कृतिक नगर घोषणामा किन विलम्ब ? | विगोल | २१ |
| ११) | समालोचनाया सिद्धान्त (११) | प्रो.माणिकलाल श्रेष्ठ | २६ |
| १२) | लुकाइएको नेपाली इतिहास | प्रा.डा.एच.जी. बेहर | २९ |
| १३) | सम्पत्ति हुँदैमा समाज नचाहिने हो र ? | कुशल | ३५ |
| १४) | तातो गुम्बज | नाति कवां | ३७ |
| १५) | नेपालको शैक्षिक विकास एक झलक | न्हुछेरत्न बुद्धाचार्य | ४० |
| १६) | राष्ट्रिय बक्सिङ खेलाडी तुल्सीराम देशेमरु | आर. के (राज) | ४४ |
| १७) | हाम्रा जनताका सहयागीहरू | – | ४६ |
| १८) | अध्यक्ष रोहितको निवासमा राष्ट्रपति भण्डारी | – | ४७ |
| १९) | सांस्कृतिक अस्तित्वया बलात्कार स्वस्वं दनावयाम्ह जी | महर्जन इन्दुस | ४८ |
| २०) | भूकम्प सुरक्षा दिवसको अवसरमा दत्तात्रयमा जनचेतनामूलक शैक्षिक प्रदर्शनी | – | ४९ |
| २१) | नवयुवकसँग अपिल–‘प्रिन्स’ क्रोपात्कीन | – | ५० |
| २२) | भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय | – | ५१ |
| २३) | भक्तपुर नगरपालिका गतिविधि | – | ६२ |
| २४) | प्रमुख प्रतिपक्षी दल एमाले किन हुनसक्दैन ? (सम्पादकको पृष्ठ) | – | ९२ |

**साथमा** : बसिबियाँलो–१३/ रातो मच्छिन्द्रनाथ मन्दिरको पुनःनिर्माण–३९/ थाहापाइराखौ–४८/ अनुभव आदान–प्रदान–५७/ विविध समाचार–७०/ संक्षेपमा–८४/ हाम्रो स्वास्थ्य–८७/ विश्वमा कोभिड–१९ को स्थिति–८८/ Khwopa Hospital Pus Report–९०/ पुस महिनाको पर्यटक तथ्याङ्क–९१/ रंगीन पृष्ठ–क देखि घ ।



भक्तपुर नपाबाट
नियमित प्रकाशन
भइरहेको
पढ्नु होस्
लेखरचना, प्रतिक्रिया दिई
सहयोग गर्नुहोस् ।



## नेपाल मजदुर किसान पार्टीको ३४ औँ केन्द्रीय परिषद्बाट पारित

# राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरू

(२०७९ पुस ८, ९ र १०)




### राष्ट्रिय प्रस्ताव

१) निर्वाचनमा नेपाल मजदुर किसान पार्टीको 'मादल' चिह्नमा मतदान गरी देशघाती एमसीसी, एसपीपी सम्झौता र नागरिकता विधेयकको विरोधमा देशको सार्वभौमसत्ताको रक्षा गर्ने पार्टीको आन्दोलनप्रति ऐक्यबद्धता प्रकट गर्ने सम्पूर्ण मतदाता दाजुभाइ, दिदीबहिनीहरूमा यो परिषद् **हार्दिक धन्यवाद** ज्ञापन गर्दछ ।

२) मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा शासक दलहरूले मतदाताहरूलाई भोज खुवाउने, पैसा बाँड्ने, डरधम्की दिई प्रभावमा पारी आचारसंहिता उल्लङ्घन गरी चुनाव जितेको र यसबारे निर्वाचन आयोगमा परेका उजुरीमा आयोगले कुनै कडा कारबाही गरेको छैन । **आचारसंहिता उल्लङ्घन** गरी निर्वाचित सांसदहरूको पद खारेज गर्न गराउन यो परिषद् जोड दिन्छ ।

३) प्रतिनिधिसभाको निर्वाचन मिति घोषणासँगै निर्वाचनमा भाग नलिने **तटस्थ व्यक्तिहरूको चुनावी सरकार** गठन, प्रतिनिधिसभाको कार्यकालको अन्त्य र निर्वाचन आचारसंहिता लागू हुने कानुनी व्यवस्थाको लागि यो परिषद् सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

४) समानुपातिक निर्वाचनमा एक स्थान प्राप्त गर्न प्रतिनिधिसभामा ३ प्रतिशत र प्रदेशसभामा १ दशमलव ५ प्रतिशत मत प्राप्त गर्नुपर्ने प्रजातन्त्रविपरीतको कानुनी प्रावधान खारेज गराउन हाम्रो पार्टीले सर्वोच्च अदालतमा दर्ता गरेको मुद्दामा बहससमेत समाप्त भइसकेको तर हालसम्म **प्रजातन्त्रविपरीतको मत सीमा खारेज** गर्ने फैसला नभएको हुँदा ती प्रावधानहरू खारेज गर्न गराउन यो परिषद् सबैको ध्यानाकर्षण गराउँदछ ।

५) कृषिप्रधान देशमा धेरै अगाडिदेखि कृषि मलको अभाव भइरहेको छ । सरकारले मलमा दिइरहेको अनुदानमा वृद्धि गरी सस्तो र गुणस्तरीय मल सुलभ तरिकाले वितरणको व्यवस्था गर्नु आवश्यक छ । नेपाल मजदुर किसान पार्टीले **स्वदेशमै मल कारखाना स्थापना** गर्न निरन्तर जोड दिँदै आएको हो । सरकारमा गएका पुँजीवादी पार्टीहरू मल खरिदमा अर्बौं रुपैयाँ कमिसन खाने र देशलाई परनिर्भर बनाउने जनविरोधी काममा लागिरहेका छन् । यो परिषद् नेपालमै मल कारखाना खोल्न र कम्पोष्ट मलसमेत उत्पादन गर्ने कृषकहरूलाई आवश्यक तालिमको व्यवस्था गर्न जोड दिन्छ ।

६) नेपाली पुरुषसँग विवाह गरेका विदेशी महिलालाई तत्काल नेपालको नागरिकता दिने, २०६३ सालमा जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोरा छोरीलाई समेत वंशजको आधारमा नेपाली नागरिकता दिन र गैरआवासीय नागरिकलाई आर्थिक अधिकारसहितको नेपाली नागरिकता दिने **नागरिकता विधेयक** नेपाल र नेपाली जनताको हितविपरीत संसद्को बहुमतबाट पारित हुनुको अर्थ देशलाई सिक्किमको अवस्थामा पुऱ्याउने हुँदा उक्त देशघाती विधेयक अविलम्ब खारेज गर्न यो परिषद् सबैको ध्यानाकर्षण गराउँदछ ।

७) देशको अर्थतन्त्र कमजोर हुँदै आएको, राजस्वबाट कर्मचारीको तलब धान्न मुश्किल भएको, स्वदेशमा रोजगारी नपाउँदा ७०–८० लाख नेपाली युवा वैदेशिक रोजगारीको नाममा बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बन्न बाध्य भएको र दाल, चामल, तरकारीलगायत भारतबाट खरिद गर्न १७ खर्ब रुपैयाँभन्दा बढी व्यापारघाटा, २० खर्ब रुपैयाँभन्दा बढी सार्वजनिक ऋण पुगेको आजको यथार्थ हो । तसर्थ पञ्चायतदेखि बहुदल र गणतन्त्रसम्मको सरकारका सम्पूर्ण प्रधानमन्त्री, मन्त्री र सरकारी अधिकारीहरूको **सम्पत्ति छानबिन गरी दोषीलाई हदैसम्मको कारबाही** गर्न यो परिषद् सबैको ध्यानाकर्षण गराउँदछ ।

८) नेपाली युवालाई भाडाको सिपाही बनाउँदै आएको सन् १९४७ को **गोर्खा भर्ती** र नेपाललाई भारतको सुरक्षा छातामा राख्ने **सन् १९५० को नेपाल–भारत सन्धि** अविलम्ब खारेज गर्न–गराउन यो परिषद् जोड दिन्छ ।

९) क्यान्सरलगायत रोगको उपचार गर्न नशाबाट दिने औषधि विदेशमा खरिद गरी **आपूर्ति गर्नुपर्ने काममा बेवास्ता**

गरेका नेपाल औषधि लिमिटेडका महाप्रबन्धकलगायत सम्बन्धित अधिकारीहरूलाई निलम्बन गरी कारबाही गर्न यो परिषद् सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

१०) सार्वजनिक संस्थानमा भ्रष्टाचार गर्ने र संस्थानलाई कौडीको मूल्यमा सस्तोमा बिक्री गर्ने सम्बन्धित मन्त्री र सरकारी अधिकारीहरूको **सम्पत्तिसमेत जफत गरी कडा कारबाही** गर्न यो परिषद् सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

११) नेपाल–भारतबीच खुला सीमा भएको हुँदा अपराधीहरू एकअर्को देशमा लुक्ने, सीमा तस्करी र चेलीबेटी बेचबिखनसमेत बढेको हुँदा दुई देशको हितको निम्ति **खुला सीमा नियमन र बन्द गर्न** यो परिषद् सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

१२) नेपालको पश्चिमी जिल्ला दार्चुलामा भारतीय पक्षले **महाकाली नदीको धार नेपालतिर धकेलेर बनाएको तटबन्ध** तत्काल भत्काउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

१३) नेपालको हितविपरीतका कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, पश्चिम सेती आदि सन्धि खारेज गर्न र नेपाली भूमि **कालापानी कब्जा गरी बसेका भारतीय सेनालाई तत्काल हटाउन** यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

१४) ७१ भन्दा बढी ठाउँमा भारतीय विस्तारवादले अतिक्रमण गरेको ६० हजार हेक्टरभन्दा बढी **नेपाली भूमि अविलम्ब फिर्ता** लिन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

१५) यस वर्ष असोज महिनामा परेको अविरल वर्षाको कारण देशका विभिन्न ठाउँमा जनधनको क्षति भई खाद्यान्न, सिँचाइ, विद्युत् र खेतीयोग्य जमिन डुबानमा परेका **पीडितलाई तत्काल राहत र पुनःस्थापनाको व्यवस्था** गर्न यो परिषद् सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

१६) कर्णालीलगायतका दुर्गम जिल्लाहरूमा यातायातको व्यवस्था गरी आवागमन सहज गर्न र विद्युत् उत्पादन वृद्धि गरी बिजुली बत्तीको व्यवस्था गर्न तथा नेपालको **नदीनाला र बिजुली सस्तोमा भारतलाई बेच्ने** र भारतबाट महँगोमा खाना पकाउने ग्याँस खरिद गर्ने काम तत्काल बन्द गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

१७) पृथ्वीका प्राकृतिक स्रोतसाधनको चरम दोहनका कारण विश्वको तापमान वृद्धि भइरहेको छ, समुद्री सतह बढ्दै छ, समुद्रको अम्लीकरण बढ्दै छ, ओजोन तह पातलिँदै छ, पारिस्थितिक प्रणाली बिथोलिएर खाद्यान्न सङ्कट बढेको छ, हिमताल फुट्ने र सङ्क्रामक रोगहरू फैलिने खतरा पनि बढ्दो छ । पुँजीवाद र साम्राज्यवादको अराजकताले यस शताब्दीको अन्त्यसम्म पृथ्वीको औसत तापक्रम (औद्योगिक युगअघिको तुलनामा) ४ डिग्री सेल्सियस बढ्ने र त्यसअघि नै विकराल प्राकृतिक विपत्तिहरूको सामना गर्नुपर्ने भएकाले औद्योगिक देशहरूलाई पेरिस सम्झौतालगायत वातावरणीय अभिसन्धिहरूमा प्रतिबद्ध रहन र प्रदूषकहरूलाई नै जिम्मेवार बनाउन यो परिषद् आह्वान गर्दछ । **जलवायु परिवर्तन**बाट तेस्रो विश्वका देशहरू सबैभन्दा बढी प्रताडित हुने भएकोले नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चहरूमा वर्तमान विश्व अर्थ व्यवस्थाको खण्डन गर्नुपर्ने तथा जलवायु परिवर्तनका असरहरू सामना गर्न स्पष्ट नीति ल्याउनुपर्नेमा यो परिषद् जोड दिन्छ । बढ्दो जलवायु अराजकता प्रकृतिविरुद्धको युद्ध मानव अधिकारको हनन र उल्लङ्घन हो । जलवायु सन्तुलन कायम नभए मानव जातिको सामूहिक हत्यासरह हुने यो परिषद्को ठहर हो ।

१८) शैक्षिक वर्ष समाप्त हुन लाग्दा समेत सरकारले केही विषयका पाठ्यपुस्तकहरू विद्यार्थीमाझ पुऱ्याउन सकेन । **विद्यार्थीको भविष्यमाथि खेलबाड** गर्ने देउवा सरकारको कार्यको यो परिषद् विरोध गर्दछ । नयाँ शैक्षिक वर्षका लागि समयमै पाठ्यपुस्तक पुऱ्याउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

१९) त्रिविलगायत विभिन्न विश्वविद्यालयले समयमै नतिजा प्रकाशित नगर्दा विद्यार्थीको भविष्य अन्धकारतर्फ धकेलिएको छ । शासक दलकै विद्यार्थी सङ्गठनहरूको तालाबन्दी र आन्दोलनको नाममा हुने अराजकताको कारण हजारौँ विद्यार्थी विदेशमा पढ्न जान बाध्य भएको र यसको लागि अर्बौं रुपियाँ नेपालबाट बाहिरिएको छ । **विद्यार्थीहरू बाहिर पढ्न जानुपर्ने बाध्यताको अन्त्य गर्न** गुणस्तरीय र उत्पादन श्रमसँग जोडिएको शिक्षा दिने विश्वविद्यालय, क्याम्पस तथा अन्य शैक्षिक संस्थाहरू स्थापना गर्न यो परिषद् सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

२०) सर्वसाधारण जनताका छोराछोरीको लागि गुणस्तरीय शिक्षाको व्यवस्था गर्न सघनरूपमा सार्वजनिक विद्यालयको **अनुगमन र शिक्षकहरूको तालिम सञ्चालन** गर्न तथा ५७ हजार रिक्त शिक्षक दरबन्दीमा विश्वविद्यालयमा अब्बल भएकालाई उत्साहित गर्न यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ । नेपालका चिकित्सक र इन्जिनियरहरूलाई स्वदेशमा रोजगारीको व्यवस्था गर्न यो परिषद् जोड दिन्छ ।

२१) नेपाली युवाहरूले विदेशबाट पठाउने विप्रेषन रकमकै हाराहारीमा नेपालमा काम गरेका विदेशीहरूले पनि विप्रेषण रकम लैजाने गरेको तथ्याङ्क सार्वजनिक भएको छ । नेपाली युवालाई आवश्यक तालिम दिई **स्वदेशमै रोजगारीको बन्दोबस्त** गरेर देशको अर्थतन्त्रलाई माथि उठाउन यो परिषद् सरकारको ध्यानाकर्षण गर्दछ ।

**२२)** शिक्षामा राज्यले गर्ने लगानी अत्यन्तै न्यून छ । नेपालको संविधानमा शिक्षालाई मौलिक हकमा राखिएको छ । तर, शिक्षामा १०–११ प्रतिशतमात्र बजेट छुट्याउने गरिएको छ । **शिक्षामा कम्तीमा २४ प्रतिशत बजेट** छुट्याएर विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क गर्न यो परिषद् जोड दिन्छ ।

**२३)** सरकारहरूकै संरक्षणमा समाजमा बोक्साबोक्सी, छाउपडी, दहेज प्रथालगायतका कुसंस्कार तथा अन्धविश्वास कायम रहेको हुँदा गरिब, काम गरी खाने वर्गका महिलामाथिको हिंसा र हत्या बढ्दो छ । **महिला हिंसाका जघन्य अपराधीहरूलाई मृत्युदण्ड**समेतको कानुनी प्रावधानको बन्दोबस्त गर्न र महिलामा आत्मबल विकासको लागि विद्यालय तहदेखि नै खेलकुदको विषयलाई अनिवार्य गर्न गराउन यो परिषद् ध्यानाकर्षण गराउँदछ ।

**२४)** १८ वर्ष उमेर पुगेका सबै नेपाली युवालाई **अनिवार्य सैनिक तालिम** उपलब्ध गराउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**२५)** शासक दलहरूले न्यायालयमा आफ्ना कार्यकर्तालाई न्यायाधीश बनाउने र **सरकारले न्यायालयमाथि हस्तक्षेप** गर्ने काम गरेको हुँदा न्यायालयसमेत भ्रष्टाचारको अखडा भयो । सर्वसाधारणमा न्यायालयप्रति कुनै आशा भरोसा भएन । न्यायालयलाई अराजक र न्यायाधीशहरूलाई भ्रष्ट बनाउनेविरुद्ध कडा कारबाही गर्न गराउन यो परिषद् सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

**२६)** नेपाल विद्युत् प्राधिकरण, नेपाल वायु सेवा निगम, हेटौडा सिमेन्ट कारखाना, उदयपुर सिमेन्ट कारखानालगायतलाई **निजीकरण गर्ने र कमिसन खाने** चाँजोपाँजो गरेका सरकारी अधिकारीहरूलाई अविलम्ब निलम्बन गरी कडा कारबाही गर्न यो परिषद् जोड दिन्छ ।

**२७)** सुकुमवासी समस्या समाधान गर्ने नाउँमा सरकारहरूले धेरै ओटा आयोगहरू गठन गरे । धेरैको सङ्ख्यामा सुकुमवासीहरूलाई जग्गा वितरण पनि गरे तर समस्या घट्नुको सट्टा झनझन् बढ्दै छ । यसर्थ, **वास्तविक सुकुमवासीहरूलाई उचित बन्दोबस्त** गरी सुकुमवासीको नाउँमा राज्यको जग्गा कब्जा गरी बस्नेहरूलाई कानुनी कारबाही गर्न यो परिषद् सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

**२८)** नेपालको जनसङ्ख्या राजधानी काठमाडौँ केन्द्रित गरिएको हुँदा यहाँ खानेपानीको हाहाकार, सडक जाम, ध्वनि, धुवाँ, धूलो, रसायन प्रदूषण, फोहोरमैलाको समस्या बढ्दो छ भने यहाँका बासिन्दामा श्वासप्रश्वास र फोक्सो रोग पनि बढ्दो छ । **देशको सन्तुलित विकास** गरी सबैलाई सेवा, सुविधा उपभोग गर्न पाउने व्यवस्था गर्न यो परिषद् जोड दिन्छ ।

**२९)** मिटरब्याजीहरूको चर्को ब्याजमा परेका देशभरिकै सर्वसाधारण जनताको पीडा बढ्दो छ । यसमध्ये केहीले आत्महत्या पनि गरे । **मिटरब्याजीहरूलाई कडा कारबाही** गरी सर्वसाधारण जनतालाई सुलभ ब्याजमा सरकारले नै कर्जाको व्यवस्था गर्न यो परिषद् सबैको ध्यानाकर्षण गराउँदछ ।

**३०)** उखु किसानहरूले उचित मूल्य नपाएको र चिनी कारखाना सञ्चालकहरूबाट समयमा भुक्तानीसमेत नपाएको हुँदा उखु खेतीमा निरुत्साहित भए । भारतबाट चिनी आयात गर्नु पर्दा व्यापारघाटा पनि बढ्यो । उखु किसानको बक्यौता भुक्तानी गराई **उखु खेती गर्नेलाई आवश्यक प्रोत्साहन** दिन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**३१)** शासक दलहरूकै संरक्षणमा सर्वसाधारण जनताको खर्बौं खर्ब रुपैयाँ **बचत हिनामिना** गर्ने सहकारी संस्थाहरूलाई कडा कारबाही गरी सम्बन्धित बचतकर्तालाई उनीहरूको बचत फिर्ता गर्न गराउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**३२)** संसद्लाई बेवास्ता गरी **सरकारले आफ्नो अनुकूल अध्यादेश** जारी गर्नु प्रजातन्त्रविपरीतसँगै तानाशाही लाद्ने बन्दोबस्त हो । देउवा सरकारले मुलुकी फौजदारी संहिता, २०७४ आफ्नो अनुकूल संशोधन गर्न जारी गरेको अध्यादेश खारेज गर्न यो परिषद् जोड दिन्छ ।

**३३)** **तराईका जिल्लामा ट्युववेल** सिँचाइको लागि व्यवस्था गरिएको अर्बौं अर्ब रुपैयाँको जग्गा हाल ट्युववेल बन्द हुँदा भूमाफियाहरूले कब्जा गरी बेचबिखन गर्न लागेको हुँदा सो जग्गा संरक्षण गर्न गराउन यो परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

**३४)** अन्तर्राष्ट्रिय बजारमा **पेट्रोलियम पदार्थको मूल्य** घटे पनि नेपाल आयल निगमले मूल्य नघटाएकोमा यो परिषद् सरकारको विरोध गर्दछ ।

**३५)** नेपाल र भारत सरकारबीच पीटीए विद्युत् व्यापार सम्झौता भएपश्चात् नेपालले भारतलाई अरुण दोस्रो, माथिल्लो कर्णाली र गत फागुन १५ गते एमसीसी पासपछि २०७९ साउन २४ गते लगानी बोर्डको निर्णयअनुसार पश्चिम सेती ७५० मेघावाट, सेती छैटौं ४५० मेघावाट विद्युत् आयोजना दिएको छ भने साउन २६ गते मुगु–कर्णाली १९०२ र फुकोट कर्णाली ४५० मेघावाट आयोजना दिँदै छ । ती **निर्णय खारेज गर्न** र प्रस्ताव फिर्ता गर्न यो परिषद सरकारको ध्यानाकर्षण गराउँदछ ।

## अन्तर्राष्ट्रिय प्रस्ताव

**१)** संरा अमेरिका र युरोपेली देशहरूको असावधानी र लापरबाहीको कारण **कोभिड–१९ रोग**को सङ्क्रमण विश्वभरि

महामारीको रूपमा फैलियो। यो रोगले करोडौँ जनताको स्वास्थ्यलाई गम्भीर असर पुऱ्यायो र लाखौँ जनताको ज्यान लियो। कोभिडको नयाँ प्रजातिले फेरि पनि केही देशमा नयाँ सङ्क्रमितहरूको सङ्ख्या बढेको समाचार प्रकाशित भएको छ। विश्व अर्थतन्त्रलाई समेत गम्भीर असर पुऱ्याउने कुनै पनि महामारीलाई बेवास्ता नगर्न यो परिषद् संरा अमेरिका र युरोपेली देशहरूलाई आह्वान गर्दछ।

**२)** संरा अमेरिकाले गत फागुनदेखि फेरि युक्रेनमा ध्वंश–अन्तरध्वंश तथा युद्ध सुरु गऱ्यो। अमेरिकाले आफ्नो प्रतिबद्धताविपरीत युक्रेनलाई नाटो सैनिक सङ्गठनमा आबद्ध हुन बाध्य पार्न हतियारसहित पठाएर युद्ध सुरु गरेको निन्दनीय हो। युक्रेनलाई कब्जा गरी मस्को हुँदै भ्लादिभोस्तकसम्म पुग्ने र अन्ततः चीनलाई घेर्ने अमेरिकाको साम्राज्यवादी नीतिलाई भर्त्सना गर्ने पर्दछ। अहिले युक्रेनमा रुसविरुद्धको युद्धमात्र देखिए तापनि यथार्थमा अमेरिकी युद्ध विश्व शान्ति र समाजवादविरुद्ध लक्षित छ। **युक्रेनलाई रणभूमि बनाउने र एसियालाई अन्त्यहीन युद्धमा फसाउने** अमेरिकी साम्राज्यवादको युद्ध सरदार नीतिको यो परिषद् विरोध एवम् भर्त्सना गर्दछ।

**३)** अमेरिकी साम्राज्यवादले **कोरियाली प्रायःद्वीपमा** युद्ध उत्तेजना फैलाउने कार्यलाई अझै रोकेको छैन। गत सेप्टेम्बर, अक्टोबर र नोभेम्बरमा संरा अमेरिका र दक्षिण कोरियाले प्रजग कोरियाविरुद्ध संयुक्त युद्ध अभ्यास र अन्य सैन्य गतिविधि तीव्र पारे। प्रजग कोरियाले आफ्नो सार्वभौमिकता रक्षा गर्न प्रतिवाद गरेपछि संरा अमेरिका, जापान र दक्षिण कोरियाले प्रजग कोरियालाई धम्की तथा दबाब बढाए। अमेरिकी दबाबमा राष्ट्र सङ्घका महासचिव गुटेरेसले समेत प्रजग कोरियालाई उत्तेजना बढाएको आरोप लगाउनु संयुक्त राष्ट्र सङ्घको मूल्य मान्यताविपरीत हो। प्रजग कोरियाले कसैको धम्कीसामू नझुकी स्वाधीनता रक्षा गर्न दृढ अडान दोहोऱ्याएकोमा यो परिषद् ऐक्यबद्धता प्रकट गर्दछ र अमेरिकी साम्राज्यवादको युद्ध उत्तेजनात्मक गतिविधि शीघ्र रोक्न जोड दिन्छ।

**४)** समाजवादी देश क्युबाविरुद्ध संरा अमेरिकी साम्राज्यवादले विगत ६० वर्षदेखि निरन्तर कठोर आर्थिक नाकाबन्दी जारी राखेको छ। यो नाकाबन्दीका कारण क्युबाली जनताको जीवन कष्टकर बन्दै छ। नाकाबन्दीको कारण कोभिड–१९ विरुद्धको खोप उत्पादनसमेत प्रभावित भयो। कोभिड–१९ महामारी तथा प्राकृतिक विपत्तिको बेला आर्थिक समस्या हुने थाहा पाउँदा पाउँदै अमेरिकाले क्युबाविरुद्ध नाकाबन्दी जारी राख्नु अमानवीयताको पराकाष्ठा हो। **क्युबाविरुद्ध ६ दशक लामो नाकाबन्दीको शीघ्र अन्त्य** गर्नुपर्नेमा यो परिषद् जोड दिन्छ।

**५)** विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार सङ्गठन आदि आर्थिक ज्यावलहरूको दुरूपयोग गरी संरा अमेरिकाले विश्व बजारमा एकहट्टी कायम गर्दै छ। **युद्ध, आतङ्क, ध्वंश तथा द्वन्द्वको मूल कारण नै संरा अमेरिकाको साम्राज्यवादी तथा फासीवादी नीति हो।** विश्व शान्ति स्थापनामा संरा अमेरिकी साम्राज्यवाद नै सबैभन्दा ठूलो खतरा या तगारो हो। साम्राज्यवाद तथा फासीवादविरुद्ध विश्व जनमत तयार गर्नु आजको आवश्यकता भएको यो परिषद् ठहर गर्दछ।

**६)** बहुपक्षीयता, विश्व शान्ति, सुरक्षा र स्थायित्वका लागि चीनले अघि सारेको अवधारणा विश्वव्यापी सुरक्षा अगुवाइ (जीएसआई) हरेक देश या महादेशले **आफ्नो निर्णय आफैँ लिन स्वतन्त्र** रहेको र कुनै पनि सैन्य हस्तक्षेप नगर्ने अवधारणा आजको विश्वको निम्ति सान्दर्भिक रहेको यो परिषद्को ठहर हो।

**७)** विश्वका विकासशील देशहरूमात्र होइन विकसित देशसमेतको विकास, सुरक्षाको पक्षमा चीनको 'क्षेत्र तथा मार्ग अगुवाइ' (बीआरआई), विश्वव्यापी विकास अगुवाइ (जीडीआई) र विश्व सुरक्षा अगुवाइ (जीएसआई) विश्व शान्तिका व्यावहारिक पाइला भएको विश्वास यो परिषद् गर्दछ। यसको ठीकविपरीत संरा अमेरिकाले हिन्द–प्रशान्त रणनीति, एमसीसी, एसपीपी, क्वाड, पाँच आँखा, अउकसजस्ता आक्रामक सैन्यनीति तथा सङ्गठनमार्फत संसारमा अशान्ति तथा विध्वंश मच्चाएकोमा यो परिषद् निन्दा गर्दछ। तसर्थ, संरा अमेरिकी साम्राज्यवादी नीतिविरुद्ध संसारका **न्यायप्रेमी तथा शान्तिप्रेमी जनतासँग हातेमालो गर्दै** साम्राज्यवादविरोधी सङ्घर्ष नयाँ उचाइमा पुऱ्याउनुपर्ने आवश्यकता रहेको यो परिषद् ठहर गर्दछ।

**८)** २६ डिसेम्बर विश्व सर्वहारा वर्गका महान् गुरु एवम् नेता माओ त्सेतुङको जन्म दिन हो। नेता माओ त्सेतुङको १३० औँ जन्म दिवसको पूर्वसन्ध्यामा भएको यो परिषद् सर्वहारा वर्गको मुक्ति, उपनिवेशवाद तथा साम्राज्यवादविरोधी सङ्घर्ष र चिनियाँ भूमिमा समाजवादको रातो झन्डा फहराउन उहाँले पुऱ्याउनुभएको योगदान अतुलनीय एवम् विश्वकै निम्ति प्रेरणादायी छ। कामदार वर्गको निःस्वार्थपूर्वक सेवा गर्ने र आमूल परिवर्तनको पक्षमा समर्पित भएर लाग्ने उहाँको शिक्षा हरेक राजनीतिक कार्यकर्ताका निम्ति अनुकरणीय छ। **कामरेड माओको योगदानको स्मरण** गर्दै उहाँको विचार तथा शिक्षाबारे जनताबीच छलफल निरन्तर चालु राख्न यो परिषद् जोड दिन्छ।

**नेमकिपाको ४९ औं स्थापना दिवस**

# ‘नेमकिपाले सुविधाको लागि प्रमुख प्रतिपक्षको भूमिका खोजेको होइन’-अध्यक्ष रोहित




नेपाल मजदुर किसान पार्टीको ४९ औँ स्थापना दिवसको अवसरमा काठमाडौँको प्रज्ञा भवनमा माघ १० गते विचार गोष्ठी सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले देशविदेशमा रहनुभएका पार्टी नेता तथा कार्यकर्ताहरूलाई शुभकामना व्यक्त गर्नुभयो। नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपाको योगदानबारे चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, ‘नेमकिपाको स्थापनाअगाडि संशोधनवाद र अवसरवादको विरोध र चर्चासम्म हुँदैनथ्यो।’ संशोधनवादीहरू मजदुर र किसानको लुगा लगाएका पुँजीवादीहरू भएको बताउनुहुँदै उहाँले भन्नुभयो, ‘नेपालका सत्तासीन कम्युनिस्टहरू संशोधनवादी र अवसरवादी हुन्।’ निर्वाचनमा धेरै मत नआउने देखेर नै विदेशी पैसा खाएका र विदेशी दूतावासको निर्देशनमा चल्नेहरूले कम्युनिस्टको ‘ट्रेडमार्क’ राखिरहेको विचार उहाँले राख्नुभयो।

नेपालमा कम्युनिस्टहरूको पक्षमा जनलहर देखेरै विदेशी शक्तिहरूले ०१५ सालको निर्वाचनमा हस्तक्षेप गरेर नेपाली काङ्ग्रेसलाई जिताएको अध्यक्ष बिजुक्छेँले स्मरण गर्नुभयो। कम्युनिस्टहरूलाई अगाडि बढ्न नदिनका लागि देशी, विदेशी प्रतिक्रियावादीहरू एक हुने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, ‘सरकार भनेको मन्त्रिपरिषद् वा मन्त्रिमण्डलमात्र होइन।’ नेपालको विकास भए भारतलाई बेफाइदा हुने भएकोले उसले नेपालमा राम्रो काम गर्न दिँदैन र भारतका शासक वर्गको आशीर्वाद नलिइकन सरकारसमेत चलाउन नसक्नेहरू र जनताको हितमा एउटै काम गर्न नसक्नेहरू कसरी कम्युनिस्ट हुनसक्छन् ? - उहाँले प्रतिप्रश्न गर्नुभयो।

नेमकिपाले सुविधाको लागि प्रमुख प्रतिपक्षको भूमिका नखोजेको स्पष्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले नेपाली काङ्ग्रेसजस्ता दलहरूले आफ्नो पार्टी महाधिवेशन र सम्मेलन गर्नका लागि पनि विदेशीसँग हात थापेको बताउनुभयो। नेमकिपाले संसद्मा प्रखर प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गर्दै जनताको सेवा गरिरहेको उहाँले स्पष्ट पार्नुभयो। गाडी र पेन्सन सुविधाको विरोध गर्ने एक्लो पार्टी नेमकिपा भएको उल्लेख गर्नुहुँदै उहाँले प्रमुख प्रतिपक्ष भएपछि नेमकिपाले केही मिनेट बढी संसद्मा जनताको आवाज राख्न पाउने बताउनुभयो।

सभामुखको पदमा नयाँ व्यक्तिको आगमनबारे प्रस्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, ‘महाकाली सन्धि पारित गर्न मत दिनु नै अहिलेको सभामुखको योग्यता हो। सभामुख पद त्यसैको पुरस्कार हो।’ कम्युनिस्टको खोल ओढेकै भरमा शासक दलहरूप्रति नरम हुनु उदारवाद हुने विचार व्यक्त गर्नुहुँदै उहाँले उनीहरूले त्यो खोल नफाल्दासम्म विरोध चालु राख्नुपर्ने निर्देशन दिनुभयो। उहाँले भन्नुभयो, ‘नेमकिपा नभएको भए नेपालको कम्युनिस्ट आन्दोलनमा सैद्धान्तिक र राजनीतिक सङ्घर्ष बाँकी नै हुने थिएन।’

गोष्ठीमा नेमकिपाका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य **सृजना सैँजु**ले चीनको समाजवादी व्यवस्थासम्बन्धी प्रस्तुतीकरण राख्नुभएको थियो। चिनियाँ इतिहासबारे चर्चा गर्नुहुँदै उहाँले चिनियाँ कम्युनिस्ट पार्टी आफ्नो दुई शताब्दी लक्ष्यमा निरन्तर लागिरहेको बताउनुभयो। चीनले सन् १८४० अघिको समृद्ध अर्थतन्त्र बनाउनु र आफ्नो गौरव फर्काउन चाहेको उहाँले उल्लेख गर्नुभयो।

त्यसैगरी चिली र निकारागुआमा अमेरिकी हस्तक्षेपबारे चर्चा गर्नुहुँदै नेपाल प्राध्यापक समाजका उपाध्यक्ष **प्रकाश श्रेष्ठ**ले सन् १९७०-८० को दशकको ल्याटिन अमेरिका र नेपालको वर्तमान राजनीतिक स्थितिको तुलना गर्नुभयो।

कार्यक्रममा ‘क्युवाली क्रान्ति’ को विषयमा नेपाल पत्रकार समाजका केन्द्रीय सदस्य **प्रकाश थुसा**ले ➲

# सभामुख सरकारको आदेश पालकजस्तो हुन नहुने : प्रेम सुवाल, सदस्य प्रतिनिधिसभा



प्रतिनिधिसभाको सभामुख निर्वाचनको विषयमा माघ ५ गते नेपाल मजदुर किसान पार्टीका सांसद **प्रेम सुवाल**ले आफ्नो धारणा राख्नुभयो। बैठकमा सांसद सुवालले भन्नुभयो, 'प्रतिनिधिसभाको नेता सभामुख हो। सभामुखले प्रतिनिधिसभामा प्रजातन्त्रको अभ्यास गराउने हो। सभामुखले सरकारलाई संसद्प्रति र संसद्लाई जनताप्रति जवाफदेही बनाउनु जरूरी छ। सभामुखले सरकारका सबै विपक्षी दलका सांसदहरूलाई बोल्ने अवसर दिनु जरूरी छ। संसद्मा सांसदको सङ्ख्या महत्त्वपूर्ण होइन, पार्टीको दृष्टिकोण महत्त्वपूर्ण हुन्छ। राजनीतिक दलहरू एक न एक वर्गआधार, दर्शन र राजनीतिक विचारको प्रेरक भएर नेपाल र नेपाली समाजलाई एक आदर्श समाजमा रूपान्तरण गर्ने उद्देश्य लिएर प्राज्ञिक क्षेत्रमा उत्रेका छन्। यसकारण, संसद्लाई 'हुन्छ' वा 'हुन्न' को थलो र सरकारको रबरछाप बनाइनु हुँदैन।'

उहाँले भन्नुभयो, 'आफूलाई राजतन्त्रवादी वा राजावादी दाबी गर्नेहरूले राजाको उपस्थितिले देशमा शान्ति र सुरक्षा सुनिश्चित हुने, अरू देशको तुलनामा नेपालको आर्थिक समृद्धि हुने विषय प्रस्तुत गर्नु आवश्यक छ। गणतन्त्र पार्टीहरूले समाजवादी गणतन्त्र वा पुँजीवादी गणतन्त्र कुन हो, स्पष्ट गर्नु जरूरी छ।'

सिंहदरबारलाई भ्रष्टाचारको अखडा बनाएका पञ्चायतकालदेखिका प्रधानमन्त्री, मन्त्री र उच्च अधिकारीहरूको सम्पत्ति छानबिन गरी दोषीलाई कारबाही गर्न छानबिन समिति बनाउनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले भन्नुभयो, 'आजको 'कान्तिपुर' दैनिकमा '५७ अर्बका ठेक्कामा मन्त्री पाण्डेको कम्पनी', 'श्रममन्त्री अर्यालसँग प्रश्नै प्रश्न' शीर्षकको समाचारमा स्वार्थ समूहका मन्त्रीहरू भएको उल्लेख छ। यसबारे प्रधानमन्त्रीलाई यही बैठकमा स्पष्ट गराउन समय उपलब्ध गराउन सभामुख महोदयसँग म आग्रह गर्न चाहन्छु।'

उहाँले भन्नुभयो, 'नेपाली जनताले पुँजीवादी गणतन्त्र चाहेका होइनन्। नेपाल मजदुर किसान पार्टी राज्यको स्वामित्वमा उत्पादन र वितरण हुने समाजवादी गणतन्त्रको लागि लड्दै छ। जनआन्दोलनमा प्रतिगामीको गोली सामना गरेका, जेलनेलको यातना भोगेका राजनीतिक दललाई ३ प्रतिशतको मतसीमा लगाई विभेद गर्नु प्रजातन्त्र वा गणतन्त्र होइन, यो तानाशाही र फासीवादी हो।'

उहाँले भन्नुभयो, 'प्रधानमन्त्रीलाई विश्वासको मत नदिएका राजनीतिक दललाई सर्वदलीय बैठकमा नबोलाइनु

---

➲ प्रस्तुतीकरण राख्नुभयो। क्युवाली क्रान्ति र त्यसले क्युवाली जनताको जीवनमा ल्याएका परिवर्तनहरूबारे बोल्नुहुँदै उहाँले क्रान्तिको निरन्तरता क्युवाको सबलता भएकोमा जोड दिनुभयो।

नेपाल प्राध्यापक समाजका सदस्य **सुनिल दुवाल**ले पुँजीवाद, समाजवाद र साम्यवादका विशेषताहरूबारे व्याख्या गर्नुभएको थियो। उहाँले एडम स्मिथ, थोमस माल्थस र डेविड रिकार्डोका सिद्धान्तहरूले पुँजी सञ्चयमा खेलेको क्रुर भूमिकाबारे प्रकाश पार्नुभयो।

कार्यक्रममा नेक्राविसङ्घका केन्द्रीय उपाध्यक्ष **सुरेश परियार**ले डोनाल्ड ट्रम्पका सुरक्षा सल्लाहकार जोन बोल्टनको आत्मसंस्मरणको सेरोफेरोमा रहेर अमेरिकी राजनीतिबारे टिप्पणी गर्नुभएको थियो।

कार्यक्रमको सभापतित्वको आशनबाट नेमकिपा केन्द्रीय समिति सदस्य **नारायण महर्जन**ले पार्टी स्थापनाका आधार र उद्देश्यबारे प्रकाश पार्नुभयो।

कार्यक्रममा नेमकिपा काठमाडौँ जिल्ला समिति सदस्य **विशोक डंगोल**ले कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो।

मनपरितन्त्र हो । सभामुख उम्मेदवार भएकाहरूले नेपाल मजदुर किसान पार्टीसँग सरकारलाई संसद्प्रति जवाफदेही बनाउनेबारे छलफल गर्नुभएन । संसद्को नियमावलीअनुसार प्रत्येक बैठकमा मन्त्रीहरूलाई र १५–१५ दिनमा एकपटक प्रधानमन्त्रीलाई संसद्मा सार्वजनिक महत्त्वका विषयमा वक्तव्य दिन लगाउने तथा सांसदहरूलाई प्रश्न गर्न समय दिनेबारे प्रतिबद्धता आएन । सदस्यहरूलाई प्रधानमन्त्री र मन्त्रीहरूसँग मौखिक एवम् लिखित प्रश्न संसद्मा गराउने कार्यसूची बनाउने, सांसदहरूलाई बैठक छोडेर मन्त्रालय र मन्त्रीको पछिपछि लाग्न नपर्ने गरी जनताका विषयमा प्रधानमन्त्री तथा मन्त्रीलाई सम्बोधन गर्न गराउन सभामुख पदका उम्मेदवारबाट निर्देशन

**सङ्घीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७३ को दफा २ (ङ) (४) मा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दलबाहेकका प्रतिनिधिसभा वा राष्ट्रियसभामा दस प्रतिशत वा सोभन्दा बढी सदस्यहरू भएको कुनै पनि दल नभएमा प्रतिनिधिसभा वा राष्ट्रियसभाको लागि सभामुख वा अध्यक्षले "विपक्षी दलका नेता" तोकिदिने व्यवस्था छ ।**

हुनु जरूरी छ । सभामुख स्वयम्ले मन्त्रीलाई भेटेर योजना माग्ने होइन । विगतमा यस्ता आचारसंहिता पालना भएन, अब उप्रान्त पालना हुनु जरूरी छ । सभामुखको भूमिका निष्पक्ष र तटस्थ हुनु जरूरी छ । विगतका प्रतिनिधिसभाहरूमा सभामुख पार्टीका कार्यकर्ताजस्तै भए । अब त्यस्तो हुनु भएन ।'

'बहुदलीय व्यवस्था पुनःस्थापनायता निजी विमान सेवा सञ्चालन गर्न लगाइयो । निजी विमान कम्पनीलाई विदेशीसँग पुराना हवाईजहाज किनेर ल्याउन लगाइएकैले नेपालमा हवाई दुर्घटना बढेको बताउनेहरू धेरै छन् । पोखरामा भएको माघ १ गतेको यति एअर विमान दुर्घटनालाई यसरी नै जोडेर हेर्नेहरू पनि धेरै छन् । नेपाल वायुसेवा निगमलाई ५० अर्बभन्दा बढी रुपियाँ ऋण बोकाउने सम्बन्धित प्रधानमन्त्री, मन्त्री र अधिकारीहरूलाई पनि यो दुर्घटनाको जिम्मेवार बनाइनु जरूरी छ । छानबिनको काम यस अगाडिका नागरिक उडड्यनमन्त्रीदेखि नै सुरू गर्नु आवश्यक छ', सांसद सुवालले भन्नुभयो ।

उहाँले भन्नुभयो, 'प्रधानमन्त्रीलाई विश्वासको मत दिन आफ्ना सांसदहरूलाई 'ह्वीप' जारी गर्ने नेपाली काङ्ग्रेस कसरी प्रमुख प्रतिपक्षी दल हुन्छ ? केही राजनीतिक विश्लेषकले राष्ट्रिय पञ्चायत कि बहुदलीय संसद् भनी सोधेका छन् । प्रधानमन्त्रीले नेपाली काङ्ग्रेसको गुन तिर्न चाहेको बताउनुको अर्थ के नेपाली काङ्ग्रेसलाई सत्ता भागबन्डाको लालसा देखाएको हो ? के प्रधानमन्त्रीलाई विश्वासको मत दिनु नेकाको निरीहता हो ? आदि प्रश्न उठाउनेहरू पनि छन् । प्रधानमन्त्रीलाई विश्वासको मत नदिएर विपक्षी दल भएर बस्न नेकासँग आँट किन भएन ? यो प्रश्न पनि उठाउनेहरू छन् ।'

'सभामुख पदका उम्मेदवारहरूले वर्तमान र भविष्यको अमेरिकी कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता, अमेरिकी सेना नेपाल आएर नेपाली सेनाको ब्यारेक कब्जा गर्ने एसपीपी समझदारी, नेपाललाई सिक्किमजस्तै बनाउने नागरिकता विधेयक, नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खा भर्ती, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल–भारत सन्धि खारेज गराउन निर्देशन दिने प्रतिबद्धता जरूरी रहेको उल्लेख गर्नुहुँदै उहाँले युवालाई राहदानीको लाइनमा राख्ने होइन आफ्नै देशमा रोजगारी दिनेबारे सरकारलाई निर्देशन दिने प्रतिबद्धता जरूरी छ, प्रमुख प्रतिपक्षी दलले सरकारको आलोचना गर्ने र सरकार असफल हुनासाथ सरकारको नेतृत्व गर्न पुग्ने हो, मधेस आन्दोलन जोताहालाई मोहीयानी हक दिने आन्दोलन पनि हो, कमैया, हलिया, कम्लरीलगायत जोताहालाई मोहियानी हक दिने कानुन जरूरी छ भन्नुभयो ।

## भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# नेमकिपालाई कानुनबमोजिम प्रमुख प्रतिपक्षी दल तोक्नुपर्ने : सुनिल प्रजापति



नेपाल मजदुर किसान पार्टीको ४९ औँ स्थापना दिवस (माघ १०) को अवसरमा सुर्खेतको वीरेन्द्रनगरमा नेमकिपा सुर्खेत जिल्ला समितिले माघ ८ गते पत्रकार सम्मेलनको आयोजना गऱ्यो ।

पार्टी स्थापनाको ४९ औँ वर्षमा प्रवेश गरेको जानकारी दिने उद्देश्यले आयोजित पत्रकार भेटघाटमा नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपालको कानुनअनुसार नेमकिपा अब प्रतिनिधिसभाको एक मात्र प्रमुख प्रतिपक्ष दल हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्रतिनिधिसभाका सभामुख ज्येष्ठ सदस्य पशुपतिशमशेर राणा र संसद सचिवालयमा प्रतिनिधिसभा बैठक अगाडि नै नेमकिपालाई कानुनबमोजिम प्रमुख विपक्ष दल तोकिदिन ताकेता गरिसक्नुभएको उहाँले अवगत गराउनुभयो ।

प्रतिपक्षविहीन सरकार निरङ्कुश हुने र बलियो प्रतिपक्षले प्रजातन्त्रको सुदृढिकरण सुनिश्चित हुने बताउनुहुँदै नेता प्रजापतिले नेमकिपा पश्चिमेली प्रजातन्त्रको विपक्षमा रहेको र पूर्वेली प्रजातन्त्रको पक्षमा रहेको बताउनुभयो ।

समाजवाद कामदार वर्गको हित हुने राज्य व्यवस्था भएको बताउनुहुँदै उहाँले यो शान्तिपूर्ण सङ्घर्षले नभई सशस्त्र सङ्घर्षले मात्रै स्थापना गर्न सम्भव हुने बताउनुभयो ।

एमाले, काङ्ग्रेस र माओवादीहरू एउटै पदचापमा हिँडिरहेको उनीहरूको व्यवहारबाट प्रस्ट हुँदैछ । उहाँले भन्नुभयो, पुँजीवादी फोहोरी खेलमा यी शासक दलहरू एकै ठाउँमा छन् ।

संसदमा प्रस्तुत हुने जनविरोधी विधेयक रोक्न, जनपक्षीय विधेयकहरूलाई अगाडि बढाउन, विभिन्न देशघाती सन्धिसम्झौताहरू रोक्न नेमकिपाले आफ्नो प्रतिबद्धताअनुसार संसद्देखि सडकसम्म प्रखर प्रतिपक्षको भूमिका इमानदारीपूर्वक निभाउँदै आएको बताउनुहुँदै केन्द्रीय सदस्य प्रजापतिले एमसीसी, एसपीपी र नागरिकता विधेयकको विरोध नगर्ने राजनीतिक पार्टीहरू देशभक्त नहुने स्पष्ट पार्नुभयो ।

पत्रकार तथा सहभागीहरूले राखेको जिज्ञासामाथि प्रस्ट पार्नुहुँदै उहाँले राजनीति जनताको सेवा गर्ने हुनुपर्नेमा शासक दलले राज्यको शक्ति दुरूपयोग गरी चुनाव जित्ने र राजनीतिलाई व्यापार गर्ने थलोको रूपमा विकास गरिरहेको बताउनुभयो । तीन प्रतिशत थ्रेसहोल्ड खारेज हुनुपर्नेमा नेमकिपाले निरन्तर आवाज उठाउँदै आएको उहाँले प्रस्ट पार्नुभयो ।

भक्तपुर नपाले समाजवादी मोडलअनुरूप शिक्षा र स्वास्थ्य क्षेत्रमा व्यापक जनतालाई हित हुने गतिविधि सञ्चालन गर्दै आएको बताउनुहुँदै उहाँले ख्वप विश्वविद्यालय सञ्चालन स्वीकृतिको पर्खाइमा रहेको बताउनुभयो ।

नेमकिपा सुर्खेत जिल्ला समितिका अध्यक्ष हरिबहादुर बोहराको अध्यक्षतामा भएको पत्रकार भेटघाटमा सुर्खेत जिल्ला समितिका उपाध्यक्ष प्रेमकुमार थापा र सचिव धनेन्द्र बि.क. ले पनि बोल्नुभएको थियो ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

# भीड जतातिर लाग्छ त्यतै नेमकिपा एकोहोरिँदैन : सुरेन्द्रराज गोसाई, सदस्य बागमती प्रदेश सभा



नवनिर्वाचित उपसभामुख अप्सरा चापागाईंप्रति नेमकिपाको तर्फबाट बधाई तथा शुभकामना। नेमकिपाका श्रद्धेय अध्यक्ष रोहितले एक प्रसङ्गमा भन्नुभएको मलाई याद आयो – राजनीति 'मास हिस्टेरिया' होइन। सबैले होस गुमाउँदा हामीले पनि गुमाउनुपर्ने। यहाँ होस नगुमेका पनि छन्। त्यो नेमकिपा हो। 'बादशाहको नयाँ लुगा' मा एउटा बालक पर्याप्त भयो।

गत मङ्सिर ४ मा भएको निर्वाचनपश्चात् हामी यो प्रदेशसभामा आइपुगेका छौँ। निर्वाचनमा नेपाल मजदुर किसान पार्टीले निर्वाचन आचारसंहिता पूर्णरूपमा पालना गऱ्यो। नेमकिपा कुनै पनि अनैतिक तथा असैद्धान्तिक गठबन्धनमा सामेल नभई एक्लै चुनाव लड्यो। नेमकिपाले कसैको वैसाखी टेकेर होइन जनताको भरमा चुनाव लड्यो। अप्रजातान्त्रिक तथा असंवैधानिक गठजोडविरूद्ध निर्वाचन घोषणापत्रको आधारमा नेमकिपाले राजनीतिक तथा वैचारिक सङ्घर्ष गऱ्यो।

नेमकिपा सत्ताकेन्द्रित राजनीतिको विरूद्धमा छ। जसरी भए पनि निर्वाचन जित्ने र जसरी पनि सरकारमा पुग्ने पुँजीवादी मानसिकताबाट नेमकिपा टाढा रहँदै आएको जगमा जाहेर छ। सत्ताको फोहोरी पुँजीवादी खेलकै कारण जनताको आक्रोश, अविश्वास तथा घृणा बढ्दो छ। २०७४ सालको निर्वाचनमा पनि तथाकथित वाम गठबन्धन बनेकै थियो। यस प्रदेशमा पनि दुईतिहाइ बहुमतसहितको सरकार गठन भएको थियो। 'अब ३० वर्ष कसैले हल्लाउन सक्दैन' भन्ने दाबी शासक दलले गऱ्यो। 'तीन वर्ष टिकाएर देखाऊ' हामीले हाँक दियौँ। नभन्दै पाँच वर्षमा दर्जनौँ मन्त्री र तीन मुख्यमन्त्री बेहोऱ्यौँ। सिद्धान्त, विचार, आदर्श तथा नैतिकता मिल्काएर जतिसुकै चर्को कुरा गरे पनि परिणाम शून्य नै बन्नेछ। विगतको अनुभवले यही बताउँछ।

तेल के हेर्नु तेलको धारा हेर्नु, छोरा के हेर्नु छोराको साथ हेर्नु। यो पुरानो कथन आज यहाँ पनि सान्दर्भिक छ। मुखले वामपन्थी भन्ने अनि दक्षिणपन्थीको बुइँ चढ्ने, यो कुन मार्क्सवाद हो ? मार्क्स या माओले यो चर्तिकला देख्नुहुन्थ्यो भने कि त डाँको छोडेर रूनु हुन्थ्यो होला कि त पेट मिचीमिची हाँस्नु हुन्थ्यो होला। याद राखौँ, सिद्धान्तच्युत बन्नु र हिमालयमा चिप्लेटी खेल्नु उस्तै हो ! सिद्धान्तको मूल्यमा प्राप्त हुने शक्ति या सत्ता क्षणभङ्गुर हुनेछ र कालान्तरमा गलपासो या आत्मघाती साबित हुनेछ। गएको पाँच वर्षको कार्यकालमा नेमकिपाले बाग्मती प्रदेशसभामा पनि प्रखर प्रतिपक्षको भूमिका सशक्त ढङ्गमा निर्वाह गरेको यथार्थ कसैले नकार्न सक्दैन। यो आत्मश्लाघा होइन आत्मगौरव हो। 'नेमकिपा नहुँदो हो त यहाँ प्रतिपक्ष नै हुने थिएन', यही सदनमा बारम्बार उठेकै कुरा हो। हामीले भागबन्डामा कहिल्यै भाग लिएनौँ। हामीले दलीय फाइदा–बेफाइदा या स्वार्थलाई प्राथमिकतामा राख्दै राखेनौँ। बरु, सरकार र सदनलाई रचनात्मक सुझाव दियौँ। कुनै पनि मुख्यमन्त्री या मन्त्रीहरूसँग हाम्रो व्यक्तिगत तिक्तता पनि परेन। यद्यपि, आवश्यक ठाउँमा सैद्धान्तिक विरोध गर्न हामी चुकेनौँ। हिजोका मुख्यमन्त्री, मन्त्रीहरूलाई भक्तपुरमा स्वागत गरी त्यहाँ भइरहेका संस्कृति एवम् सम्पदा संरक्षण, शिक्षा–स्वास्थ्य क्षेत्रका गतिविधि तथा नयाँ–नयाँ अभ्यासबारे गहन छलफल भएको त्यति पुरानो घटना होइन। हिजोका मुख्यमन्त्रीहरूले नेमकिपाका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ज्यूसँग भेटेर प्रदेश सरकारबाट जनसेवाका सम्भावित उपायबारे गर्नुभएका गम्भीर छलफलहरू आज यहाँ स्मरण गर्नु असान्दर्भिक नहोला। नेमकिपा विरोधको निम्ति विरोध होइन रचनात्मक कार्य

तथा वैचारिक छलफलमा विश्वास गर्छ। देश र जनताको व्यापक हित तथा निःस्वार्थ सेवाबाहेक हाम्रो अर्को कुनै स्वार्थ छैन। हामी हरेक कुरा जनताको आँखाबाट हेर्छौं। विचारको आँखाबाट हेर्दा ठीकलाई ठीक र गलतलाई गलत नै भन्छौं। सत्ता–स्वार्थको चस्मा लगाएर रमाउने बालरोगबाट नेमकिपा मुक्त छ। राजनीतिलाई लेनदेन बनाई नवसम्भ्रान्त वर्ग बन्ने अवसरवादी मनोरोगबाट नेमकिपा मुक्त छ।

प्रजातन्त्र पुनः स्थापना भएको ३३ वर्ष भयो। सर्प मर्छ तर पुच्छर हल्लिरहन्छ र माछा मर्छ तर आँखा खुला रहन्छ भन्ने कहावत आज हामी प्रत्यक्ष अनुभव गर्दै छौं। पुँजीपति वर्गले मात्र होइन पुराना सामन्त, प्रतिक्रियावादी शक्तिहरूले आफ्नो गुमेको स्वर्ग फिर्ता लिन खोज्ने विश्वको राजनीतिक इतिहासले बताउँछ। आज हामी नेपाली जनता प्रत्यक्ष अनुभव गर्दै छौं। राजनीतिक विश्लेषकहरू नेपालमा दक्षिणपन्थी प्रभाव बढ्दै गइरहेको बताउँछन्। भारतमा मोदी फासीवादको उदयसँगै नेपालमा प्रभाव पर्ने अनुमान गरिएको थियो। नेपाली राजनीतिलाई सधैं अस्थिर बनाइराख्न चाहने, समाज छिन्नभिन्न र देश परनिर्भर नै बनाइराख्न खोज्नेहरू सक्रियता बढाउँदै छन्। भित्रैसम्म पुगेर राजनीतिक चलखेल तीव्र पार्दै छन्। शासकहरू तिनका ज्यामी बन्दै छन्। परिणामस्वरूप पछिल्लो समय एमसीसी, एसपीपी र नागरिकता विधेयक आएको हो। नेपाली संसद्मा लेण्डुप दोर्जे र जेलेन्स्कीहरू निर्वाचित भएर आउनुको पृष्ठभूमि यही हो। देशको प्रजातन्त्रमात्र होइन स्वाधीनता, अखण्डता तथा स्वतन्त्रता इतिहासमै सबैभन्दा ठूलो खतरामा पर्दै छ। हरेक सचेत नेपालीले गम्भीर ढङ्गमा सोच्ने बेला आएको छ। देशभक्त नेपाली जनतासँग मिलेर नेमकिपाले देशघाती एमसीसी, एसपीपी र नागरिकता विधेयकविरूद्ध सङ्घर्ष थप तीव्र पार्नेछ। सिक्किम या युक्रेनको दुर्भाग्य हाम्रो निम्ति स्वीकार्य छैन।

नेपाल विद्युत् प्राधिकरणले गत पुस १४ गते जारी गरेको सूचनाबमोजिम काठमाडौं उपत्यका र काभ्रेमा विद्युत् प्रसारणलाइन तथा सबस्टेसन निर्माण हुने बताइएको छ। भक्तपुरको चानपा ७ मा पनि प्रस्ताव गरिएको उल्लेख छ। यदि त्यो एमसीसी प्रोजेक्टअन्तर्गत हो भने जनता विरोधमा उत्रने छन्। बेलैमा विद्युत् प्राधिकरणले सत्यतथ्य प्रकाशित गर्न आवश्यक छ। नेपाली भूमि विदेशीको क्रिडास्थल या युद्धमैदान बनाउने सोचविरूद्ध हामी सङ्घर्षरत रहने छौं। विश्वासको मत लिँदै गर्दा एमसीसी, एसपीपी, नागरिकता विधेयकप्रति मुख्यमन्त्री र गठबन्धनको धारणा के हो ? देशको अस्तित्वको सवालमा मौन बसेर कर्तव्य कसरी पूरा हुन्छ ? मूल विषयवस्तुमा विश्वस्त नबनाई विश्वासको मत माग्नु त आज नगद भोलि उधारो भनेझैं होइन र ?

हाम्रो अध्ययन र अनुभवले बताएसम्म नेपालमा विद्यमान संसदीय व्यवस्था वेस्टमिनिस्टर मोडलको राजनीतिक व्यवस्था हो। यसअन्तर्गत बहुमत प्राप्त दलले सरकार गठन गर्छ र अल्पमत प्रतिपक्षमा बस्छ। त्यो व्यवहारमा लागु भएन र प्रमुख प्रतिपक्षमा बस्नुपर्नेले सरकारको समर्थन गरेको पनि देखियो। सत्ताको भाग मागेको पनि चर्चा चल्यो। यसले नेपालको राजनीति पश्चिमा शैलीबाट टाढिँदै पूर्वीय राजनीतिक शैली या चिन्तनतिर अग्रसर भएको हो कि भन्ने राजनीतिक वृत्तमा चर्चा सुरू भएको छ। छिमेकी मित्रराष्ट्र चीनले संसारमा बेग्लै राजनीतिक अभ्यास गर्दै छ। चीनको द्रुत उन्नति–प्रगतिको कारण त्यसैलाई बताइन्छ। चीनमा चिनियाँ कम्युनिस्ट पार्टीले सत्ताको बागडोर सम्हालेको छ भने अन्य आठ ओटा पार्टीले सहयोगी दलको भूमिका निर्वाह गर्छन्। समाजवादलाई दीगो बनाउँदै देशको विकासका नयाँ–नयाँ उपाय सुझाउने, राजनीतिक चिन्तनमा मदत पुर्‍याउने, राष्ट्रिय–अन्तर्राष्ट्रिय दृष्टिकोण निर्माण आदि कार्यमा ती दलले चिनियाँ कम्युनिस्ट पार्टीसँग समन्वय, सहकार्य तथा सहयोग गर्दछन्। त्यही पूर्वीय राजनीतिक अभ्यासतिर जाने निर्णय नेपाली काङ्ग्रेस, राप्रपालगायतका पार्टीले गरेका हुन् कि भन्ने जिज्ञासा राजनीतिशास्त्रका विद्यार्थीहरू तथा जानकारहरू राख्दै छन्। यदि सच्चाइ त्यही हो भने जहिले पनि हामी छलफल गर्न तयार छौं।

विश्वासको मत माग्नु हुने मुख्यमन्त्री शालिकराम जम्मकटेलप्रति व्यक्तिगत केही गुनासा छैनन्। विगत पाँच वर्षमा उहाँका जोशिला भाषण धेरै सुन्यौं। यो पटक भने काम गर्छु भन्दै हुनुहुन्छ। उहाँले फोनमा र भेटमा पनि मत माग्नुभयो। उहाँले पार्टीलाई पत्र नै पठाउँछु पनि भन्नुभयो। उहाँको पहिलो पत्र नै अपहरणमा परेछ क्या रे ! यसमा उहाँको व्यक्तिगत दोष देख्दिनँ तर त्यो घटनालाई सावधानी अपनाउनुपर्छ भन्ने पूर्वसङ्केतको रूपमा लिएर काम गर्नुभए उचित हुने पहिलो सुझाव दिन्छु। उहाँ र उहाँका साथीहरूले सँगै एक ठाउँमा जाने, मिलेर काम गर्ने प्रस्ताव राख्नुभयो। हामीलाई विश्वास छ एकदिन अवश्य त्यो दिन आउनेछ जुन दिन सारा नेपाली जनता अगाडि बढ्ने छन्। त्यो यात्रा बहुसङ्ख्यक कामदार जनताको व्यवस्था स्थापनाको निम्ति हुनेछ, त्यो यात्रा समाजवादी व्यवस्थातर्फको यात्रा हुनेछ। पुँजीवादी व्यवस्थाको यो भ्रमको संसारमा अल्मलिने इच्छा


हामीलाई छैन। पुँजीपति वर्गको झिलीमिली चौतारीमा आराम गर्ने लोभ र सोच हामीमा छैन। मित्र नै भए पनि त्यस्तो गल्ती गर्नेलाई साथ दिन हाम्रो नैतिकताले दिँदैन। बरु हामी त भन्छौँ, जाऔँ यो भ्रमको दुनियाँमा नबसी आमूल परिवर्तनको मार्गमा हिँडौँ, फोहोर दुर्गन्धित पोखरीमा होइन कञ्चन तलाउमा पौडी खेलौँला र कसैले कतै भनेको सुनेको थिएँ– अत्यन्त दूषित पानीमा खेलेर रमाउने प्राणी मनुष्य हुन सक्दैन।

हाम्रो वर्तमान व्यवस्था बहुदलीय व्यवस्था हो। यसले निर्दलीयताको परिकल्पना गरेको छैन। मुखले बहुदल भन्ने व्यवहारमा पञ्चायती निर्दलीयता प्रदर्शन गर्नु प्रजातन्त्रको मर्म होइन। मान्छे पूर्ण नहुने हुनाले गल्ती गर्छ। त्यस्तो गल्ती हुँदा औँल्याउने र सच्याउने आवश्यक भएकैले विपक्षको बन्दोबस्त गरिएको हो। जनताको आदेशबमोजिम नेमकिपा विपक्षमा बस्छ। भीड जतातिर लाग्छ त्यतै एकोहोरिने समस्या नेमकिपासँग छैन। दुई डुङ्गामा पाइला टेक्नु राजनीतिक बेइमानी हो भन्ने ठम्याइ नेमकिपा राख्छ।


जाँदाजाँदै मनमा एउटा कुरा साँचेर राख्न मित्रवत् तवरले सुझाउँछौँ– Integrity or honesty is doing the right thing, even when no one is watching अर्थात् कोही कसैले नदेखे पनि या नदेखेझैँ गरे पनि सही तथा सत्य कर्म गर्नु नै इमानदारी हो। हामी त यसमा सदा अडिग रहन्छौँ र जिम्मेवारी सम्हाल्न तयार मुख्यमन्त्री र मित्रहरू पनि रहने झिनो आशा साँचेका छौँ। अध्यक्ष माओले भन्नुभएको थियो, 'शत्रुले प्रशंसा गरे होस गर्नु।' अर्को भनाइ छ– ''शत्रुले प्रशंसा गर्छ तर मित्रले आलोचना' तसर्थ, यो पटक हामी आलोचक बन्ने छौँ। संसदीय प्रजातन्त्रको सौन्दर्य भनेकै आलोचना, विरोध तथा प्रतिपक्ष हो। हाम्रो संविधानले प्रतिपक्षविहीन संसद् कल्पना गरेको छैन। हामी संविधान लत्याएर स्वार्थ पूर्ति गर्दैनौँ। हामी प्रतिपक्षी आवाज बन्नेछौँ। कामदार जनताका वास्तविक वारेसको भूमिका निर्वाह गर्नेछौँ र कुहिएका अण्डा भएका टोकरीमा सबै अण्डा नमिसाई तीन ओटा भए पनि चोखो, सद्दे बाँकी राख्नेछौँ। कुनै दिन देश र जनताका निम्ति त्यो झनै उपयोगी तथा महत्त्वपूर्ण हुनेछ। तसर्थ, नेमकिपाको मत विपक्षमा।

*(बागमती प्रदेशसभामा मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले राख्नुभएको विश्वासको मतको प्रस्तावमाथि माघ ३ गते भएको छलफलमा भाग लिँदै नेमकिपा संसदीय दलका नेता सुरेन्द्रराज गोसाईंले राख्नुभएको विचार)*

# बासिबियाँलो



चित्रको तल दिइएकाजस्तै वस्तुहरू कहाँ कहाँ छन्?



टीभीमा के छ? थोप्ला भएका कोठाहरू रङ्गाउनुस् थाहापाउनु हुनेछ।

(चित्र : इन्टरनेट)

# ‘पारदर्शिता, अनुशासन र गुणस्तरीयताले नै वागीश्वरीलाई उचाइमा पुऱ्याएको हो’




– सुनिल प्रजापति, भक्तपुर नपाका प्रमुख

मङ्सिर ४ गते सम्पन्न प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनमा कलेज सभाका सदस्यहरू सुरेन्द्रराज गोसाई र सृजना सैंजु नेमकिपाको तर्फबाट बागमती प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएकोमा हामी अत्यन्त खुशी छौँ । त्यसैगरी नेपाल मजदुर किसान पार्टीबाटै पार्टी सचिव प्रेम सुवाल प्रतिनिधि सभामा र बागमती प्रदेशसभामा गिता काफ्ले निर्वाचित हुनु भएको छ । उहाँहरूले विगतका वर्षहरूमा झैँ पार्टीको नीति र निर्देशनमा रही देश र जनताको इमानदारीपूर्वक सेवा गर्न सकून् । वागीश्वरी कलेज र मावि परिवारको तर्फबाट उहाँहरूलाई हार्दिक शुभकामना एवं बधाई ज्ञापन गर्दछौँ ।

२०६४ सालमा शून्यबाट सुरु भएको वागीश्वरी कलेज आज झन्डै एक हजार विद्यार्थीलाई नियमित अध्ययनको व्यवस्था गर्न सफल भएको छ । वागीश्वरी कलेज र मावि दुई अलग अलग संस्था भए पनि हामी एकै संस्थाको रूपमा काम गर्दैछौँ । यो वर्ष फेरि वागीश्वरी कलेज अफ म्यानेजमेन्ट थपिएको छ । विद्यालय र कलेजहरू गरी हाम्रो करिब ५००० को परिवार छ । ती सबैको उचित व्यवस्थापन कम चुनौतिपूर्ण छैन । हरेक चुनौतिलाई सहजतापूर्वक सामना गर्दै वागीश्वरी कलेज र मा.वि. देशकै प्रतिष्ठित शैक्षिक संस्थाका रूपमा स्थापित गर्न हामी सफल भएका छौँ ।

अहिले मा.वि.को बाहेक कलेजको आफ्नै २ ओटा अलग अलग भवन र थप जग्गाको बन्दोबस्त भएको छ । हामीले सधैँ भौतिक संरचनालाईभन्दा शैक्षिक गुणस्तरलाई जोड दिँदै आयौँ । त्यसको परिणाम वागीश्वरी कलेज स्थापनाको यो डेढ दशकको अवधिमा यहाँका विद्यार्थीहरू २ पटक नेपाल प्रथम, एक पटक उत्तीर्ण प्रतिशतमा प्रथम भई विश्वविद्यालय अनुदान आयोगबाट नियमित अनुदानको अतिरिक्त ७६ लाख रुपैञा थप अनुदान पाउन सफल भयौँ । यस अर्थमा भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने दीर्घकालीन उद्देश्यमा वागीश्वरी शैक्षिक संस्थाहरूले महत्त्वपूर्ण योगदान गर्दै आएका छन् ।

विश्वविद्यालय अध्ययन अनुसन्धानको केन्द्र बन्नुपर्नेमा अहिले बन्द, हड्ताल, तालाबन्दी र तोडफोडको केन्द्र बन्दैछ । यो राम्रो लक्षण होइन । देशमा सञ्चालित ११ ओटा विश्वविद्यालयहरू मध्ये ६ ओटा विश्वविद्यालयहरूको कथाव्यथा झन्डै उस्तै छन् । विश्वविद्यालयहरूलाई शासक दलहरूले योग्यताभन्दा राजनैतिक भागबन्डामा पदाधिकारीहरू नियुक्ति गर्नु नै यसको मुख्य कारण हो । त्रिभुवन विश्वविद्यालय महिनौँदेखि तालाबन्दी छ । पूर्वाञ्चल विश्वविद्यालयमा विद्यार्थी र प्राध्यापकहरूको दोहोरो तालबन्दी छ । ती दुवै विश्वविद्यालयमा भएको बन्द र तालाबन्दीको पीडा अरूले सरह हामीले पनि भोगिरहेका छौँ ।

ागीश्वरी कलेज त्रिविबाट सम्बन्धन प्राप्त कलेज हो भने यही वर्षबाट वागीश्वरी कलेज अफ म्यानेजमेन्ट पूर्वाञ्चल विश्वविद्यालयबाट सम्वधन लिई सुरु गरेका छौँ । पूर्वाञ्चल विश्वविद्यालयमा भएको तालाबन्दीको कारण कलेज र विश्वविद्यालयको सम्झौता समयमा हुन सकेन । उपकुलपति र डीन लगायतका पदाधिकारीहरूको मौखिक आश्वासनको भरमा विद्यार्थी भर्ना गर्न हामी तयार भएनौँ । ढिलाइको कारण विद्यार्थी भर्नामा असर परेको छ । अहिले सम्झौता पछि कक्षा सुचारु भयो । जसरी वागीश्वरी कलेजले छोटो अवधिमा राष्ट्रिय रूपमा प्रतिष्ठित कलेजको रूपमा विकास गर्न सफल भयो अब वागीश्वरी कलेज अफ म्यानेजमेन्ट पनि त्यही सफलताको निम्ति अगाडि बढ्ने छ । हामी शैक्षिक विकासको निम्ति थाक्ने छैनौँ । प्राविधिक

रूपमा मात्र अलग अलग तर एउटै व्यवस्थापनबाट सञ्चालित यी हाम्रा कलेजहरूका प्राध्यापकहरू पनि धेरैजसो उही नै हुनुहुन्छ ।

विज्ञतालाई प्राथमिकतामा दिने, हरेक निर्णयमा प्राध्यापक साथीहरूको राय, सुझाव लिने र सबैको सहभागितामा दीर्घकालीन उद्देश्य पूरा गर्न मरिमेटेर लाग्ने व्यवहार नै वागीश्वरी कलेजको विशेषता हो । पारदर्शिता, अनुशासन र गुणस्तरीयताले नै वागीश्वरीलाई यो उचाइमा पुऱ्याएको हो ।

केन्द्र सरकार हरेक क्षेत्रमा असफल हुँदैछ । सामुदायिक विद्यालय, कलेज र विश्वविद्यालयमा भएको विकृतिकै कारण उच्च शिक्षा हासिल गर्न विद्यार्थीहरू विदेशतिर आकर्षित भएका छन् । चालू आर्थिक वर्ष २०७९।८० को ५ महिनामा विदेश पढ्नको लागि ३८ हजारभन्दा बढीले नो अब्जेक्सन लेटर (एनओसी) लिए भने गत आ.व. मा १ लाख १४ हजार ४ सय २९ जनाले विदेश पढ्न जान एनओसी लेटर लिएको सरकारी तथ्याङ्क छ । ती विद्यार्थीहरूले विदेशमा पढ्न पचासौं अर्बभन्दा बढी खर्च गर्नेछन् । देशमा कलेज विश्वविद्यालय राम्रो भएको भए अर्बौं विदेशिने पैसा जोगाउन सकिन्छ ।

भक्तपुर शैक्षिक केन्द्रको रूपमा विकास हुँदैछ । भक्तपुरका शैक्षिक संस्थाहरू अध्ययन गर्न विभिन्न नगर, महानगर र उपमहानगर तथा गाउँपालिकाका जनप्रतिनिधिहरू आउने क्रम जारी छ । मङ्सिर महिनामा पाल्पाको तिनाउ नपा र कपिलवस्तुको बुद्धभूमि गापाका जनप्रतिनिधिहरू भक्तपुर नगरपालिकामा आउनुभयो । उहाँहरूको उद्देश्य भक्तपुरको सामुदायिक शिक्षण संस्थाहरूको अध्ययन गर्नु थियो । वागीश्वरी, ख्वपलगायत थुप्रै संस्थाहरूको उहाँहरूले अवलोकन गर्नुभयो । आफ्ना पालिकाहरूमा पनि भक्तपुरले जस्तै सामुदायिक विद्यालयहरूमा शैक्षिक सुधार गर्ने प्रयास गर्ने कुरा उहाँहरूले बताउनु भयो ।

भक्तपुर नगरपालिकाले गरेको काम आज देशभरि चर्चाको विषय बन्दैछ । नेमकिपाले जनसहभागितामा कसरी आफ्नो उद्देश्यअनुसार काम गऱ्यो ? ती अध्ययनको लागि देशका विभिन्न मन्त्रालयका सहसचिवहरू भक्तपुर नपामा आएर अध्ययन गर्दैछन् । शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण एउटा नगरपालिकाले कसरी गर्न सम्भव भयो । ७५३ मध्ये भनपाको अनुभव सहसचिवहरूको तालिममा प्रस्तुत गर्नुभएको छ । यहाँको सबल पक्ष, कमजोर पक्ष र चुनौतिको विषयमा उहाँहरूले अध्ययन गरिरहनु भएको छ । अहिले सम्ममा तालिममा २ पटक प्रस्तुत गरिसकेको जानकारी पाएका छौँ भने अन्तिम प्रस्तुतिको लागि तयारी गर्दै हुनुहुन्छ ।

हामी के कुरामा स्पष्ट छौँ भने हामी अरूको भरमा काम गर्दैनौँ । आत्मनिर्भरतालाई नै जोड दिँदै छौँ । लामो समयदेखि हाम्रा साथीहरूले गर्दै आएको त्यो कामलाई निरन्तरता दिइरहेका छौँ । विदेशी एनजीओ र आइएनजीओहरूको शर्तसहितको सहयोग स्वीकारेनौँ । हालै एउटा सार्वजनिक रिपोर्टअनुसार डच वाच नामक गैरसरकारी संस्थाले डिसेम्बर २०१९ मा गरेको अध्ययनले युरोपेली सहायताको १० प्रतिशतमात्र ग्रहण गर्ने देशको हितमा हुने देखाएको छ । बाँकी ९० प्रतिशत स्वदेशी र विदेशी सल्लाहकार, ठेकेदार, राजनीतिकर्मी आदिको तलब, सुविधा, होटल खर्च र बैठक भत्ताको नाउँमा खर्च हुने गरेका बताएको छ ।

वैदेशिक सहायताले ग्रहण गर्नेलाई भन्दा दाताकै हित गर्ने अध्ययनले देखाएको छ । सहायता लिने देशलाई दाता देशको ऋणबाट उम्कनै नसक्ने गरी फसाइदिन्छ र सरकार निर्माण र शासनसमेत उनीहरू आफैले गर्ने समेतको व्यवस्था मिलाउँछ । विश्व बैङ्क, एसियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता थुप्रै आर्थिक हतियारहरू साम्राज्यवादीहरूले आफ्नो स्वार्थ पूरा गर्न सकृय छन् ।

भनपालाई जर्मनी विकास बैङ्कले २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरू पुन:निर्माणको लागि १ करोड युरो (रु.१ अर्ब २० करोड) अनुदान दिने नेपाल सरकार र जर्मनी सरकारबीच सम्झौता भएको थियो तर त्यो सम्झौतामा हाम्रो स्वाभिमानमा आँच पुग्ने शर्तहरू भएको कारण हामीले स्वीकारेनौँ । हाम्रा सम्पदाहरू विदेशको सहयोग बिना पनि जस्ताको तस्तै बनायौँ । यसैमा हामीमा आत्मगौरव प्राप्त भएको छ ।

वागीश्वरी कलेज तथा माविमा पनि विभिन्न विदेशी सङ्घ संस्थाहरूले सहयोगको निम्ति यस्ता थुप्रै प्रस्तावहरू आए तर हामीले ती सबैलाई अस्वीकार गर्दै आफ्नै खुट्टामा उभिएर अघि बढ्दैछौँ । कमजोर मान्छेले मात्रै बैसाखीको भर लिन्छ भन्ने कुरा हामीले बिर्सनु हुँदैन ।

*(वागीश्वरी कलेज, वागीश्वरी कलेज अफ म्यानेजमेन्ट र वागीश्वरी मा.वि.को संयुक्त आयोजनामा १०७९ पुष २३ गते काभ्रेमा भएको शिक्षक भेला तथा नव निर्वाचित सांसदहरूलाई बधाई ज्ञापन कार्यक्रममा कलेज व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नु भएको मन्तव्यको सार संक्षेप)*

# नेमकिपा सशक्त र प्रखर प्रमुख प्रतिपक्ष

विवेक

प्रतिपक्षलाई संसदीय प्रजातन्त्रको सुन्दरता मानिन्छ। सत्तापक्षको कमी–कमजोरी जनताबीच औंल्याएर सरकारलाई निरङ्कुश हुनबाट रोक्नु प्रतिपक्षको धर्म र कर्तव्य हो। प्रतिपक्ष जति बलियो र सशक्त हुन्छ, त्यति नै सत्तापक्ष सचेत र सतर्क हुने गर्दछ। प्रजातन्त्रलाई बलियो बनाउने हो भने प्रतिपक्ष बलियो हुनुपर्छ भन्ने मान्यता छ। संसदीय व्यवस्थामा कुनै पनि बेला सरकार ढल्न सक्छ। त्यस्तो बेला प्रतिपक्षले तत्काल सरकार गठन गर्न पर्ने हुनसक्छ। त्यसैले प्रतिपक्षलाई छायाँ सरकारको रूपमा लिने गरिन्छ। प्रमुख प्रतिपक्षी दलका नेतालाई भावी प्रधानमन्त्रीको रूपमा हेरिने हुँदा उच्च सम्मानित पदको व्यवस्था गरिएको हुन्छ।

गत मङ्सिर ४ गते सम्पन्न निर्वाचनमा प्रतिनिधिसभामा कुनै पनि दलले बहुमत प्राप्त गर्न सकेन। दलहरूसँग संयुक्त सरकार गठन गर्नुको विकल्प थिएन। निर्वाचनको बेला नेकासँग गठबन्धन गरी चुनाव लडेका माओवादी अध्यक्ष 'प्रचण्ड' एकाएक एमालेसमेतको समर्थनमा प्रधानमन्त्री भए। पार्टीको सिद्धान्त, विचार र नैतिकता त्यागेर शासक दलका नेताहरू पद र पैसाको निम्ति कतिसम्म गिर्न सक्दा रहेछन् भन्ने त्यो एक उदाहरण हो। त्यो भन्दा आश्चर्यको विषय पुस २६ गते प्रतिनिधिसभामा देखियो। माओवादी अध्यक्ष 'प्रचण्ड'ले प्रधानमन्त्री पदमा विश्वासको मत लिँदा नेकाका सांसदहरूले समेत प्रचण्डको समर्थनमा मतदान गरे। मतदान प्रक्रियामा सहभागी हुनुअघि काङ्ग्रेसका नेता शेरबहादुर देउवाले रोष्टमबाटै भने– हामी प्रधानमन्त्रीको समर्थन गर्छौं, तर प्रतिपक्षमा बस्छौं।

मतदानमा 'प्रचण्ड'ले खसेको २७० मतमध्ये २६८ मत पाए र उनको विपक्षमा २ मत मात्रै परे। नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमोर्चाले विपक्षमा मत दिएका थिए। संसद सञ्चालनको लागि प्रतिपक्ष अनिवार्य छ। नेकाले सरकारको पक्षमा मत दिएपछि देउवाले भनेअनुसार के काङ्ग्रेस प्रतिपक्षमा बस्न मिल्छ ? यो अहिले सबैको चासोको विषय बनेको छ। कानुनको सामु जसले जेसुकै तर्क गरे पनि त्यसलाई काट्न सक्दैन। हाम्रो कानुनमा प्रतिपक्ष सम्बन्धी व्यवस्थालाई हेरौं –

सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७३ को दफा (२) खण्ड (ङ) को १ मा प्रतिपक्ष दलको परिभाषा गरेको छ– *मन्त्रिपरिषद् गठन गर्ने वा गठन गर्न सहयोग गर्ने दलबाहेक प्रतिनिधिसभा वा राष्ट्रियसभामा १० प्रतिशत वा सोभन्दा बढी सदस्यहरू भएको दलहरूमध्ये सबैभन्दा बढी सदस्य भएको दल।*

१० प्रतिशत वा सोभन्दा बढी सदस्यहरू प्रतिनिधिसभा र राष्ट्रिय सभामा नभएको अवस्थामा के संसद प्रतिपक्षविहीन हुन्छ ? संसदले आजको जस्तो परिस्थितिको कल्पना गरेर त्यसको निम्ति पनि निकास दिएको छ। सोही ऐनको दफा (२) खण्ड (ङ) कै ४ मा भनिएको छ– *मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न सहयोग गर्ने दलबाहेकका प्रतिनिधिसभा वा राष्ट्रियसभामा १० प्रतिशत वा सोभन्दा बढी सदस्यहरू भएको कुनै दल नभएमा प्रतिनिधिसभा र राष्ट्रियसभाको लागि सभामुख वा अध्यक्षले तोकिदिएको दल।*

नेका कानुनतः विपक्षी दल हुनै नसक्ने प्रस्ट छ। यद्यपि नेकाका कतिपय नेताहरू सरकारको समर्थन गरेर पनि प्रतिपक्षमा बस्ने दाबी गर्दैछन्। त्यो नेपालको कानुन विपरीत, जनता र नेकाका कार्यकर्तालाई भ्रममा पार्ने काइते तर्कबाहेक केही होइन। अब नेपाल मजदुर किसान पार्टी र राजमोमध्ये नै प्रमुख प्रतिपक्ष तोकिने हो, यसमा कुनै भ्रममा बस्नु आवश्यक छैन।

संसदमा मर्यादा क्रम तोक्ने आफ्नै शैली र परम्परा छ। बस्ने स्थान, बोल्ने क्रमलगायत सबै त्यहाँको प्रणाली स्वयम्ले गर्छ। सभामा प्रतिनिधित्वको सङ्ख्या र दलले प्राप्त गरेको मत सङ्ख्याको आधारमा मर्यादाक्रम तोक्ने पहिलेदेखिको प्रचलन हो। प्रधानमन्त्रीको विपक्षीमा मतदान गर्ने नेमकिपा र राष्ट्रिय जनमोर्चामध्ये प्रतिनिधित्व सङ्ख्या बराबर भए पनि गत निर्वाचनमा प्राप्त मतमा धेरै अन्तर छ। नेमकिपाले राजमोभन्दा बढी मत प्राप्त गरेको छ। त्यसकै आधारमा राजमोभन्दा मर्यादाक्रममा नेमकिपा अगाडि छ। यी सबै आधारमा नेमकिपा विधिवत रूपमा प्रमुख प्रतिपक्ष रहेको प्रस्ट छ। यद्यपि, कुन दललाई प्रमुख प्रतिपक्ष तोक्ने भन्ने अधिकार भने कानूनले सभामुखलाई दिएको छ। प्रतिपक्षबिना सदन चल्न नसक्ने भएको र नेपाली काङ्ग्रेसले सरकारको समर्थन गरेर प्रतिपक्षमा

बस्ने कानुनी, व्यवहारिक र नैतिक हैसियत गुमाइसकेको हुँदा छिटै नै सभामुखले प्रमुख प्रतिपक्ष तोक्नुपर्ने अवस्था छ ।

नेपाल मजदुर किसान पार्टी भागबन्डामा नलागी देश र जनताको हितमा प्रखर प्रतिपक्षको भूमिका खेल्दै आएको पार्टी हो । देशघाती एमसीसी, एसपीपी सम्झौता र नागरिकता विधेयकको निरन्तर सदन र सडकमा विरोध गर्दै आएको नेपाल मजदुर किसान पार्टीले सन् १९५० लगायतको असमान सन्धिहरू खारेज गर्नुपर्ने, गोरखा भर्ती केन्द्र बन्द गर्नुपर्ने जस्ता आवाजलाई बुलन्द गर्दै आएको छ । भारतले नेपाली भूमि मिचेको सवालमा होस् या नाकाबन्दीको विरोधमा नेमकिपाले भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको निरन्तर विरोध गर्दै प्रतिपक्षको भूमिका सफलतापूर्वक निर्वाह गर्दै आएको छ । यसअघि कै सदनमा पनि 'नेमकिपाको उपस्थिति नभएको भए सदन सदनजस्तै नहुने, माननीय प्रेम सुवालले प्रतिपक्षको इज्जत जोगाइदियो, नेमकिपामात्रै प्रतिपक्षजस्तो देखियो' जस्ता चर्चा नचलेको होइन । अब नेमकिपा वैधानिक रूपमै अझ सशक्त र प्रखर प्रतिपक्षको भूमिकामा रहने नेपाली जनताले विश्वास गरेका छन् ।

नेपालको कानुनबारे हाम्रा नेताहरू कति पनि ध्यान दिँदैनन् भन्ने एक उदाहरण माधव नेपाललाई लिन सकिन्छ । एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले प्रतिपक्षको विषयलाई लिएर पार्टी सम्बद्ध विद्यार्थी सङ्घको कार्यक्रममा बोले– विश्वासको मत दिएपछि पार्टी सत्तारुढ हुने कहाँको व्याख्या हो ? मैले बुझ्न सकिन । २०५१ सालमा पनि विश्वासको मत दिएर नेका प्रतिपक्षमा बसेको थियो । हाम्रो विगतको अनुभव छैन ? के यो नयाँ संविधानले त्यसलाई गलत हो भन्ने कुरा अगाडि सारेको छ ? (पुस २७, अनलाइन खबर)

नेता नेपाल प्रस्ट हुनुपर्छ, आज २०५१ साल होइन २०७९ साल हो । त्यसबेला संबैधानिक राजतन्त्र थियो । आज संविधानसभाले बनाएको नयाँ संविधानसँगै नेपाली जनताले गणतन्त्रको अभ्यास गर्दैछन् । त्यसबेला प्रतिपक्षको सम्बन्धमा आजको जस्तो कानुनी बन्दोबस्त थिएन । अहिले नेपाल कानुनमै प्रस्ट परिभाषा गरिसकेको अवस्था छ । यसर्थ, कानुन विपरीत र औचित्यहीन तर्क गर्नुको कुनै अर्थ छैन ।

त्यसो त नेकाकै नेताहरू पनि विभिन्न तर्कहरू गर्दै पार्टीले प्रचण्डलाई समर्थन गरेको विषयको बचाउ गर्दैछन् । 'संसदमा काङ्ग्रेस विपक्षी मोर्चामै रहनेछ । सरकार फेरि अस्थिर नहोस्, मुलुक फेरि मध्यावधितिर नजाओस् भनेर काङ्ग्रेसले सरकारको समर्थन गरेको' बताउँछन् नेकाका नेता एनपी साउद । नेकाले समर्थन गरेपछि सरकारले स्थिरता पाउने सुनिश्चितता के छ ? त्यसरी चपाएर कुरा गर्नुभन्दा सिधै सत्ता र नियुक्तिमा भागबण्डाकै लागि प्रचण्डलाई समर्थन गरेको भनेको भए जनतामा भ्रम पर्ने थिएन ।

'खास्तोले छोपेको बिरालोले म्याउ कराउँछ' भनेझैँ नेकाका वरिष्ठ नेता शेखर कोइरालाले नेकाको भावना खुलष्ट गरेका छन् । उनले भने– राष्ट्रपति, उपराष्ट्रपतिमा देशभरका सांसदले भोट हाल्नुहुन्छ । यो सबैलाई विचार गरेर विश्वासको मत दिएका हौँ । (अन्नपूर्ण पोष्ट, २९ पुस)

नेका प्रतिनिधिसभाको सबभन्दा ठूलो दल भएकोले मुख्य मुख्य पदमा दाबी गर्नु अस्वाभाविक होइन । सरकार अस्थिर हुने चिन्ता भएको भए त्यो काम वर्तमान सरकार गठन हुनुअघि किन भएन ? पहिले नै प्रचण्डलाई प्रधानमन्त्री बनाएको भए राष्ट्रपति, सभामुख, उपसभामुख, मुख्यमन्त्रीहरूदेखि प्रायः सबै मुख्य मुख्य पदहरू काङ्ग्रेसकै हुने थिए । त्यो समय चुक्यो । अब केही समय प्रतिपक्षमा बस्ने धैर्य गर्नु पर्थ्यो । धेरैले नेका प्रतिपक्षमा बस्ने नै सोचेका थिए । केही पदको लागि संसदको तेस्रो दलका नेता प्रचण्डको पछिपछि न्याल चुहाएर दौडिनु ठूलो दल नेकाको लागि सुहाउने विषय होइन । यसले काङ्ग्रेस पदबिना एकछिन पनि बस्न नसक्ने अवस्थामा पुगेको देखाउँछ । केही पदको निम्ति नेकाले पार्टीको सिद्धान्त, प्रजातान्त्रिक मूल्य मान्यता र नैतिकता त्याग्यो । यस्तो सिद्धान्तहीन कामले मुलुकको प्रजातान्त्रिक इतिहासमा नराम्रो नजिर स्थापित हुनेछ । त्यो स्वयं नेकाको अवसानको बाटो हुनेछ ।

नेपाल मजदुर किसान पार्टीले सुविधाको लागि प्रमुख प्रतिपक्षको दाबी गर्दैन । संसदमा भएको असंसदीय व्यवहारबाट सिर्जित अवस्था हो यो । यो एक प्रकारको विशेष अवस्था हो र नेमकिपालाई कानूनले दिएको हक पनि हो । यसबारे सबै बौद्धिक जगत प्रस्ट हुनु जरुरी छ ।

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**

**सञ्चारमाध्यममा प्रमुख प्रजापति**

# कर्णाली प्रदेशमा नेमकिपाको सङ्गठन पुनः सुदृढ हुँदैछ



– सुनिल प्रजापति, केन्द्रीय सदस्य, नेमकिपा

**नेमकिपा स्थापना र भेरी कर्णालीमा नेमकिपाको अवस्थाबारे केही बताइदिनुस् न ?**

**सुनिल :** नेमकिपा स्थापना भएको ४९ वर्षको अवसरमा नेमकिपाका साथीहरू जिल्ला जिल्लामा गएर पार्टी स्थापना दिवस मनाउने क्रम चालु छ । त्यही क्रममा कर्णाली प्रदेशको जिम्मेवारी लिएर सूर्खेत, जुम्ला, कालिकोट हुँदै आज दैलेख आइपुगेका छौँ । विभिन्न जिल्लाहरूमा फेरि पनि जाँदैछौँ ।

**पहिले निकै बलियो नेमकिपा अहिले किन अवस्था कमजोर भयो ?**

**सुनिल :** राजनीतिमा विभिन्न उतार चढाउ भइरहन्छ । कहिले अगाडि बढ्ने र कहिले रक्षात्मक स्थितिमा रहनु सामान्य कुरा हो । पञ्चायती शासनकालदेखि नै नेमकिपाले कर्णाली र भेरी अञ्चलमा सङ्गठन विस्तार गरेको हो । यस क्षेत्रका जनतालाई पंचायतको विरोधमा राजनीतिकरूपमा सचेत र सङ्गठित गर्ने पहिलो पार्टी नेपाल मजदुर किसान पार्टी नै हो । अहिले पनि नेमकिपाको सङ्गठन भेरी र कर्णालीमा सुधित अवस्थामा छ । पञ्चायती व्यवस्थाको अन्त्यसम्म अर्थात् २०४६ सालसम्म हाम्रो सङ्गठन अरूको तुलनामा सशक्त थियो । २०४८ सालपछि पनि जुम्ला, दैलेखलगायतका जिल्लामा हाम्रा प्रतिनिधिले जितेका थिए । केही स्वार्थी र अवसरवादीहरूका कारण जनतालाई धोखा भयो । त्यसले गर्दा जनतामा केही निराशा छायो । विस्तारै राजनीतिक चेतनाको विकास हुने क्रम जारी छ ।

कुनै पनि व्यक्तिमा स्वार्थी भावना र अवसरवादी सोचले ठाउँ लियो भने त्यस्ता व्यक्ति पार्टीमा टिकिरहन गाह्रो हुन्छ । नेमकिपा पूँजीवादी सरकारमा गएर आमूल परिवर्तन हुन्छ भन्नेमा विश्वास गर्दैन । मन्त्री बन्न चाहनेहरू अन्ततः पार्टी त्यागेर शासक दलसँग मिल्न पुगे ।

**पश्चिमाञ्चल नेमकिपा पुरानै अवस्थामा फर्किने सम्भावना कति छ ?**

**सुनिल :** पश्चिमाञ्चलका जिल्लाहरूमा नेमकिपा पुरानै अवस्थामा फर्कनेमात्र नभई त्योभन्दा राम्रो हुँदै जाने हाम्रो विश्वास छ । अहिले विभिन्न पार्टीका बुद्धिजीवीहरूले नेमकिपा नभएको भए संसद्मा प्रमुख प्रतिपक्ष नै नहुने कुरा बताइरहेका छन् । नेमकिपाले गरिरहेको सिद्धान्तको राजनीतिले पार्टी हिजोको स्थितिभन्दा पनि अझ सशक्त हुँदैछ । अरूले जस्तो भोज खुवाएर, पैसा बाँडेर, विकास निर्माण गरिदिन्छु भनेर झुटो आश्वासन दिएर भोट लिएनौँ । इमानदारीपूर्वक भोट दिनुभयो भने हामी देश र जनताको सेवा गर्छौं भन्यौँ । त्यसैको आधारमा मत प्राप्त भएको छ । जति मत हामीलाई प्राप्त भयो त्यो विचार र सिद्धान्तको मत हो । उहाँहरूको मतको कदर गर्दै जनताको इमानदारीपूर्वक सेवा गर्दैछौँ ।

**संसदीय र स्थानीय तहबीचको अन्तरबारे केही बताइदिनुस् न ?**

**सुनिल :** संसद भनेको बौद्धिक विचार विमर्श गर्ने ठाउँ हो । ऐन, कानुन बनाउने र जनविरोधी विधेयक र प्रस्तावहरूको विरोध गर्ने तथा देश र जनताको हितमा कानूनहरू निर्माण गर्ने ठाउँ हो । स्थानीय तह कार्यकारी भूमिका खेल्ने ठाउँ हो । त्यहाँ गएर संविधान र कानूनले दिएका सबै काम जनताको हितमा गर्ने हो । आफै कानुन बनाउने, न्याय दिने र दण्ड सजाय दिनेसमेतको अधिकार अहिले स्थानीय तहसँग छ । व्यवस्थापिका, न्यायपालिका, कार्यपालिका तीनओटै अङ्गको पूर्ण रूपमा परिचालन गर्न सक्ने ठाउँ स्थानीय तह हो । भक्तपुर नपाले यी सबैलाई पालना गरी राम्रो सँग काम गरिरहेको छ । त्यसैले सबैले भक्तपुरलाई नमुनाको रूपमा लिन्छन् ।

**संसद र स्थानीय तहमा काम गर्दाको आफ्नो अनुभव सुनाउनुस् न ?**

**सुनिल :** सङ्घ र प्रदेशसभा नीति निर्माण गर्ने थलो हो । हामीले समाजवादी देशहरूको संविधान नेपालीमा अनुवाद गरेर संविधानसभाका ६०१ जना सांसदहरूलाई वितरण गर्‍यौँ अध्ययनको निम्ति । हामीले सकेसम्म यो नयाँ संविधानमा समाजवादका विशेषताहरू राख्ने कोसिस गर्‍यौँ ।

अहिलेको स्थानीय तहमा जाँदा शिक्षा, स्वास्थ्य,

विकास निर्माणको राम्रो बन्दोबस्त गर्नेमा केन्द्रित छौँ। हामी जहाँ गए पनि देश र जनताको सेवा गर्ने हो। पार्टीले जे जिम्मेवारी दिन्छ त्यहाँ बसेर जनताको सेवा गर्ने हो।

**संविधान र जनआन्दोलनको भावनाअनुसार यो सरकार चलिरहेको छ त ?**

**सुनिल :** संविधानले स्थानीय तहलाई स्वायत्तता प्रदान गरेको छ। प्रदेश र सङ्घ सरकार भनेको नीति निर्माण गर्ने थलो हुनुपर्नेमा अहिले स–साना विकास निर्माणको कामसमेत सङ्घ र प्रदेशले गर्दै छन्। स्थानीय तहलाई आवश्यक कर्मचारी सङ्घ र प्रदेशले पठाउने गर्छन्। कर्मचारी पनि राख्न नपाउने के को सरकार ? सङ्घ र प्रदेश सरकारले स्थानीय तहलाई अंकुश लगाउने कोसिस गरिरहेका छन्। नियन्त्रित सङ्घीयता लागू गर्न खोजिएको छ, जुन नेपाली जनताको लागि स्वीकार्य छैन। यो भावना संविधानको पनि होइन।

**नेपाली काङ्ग्रेसलाई प्रतिपक्ष भूमिका दिएको विषयमा तपाईंको राय के छ ?**

**सुनिल :** निरङ्कुशता भनेको विभिन्न रूपमा आउँछ। त्यही आधारमा हामी बुझ्छौँ। कानुनमा स्पष्ट भएको अधिकार पनि प्रयोग गर्दैनन् सरकार। **कानुनअनुसार संविधानको प्रावधानविपरीत सभामुखले नेपाली काङ्ग्रेसलाई प्रमुख प्रतिपक्ष दल तोक्नु सभामुखको गलत कदम हो**। आफूले बनाएको कानुन संसद्ले पालना नगर्नुले अब जनतालाई कानून पालना गर्न भन्ने नैतिक अधिकार पनि यो सरकारले गुमाएको छ। प्रमुख प्रतिपक्ष दल नेमकिपालाई तोक्नुपर्थ्यो तर भएन। पूँजीवादी व्यवस्था भनेको आफैले बनाएको कानुन पनि उल्लङ्घन गर्ने व्यवस्था सावित भयो।

**नेपालको प्रजातान्त्रिक अभ्यास निरङ्कुशतातर्फ अगाडि बढिरहेको भन्न खोज्नुभएको हो ?**

**सुनिल :** पूँजीवाद भनेको पूँजीपति वर्गको तानाशाही हो। यसमा कुनै शङ्का छैन। तर यसलाई कुन रूपमा अगाडि बढ्ने भन्ने कुरा सरकारमा बस्नेहरूले ध्यान दिनुपर्ने कुरा हो। तर अहिले काले काले मिलेर खाउँ भाले भने जस्तै भएको छ। प्रतिपक्षमा बस्नुपर्ने नेपाली काङ्ग्रेसले केही पदको लोभमा प्रचण्डलाई समर्थन गर्नुले नेपालमा पश्चिमेली प्रजातन्त्र असफल भएको देखाउँछ। त्यसैले नेपालमा चिनियाँ शैलीको प्रजातन्त्र अगाडि बढ्दैछ भन्नेहरू पनि छन्।

**रवि लामिछानेको नागरिकता विषय खारेजीको विषयमा तपाईंको धारणा के रहेको छ ?**

**सुनिल :** रवि लामिछाने कुनै विशेष पार्टीको सदस्य होइन, नेपाली नागरिक हो। नेपाली नागरिकले पालना गर्नुपर्ने कानुन उहाँले पनि लागू गर्नुपर्छ। यसमा न्यायलयले बोलेको छ। यसमा अरू सामान्य नागरिकहरूको हकमा लागू हुने विषय उहाँको हकमा पनि लागू भएको बुझ्नु उचित होला। हाम्रो कानुनमा कुनै पनि व्यक्तिले विदेशी नागरिकता पाउनासाथ नेपाली नागरिकता स्वतः खारेज हुने व्यवस्था छ। हाम्रो नागरिक हुनुपर्‍यो भने पनि कानुनी प्रक्रिया छ। विदेशको नागरिकता त्यागिसके, पुरानो नागरिकताको निरन्तरता पाउने हाम्रो कानुनले व्यवस्था गरेको छ। उहाँले त्यो निवेदन दिन चुक्नुभएको हुनु पर्छ। त्यो विषयमा निर्वाचन आयागले समयमै ध्यान दिएको भए यस्तो हुने थिएन कि। पदमा बसे पनि नबसे पनि नेपाली जनताको निम्ति कानुन बराबर छ। विदेशी नागरिकता प्राप्त गरेका व्यक्तिले निर्वाचनमा भाग लिएपछि छानबिन नगरी उम्मेदवार सदर गर्नु निर्वाचन आयोगको कमजोरी हो।

**अन्तमा, भक्तपुर नपा जनताप्रति उत्तरदायी नगरपालिका हुनुका आधारहरू केके छन्। बताइदिनुहुन्छ कि ?**

**सुनिल :** भक्तपुर नपाले शिक्षा–स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइलाई विशेष जोड दिँदै जनतालाई केन्द्रमा राखी कार्य गरिरहेको छ। शिक्षा क्षेत्रमा गरेको लगानी कहिल्यै खेर नजाने भएकोले भनपाले ८ ओटा शैक्षिक संस्थान/कलेजहरू सञ्चालन गरिरहेको छ। पहिलेदेखि सञ्चालन भइरहेका कलेजहरूमा नयाँ–नयाँ विषय थप गरी सस्तोमा गुणस्तरीय सेवा दिँदै आएका छौँ। शैक्षिक ऋण र छात्रवृत्तिको व्यवस्था गरेका छौँ। घरदैलो नर्सिङ सेवा, ख्वप अस्पताल निर्माणलगायतका स्वास्थ्य क्षेत्रमा काम गरिरहेका छौँ।

यस अर्थमा निर्वाचित जनप्रतिनिधिले इमानदारीपूर्वक कार्य गरेमा आफ्नो ठाउँ र क्षेत्रको विकासमा गर्न सकिने राम्रो उदाहरण भनपा हो। आत्मनिर्भरताले मात्र दिगो विकास सम्भव भएकोले हामी आत्मनिर्भर हुनैपर्छ। विदेशीको भारमा स्वावलम्बी हुन सकिँदैन भन्ने हाम्रो मान्यता हो। विकास निर्माणका काममा जनसहभागिता र अपनत्वलाई जोड दिएका छौँ। पारदर्शी ढङ्गले काम गरिरहेका छौँ विकास निर्माणका गतिविधिमा। हाम्रो अनुभवले के भन्छ भने, तपाईँहरूले पनि आफ्नो नगरपालिकाका जनप्रतिनिधिसँग आफ्नो क्षेत्रको सम्भाव्यता अध्ययन गरी बजेटको सही प्रयोग गरी जनता आफै सक्रिय हुनुपर्छ। अरूले आएर हाम्रो ठाउँको विकास गरिदिने होइन, हामी सबैले आफ्नो ठाउँको विकास गर्न आफै लाग्नुपर्छ।

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले दैलेखको रेडियो **हाम्रो समावेशी एफएम** का प्रस्तोता सुरेन्द्र शाहीलाई २०७९ माघ १४ गते दिनुभएको अन्तर्वार्ताको सार सङ्क्षेप)*

# भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले शैक्षिक गुणस्तरमा उचाइ प्राप्त गर्दैछन् : प्रमुख प्रजापति




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माघ १७ गते एनटीभी कोहलपुरबाट प्रसारित **मर्निङ संवाद** कार्यक्रममा ख्वप मावि स्थानीय तहबाट सञ्चालित देशकै पहिलो शैक्षिक संस्था भएको बताउनुहुँदै भक्तपुर नपाबाट २ ओटा इन्जिनियरिङ कलेजसहित सात ओटा शैक्षिक संस्थाहरू सञ्चालनमा रहेकोमा यस वर्षदेखि ख्वप कलेज अफ ल पनि सञ्चालनमा आइसकेको बताउनुभयो ।

नेमकिपाका अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित) को सय वर्षपछिको भक्तपुरको परिकल्पना पूरा गर्ने उद्देश्यअनुरूप भक्तपुर शैक्षिक गन्तव्यस्थलको रूपमा विकास भइरहेको बताउनुहुँदै उहाँले नेमकिपाले देशघाती सन्धि सम्झौताको विरोध निरन्तर गर्दै आइरहेको बताउनुभयो ।

जनताको साथ र सहयोग भए असम्भव भनेको केही छैन, सबै चिज पैसा होइन भन्नुहुँदै उहाँले विकास भनेको भौतिक निर्माणमात्र नभई असल सोच र चेतनाले हुने काम भएको बताउनुभयो ।

नियन्त्रित सङ्घीयताको कुनै औचित्य नभएको प्रष्ट पार्नुहुँदै उहाँले सङ्घ, प्रदेश र स्थानीय तहले स्वतन्त्र र स्वायत्त ढङ्गले काम गर्न पाउनु नै प्रजातन्त्रको सुन्दरता भएको बताउनुभयो ।

प्रमुख प्रजापतिले नगरको स्वास्थ्य क्षेत्रमा भइरहेको गतिविधिबारे अवगत गराउनुहुँदै भक्तपुर नपाले १०० शय्याको ख्वप अस्पताल सञ्चालनमा ल्याउनुका साथै नगरवबासी जनतालाई निःशुल्क अक्सिजन र रगत उपलब्ध गराउँदै आएको बताउनुभयो ।

विदेशी सहयोगबिना भक्तपुर नपाले विकास निर्माणका कार्यहरूलाई अगाडि बढाउँदै आएको बताउनुहुँदै उहाँले जनसहभागिता र जनश्रमदानबाट नै सम्पदा पुनःनिर्माण मौलिक शैलीमा हुँदै आएको छ र यी कार्य जनप्रतिनिधिहरूको संयुक्त प्रयासबाट सम्भव भएको हो ।

भक्तपुर नपालाई आत्मनिर्भरतातर्फ अगाडि बढाउँदै आएको बताउनुहुँदै उहाँले भक्तपुरको विकास मोडलबाट सबैजना आकर्षित र प्रभावित भएको बताउनुभयो ।

भक्तपुर नपा समाजवादउन्मुख कामलाई प्राथमिकता दिई अगाडि बढिरहेको चर्चा गर्नुहुँदै उहाँले संसदको एक मात्र प्रमुख प्रतिपक्ष नेमकिपा नै भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित




एम्बुलेन्स
र
शव वाहन
को लागि
सम्पर्क फोन : ६६१३२००

# सांस्कृतिक नगर घोषणामा किन विलम्ब ?

विगोल

भक्तपुर प्राचीन बस्तीको स्मारक संरक्षित नगर हो । कला, संस्कृति र सम्पदाले भरिपूर्ण यो सुन्दरनगर विश्वकै परिचित सहर हो । यहाँका कला संस्कृति र सम्पदा देशकै गौरव र विश्वको सम्पत्ति बनेको छ । टोल-टोलमा चल्ने जात्रा, पर्व, मेला, नाचगान, वाद्यवादन, दाफा-भजन र गुठीले यहाँको संस्कृतिलाई जीवन्तता दिएको छ । कलाको अनुपम भक्तपुर नगर कलाकारहरूको वासस्थान पनि हो । ईँटा, काठ, कागज, ढुङ्गा र धातुमा कुँदिएका अनेक आकारका कलात्मक मूर्ति, विभिन्न देवीदेवताका प्रतीकका मूर्ति, चित्र, लिपि, पशुपन्छी र मानव आकृतिको संरचनाले भक्तपुर उहिल्यै सिपालु कलाकारहरूको स्थल रहेको भन्ने ज्ञात हुन्छ । कलाका पारखी जगदीश शमशेर राणाले भक्तपुर सहरलाई **नाचगानको राजधानी** त्यसै भनेका होइनन् । ई.ए. पावेलले **'नेपालमा अरू केही नहोस् तर भक्तपुरको दरबार क्षेत्र सुरक्षित रहोस्'** त्यसै भनेका होइनन् ।

प्राचीन स्मारक भन्नाले इतिहास, कला, विज्ञान, वास्तुकला वा स्थापत्यकलाको दृष्टिकोणले महत्त्व राख्ने एक सय वर्ष नाघेका मन्दिर, स्मारक घर, देवालय, शिवालय, मठ, गुम्बा, विहार, स्तुप आदि सम्झनु पर्छ भन्ने उल्लेख गरिएको छ । स्मारक रहेको ठाउँ र राष्ट्रिय वा अन्तर्राष्ट्रिय दृष्टिकोणले विशिष्ट मूल्य राख्ने एक अर्कासँग जोडिएको वा एकै इलाकामा बेग्लाबेल्लै रूपमा अवस्थित मानव बस्ती वा स्थल र प्राचीन मानव बस्तीको अवशेष, प्राचीन स्मारकहरूको भग्नावशेष, गुफा पनि स्मारक क्षेत्र सित सम्बन्धित विषय हुन् । पुरातात्त्विक वस्तु भन्नाले प्राग ऐतिहासिक कालमा मानिसले निर्माण गरी उपयोग गरेका वस्तु वा कुनै देशको इतिहास बोध गराउने हस्तलिखित वंशावली, हस्तलिखित ग्रन्थ, स्वर्णपत्र, शिलापत्र, ताम्रपत्र, काष्ठपत्र, भोजपत्र, ताडपत्र, कागजपत्र, मुद्रा वा ऐतिहासिक घटना घटेको वा ऐतिहासिक विशिष्ट व्यक्ति बसेको घर र प्रयोग गरेको वस्तु, ढुङ्गा, माटो, काठ, हस्तीहाड, हाड, काँच, कपडा, कागज, धातु, मूर्ति, देवी देवताको मन्दिर, चैत्य, सालिक, पौभाचित्र, राजप्रासादमा उपभोग भए गरिएको वस्तु, पशुपन्छी, स्थावर जङ्गमको प्रतिकृति आदिलाई सङ्केत गरिएको छ ।

विश्वको सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गर्न १६ नोभेम्वर १९७२ मा पेरिसमा सम्पन्न महासम्मेलनले विश्व सम्पदा संरक्षण सम्झौताको घोषणा गरेको थियो । उक्त सम्झौतामा नेपालले २० जून १९७८ मा हस्ताक्षर गरेको थियो । काठमाडौँ उपत्यकालाई विश्व सम्पदा सूचीमा समावेश गर्न सरकारले युनेस्कोलाई गरेको अनुरोध अनुसार सन् १९७९ मा इजिप्टको लुजोरमा सम्पन्न तेस्रो सम्मेलनले काठमाडौँ उपत्यकाका तीन दरबार क्षेत्र हनुमानढोका, पाटन दरबार, भक्तपुर दरबार, बौद्ध स्तुप, स्वयम्भु, पशुपतिनाथ र चाँगुनारायण मन्दिरलाई **विश्व सम्पदा सूचीमा राख्ने निर्णय** गरेको थियो । विसं. २०५६ सालमा युनेस्कोले भक्तपुर नपालाई **शान्ति पुरस्कार** प्रदान गरेको थियो । २०५७ मा यहाँ सांस्कृतिक सम्पदा व्यवस्थापन र पर्यटन विषयक अन्तर्राष्ट्रिय गोष्ठी भएको थियो । २०५५ चैत ८ मा यहाँको पुरानो क्षेत्रलाई **संरक्षित स्मारक क्षेत्र** घोषणा गरिएको थियो ।

स्कूल, कलेज, विश्वविद्यालय जस्तो शिक्षाध्ययनको बन्दोवस्त नभएको बेला विश्व प्रसिद्ध र नेपालको सबभन्दा अग्लो पाँचतले मन्दिर र पचपन्न झ्यालको दरबारको निर्माण के कलाकौशल र कार्यकुशलको अद्वितीय नमुना होइन ? मन्दिरको शैली, मन्दिरमा प्रयोग भएका काठका मूर्ति, विभिन्न देवी देवताका कलात्मक टुँडाल, मन्दिरको आकारले त्यति बेलै पारखी इन्जिनियर सरहका नागरिक भएको थाहा हुन्छ । आफ्नै मौलिक शैलीको ईँटा, काठ, प्रस्तर र धातुकला, वास्तुकला, चित्रकला र मूर्तिकला तथा त्यससित सम्बन्धित अन्य कलाकारहरू रहेको यो ठाउँ कलाकारहरूको खुला विश्वविद्यालय कसरी होइन भन्ने ? अतः त्यसबेलाका डकर्मी, सिकर्मी, वाद्यवादक, नाचगान, लोहंकर्मी, चित्रकार, मूर्तिकार, गुरुमात्र होइनन् इन्जिनियरहरू पनि हुन् । यो त्यसबेलाको कार्य कुशलताको बेजोड नमुनामात्र होइन विचार र चिन्तनको सबल पक्ष पनि हो । वाद्यवादनको आकार, बनोट, त्यसको स्वर, ताल, लय, भजनको गीत र लय, नाचगानको भेषभूषा, हाउभाउ, गहना र कथा वस्तु आदि अर्को चिन्तनको विषय हो ।

यहाँ रहेका मठ, मन्दिर, सत्तल, पाटी पौवा,

देवालय, शिवालय, चैत्य, बिहार, मूर्ति, पोखरी, इजार, ढुङ्गेधारा, चोक, दबु, मण्डप, घरको शैली, भिँगटी छाना, बेजोडामुखी झ्याल, पुराना द्वार, यहाँको नाचगान, जात्रा पर्व, मेला, रीतिथिति, संस्कृति, दाफाभजन, बाजा आदिको जीवन्तताले भक्तपुर सहर सांस्कृतिक नगर हो। एसियाकै सफा नगरको रूपमा परिचित सुन्दर भक्तपुर सहर एसिया महादेशकै संरक्षित स्मारक र सांस्कृतिक नगर हो। **यो नगरलाई सांस्कृतिक नगर घोषणा गर्न नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले सदनमा पटकपटक विचार व्यक्त गरेका थिए।** नेमकिपाले घोषणापत्रमा पुरातात्त्विक, ऐतिहासिक सांस्कृतिक महत्त्वका मठमन्दिर, सत्तल, पाटी आदिको संरक्षण गरेर जीवन्तता दिनुपर्ने कुरा उल्लेख गर्दै **कला संस्कृति विधेयक** ल्याएको थियो। नेमकिपाले प्राचीन नाचगानको संरक्षण गर्न र जीवन्तता दिन जोड दिँदै आएको थियो। नेमकिपाको प्रयासबाटै नवौं पञ्चवर्षीय योजना (२०५४-०५६) मा **'भक्तपुर नगरलाई सांस्कृतिक नगरको रूपमा विकास गर्ने सिद्धान्त तय गरिनेछ'** भन्ने नीति तय गरिएको थियो। सोही नीतिको आधारमा स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ८८ (४) मा 'कुनै नगरको ऐतिहासिक, पुरातात्त्विक वस्तु र कला संस्कृति संरक्षण गर्न श्री ५ को सरकारले तोकेको आधारमा **सांस्कृतिक नगर घोषणा गर्न सक्नेछ'** उल्लेख भएको थियो। स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम ७४ मा 'कुनै नगरपालिकाको सम्पदा विश्व सम्पदा संरक्षण सूचीमा समावेश भएको रहेछ भने सो कुराको समेत विचार गरी यस्तो नगरपालिकालाई श्री ५ को सरकारले सांस्कृतिक नगर घोषणा गर्न सक्ने छ' उल्लेख थियो। यसको आधारमा सम्पदा संरक्षण भएको जीवित सङ्ग्रहालयको रूपमा रहेको भक्तपुर नपालाई 'सांस्कृतिक नगर' घोषणा गर्न सकिन्छ। देशकै सांस्कृतिक नगरको रूपमा परिचित भक्तपुर सहरलाई सांस्कृतिक नगर घोषणा गर्न सरकारले कुनै विलम्ब गर्नुपर्ने जरूरी छैन।

यहाँ सांस्कृतिक नगरका सबै पूर्वाधारहरू तयार छन्। जीवित सङ्ग्रहालयको रूपमा रहेको नगरलाई भक्तपुर नगरपालिकाले आफ्नै स्रोत र साधन प्रयोग गरी कला र संस्कृतिको मात्र होइन सम्पदाको संरक्षण गरिरहेको छ। यहाँका अधिकांश मठ, मन्दिर, सत्तल, पाटी, पोखरी, ढुङ्गेधारा, द्यःछेँ, इनार पुनःनिर्माण गरिसकेको छ। बाँकी सम्पदाहरूको पुनःनिर्माण, मर्मत सम्भार तथा जीर्णोद्धार भइरहेको छ। सडक, गल्ली र चोकमा ढुङ्गा र इँटाले छापेर सफा गरिरहेको छ। ढुङ्गेधारा र इनारको मर्मत सम्भार गरिरहेको छ। चैत्य र विहारको संरक्षण गरिरहेको छ। नाचगाव र वाद्यवादनलाई जीवन्तता दिन प्रत्येक वर्ष **नाचगान र वाद्यवादनको प्रतियोगिता** गरिरहेको छ। सांस्कृतिक, नाचगान र वाद्यवादनको क्षेत्रमा लागेका अग्रज गुरु एवं संस्कृतिकर्मीहरूको उच्च मूल्याङ्कन गरी प्रत्येक वर्ष प्रत्येक वडाका संस्कृतिकर्मीहरूलाई भक्तपुर नपाले सम्मान गरिरहेको छ। बेलाबखत विभिन्न अवसरमा यहाँका सांस्कृतिक झाँकीहरू देखाउने काम भइरहेको छ।

भक्तपुर विश्व सम्पदा सूचीमा परेको सहर हो। भक्तपुर दरबार क्षेत्र र चाँगुनारायण विश्व सम्पदा स्थलमा परेको ठाउँ हो। देशकै सबभन्दा अग्लो र विश्व प्रसिद्ध पाँचतले मन्दिर, ५५ झ्याले दरबार, सुनको ढोका, तलेजु मन्दिर यसै सहरभित्र परेको छ। नगरको पुरानो बस्ती संरक्षण या जीवन्तता दिने उद्देश्यले **संरक्षित स्मारक क्षेत्रको मापदण्ड लागू गरी भवन निर्माण गर्न दिने व्यवस्था** गरिएको छ। पुरानो सम्पदा क्षेत्रमा घर निर्माण गर्ने घर धनीहरूलाई मौलिक शैलीमा घर निर्माण गरे घरको मोहडामा लाग्ने इँटा, भिँगटी र काठको लागि लाग्ने खर्चको **३५ प्रतिशत अनुदान** नगरपालिकाले दिइरहेको छ। यहाँका परम्परागत सांस्कृतिक, धार्मिक र कलात्मक  संरचनाको संरक्षण र संवर्द्धन गर्न, विद्यमान सांस्कृतिक धरोहर भावी पुस्तामा हस्तान्तरण गर्न र मध्यकालीन नेपालको गौरवपूर्ण निर्माणहरूलाई अविच्छिन्न रूपमा कायम गर्न भक्तपुर नपाले २०५३ सालमै **'स्मारक क्षेत्र निर्धारण-अध्ययन, अनुसन्धान र सुझाव टोली'** गठन गरिएको थियो। टोलीले नक्साको अध्ययन र संस्कृतिका विभिन्न पक्षको महत्त्व तथा नगरस्थित सम्पदाहरूको स्थितिबारे गहिरो अध्ययन, अनुसन्धान र खोजीनीति गरी नगरका सांस्कृतिक सम्पदालाई समेटिने गरी मध्यकालीन नगरको मूल क्षेत्रलाई स्मारक क्षेत्र घोषणा गर्नुपर्ने प्रस्ताव गरेको थियो। नगरलाई आन्तरिक र बाह्य खतराबाट सुरक्षित राख्न नगरको अष्ट बिन्दुमा अष्टभैरव सहित अष्ट मातृका स्थापना गरिएको थियो। राजा यक्ष मल्लको पालामा नगरको सुरक्षाको लागि नगरलाई चारैतिरबाट पर्खालले घेरी आठओटा नगर प्रवेशद्वार निर्माण गरिएको थियो। मङ्गलतीर्थमा अद्यापि पर्खाल बाँकी रहेको छ। भार्वाचो प्रवेशद्वार, मङ्गलतीर्थ प्रदेशद्वार, इन्द्रायणी प्रवेशद्वार, खौमा प्रवेशद्वार, व्यासी

प्रवेशद्वार, च्याम्हासिंह प्रवेशद्वार, नःपुखु प्रवेशद्वार यसको जीवन्त दृष्टान्तहरू हुन् । कहीं ती प्रवेशद्वारको अवशेषमात्र बाँकी छ भने कहीं अवशेष रहेको स्थानमा नबनाई केही पर सारेर नयाँ प्रदेशद्वारहरू बनाइएका छन् ।

भक्तपुर नगर मध्यकालीन मल्ल शासनकालको प्रतिनिधिमूलक नगर हो । यहाँ प्रत्येक महिनामा कुनै न कुनै पर्व, उत्सव, मेला हुन्छ । गाईजात्रामा नौ दिन नाचगान हुन्छ । भक्तपुरमा रहेका सबैजसो नाचगान यही गाईजात्रामा प्रस्तुत हुन्छ । नगरको २१ स्थानमा नवदुर्गा गणको ङालाकेगु (माछामार्ने) जात्रा हुन्छ । यसको थालनी माघ १ गतेदेखि हुन्छ । पञ्चदान पर्व या दीपङ्करको जात्रा हुन्छ । हरेक दिनझैं कहीं बिहान त कहीं साँझपख टोल-टोलको पाटी, मन्दिरको प्राङ्गण, द्यःछैं र पेटी-पेटीमा भजन चलिरहेको हुन्छ । समय-समयमा देवी-देवगणहरूको टोल-टोलमा जात्रा हुन्छ । गाईजात्रामा प्रदर्शित हुने नाटक, नृत्य, प्रहसन, घिन्ताङ घिसीलाई प्रतियोगीतात्मक मूल्याङ्कन गरी जात्रा व्यवस्थित गर्न र जीवन्तता दिन पुरस्कारको व्यवस्था गरिरहेको छ । संस्कृतिकर्मीहरूलाई सम्मान गरिरहेको छ ।

कला र वास्तुकलाको अनुपम नमुनाका उत्कृष्ट सम्पदाहरू रहेको यो ठाउँलाई कुनै बेला पाटी पौवा मात्र होइन मन्दिरै मन्दिर भएको सहर पनि भनिन्थ्यो । हुन पनि भक्तपुर सहर विभिन्न शैलीका कलाकारिता युक्त मन्दिर, द्यःछैं, देवी देवताका मूर्ति, मठ, चैत्य, विहार, द्वार, दरबार आदिबाट सुशोभित सहर हो । हरेक टोलमा ढुङ्गेधारा, साना-ठूला पोखरी, इनारको माध्यमबाट खानेपानी वा अन्य प्रयोजनको लागि पानीको व्यवस्था गरिएको थियो । उत्तर र दक्षिणतिरबाट बग्ने खोला नगरका बासिन्दाबीच दैनिक स्नान, श्राद्ध, जन्म, मृत्युको संस्कार र दैनिक जीवनका अन्य पक्षसँग सम्बधित कार्य अद्यापि चालु छ । यहाँ परम्परागत नाचगानको लागि डबलीको व्यवस्था गरिएको थियो । सरकारी वा जनस्तरमा निर्मित देवालय, शिवालयमा स्थापित देवी-देवताको बेलाबखत पर्व पूजा, नित्य पूजा भइरहेको हुन्छ । यहाँ रहेका विश्राम पाटी र सत्तल, भजनघर र शिवालयको व्यवस्थाले भक्तपुर सांस्कृतिक दृष्टिकोणले सुव्यवस्थित सहरको रूपमा परिचित सहर हो । पुर्ख्यौली सम्पदा, पुर्ख्यौली आस्था र विश्वासलाई सदा जीवन्त राख्न भक्तपुर सहरको पुरानो बस्तीलाई सांस्कृतिक नगर घोषणा गर्नुपर्ने हो ।

ऐतिहासिक नगरको मौलिक स्वरूपलाई कायम राख्न आवश्यक छ । पुरानो बस्ती भित्र रहेका सम्पदालाई जीवन्तता दिन सकिएन भने कालान्तरमा पुरानो बस्तीको क्षेत्र सुनसानको क्षेत्र हुन बेर लाग्दैन । कला-संस्कृतिको संरक्षण नहुँदो होत यस पुरानो नगर बस्तीभित्र बाह्य र आन्तरिक पर्यटकहरू आउने छैनन् । अहिले पुरानो बस्ती भित्रका कति बासिन्दाहरू नयाँ नयाँ बस्तीमा स्थानान्तरण भइरहेका छन् । कोही ठाउँको अभाव भएर नयाँ नयाँ बस्तीमा बसाई सरिरहेको छ । नयाँ बस्तीको विकाससँगै बजारको पनि विकास भइरहेको छ । २०७२ सालको भूकम्पले त झनै पुरानो बस्तीका बासिन्दाहरू आफ्नो अनुकूल ठाउँ हेरी नयाँ स्थानमा सरेका छन् । यी सबै पक्षलाई विचार गरेर नेपाल मजदुर किसान पार्टी र भक्तपुर नपाका जनप्रतिनिधिहरूले सम्पदा संरक्षणमा जोड दिइरहेका हुन्, तद्नुसार काम गरिरहेका छन् । एसिया महादेशकै पहिलो स्मारक र सांस्कृतिक नगर तथा देशकै सफा सहर बनाउने सङ्कल्पका साथ भनपाले काम गरिरहेको छ ।

भक्तपुर नगरलाई सांस्कृतिक नगर बनाउने चर्चा परिचर्चा हुँदा कता कता विरोधको स्वर पनि नउठेको होइन । कोही मानिसहरूले भक्तपुर नगरवासीलाई खोरभित्र राख्न खोज्यो, भक्तपुर नगरलाई खोर बनाउन लाग्यो, के भक्तपुरका नगरवासीहरू असभ्य हुन्, जङ्गली हुन् भनी अनेक टिप्पणी गरे । सहरलाई सफा, स्वच्छ र सुन्दर बनाई यहाँका जनताको भविष्यसम्म सुनिश्चित जीवन बनाउन दीर्घकालीन सोच राखी गरिएको कामलाई, अवधारणालाई बुझ्दै नबुझी या बुझेर पनि बुझ पचाएर या विरोधको निम्ति विरोध गर्न सांस्कृतिक नगर घोषणा गर्नुपर्ने अवधारणाको विरोध भयो । त्यसबेला विरोध गरेका ती मानिसहरूले भनपाले गरिरहेको कामको समर्थन गर्न थालेका छन्, यहाँको कला, संस्कृति र सम्पदा संरक्षण भक्तपुर सहर विकासकै लागि हो, भक्तपुरवासीहरूको जीवनस्तर उकास्नको लागि हो भनी महसुस गर्न थालेका छन् । ढिलो फर्केकोलाई हराएको भनिंदैन भने झैं ढिलै भए पनि कला र संस्कृति र सम्पदाको सरक्षणको महत्त्व बुझ्नु राम्रै हो, यो सकारात्मक पक्ष हो ।

भक्तपुर आन्तरिक बाह्य पर्यटकहरूको आगमन केन्द्र पनि हो । यहाँको संरक्षित कला, संस्कृति, सम्पदा, मौलिफ घर, नाचगान हेर्न या अवलोकन गर्न देश विदेशका लाखौं पर्यटकहरू आउँछन् । सांस्कृतिक सम्पदाको संरक्षण पर्यटन व्यवसायको एउटा भरपर्दो आधार पनि हो । देशको पर्यटन विकास र भक्तपुरका पर्यटन व्यवसायीहरूको

व्यवसाय फस्टाउन कला, संस्कृति र सम्पदाको संरक्षण नगरी हुन्न। एउटै व्यवसाय र पेसा चलाएर यहाँका बासिन्दाहरूको जीवन चल्दैन। सबै पेसा, व्यवसायको विकास गर्न, निरन्तरता दिनु आवश्यक हुन्छ। अझ यहाँ त एक जीवित सङ्ग्रहालय नै खोल्नुपर्ने चर्चा पहिले नै भएको थियो। नाच सिकाउने, बाजा सिकाउने, गीत सिकाउने सङ्ग्रहालयको आवश्यकता महसुस गरिएको थियो। यहाँ धातुकला, चित्रकलाको सङ्गहालय, मृत्तिका कला सङ्ग्रहालय पनि आवश्यक छ। यहाँ पहिलेका घरेलु तान, धान कुट्ने, चिउरा कुट्ने सामानहरू सङ्ग्रह गर्नुपर्ने आवश्यकता छ। माटाका भाँडा बनाउने सामान, काठसित सम्बन्धित सामान, प्रस्तर र धातुसित सम्बन्धित सामानहरू पनि जीवित सङ्ग्रहालयमा राख्ने व्यवस्था भए सुनमा सुगन्ध हुने देखिन्छ।

भक्तपुरको महत्त्वपूर्ण सम्पदास्थल लायक्कु दरबार क्षेत्र हो, टौमढी क्षेत्र र दत्तात्रय क्षेत्र हो। तर, यहाँका सम्पदाहरू सबै एकै ठाउँमा केन्द्रित छैन। सबै जसो वडामा विभिन्न देवी देवताका द्यःछैँ, मठ, मन्दिरहरू छरिएर रहेका छन्। ढुङ्गेधारा, पाटी, इनार, पोखरी, चोक, डबली नभएको वडा नै छैन। पहिलेका यहाँका सबैजसो घरहरू चारतलेका छन्, झिँगटी छाना छन्। बेजोडामुखी झ्यालका घर छन्। अधिकांश घरहरू इँटा माटोले नै बनाइएका छन्। दरबार, द्योछेँ, मन्दिर, सत्तल तथा अन्य पुरातात्त्विक र सांस्कृतिक महत्त्वका भवनहरू बज्रले बनाइएका छन्। भनपाले मौलिक शैलीमै घर बनाउन जोड दिइरहे पनि, आर्थिक सहयोग गरिरहे पनि आधुनिक शैलीका घरहरू पनि ठडिन थालेका छन्। महँगो काठ, महँगो इँटा, महँगो झिँगटी, सामानको अभाव र अलि बढी झन्झट हुने कारण आधुनिक निर्माण सामग्री र शैलीका घरहरू बनाउन बाध्य भएको भुक्तभोगीहरू बताउँछन्।

भक्तपुर सहर जात्रा, पर्व, उत्सव, मेला हुने थलो पनि हो। यहाँ सामान्यतः चैत २७ देखि वैशाख ५ सम्म बिस्केट जात्रा चल्छ। यस अवधिमा चैत मसान्तको दिन या नयाँ वर्ष सुरु हुन अघिल्लो दिन बिहान तालाक्व र साँझपख योसिंखेलमा लिङ्गो ठड्याइन्छ। लिङ्गो योसिंखेलमा वैशाख १ गते र तालाक्वमा वैशाख ५ गते ढालिन्छ। टोल-टोलमा ब्रह्मायणी, महालक्ष्मी, महाकाली, छुमा गणेश, इन्द्रायणी, वाराही, माहेश्वरी आदिको जात्रा हुन्छ। वैशाखमा बुद्ध पूर्णिमा पर्छ। भक्तपुरको चासुखेल र काभ्रेको बनेपामा चण्डेश्वरी जात्रा हुन्छ। पूर्णिमाको दिन बुद्धको प्रतिमासहित नगर परिक्रमा गरिएको हुन्छ। जेठमा सिथि नःख (चाड) पर्छ। यसबेला विशेषगरी इनार, धारा, कुवा र पँधेराको सफा सुग्घर गरिएको हुन्छ। देवाली पूजाको अन्त्य पनि यसै महिनामा पर्छ। असारमा भगष्ठी (भलभल अष्टमी) हुन्छ। नवदुर्गा गण नगर परिक्रमा गरिएको हुन्छ। साउनमा गाठामुग चह्रे (घण्टाकर्ण पर्व) पर्छ। टोलको ठाउँ-ठाउँमा विभिन्न आकारका घण्टाकर्ण बनाएर जात्रा हुन्छ र कुनै निश्चित स्थानमा लगेर जलाइन्छ। भदौमा गुँलाधर्म सुरु हुन्छ। गुन्हीपुन्हीको नाउँमा नौ दिन जात्रा हुन्छ। नाचगान हुन्छ। यही समयमा पञ्चदान पर्व अर्थात दीपङ्कर मेला लाग्छ। कृष्णाष्टमी, बुबाको मुख हेर्ने (गोकर्ण औँसी) पनि यसै समयमा हुन्छ। असोजमा चठाः पर्व (गणेश चौथी) को मेला हुन्छ। यन्यापुन्ही अर्थात् इन्द्रको प्रतीक यम द्यःको जात्रा हुन्छ। मुःपात्र ल्याउने र पुलुकिसी (ऐरावत हात्ती) को जात्रा हुन्छ। कार्तिकमा तिहार हुन्छ। यो समयमा काग पूजा, कुकुर पूजा, म्हा पूजा (गोवर्द्धन पूजा) किजा पूजा (भाइटीका) हुन्छ। तिहार फलफुल, फूलको पर्व पनि हो। झिलीमिली बत्ती बाल्ने समय पनि यही बेला हो। नेपाल संवत् फेर्ने, अन्नको पूजा गर्ने समय पनि तिहारकै बेला हो। मङ्सिरमा सकिमा पुन्ही हुन्छ। टोल-टोलको देवस्थल र यातु महादेवमा पूजा र भजन हुन्छ। यसै समयमा वाला चतुर्दशी पर्छ। यसबेला पशुपति पुगेर सतबीज छरिन्छ। योमारी पुन्ही पनि सामान्यतः मङ्सिरमै पर्छ। माघमा माघे सङ्क्रान्ति पर्छ। यो बेला स्वस्थानी व्रत प्रारम्भ हुन्छ। यसै समयमा श्री पञ्चमी पर्छ। यो बेला विवाह, व्रतबन्ध र बेलविवाह आदि हुन्छ। भक्तपुर नगरमा नवदुर्गा गणको ङालाकेगु (माछा मार्ने) जात्रा यसै महिनादेखि सुरु हुन्छ। फागुनमा शिवरात्रि पर्छ, होलि खेल्छ। गीत गाउँदै खेलिने होलि मनोरञ्जनात्मक जात्रा हो। चैतमा पहाँ चह्रे हुन्छ। नेवार समुदायमा गुठी सञ्चालन भएको हुन्छ। त्यसोत गुठी सञ्चालन अन्य बेलामा पनि हुन्छ। यी पर्व या जात्राहरू कहिले काहीँ तिथिअनुसार महिना हेरफेर हुन सक्छ। यसरी यहाँ १२ महिना एउटा न एउटा पर्व, मेला, उत्सव, जात्रा चलेको हुन्छ। यी जात्रा, पर्व, मेला र उत्सबले पनि सांस्कृतिक नगर भक्तपुरको गरिमा बढाएको छ।

हो, भक्तपुर नाचगानको राजधानी हो। यहाँ अनेक नाचगानहरू छन्। एउटै टोलमा पनि दर्जनभन्दा बढी नाचका टोलीहरू छन्। हरेक नाचगानको आफ्नै महिमा छ। हरेक नाचका आफ्नै भेषभूषा, मुकुन्डो र

गहना छन् । प्रत्येक नाचको हाउभाउ या अभिनय फरक फरक हुन्छ । यहाँका अनेक परम्परागत नाचहरूमध्ये भैल प्याखं, देवी प्याखं, शेरसिंह प्याखं, फाकंदली, कलाँली, माक, लाखे, नागाचा, नटुवाचा, भालु, धुँ, हनुमान, जङ्गली, कवाँ, लुसी, म्हेखा आदि छन् । त्यस्तै अन्य नाचहरूमा ख्या, खिचा, भुचा, हाँय्, महाद्यो, पार्वती, सलाँ, म्ये, खः प्याखं पनि हुन् । यसबाहेक कपाय् फेनेगु, थाज्या थाय्गु, किजापूजा, काची मचा वाय् यंकेगु, सिलु वानेगु पनि यहाँका पुराना नाचगानका विधा हुन् ।

हरेक टोल-टोलमा दाफा भजनका समूह छन् । यहाँ नाचगान र भजनको निम्ति बजाइने बाजा पनि अनेक थरीका छन् । पछिमा, लालाखिं, घाँ, घिमाय्, पस्ताखिं, ताताली खिं, करखी बाजा, कोःखिं बाजा, ढलक, तँ, भ्याालिंचा, भोछ्याय, ख्वालिमालिचा, सि छ्याय्, कान्तादबदब (डमरु), नगरा, सारङ्गी आदि छन् । मुखले बजाउने बाजामा बाँसुरी, ङक, पाँगा, म्हालीं, कँ बाजा, बीणा आदि रहेका छन् ।

यहाँका शिल्पकारहरू कालात्मक मूर्ति, देवी देवता, काठका अन्य सामानहरू मात्र बनाउँदैनन् । काठैकाठद्वारा निर्मित भैरव र भद्रकालीको रथ बनाउँछन् । गहुँ, भतमास, मकै आदिबाट प्रतिकात्मक मन्दिरहरू बनाउँछन् । छ्वालीबाट अनेक मूर्ति र सामानहरू बनाउँछन् । चित्रकारहरू नवदुर्गा गणको मुकुन्दोमात्र होइन मन्दिर, चैत्य, विहार या अन्य स्थानमा विभिन्न चित्रहरू बनाउँछन् । प्रजापतिहरू अनेक माटाका भाँडाकुडा बनाउँछन् । सकिमाङा पुन्हीमा आ-आफ्नो टोल या स्थानमा रहेका भैरवको रथ, दत्तात्रय मन्दिर, लिङ्गो तथा अन्य देवी देवता र मण्डप बनाएर भजन गर्छन् । सवाल यहाँ बाजा बजाउने, नाच नाच्ने र गीत गाउने मात्र होइन नाच सिकाइन्छ बाजा बनाइन्छ पनि । नाचका लागि गहना र भेषभूषा बनाइन्छ । मुकुन्डो बनाइन्छ । काठ, ईँटा, कागज, प्रस्तर, धातुमा अभिलेख (लिपि) लेख्ने गुरुहरू पनि कलाकार नै हुन् । यसरी यहाँका मृत्तिका कला, काष्ठकला, प्रस्तरकला, चित्रकला, वास्तुकला, मूर्तिकला, धातुकला, सङ्गीत कला, वाद्यवादन कला, नृत्य कलाले नेपाली समाजमा अमित छाप परेको छ । यही भएर सन् १९७९ अक्टोबरमा इजिप्टको लुजोरमा सम्पन्न विश्व सम्पदा समितिको तेस्रो सम्मेलनले भक्तपुरको लाय्कु दरबार र चाँगुनारायण क्षेत्र सहित काठमाडौं उपत्यकाभित्रका सातओटा क्षेत्रलाई विश्व सम्पदा सूचीमा समावेश गरेको हो ।

यसरी विश्व सम्पदा सूचीमा सूचिकृत, संरक्षित स्मारक क्षेत्र, अनेक चाडपर्व, नाचगान, बाजा, संस्कृति, सम्पदा र कलाकारहरू रहेको यो भक्तपुर सहरलाई सांस्कृतिक नगर घोषणा गर्न विलम्ब गर्नुपर्ने कुनै कारण छैन ।

यहाँका कलाकृति देखेर विश्वका जनसमुदाय चकित हुन्थे, नेपाली कलाकारहरूको सीप, प्रतिभा देखेर मोहित हुन्थे र वाहवाह गर्थे । अग्रज कलाकारहरूको ज्ञान, सीप र अनुभव नयाँ पुस्तामा हस्तान्तरगर्नु आवश्यक छ र एकपछि अर्को हस्तान्तरण भइरहेको पनि छ । आजभोलि नयाँ पुस्ताले पनि कलात्मक मठ, मन्दिर, देवालय, शिवालय बनाउन थालेको छ । अग्रजहरूले नासिकाएका भए नयाँ पुस्ताले सिक्न पाउँदैनथ्यो र बनाउन सक्दैनथ्यो । यहाँका मठ, मन्दिर, धातुकला, चित्रकला, वास्तुकला आदि देखेर भक्तपुर छिरेका विश्वका पर्यटकहरू मन्त्रमुग्ध हुन्छन्, मुक्त कण्ठले गुणगान गर्छन् । भक्तपुरको दरबार क्षेत्र र वरपरका सम्पदाहरू अवलोकन गरेपछि आधा एसिया होइन आधा संसार घुमेको अनुभव गर्छन् । अबका नयाँ पुस्ताले साहित्यकार र राजनीतिज्ञहरूको मात्र होइन नाचगान, वाद्यवादन, माटो, काठ, प्रस्तर, धातुका कलाकार, चित्रकारहरूको पनि शोधपत्र गर्नुपर्ने देखिन्छ ।

यहाँको कला कृति जोगाउन नै २८।२९ वर्ष अघिनै भक्तपुर नगरपालिकाले तालिम सञ्चालन गरेको थियो । नयाँ पुस्ताका तीनै काष्ठकलाका कालाकरहरू देशको विभिन्न भागमा रहेका मन्दिरहरू बनाउन पुगे । उनीहरूले विदेश पुगेर समेत आफ्नो कला प्रदर्शन गरे, नाचगान प्रदर्शन गरे । यसकारण भक्तपुर नेपालको लागि मात्र होइन विश्वकै लागि हेर्न लायक र सिक्नलायक सहर बनेको हो । यसरी नेपाली समाज र विश्वमै अमित छाप पर्ने खालका कलाकृति, सम्पदा, नाचगान, वाद्यवादनका निर्माणकर्ता, संरक्षकहरूको योगदान नसम्भी सुखै छैन । विज्ञान र प्रविधिको विकास नभएको बेला बनाइएका अद्भूत र अनौठा कामहरू भए, संरचनाहरू बनाइए । यहाँका कलाकारहरूमा पाइने यो प्रतिभाको चमकको जति प्रशंसा गरे पनि पुग्दैन । तर, किन हो कुन्नि विश्वकै सम्पदाको निधिको रूपमा रहेको भक्तपुर सहरलाई नेपाल सरकारले सांस्कृतिक नगर घोषणा गरेको छैन । सरकारले यहाँको कला, संस्कृति र सम्पदाको महत्त्व बुझेको छैन । अतः भक्तपुर सहरलाई सांस्कृतिक नगर घोषणा गर्न भक्तपुर दरबार हेरचाह अड्डा, पुरातत्त्व विभाग, संस्कृति मन्त्रालयको अविलम्ब ध्यान जानुपर्छ । पूर्वाधार तयार भइसकेको सांस्कृतिक नगर भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्न अब विलम्ब गर्नु हुँदैन ।



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-११)

– प्रो. माणिकलाल श्रेष्ठ




### महाकाव्य - प्राचीन ग्रीक व संस्कृत साहित्ये

काव्य धयागु छु, थुकिया मूल सार छु धका भतिचा जक विचार यायेवं हे थुकिया यक्को प्रकार दु धका सिइ दु । काव्यया सिर्जना याइपिं लेखकपिंसं थःथःगु कथं कला छ्यले मागुलि नं काव्यया तःगू प्रकार दु । नाटक व उपन्यासया छुं भति विवेचना चव्य् याये धुन । आ मेगु छगु निगू विशेष उल्लेख याये बहगु काव्यया प्रकार या छुं भति विश्लेषण थन याये ।

काव्यया प्रकार यक्को दःसां मुख्य ला झीसं काव्यं आनन्द कायेगु स्वया व न्यना खः, थुकिं याना संस्कृत साहित्ये काव्ययात हे दृश्य काव्य (स्वयेगु काव्य) व श्रव्य काव्य (न्यनेगु काव्य) धका वर्गीकरण यात । तर आपालं काव्ये थ्व नितां गुण दया च्वनी । नाटक दृश्य व श्रव्य नितां खः । बरू थौंकन्हे जक नाटके दृश्य काव्यया रूप झन झन मदया वन, थौंया समस्या मूलक नाटक न्यनेगु जक, अझ धाथें ला ब्वनेगु नाटक जुइ धुंकल । प्रेस (आख थायेगु मेशिन) या विकास जुसां निसें आ श्रव्य (न्यनेगु) काव्य फुक्क पाठ्य (ब्वनेगु) काव्य जुइ धुंकल ।

यक्को न्ह्यो निसें दुगु अर्थात प्राचीन ग्रीक साहित्य, रोमन साहित्य, संस्कृत साहित्य व मेमेगु नं यक्को प्राचीन साहित्ये दुगु छगू प्रकारया काव्य महाकाव्य (इपिक) खः । प्राचीन ग्रीक साहित्ये प्रचलित महाकाव्यया अध्ययन याना **एरिस्टोटलं** थःगु **'काव्यशास्त्र'** सफुली महाकाव्यया नं छुं भति विवेचना याना तःगु दु । त्रासदिया थें एरिस्टोटलं महाकाव्यया परिभाषा बिया थकूगु मदु, अथेसां उगु सफुली थाय् थासे च्वया तःगु वाक्य मुना एरिस्टोटलया महाकाव्य सम्बन्धी धारणा सिइके फु ।

एरिस्टोटलया विचारकथं महाकाव्य व त्रासदि यक्को हे जो ला । 'महाकाव्ये नं यक्को च्वय्या तगिंया पात्रतय् अनुकृति दइ, गुगु अनुकृति पद्ये चिना तःगु जुइ ।' एरिस्टोटलया धारणा ला काव्य धयागु हे अनुकृति खः, मनूया छुं ज्या स्वया व थें च्वंक मेगु दयेका क्यनेगु, अथे जूगुलिं महाकाव्य नं अनुकरण हे जुइ माल । महाकाव्यया 'रूप समाख्यान (कनेगु) जुइ, अले थुकी छगू छन्द जक छ्यला तइ' । नाटके अनुकरण पात्रतसें दबुली हिमता जक याये छिं, तर महाकाव्ये लेखकं कनी, उकिं थुकियात एरिस्टोटलं **'समाख्यान काव्य'** धया तल । थुकथं स्वयेबेले महाकाव्य नाटक थें दबुली हिमता क्यनेगु काव्य मखु, थौंकन्हेया उपन्यास थें लेखकं कनीगु काव्य ख । थ्व कारणं 'महाकाव्ये छगू त धंगु विशेष क्षमता दु थः लागा तव्याका यंकेगु' । प्याखने ला दबुली हिमता क्यने मागुलिं छगू हे इले निगू थासे निता घटना जूसा क्यने मछिं, अले थ्व विषय लोगु जूसा थुकिं याना काव्य तस्सकं सेल्ला व झ्यातुसे च्वनी *(थ्व प्याराग्राफे '... ...' दुने उद्धृत याना तयागु शब्द फुक्क प्राचीन ग्रीसया प्रसिद्ध समालोचक एरिस्टोटलयागु खः ।)* एरिस्टोटलं बिया तःगु थुलि वर्णनं हे महाकाव्य छु प्रकारया काव्य खः धकाः सिइ दु । नाटक थें दृश्य काव्य थ्व मखु, थ्व छगू कनेगु काव्य खः गुगुली च्वन्ह्यापिं मनूतय् वर्णन दइ, अले बाखं तस्सकं स्यल्लागु व दुकुलुगु जुइ ।

कथा बस्तु (बाखं) स्वयेबेले प्राचीन ग्रीक महाकाव्य त्रासदि थें हे चवं । त्रासदिइ थें थुकी ततःधंपिं मनूतय् हे चित्रण जुइ । थुकिया पात्र नं धाथें हे इतिहासया मनूत मखु, हाकनं पूरा काल्पनिक नं मखु । इतिहास व महाकाव्य गुलि पा धका एरिस्टोटलं हे कना तःगु दु, 'इतिहासं ला छगू ज्या मखु छगु ईया अले उगु ईया छह्म बा यक्को मनूतय् नाप सम्बन्ध दुगु घटना झीगु न्ह्योने तये हइ, थ्व घटनाय् छगू व मेगुया स्वापू नं मदये फु ।' तर महाकाव्ये फुक्क घटना क्यनी मखु, परस्पर स्वापू दुगु व छगू परिणाम वइगु घटना जक ल्यइ ।

मेमेगु खँय् नं महाकाव्य आपालं हे त्रासदि नाप जो ला । थुकिया बाखंया रचना नाटकया थें हे । एरिस्टोटलया कथं महाकाव्यया 'आधार शुरु, दथु व अन्त्य दुगु छधी जुया च्वंगु व थः हे पूर्णगु जुइ, अले थुकिं छह्म जीवित प्राणी थें च्वना थःगु हे कथं

आनन्द बिइ।' महाकाव्य त्रासदि नाप पाइगु थुकिया आकार व छन्द खः।

प्राचीन संस्कृत साहित्ये नं महाकाव्यया तःधंगु स्थान दु। ग्रीक साहित्ये ला त्रासदि धुंका तिनि महाकाव्ययात महत्व बिइ, तर संस्कृत पाखे महाकाव्यया महत्व नाटकसिकं कम मखु। संस्कृत साहित्ये महाकाव्यया धारणा ग्रीक साहित्यया इपिक (महाकाव्य) नापं भचा पा। ग्रीकतसें महाकाव्यया पात्रत इतिहासयापिं हे मका, धार्थेयापिं मखु उकियासिकं भिंपिं, बरु आदर्श पात्र नं जुइ फु। संस्कृत महाकाव्ये नं थ्वजोपिं पात्र खने मदुगु मखु, तर समालोचकपिंसं अपो जोड बिइगु सत्य पाखे। पात्र आदर्श जुइ फु, तर महाकाव्यया बाखं 'इतिहासं वोगु व सत्ये लिधना च्वंगु जुइमा' *(दण्डी)*। एरिस्टोटलं महाकाव्ये त्रासदिया थें जोगु हे बस्तु-संगठनया फुक्क गुण व प्रमुख अंग दयेमा धया तल, मतलब थुकिया नायक त्रासदियाह्म थें छह्म तःधंह्म मनू, अझ त्रासदिसिकं नं आदर्श (अर्थात यथार्थे जोड मबिइगु) जूसां जिउ। संस्कृत साहित्ये महाकाव्यया नायक 'धीर, उदात्त, गुणी, भिंगु कुले जन्म जूह्म क्षेत्रीय छह्म जक नायक बा छगू हे वंशयापिं कुलीन जुजु फुक्क नायक जु *('साहित्य दर्पण'-विश्वनाथ)*।' त्रासदि थें महाकाव्ये नं ग्रीक साहित्ये नायक तःधंह्म जुइमा धयागु जक दु, तर संस्कृत पाखे जुजु हे धया तल।

ग्रीक साहित्ये महाकाव्यया प्रभाव व प्रयोजन त्रासदि थें हे धयागु धारणा दु। एरिस्टोटलया विचारे ला महाकाव्यं नं त्रासदिं थें मनोवेगया विरेचन *(झिंस्वंगूगु अध्यायस थुकिया विश्लेषण ब्वना दिसँ)* याइ। अथे जुइबेले थुकी संस्कृत साहित्ये करुण व भयानक धाइगु निगू प्रकारया रसं जक अपो जाया च्वनी, तर संस्कृत साहित्यया धारणा कथं महाकाव्ये 'शृङ्गार, वीर, शान्त मध्ये छगू रस मुख्य दयेमा, अले मेमेगु रस नं थाय्थासे दुथ्यायेमा' *(साहित्य दर्पण-विश्वनाथ)*। ग्रीक साहित्ये महाकाव्ये 'छगू हे जक छन्द छ्यला तयेमा' *(काव्यशास्त्र-एरिस्टोटल)*, तर संस्कृत साहित्यया महाकाव्ये 'गुगुं छगू सर्ग अलग अलग छन्दयागु जूसां मेगु प्रत्येक सर्ग छगू हे छन्दयागु जुइमा' *(विश्वनाथ)*। ग्रीक साहित्ये थे संस्कृत साहित्ये नाटकया एकता खने मदु। संस्कृत साहित्ये महाकाव्य थ्वजोगु हे जुइमा धका आपालं नियमं चिनातःगु दु– नायक थ्वजोह्म हे जुइमा, रस थुकथं हे जुइमा महाकाव्यया यक्को सर्ग दयेमा, च्यागू सर्गसिकं ह्मो जुइ मजिउ। विभिन्न सर्गया विषय नं नियमं चिना तःगु दु – 'न्हापां नमस्कार, आशिर्वाद, बस्तु निर्देश, मूर्खतय्गु निन्दा व सज्जनया गुण-कीर्तन थुकी दयेमा'।

प्राचीन ग्रीक समालोचक एरिस्टोटलं त्रासदिसिकं महाकाव्यया स्वता खँय् अपो महत्व दु धका क्यना तःगु दु – महाकाव्यया लागा तब्या, उपाख्यान यक्को दयेफु व थुकिया प्रभाव तच्चो। तर महाकाव्ययात एरिस्टोटलं न्ह्याको महत्व बिउसां त्रासदिया स्तरे महाकाव्ययात मतः। त्रासदियात काव्य या दकले भिंगु रूप धका एरिस्टोटलं धयातल। संस्कृतया प्राचीन साहित्ये नं नाटकया परिधी थुलि तब्या याना क्यना तल – 'व ज्ञान हे मखु, व शिल्प हे मखु, व विद्या हे मखु, व कला हे मखु, व योग हे मखु, व कर्म मखु गुगु नाटके क्यना तःगु मदु *('नाट्यशास्त्र'-भरत)*। संस्कृत साहित्ये काव्यया आत्मा हे रस माने याइगु जूगुलिं **'काव्येपु नाटकं रम्यं'** (दकले आनन्द बिइगु काव्य हे नाटक) धयागु धारणा च्वन। एरिस्टोटलं मनूया मनया विरेचन अर्थात मभिंगु आवेग फुक्क चुइके यनीगुयात मुख्य उद्देश्य माने यागु व काव्यया मनोवैज्ञानिक प्रभावयात जक अपो ध्यान बिइगुलिं त्रासदियात दकले च्वय्यागु काव्य धका धाल।

तर 'अनुकरणं हे आनन्द वइ' धयागु एरिस्टोटलया धारणा माने यायेवेले नं महाकाव्य नाटकसिकं कम अनुकृति मखु। महाकाव्य नाटक थें मुक्कं दबुली जक हिमता क्यनेगु काव्य मखु, थुकी लेखकं कनेगु नं ज्या या, अथेसां कविं थः हे झीगु न्ह्योने बराबर पिहाँ वया फुक्क खँ थह्मं कना च्वनीगु मखु। **होमर** थें सःह्म कविं ला 'प्रस्तावना थें जक छत्वा नित्वा खँ नुवाना तुरन्त हे सुं मिसा मिजं वा मेपिं पात्रयात दबुली पित हई' *(एरिस्टोटल)*। थुकथं महाकाव्य नं छगू अनुकृति हे खः, त्रासदि व थुकिया लक्ष्य मपा। बरु झन महाकाव्यया लागा तब्या। त्रासदिं बरु निगू विपरित (उल्टा) वृत्ति (मनया भावना) यात ल्वाकछ्याना समंजन याई *(त्रासदिइ नायकया पतन खना प्याखं स्वइपिनि मने दया व भय दना बई, अले थ्व निगू भावना ल्वाकज्याना प्रभाव याइबेले मनूया मने च्वंगु मनोवेगया शुद्धीकरण जुइ धका एरिस्टोटलं धया तःगु दु। दया व भयं गुकथं मनोवेगया शुद्धीकरण जुई धका मनोवैज्ञानिक विश्लेषण अंग्रेजी समालोचक* ***आइ. ए. रिचार्डसं*** *याना तःगु दु। रिचार्डस्या विश्लेषणया छुं उल्लेख थ्व सफूया झिंस्वंगूगु अध्याये दु)*। तर महाकाव्यं मानव मनया फुक्क भिंगु-मभिंगु वृत्तियात हे समंजित याई। महाकाव्यं हइगु सामञ्जस्य झन स्थायी जुई, त्रासदिसिकं नं पूर्ण धयागु धारणा थौंकन्हेया समालोचकपिंसं कया हया च्वंगु खनेदु।



जयप्रकाश मल्ल (विसं १८८०-१७३०)



राजेन्द्र विक्रम शाह (विसं १८७०-१९३७)



सत्यमोहन जोशी (विसं १९७६-२०७९)

नेपाल भाषा साहित्ये न्हापा महाकाव्य सिकं नाटके अपो महत्व बिइगु परम्परा दु। ततःधंपिं कविपिनि मनं तुनीगु आकांक्षा हे छगू सेल्लागु नाटक च्वयेगु – उजोगु नाटक, गुगुली नृत्य, म्ये व सम्वाद स्वतां दुथ्या। थुकथं साहित्य व कला नितां दुथ्यागु, अले स्वयेगु व न्यनेगु नितां गुण ल्वाकज्यागु काव्य च्वयेगु हे इमि इच्छा। मल्ल शासनकाले जुजुपिनि नापं थः नां प्रसिद्ध यायेत छगू नाटक च्वयेगु इच्छा याइगु। **सिद्धिनरसिंह मल्लया 'नृसिंह अवतार'**, **जय प्रकाश मल्लया 'रत्नेश्वर प्रादुर्भाव'** थ्व हे प्रेरणां पिहाँ वोगु खः। थ्व परम्परा कथं शाह जुजु **राजेन्द्र वीर विक्रम** शाहदेवं **'महासत्व'** नाटक पिकागु खः, गुगु महासत्व प्राचीन ग्रीकया 'त्रासदि' नाप आपा हे जो ला। नाटके अपो जोड बिइगु परम्परां याना नेपाल भाषा साहित्ये न्हापा महाकाव्य आपा खने मदु। राणा शासनकाले राणा–विरोधी जन आन्दोलन लिसेलिसे नेपाल भाषा साहित्यया पुनरुत्थान नं जुसेंलि नेपाल भाषाय् संस्कृत साहित्य व अंग्रेजी साहित्यया प्रभाव वल। नेपाल भाषाय् महाकाव्यं संस्कृत पाखेया प्रवाह ज्वन। थ्व हे प्रवाहं नेपाल भाषा साहित्ये **चित्तधर 'हृदय'** या **'सुगत सौरभ'** थेंजोगु उत्कृष्ट महाकाव्य पिदन। लिपा **धर्मरत्न 'यमि'** या **'अर्हतनन्द'**, **सत्यमोहन जोशीया 'जुजु जय प्रकाश'** पिहाँ वल, थ्व निगुलिं संस्कृत महाकाव्यया हे प्रवाहया दुने ला। **(कथहं)**


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट कुहिने फोहरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।– का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**पुस्तक अंश**

# लुकाइएको नेपाली इतिहास

प्रा.डा. एच.जी. बेहर

*(अस्ट्रियाको भियनामा जन्मेका प्रा.डा. एच.जी. बेहर (Hans Georg Behr (1937 in Wien; 2010 in Hamburg) जर्मनीमा बस्नुहुन्थ्यो । उहाँको जर्मन भाषामा सन् १९७६ मा प्रकाशित गरेको पुस्तक* ***'Nepal Geschenk der Götter'*** *(Nepal Gifts of the Gods) को पृष्ठ ५६ देखि ६२ सम्मको अंशको अनुवाद यहाँ दिइएको छ । यसको अङ्ग्रेजीमा अनुवाद चकना नेपामीले ('History book revisted :Everybody must read'-Sajha Mobile) र नेपालभाषामा विनोद सायमी 'आल' ले (नेवाः राज्यया विध्वंस गथेजुल-नेपाःया हुयातःगु ईतिहासया छुँ उद्धरणत') गरेका छन् । यहाँ समाचारडेस्कबाट (अङ्ग्रेजी र नेपालभाषाको अनुवादको सहयोगसहित) साभार गरिएको छ ।)*

सन् १७१६ सम्म पनि गोरखाको नरेश नरभूपाल शाह माटोले पोतेको आसन (राजगद्दी) मा बस्थे । उक्त आसन उनलाई असाध्यै अप्ठेरो लाग्थ्यो ।

नेपाल (हालको काठमाडौँ, ललितपुर, भक्तपुर) का राजाहरू चाँदीको आसनमा बस्थे भन्ने उनले सुनेका थिए । उनी पनि एउटा चाँदीको आसन बनाउन पाए हुन्थ्यो भन्ने सोच्न थाले ।

शक्तिशाली रजौटासित बिहे गरी सम्बन्ध बढाउने र कमजोर रजौटालाई कज्याउने राजनीति पछ्याउँदै सम्पन्न र शक्तिशाली बन्न सीमा विस्तार गर्ने उद्देश्य लिएर उनले धेरै पल्ट बिहे गरे । तर, उनी सफल भएनन् ।

अन्तमा उनले आफ्नो नीति परिवर्तन गर्ने निश्चय गरे । सन् १७३२ मा उनले आफ्नो छोरा पृथ्वीनारायणलाई भक्तपुरको राजा (रणजित मल्ल) सित बस्न पठाए ।

नरभूपाल शाहले भक्तपुरको राजालाई लेखेका चिट्ठी[१]अनुसार उसको छोरालाई यथोचित हुर्काउन र शिक्षादीक्षा दिन नेपालमा मात्रै सम्भव भएको हुनाले त्यस्तो व्यवस्था मिलाइदिन अनुरोध गरेका थिए । तर उनको वास्तविक उद्देश्य भने उनको छोरालाई त्यहाँको दरबारमा राख्न पाए हुन्थ्यो भन्ने थियो ।

छोरा नेपाल दरबार छिर्न पायो भने त्यहाँको गोप्य र महत्त्वपूर्ण कुरा थाहा पाइन्छ भन्ने थियो ।

भक्तपुरका मल्ल राजाले अत्यन्त मित्रवत व्यवहार देखाउँदै बालक पृथ्वीनारायण शाहलाई दरबारमा पाहुनाको रूपमा स्वीकारे । उनलाई दरबारको सबै कुना कुना देखाए ।

(उनका राजकुमार, राजकुमारीहरूलाई पृथ्वीनारायणसँग खेल्न छुट दिए र उनलाई कुनै किसिमको भेदभाव नगरी अत्यन्त सम्मानका साथ राखे । धर्मको काम ठानी भक्तपुरका राजाले पूर्ण सहयोग गरी उत्कृष्ट शिक्षादीक्षा दिएर राखे । यसबापत कुनै दस्तुर वा सम्झौता पनि गरेनन्– अनु. ।)

पृथ्वीनारायण शाह स्मरण शक्तिमा तेज थिए । एकपल्ट देखेको कुरा हम्मेसि नबिर्सिने । उनले भाषा पनि छिट्टै सिके र दरबारमा प्यारो बनेर हुर्किए ।

पाँच वर्षपछि उनी आफ्नो गृह नगर गोरखा



प्रा.डा. एच.जी. बेहर

फर्किए । उनले मल्लकालीन दरबारका धेरै जानकारीहरू बटुलेका थिए । मल्ल खानदान भित्रका कलहलाई नजिकबाट नियालेका थिए । के कुरामा तिनीहरू मिल्छन्, के कुरामा झगडा गर्छन्, के कुरामा इर्ष्या गर्छन्, के कुरामा रीस गर्छन्, ती सबै कुरो बुझेका थिए । त्यस्तै गरी कति सेना छन्, कति

हतियार छन् र सामरिक महत्त्वका ठाउँहरू कता कता छन्, त्यो जानकारी पनि बटुलेका थिए ।

फर्केर गएपछि पृथ्वीनारायण शाह यति उत्साहित थिए कि नुवाकोट हमला गरेर सजिलै जित्न सक्छु भनी निश्चित जसो थिए । काठमाडौँका राजाको अपमानको बोझ बोकेर बसेका राजा नरभूपालको सहमतिमा तुरुन्तै नुवाकोट आक्रमण थाले तर, युवा पृथ्वीनारायणको गलत आकलन र बुबा राजा नरभूपालको अनुमान विपरीत गोरखाले नराम्रो हारको सामना गरे । त्यो बेलादेखि गोरखाले उपत्यका आसपास क्षेत्रहरूमा हरेक वर्ष जसो आक्रमण जारी राखे । गोरखाली आक्रमण सधैँ जसो मनसुन सिजन पश्चात हुन्थ्यो । मनसुन सिजन पश्चात आक्रमण गर्दा लुटपाट गर्न सजिलो हुने र धेरै धन सम्पत्ति लुट्न सकिने विश्वास गोरखाले राखेको थियो । त्यसैले आक्रमण ठ्याक्क सेप्टेम्बरको अन्त्यतिर (भदौ असोज अर्थात् दशैंको मुखमा) गरेको देखिन्छ तर, यो आक्रमण कहिले पनि सफल भएको देखिन्न ।

यस्तो लुटमार गर्ने उद्देश्यले आक्रमण गर्ने र असफल भइ फर्कने क्रम सन् १७६४ सम्म जारी रह्यो । तत्पश्चात पृथ्वीनारायण शाहले एउटा शान्ति प्रस्ताव नेपालका मल्ल राजाहरूतर्फ पठाए ।

अन्त्यहीन जस्तो वार्षिक लडाइँ र प्रतिरोधले मल्ल राजाहरू दिक्दार थिए । त्यो भन्दा पनि यस्तो सानो सानो स्तरको लडाइँले त्यो बेला नेपालको अन्तरराष्ट्रिय बन्द ब्यापार (तिब्बत, भारततिरको ब्यापार) लाई नोक्सान भइरहेको थियो । मल्ल राजाहरू त्यसैले शान्तिको प्रस्तावसित वास्तवमा खुशी भएका थिए । तर पृथ्वीनारायणको प्रस्ताव वास्तवमा एउटा चलाखीमात्र थियो । उनले वास्तविक शान्ति चाहेका थिएनन् ।

जब गोर्खाले उत्तरतिर रहेको व्यापार मार्गमा नाकाबन्दी लगाउन थाले, मल्ल राजाहरूले गोरखाको धूर्त्याइँ (ploy) बुझ्न थाले । साथसाथै त्यो समय गोरखाली सेनाले युद्धमा अत्यधिक हतियार प्रयोग गरेको र ती हतियार उच्च कोटीको रहेको समेत थाहा पाए । मल्ल राजाहरू एउटा निर्धन गोरखा राज्यसित त्यस्तो हतियार कहाँबाट आयो भनेर चकित परेका थिए ।

लडाइँ अत्यन्तै महँगो हुन्छ भनेर बुझेका मल्ल राजाहरू गोरखाले वर्षेनी लडाइँ लड्न पैसाको जोहो कताबाट गर्छन, गोरखाबाट टाढा टाढा पुगेर लड्ने सेनाको रासन पानी, उपचार खर्च, तलबमान, लुगाफाटो, हतियार गोलीगठ्ठा आदि कताबाट आपूर्ति हुँदै थियो भन्ने सोचेर चकित परेका थिए ।

गोर्खाली सेनालाई प्रशस्त आर्थिक र उच्चस्तरीय हतियार उपलब्ध गराउने स्रोत तत्कालीन बेलायती सरकार थियो, तर यो कुरो नेपालको मूलधारको इतिहासबाट लुकाइएको छ । यो सम्बन्धी गरिएको एक गोप्य सम्झौताको दस्तावेज हालसम्म पनि लण्डनमा सुरक्षित छ । इस्ट इन्डिया कम्पनी सम्बन्धी आर्काइभमा त्यो छ ।

त्यो गोप्य सम्झौतामा गोर्खाली प्रतिनिधि र **क्याप्टेन सिअने** (Captain Ceane) को दस्तखत छ । त्यस दस्तावेजअनुसार बेलायती सरकारले सैन्य सहायता तथा रणनैतिक सरसल्लाह उपलब्ध गराउने र त्यसको बदलामा गोरखाले नेपालको ब्यापारिक मार्ग ध्वस्त गर्नुपर्ने सम्झौता भएको थियो । यो त्यही ब्यापारिक मार्ग हो, जहाँबाट हालको भारत र चीनबीच नेपाल भई ब्यापार चलेको थियो ।

भारतको मुगल ब्यापारीहरू नेपालको मल्ल राजासँग मिलेर ब्यापार बढाउँदै थिए । बेलायतको अनुमानमा झन्डै ३० प्रतिशत मुगल सम्पत्तिको मुख्य स्रोत नै उत्तरसित रहेको यो व्यापार थियो । त्यसैले बेलायतीहरू यो स्रोत हात लगाई भारतीय उपनिवेशबाट हुने आम्दानी बढाउन चाहन्थे ।

लण्डनमा रहेको दस्ताबेजमा उल्लेख भए अनुसार पृथ्वीनारायण शाहका सेनाले ८ सय ओटा काँधमा राखेर प्रहार गर्ने लामो नाल भएको शक्तिशाली बन्दुक र २१ जना बेलायती सैन्य सल्लाहकार प्राप्त गरे ।

सन् १७६६ मा बेलायतको हतियार, सैन्य सूचना र सल्लाहसमेतको सहयोगमा गोरखाले कीर्तिपुर कठिन युद्ध गरी जिते । कीर्तिपुरले अदम्य साहस देखाउँदा देखाउँदै पनि उच्चस्तरीय हतियार सामु टिक्न सकेनन् । त्यो लडाइँमा कीर्तिपुरका दुई तिहाई जनसङ्ख्या मारिएका थिए ।

हिंस्रक गोर्खाली सेनाले विजय उन्मादमा बाँचेका कीर्तिपुरे जनताको नाक काटे । आजसम्म पनि त्यो ठाउँ 'नाक नभएको मान्छेको गाउँ' भनेर परिचित छ । यो घटना घटिसके पछि बल्ल मल्ल राजाहरूले परिस्थिति निकै गम्भीर बनिसकेको चाल पाए ।

जयप्रकाश मल्ल, काठमाडौँका राजा, एक विद्वान शासक थिए । उनले इस्ट इन्डिया कम्पनीलाई गोरखाको आक्रमणविरुद्ध सहयोगको याचना गर्दै एक मार्मिक चिठ्ठी लेखे ।

इस्ट इन्डिया कम्पनीले पनि तत्कालै १५ जवान प्रभावशाली सैन्य टुकडी **क्याप्टेन किनलोक** (Kinloch) को नेतृत्वमा नेपालका मल्ल राजालाई सहयोग गर्न पठाए । यी क्याप्टेन असाध्यै मदिराप्रेमी थिए । क्याप्टेन किनलोक



क्याप्टेन किनलोक

नेतृत्वको बेलायती सेना जब काठमाडौँ उपत्यका नजिकको पहाडी इलाका पुगे, तीनले गोर्खालीसित लडाइँ लडेको नाटक गरे र उक्त लडाइँमा बेलायती सेना हारेको भनी गलत प्रचार गरे।

गोर्खाली आक्रमणमा परी क्याप्टेन आफै घाइते बनेको प्रचार गरे। (यो घटना 'म कुटे जस्तो गर्छु तँ रोए जस्तो गर' भन्ने नेपाली उखानसित मिल्दोजुल्दो छ – अनु.) यस्तो फर्जी घटना घटाएर गोरखा अत्यन्त शक्तिशाली छ, हामी केही गर्न सक्तैनौँ भनी बेलायतीले मल्ल राजाहरूको मनोबल गिराउन चाहन्थे।

बेलायती सहयोगको आश मरेपछि जयप्रकाश मल्ल धार्मिक आस्थातिर ढल्किन थाले। एक ज्योतिषले उनलाई नेपालको भविष्य कुमारी माता (जिवित देवी) मा निर्भर हुने योग छ भनी बताइदिए। राज्य बचाउने आशमा सन् १७६८ मा उनले कुमारी माताको भव्य पूजा गर्दै इन्द्रजात्रा धुमधामसँग मनाए।

त्यो वर्ष सेप्टेम्बर १३ का दिन रथ यात्रा पनि थियो र त्यो दिन सम्पूर्ण नेपालका जनता चामलको मदिरा (जाँड) खाएर रमझममा मस्त रहेका थिए। जात्रामा मस्त राजा र जनताले गोरखा सेनाले चारैतिरबाट शहर घेरेको चालै पाएनन्। जब गोर्खाली सेनाले जात्राको रथ घेरे अनि बल्ल हाहाकार मच्चियो, दिग्भ्रमित जनता, राजा र सेनाले के गर्ने कसो गर्ने ठम्याउन सकेनन्।

रथमा सवार जयप्रकाश रथबाटै हाम फाले। उनका दुइ श्रीमती पनि उनकै पछि पछि लागे र पाटनतिर सकुशल भागे। अशान्त भीडका बीचबाट पृथ्वी नारायण शाह अगाडि बढे र चिच्याए – 'म तिमीहरूको राजा हुँ, जात्रा जारी राख्न'। त्यसबेला पृथ्वीनारायण ४६ वर्षकाथिए।

मारिने डरले आक्रान्त नेवार जनसमुदायले त्यस आदेश पछाडि झन् धेरै मदिरा पिए। हातहातमा नाङ्गो तरवार बोकेका गोर्खाली सेना सामुन्ने थिए। कतिपय सैनिकले बलिया देखिने जवानका गर्धनमा तरवार तेर्साए। निहत्था र मदिरामा लठ्ठ नेवार सेना र जनता सामु आदेश पालना गर्नु सिवाय कुनै विकल्प थिएन।

त्यही सालको जाडो याममा गोर्खाले ललितपुर पनि कब्जा गरे। ललितपुर कब्जा गर्न पनि खासै बल प्रयोग गर्नु परेन। त्यहाँबाट लखेटिएका मल्लहरू अब भक्तपुरमा जम्मा भए। भक्तपुरले दरबार र देश प्रतिरक्षा गर्न बलियो प्रबन्ध गरिसकेको थियो। तत्पश्चात बेलायती सल्लाहकारको योजना मुताबिक भक्तपुरलाई नाकाबन्दी गरियो।

तीन वर्षको नाकाबन्दी पछि भक्तपुरको खाद्य भण्डार रित्तिन थाल्यो। अभावसँगै दरबार भित्र बेचैनी पनि बढ्दै थियो। त्यही बीच एक रात एक मल्लका ल्याइते सन्तानले शहर पस्ने ढोकाको चुकुल खोलिदिए। गोर्खाली सेनाको टुकडी सिधै मल्ल राजाहरूका शयन कक्षसम्म पुग्न सके।

जय प्रकाश मल्लले आत्महत्या गरे। उनीप्रति उदारता देखाउँदै पृथ्वीनारायणले उनको शवलाई पशुपतिमा दाह संस्कार गर्ने व्यवस्था मिलाई दिए।

भक्तपुरको राजा रणजित मल्ल, जसले पृथ्वीनारायण शाहलाई पाले, पोसे, हुर्काए। उनले आफू असाध्यै अपमानित भएको महसुस गरे। उनी मारिएनन् तर, उनको आँखा फोडियो र हिन्दु पवित्र शहर बनारसतिर निर्वासनमा पठाइयो।

ललितपुरका राजा तेजनरसिंह मल्ल पृथ्वी नारायण शाहसँग कुनै शब्द बोल्न चाहँदैन थिए र मौन मात्रै बसी रहे। तेज नरसिंहलाइ एउटा शव राख्ने जस्तो इँटाको च्याम्बरमा थुनियो। त्यहाँ सानो प्वाल थियो, जहाँबाट दिनको एक कटौरा भात छिराइन्थ्यो। केही दिनपछि त्यो कटौराको भात जस्ताको तस्तै देखियो, अनि त्यो प्वालमा इँटाले छोपी टालियो।

पृथ्वी नारायण शाहले जे जति गरे, त्यो सबै **क्याप्टेन सिअने**को सरसल्लाहमा गरे। उनले पृथ्वी नारायणलाई भनेका थिए, 'नेपालका जनता ज्यादै मिहिनेती

र बुद्धिमान छन् । त्यसैले तिनीहरू एकदम खतरनाक छन् । तिमीले उनीहरूमाथि शासन गर्ने हो भने उनीहरूको मुटुमा गढ्ने गरी आतङ्क फैलाउन सक्नुपर्छ । उनीहरूलाई अबको कयौँ शताब्दीसम्म पनि शासन सत्तामा आउन दिनुहुँदैन । शासन सत्तामा कब्जा जमाउने विचार सृजना गर्ने कुनै पनि कुराहरू उनीहरूको दिमागबाट मेटाउनु पर्छ । यस्तो गर्न कडा नियम र तरवार (हत्या–हिंसा) को साथ लिनै पर्छ ।'

तत्पश्चात, स्थानीय नेवारहरूलाई पढ्न लेख्नबाट वञ्चित गराइयो । नयाँ निर्माण कार्य गर्न रोक लगाइयो । भत्केको घर मन्दिर पुनर्निर्माण गर्न पनि रोक लगाइयो । व्यापार व्यबसायमा नियन्त्रण गरियो । यदि नियम उल्लङ्घन गरेमा मृत्युदण्ड व्यहोर्नु पर्थ्यो ।

स्थानीय नेवारहरूलाई सानो भन्दा सानो नियम उल्लङ्घन गरेको देखिए पनि फाँसी दिन थालियो । सन् १७७० मा मात्रै पनि २५ सय नेवारहरू सजायको नाममा मारिए । यस्तो व्यापक दमनको नतिजा स्वरूप दोस्रो पुस्ताका नेवारहरू एकदम काँतर र पलायनवादी बन्न थाले । दमन र अत्याचारविरुद्ध बोल्नासाथ मारिने स्थिति बन्यो ।

तेस्रो पुस्ताका नेवारसम्म आइपुग्दा ती अत्याचारबारे जानकारी भएका मान्छे नै बाँकी रहेनन् र ती कुराहरू बिर्सन थाले । पृथ्वीनारायण शाहको शासन पश्चात ती शहरहरूमा विकास ठप्प भयो । सृजनशील दिमागहरू निमिट्यान्न पारेपछि ती शहरको जीवन्तता गुम्न थाल्यो ।

तत्पश्चात बेला बेलामा भूकम्प आएर ठूलठूला पुनर्निर्माणको खाँचो पर्‍यो, पुनर्निर्माणको निमित्त राज्यले मनग्य पैसा खर्च गरेता पनि ती शहरहरूको जीवन्तता फेरी कहिल्यै फर्किएन ।

बेलायतीहरूको हिंस्रक योजना मुताबिक चलेको गोर्खाली सैन्य योजनाको फलस्वरूप बेलायतले ठूलो आर्थिक फाइदा स्वभाविक रूपले हासिल गरे । सन् १७७६ मा मुगल साम्राज्य टाट पल्टियो र तिनले बेलायती अधिनस्थता बाध्यभएर स्वीकारे । यसको असर समग्र मध्य एशियामा पर्‍यो ।

पृथ्वीनारायणलाई हतियार बनाई त्यस क्षेत्रको पुरानो र चालु आर्थिक मार्ग बन्द गरेपछि बेलायतले आर्थिक साम्राज्य निर्धक्क चलायो । यो घटनाबाट तिब्बतको अर्थतन्त्र पनि नराम्ररी प्रभावित भयो । फलस्वरूप संकुचित तिब्बती अर्थतन्त्रले स्वाभिमानको निमित्त गुम्बाहरूमा भर पर्नु पर्‍यो, जसको फलस्वरूप त्यस क्षेत्रमा बुद्धका शालीन अनुहारको छत्रछायाँमा सामन्ती व्यवस्था फस्टाउन पुग्यो ।

यस्तो नकारात्मक असर तिब्बतमा मात्र हैन उत्तरी चीनसम्म पनि विस्तृत भएको थियो । पछिल्लो समयमा बेलायतीहरू गोरखासँग खुशी रहेनन् । गोरखाले रगतको स्वाद चाखिसकेको थियो र जितको उन्माद तीब्र थियो । उनीहरू हत्या हिंसाबाट मुक्त भएर बस्न सक्तैन थिए । त्यसैले उनीहरू वरपरका पहाडी इलाकामा लडाइँ छेड्दै हिँड्न थाले ।

त्यस्तै आफूले जितेका क्षेत्रलाइ 'निषेधित इलाका'मा परिणत गर्दै गए । उनीहरूको पहाडी आधार क्षेत्रतिर चुपचाप बसुन्जेल बेलायतले वास्ता पनि गरेन । तर, सन् १७८९ मा उनीहरू युद्ध उन्मादी भएर चीन तथा बेलायतले अधिकार क्षेत्र ठानेको ठाउँहरूमा समेत हमला गर्न थाले ।



जनरल अक्टरलोनी

बेलायतका **जनरल अक्टरलोनी**ले लेखेका छन्, 'हामीले गोर्खाली सेनालाई कतै न कतै अल्झाउनु पर्छ ताकि उनीहरूको दिमाग राज्य विस्तारबाट अन्त मोडियोस् ।'

**लर्ड हेस्तिङ्ग**ले सन् १८१७ मा उनको डायरीमा लेखेका छन् – 'नेपालमा शान्ति ल्याउन नेपालको गोर्खाली सेनालाई व्यस्त राख्नुपर्छ र त्यो पनि तिनको देशभन्दा धेरै टाढा ।'

यो नीति अनुरूप गोरखा भर्ती केन्द्र खोलेर गोर्खालीलाई बेलायती सेनामा हुल्न थालियो । गोर्खाली सेनालाई दिने गरेको तलबको १/३ (एक तिहाई) रकम नेपालको शासक (सरकार) लाई दिने गरियो, जुन नेपालको महत्त्वपूर्ण आम्दानी स्रोत बन्न गयो ।

गोर्खाली जवानहरू देश छोड्दै विदेशमा लड्न



लर्ड हेस्टिङ्ग

जान थालेपछि नेपालभित्र तुलनात्मक रूपमा शान्ति देखिन थालियो, तर दरबार भित्र भने शान्ति आएन।

शाहहरू एक आपसमा भिड्न थाले। उनीहरूले देश र जनताको बारेमा खासै चासो लिँदैन थिए। तिनीहरू आफ्नो सानो सानो स्वार्थमा नै अल्मलिएका थिए। यस्तै घटनाक्रमसँगै कोटपर्व भयो। यस पछाडि जंगबहादुर राणा शक्तिशाली बनी निस्किए र उनले शाह राजासित शक्ति खोसेर शासन चलाए।


यस पछाडि के भयो आफै किताब खोजेर पढ्नु होला।

**(१) *अन्य स्रोतबाट जानकारी बटुलेर थपेको :***

हुन त राजा नरभूपाल शाहले यस्तो प्रस्ताव काठमाडौं र पाटनको राजालाई पनि पठाएका थिए, तर पाटनको राजाले चिठ्ठीको कुनै जवाफ दिएनन् भने काठमाडौंका राजाले न्वाक्वःमा राखेर हुर्काउने पढाउने भए सहयोग गरौंला भनी मौखिक जवाफ दिएर पठाए।

न्वाक्वः भनेको हालको नुवाकोट हो, जुन काठमाडौं राज्यको एक प्रदेश थियो र त्यहाँको शासनभार काठमाडौंबाट नियुक्त मल्लले हेर्थे।

*काठमाडौं र पाटनको राजाहरूको यस्तो व्यवहारबाट नरभूपाल शाहले अपमानित महसुस गरे तर, अत्यन्त धार्मिक स्वभाव र उदार दिलका भक्तपुरका राजा रणजित मल्लले भने हार्दिक निमन्त्रणा दिई शिक्षादीक्षा दिन स्वीकार गरे – अनु.।*




(यो किताब जर्मन भाषामा छ। यसको प्रकाशन सन १९७६ मा नै भएको हो, तर यो किताब तत्कालीन नेपालमा प्रतिबन्धित थियो।

H.G. Behr
NEPAL
Geschenk der Götter

Begegnungen in und mit dem erstaunlichsten Land der Welt

(Hans Georg Behr, Nepal Gift of the gods. Encounters in and with the most amazing country in the world)

Publisher- Econ Verlag, 1976
ISBN-3430112648, 9783430112642
Length-304 pages

भाषा नजानेको तथा अन्तर्राष्ट्रिय गैर अङ्ग्रेजी भाषाका प्रकाशनहरूमा पहुँच नभएको हुँदा यो किताबबारे

सन् २००६ सम्म पनि नेपालमा कसैलाई पनि जानकारी थिएन । सन् २००६ ताका जर्मनी पुगेका नेपालीहरूका जर्मन साथीहरूमार्फत 'नेपालबारे थाहा पाएका एक जना बूढो मानिस छन्, उनले किताब पनि लेखेका छन् रे' भन्ने सुनेपछि बिस्तारै उहाँसित सम्पर्क भएको रहेछ र त्यसपछि यो जानकारी सार्वजनिक भएको रहेछ ।

लेखक डा. हान्स जर्ज बेहरले यो किताब लेख्नु अघि करीब ७ बर्ष नेपालतिर बसी गहन अनुसन्धान गर्नु भएको रहेछ । तत्कालीन पञ्चायती शासकहरूको मत, इच्छा र पूर्वाग्रहबाट उहाँको अनुसन्धान प्रभावित नहोस् भनी उहाँ गाँजा पारखीको भेषमा हिप्पी बनेर नेपाल भित्रको अनुसन्धान गर्नुभएको रहेछ ।

स्वयम्भुको चुचुरोबाट काठमाडौँ उपत्यकालाई हेर्दै 'यहाँको शासकहरूले यो सुन्दर ठाउँलाइ एकदिन नर्क जस्तो कहाली लाग्दो बनाउने छ, सबै हरियाली मासेर पैसा छाप्ने मेशीन बनाउने होडमा बस्न अयोग्य नर्क बनाउने छ' भनेर सन १९७० तिरै भविष्यवाणी गर्नुभएको रहेछ ।

नेपाललाई औधी माया गर्ने उहाँले सन् १९९० मा ह्याम्बर्ग शहरमा गणेशको ६ फिट अग्लो मूर्ति पनि स्थापना गराउनुभएको रहेछ । मेडिसिन, क्लिनिकल साइक्लोजी, भाषाशास्त्र, इतिहास, औपनिवेशिक अर्थशास्त्र आदिका विज्ञ उहाँ भियना विश्वविद्यालयमा इतिहासका प्राध्यापक पनि रहनुभयो ।

न्यूरो टक्सिकोलोजीको विज्ञ उहाँले गाँजा संस्कृति, र औषधि ब्यापारको राजनीतिबारे पनि प्रशस्त लेख्नुभएको छ र गाँजा प्रतिवन्धविरुद्ध निरन्तर कलम चलाउनु भएको छ, जसको निमित्त उहाँलाइ सन् २००९ मा पुरस्कृतसमेत गरिएको थियो ।

५७ वर्ष निरन्तर गाँजा-सेवन गरेको खुला दाबी गर्ने उहाँ ०.३ ग्राम गाँजा साथमा राखेको आरोपमा थुना र अदालती कारबाहीमा पनि पर्नुभयो । ग्रीन पार्टीबाट चुनाव लडेर जर्मनीमा उहाँ सांसद पनि बन्नुभयो । उहाँको निधन सन् २०१० मा भयो ।)

***(समाचारडेस्क, २०७८ पौष २७)***

# भक्तपुर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
**ब्यासी-२, भक्तपुर**

## रगत परीक्षण शुल्क नगरपालिकाले उपलब्ध गराउनेसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाको आ.ब. २०७९/०८० को नीति तथा कार्यक्रममा नि:शुल्क रगतको व्यवस्था गरिने भनी उल्लेख भएबमोजिम भक्तपुर नगरपालिकाका स्थायी बासिन्दाहरूलाई नेपाल रेडक्रस सोसाइटी, भक्तपुरबाट रगत उपलब्ध गराउँदा लाग्ने रगत परीक्षण शुल्क २०७९/६/१ गतेदेखि नेपाल रेडक्रस सोसाइटी, भक्तपुरलाई भक्तपुर नगरपालिकाले उपलब्ध गराउने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

**वडाध्यक्षको डायरीबाट**

# सम्पत्ति हुँदैमा समाज नचाहिने हो र ?

कुशल

शनिवारको दिन बिहान बैठक सकाएर दिउँसो म घरको काममा व्यस्त थिएँ । मेरो घरायसी काममा श्रीमती र छोराले सघाइरहेका थिए । काम शुरू मात्र गरेको थिएँ, बाहिर बोलाएको सुनेपछि छोरा हेर्न गए । छोराले धेरै मानिसहरू घरमा आएको जनाउ दियो । गरिरहेको काम छोडेर म झ्यालबाहिर हेर्न गएँ । धेरै मानिसहरू घर बाहिर जम्मा भएको रहेछ । त्यसमध्ये कतिलाई त मैले चिन्नै सकिनँ । वडाध्यक्ष भएर काम गरेको पनि धेरै दिन भएको थिएन । घर बाहिर धेरै मान्छे देखेर श्रीमती र छोरा त अलि डराए । मैले श्रीमतीलाई भनेँ, 'तिमी यो काम गर्दै गर । म तल गएर आउँछु । घरमा त्यत्ति मान्छे बसाउन सम्भव छैन । त्यसैले के भएको हो बुझ्रेर आउँछु ।' श्रीमतीले अलि डराएको स्वरमा जवाफ फर्काइन्, 'बाहिर धेरै मान्छे छन् । झगडा पो गर्न आएका हुन् कि ? पार्टीका साथीहरूलाई बोलाउने पो हो कि ? तपाइँ कसरी एक्लै यत्तिका मानिसको सामना गर्नुहुन्छ ?'

श्रीमतीको कुरा सुनेर मेरो मनामा पनि चिसो पस्यो । यद्यपि, मैले श्रीमतीलाई भनेँ, 'वडाध्यक्ष भएर कुनै गलत काम गरेको भएपो डराउने । यत्तिका मान्छे आएर के भो त । म एक्लै सामना गर्छु । आवश्यक भए पार्टीका साथीलाई पछि बोलाउँला । विषयवस्तु थाहा नपाई साथीलाई कसरी बोलाउने ?' म श्रीमतीसँग कुरा गर्दै तल गएँ ।

घरको मुख्य ढोका खोल्ने बित्तिकै एक हुल मानिस घर भित्र छिर्न खोज्यो । मैले सबैलाई नमस्कार गरेँ र घरमा यत्रो मानिस आउनुको कारण सोधेँ । हुलकै एक जना मानिसले जवाफ दिँदै भने, 'वडाध्यक्षज्यूको घर सानो र पुरानो रहेछ । हामी त सत्तरी असी जना छौँ । आज वडा कार्यालय बन्द हुने दिन पर्‍यो । त्यही भएर घरमै भेटौँ भनेर आएका हौँ । हामीलाई एउटा ठूलो समस्या आइपर्‍यो । त्यसैले समाधानको लागि परामर्श गर्न आएका हौँ । अनि तपाईँले चाहनु भयो भने यो समस्या सजिलै समाधान हुन्छ । अनि हाम्रो समस्या व्यक्तिगत नभई सामुहिक समस्या हो र धार्मिक आस्थासँग जोडिएको समस्या हो । त्यसकारणले पनि वडाध्यक्षज्यूकै घरमा गएर कुरा गरौँ भनेर हाम्रो छलफल सकाएर यहाँ आएका हौँ ।'

त्यस मानिसको कुरा सनेपछि मनमा अलिकति राहत भयो । नयाँ वडाध्यक्ष भएकोले पनि मनमा अलि डर हुने रहेछ । यस अघि वडामा नै त्यत्ति ठूलो डेलिगेशन आएको थिएन । घरमै त्यत्रो मान्छे आउँदा टोलवासीहरू पनि जम्मा भइसकेका थिए । हुलकै अर्कै मानिसले भने, 'वडाध्यक्षज्यूको घरमा हामी सबै अट्दैन । त्यसैले बाहिर खुल्ला ठाउँमा गएर कुरा गरौँ । व्यक्तिगत कुरा नभएकोले गोप्य राख्नु पर्ने कुनै कुरा छैन । त्यसैले हजुर एकचोटि बाहिर आउनु पर्‍यो ।' उनको कुरा सुनेपछि मलगायत सबै मानिसहरू घर अगाडिको खुल्ला ठाउँमा गयौँ । त्यसपछि अलि अग्लो ठाउँमा गएर सबै मानिसहरूलाई नियालेर हेरेँ । प्रायः मानिसहरूसँग म अपरिचित थिए । साथै टोलवासीहरू पनि जम्मा भएकोले सयौँ मानिसको भीड लागिसकेको थियो । मैले पहिलोचोटि बोल्ने दाइलाई आफ्नो समस्या राख्न अनुरोध गरेँ । वहाँले भन्नुभयो, 'सबभन्दा पहिला त घरमै अनि शनिबार डेलिगेशन आएकोमा क्षमा चाहन्छु । हामी सबै समाजका सदस्यहरू हौँ । हाम्रो समाजमा भक्तपुरका धेरै आचार्यहरू सदस्य छन् । अनि आचार्यहरूको कुल देवता पनि रहेको छ । हरेक वर्ष तीन चार पल्ट विभिन्न अवसरमा पूजापाठ गरी भोज खाने चलन छ । अनि शिल्पकार समाजको घर पनि छ । त्यस घरको छिँडी तलामा मन्दिर र मूर्ति पनि छ । जहाँ हामी सधैँ वर्षको चार पाँचचोटि आएर पूजा गरी सम्हे खाने र भोज खाने चलन छ । अब त्यही घरनै एक जना हामी मध्येकै एक जनाले व्यक्तिगतरूपमा किनेर ल्याएका छन् । २०७२ सालको भूकम्पमा पूर्ण क्षति भएकोले अहिले पुनःनिर्माण गर्न खोजेको छ । अहिले उसले तिमीहरूको भगवान लिएर जाने भए जानु नभए मन्दिर पनि भत्काइ दिन्छु अनि भागवानलाई पनि फालिदिन्छु भन्नुभयो । हामीलाई एक हप्ताको समय दिएको छ । एक हप्ताभित्र हटाइएन भने मन्दिर भत्काएर भगवान फालिदिन्छु भनेर चेतावनी दिएकोले समितिका सदस्यहरू सबै छलफल गर्न जम्मा भएका थियौँ । अनि बैठकले वडाध्यक्षसँग परामर्श गर्ने निर्णय भएअनुसार हामी यहाँ आएका हौँ ।'

मैले जनसमुदायतिर फर्केर भनेँ, 'तपाइँहरूको समस्या मैले बुझ्रेँ । घरसम्म डेलिगेशन आउनु भएकोमा धन्यवाद । पुरानो र सानो घर भएकोले बसेर कुरा गर्न

नसकेकोमा क्षमा चाहन्छु । अनि चिया खुवाउन नसकेकोमा अपसोच पनि छ । भोलि वडामा प्रथम प्रहरमा एकचोटि आउनु होला । सम्बन्धित मान्छेलाई पनि म बोलाउन पठाउँछु । नभए तपाइँहरूमध्येकै एक जनाले बोलाउनु होला । भोलि हामी वडामा गहन छलफल गरौँला । तपाइँहरूको समस्या समाधानको लागि म आवश्यक पहल गर्छु ।' यत्ति भनेर मैले सबैलाई विदा गरेँ । सबै मानिसहरू गएपछि टोलवासीहरू फेरि मसँग के भएको भनी सोध्नुभयो । मैले विषयवस्तु जानकारी गराएपछि सबै फर्कनु भयो । माथि झ्यालबाट श्रीमती र छोरा हेरिरहेका थिए ।

भोलिपल्ट वडाको हलमा प्रथम प्रहरमै मानिसहरू खचाखच भरिएको थियो । म जानु अगाडिनै हल भरिसकेको थियो । जनप्रतिनिधिहरू पनि सबै जम्मा भइसकेका थिए । साथै सम्बन्धित अर्को पक्षपनि आइसकेको थियो । मैले बैठकको शुरुमै अर्को पक्षको महिलालाई भगवान किन फाल्ने खाजेको हो आफ्नो धारणा राख्न अनुरोध गरेँ । वहाँको नाम लक्ष्मी आचार्य र छोराको नाम राजेस आचार्य रहेछ । लक्ष्मीले भन्नुभयो, 'मैले घर किनेर ल्याइसकेको छु । अब मेरो घर भइसक्यो । पूर्जा पनि छ । मालपोत पनि तिरेको छु । २०७२ सालमा भत्केको कारणले गर्दा पुन:निर्माण गर्न खोजेको हुँ । नक्सा वडामा आएको छ । मलाई भगवानको मतलव छैन । अब भगवान उठाएर लाँदैन भने म चाहि चोकमा लगेर फालिदिन्छु । हुनत मैले पनि पूजा गरेको भगवान हो । त्यही भएर आदर गरेर एक हप्ताभित्र लिएर जाऊ भनेको हुँ । नभए म आफै एक हप्तापछि फाल्न लान्छु । अर्काको घर सार्वजनिक हुने गरी भगवान राख्न पाइन्छ र ?' त्यसपछि मैले आचार्य समाजबाट एक जनालाई बोल्न अनुमति दिएँ ।

एक जना दाइले भन्नुभयो, 'त्यो घरनै समितिको हो जस्तो छ । तर हामीसँग प्रमाण छैन । पूर्जा व्यक्तिको नाममा भएकोले घरमाथि हाम्रा दाबी छैन । तर भगवान छ नि । सबैले देखेकै हो । हरेक वर्ष पूजा गरेर बलि दिएर भोज खाँदै आएको थाहा हुँदा हुँदै अब आएर आफूले किनेको भन्दैमा चलिआएको चलन बन्द गराउन पाइन्छ ? भगवानलाई पनि फाल्न लान पाइन्छ ? धर्म पाप भनेको पनि हरायो कि के हो । पैसा नै सबै थोक हो र । नैतिकता र धर्म भनेको पनि त बाँकी छ नि । कमसेकम हामीलाई चलिआएको परम्पराअनुसार वर्षको तीन चारचोटि पूजा गर्न र सम्हे खान दिनुपऱ्यो ।' वहाँ कुरा नसकिँदै उपस्थित सबै साथीहरू कराउन थाले । मैले सबैलाई एकैचोटि नबोल्न अनुरोध गर्दै जनप्रतिनिधिलाई बोल्न अनुरोध गरेँ । वहाँले भन्नुभयो, 'चलि आएको परम्परा रोक्न मिल्दैन । भगवान फाल्न पाइँदैन । त्यहीँ राखेर पूजा गर्न पाउनु पर्छ । भोलि घर पनु:निर्माण भएपछि त्यसरीनै मन्दिर र भगवान राखिदिनु पर्छ । अहिलेलाई घर नबनाउञ्जले सरोकारवालाले सुरक्षित गरी पूजापाठ गर्नुस् । घर बनेपछि क्षमापूजा गरी स्थापना गर्नुपर्छ ।' वहाँको कुरामा अरू जनप्रतिनिधि पनि सहमत हुनुभयो ।

जनप्रतिनिधिको कुरा सुनेपछि लक्ष्मीले रिसाएर भन्न थालिन्, 'तपाइँको घरमा राख्नुस् न भगवान । तपाइँलाई त भोट हालेर जिताएका हौँ । तपाइँहरूलेनै भगवानको पूजापाठ गर्नुस् । धर्म पनि कमाइन्छ । तर म कुनै पनि हालतमा भगवान राख्न दिन्न । आजको मितिबाट एक हप्ताभित्र लाने भए लानुस् नत्र म भगवानलाई चोकमा लगेर फाल्न सकिन भनेँ मेरो नाम लक्ष्मी होइन । मलाई नगरपालिका र वडा कार्यालयको मतलव छैन । वडाले के गर्न सक्छ, गर्नुस् ।' वहाँको जवाफले सबैलाई रिस उठायो र मैले भनेँ, 'यहाँ जम्मा भएका सबै मानिसको इच्छा चाहिँ भगवान त्यही ठाउँमा रहोस् भन्ने देखियो । अनि जनप्रतिनिधिको पनि त्यही देखियो । न्यायोचित पनि यही हो । समाजमा धर्म, आस्था, नैतिकता, न्याय र व्यवहारिकता भन्ने पनि त रहन्छ । सम्पत्ति हुँदैमा समाज नचाहिने हो र ? त्यसैले भगवान र भगवानको मन्दिर यथास्थानमा नै रहनु पर्दछ । भगवान कुनै पनि हालतमा फाल्न लान पाइँदैन । लक्ष्मीको मन्दिर भत्काएर भगवान फाल्न लगिने नक्सा र सिफारिस सबै रोकिन्छ । यसरी रोकिएपछि आउने परिणाम तपाइँले भोग्नु पर्दछ ।' मेरो कुरा सुनेपछि वहाँ रिसाएर उठ्नु भयो र भन्नुभयो, 'वडाध्यक्षले सकेको गर्नुस् । मलाई टोल समाजको कुनै डर छैन । मेरो जग्गामा घर बनाएरै छोड्छु र भगवान कुनै पनि हालतमा हाल्न दिन्न । मलाई पाप लागे लागोस्, म हिँडे ।' यत्ति भनेर वहाँ जानुभयो । हामीहरू हेरको हरै भयौँ । केहीवेर बैठक हलमा सन्नाटा छायो । एक छिनपछि मैले लक्ष्मीलाई टोलवासीको रोहवरमामात्र सिफारिस दिने र हाललाई वहाँको कुनै पनि फाइल र सिफारिस अगाडि नबढाउने निर्णय गर्न प्रस्ताव राखे । मेरो प्रस्तावमा सबैको सहमति भयो । त्यसपछि सचिवले माइन्यूट तयार गरी निर्णय सुनाउनु भयो । त्यसपछि बैठक समापन भयो ।

लक्ष्मीले अहिलेसम्म धेरै पटक उनको घरायसी कामको लागि सिफारिस लिन आइसक्नु भएको छ । तर पनि हालसम्म वडा कार्यालयले उनको कुनै पनि निवेदनमा टोलवासीको राय सल्लाहअनुसार सिफारिस दिएका छैनौँ ।

# तातो गुम्बज


नाति कवां

प्राकृतिक भूगोल अध्ययन गर्ने प्रत्येक विद्यार्थीलाई थाहा होला। हावा उच्च चाप पेटीबाट निम्न चाप पेटीतिर बहन्छ। हावाको चाप सबै ठाँउमा एक नासको छैन। हावाको चाप घटी बढी हुनुको कारण मुख्यतया सूर्यको ताप हो। सूर्यको तापले जमिन तात्छ र जमिनसँगको सम्पर्कमा रहेको हावामा ताप सर्छ। हावा तातो भएपछि हलुका भई माथि सर्छ। त्यसठाँउमा हावाको चाप (Pressure) कम हुन जान्छ। हावाको चाप कम भएको ठाउँमा बढी चाप भएको हावा आउँछ र खाली भएको ठाउँमा हावा पूर्ति गर्न आउँछ। यसरी हावाको चाप सूर्यकोबाहेक सामुद्रिक धार, जमिनको उचाइ, जलवाष्पले गर्दा पनि चाप घटी बढी हुने गर्दछ।

यसरि हावाको चापअनुसार हाम्रो पृथ्वीमा ७ ओटा पेटीहरू छन् –


१) भूमध्य रेखीय निम्न चाप पेटी
२) उत्तरी ध्रुवीय उच्च चाप पेटी
३) दक्षिण ध्रुवीय उच्च चाप पेटी
४) उत्तर उप–ध्रुवीय निम्न चाप पेटी
५) दक्षिण उप–ध्रुवीय निम्न चाप पेटी
६) उत्तर उप–ध्रुवीय उच्च चाप पेटी
७) दक्षिण उप–ध्रुवीय उच्च चाप पेटी

वायुको नियमअनुसार उच्च चाप पेटीबाट निम्न





चाप पेटीतिर बहने भएकोले दक्षिण र उत्तर ध्रुवीय उच्च चाप पेटीबाट भूमध्य रेखीय निम्न चाप पेटीतिर बहन्छ।

यसरी हावा उच्च चाप पेटीबाट निम्न चाप पेटीतिर बहँदा आफ्नै नियममा बहन्छ। हावाका चाप पेटीहरू मध्ये उत्तरी उप–ध्रुवीय निम्न चाप पेटी र दक्षिण उप–ध्रुवीय निम्न चाप पेटीमा र ध्रुवीय उच्च चाप पेटीमा जेट स्ट्रीम (Jet stream) को रूपमा हावा बहन्छ। जेट स्ट्रीम उच्च चाप पेटी र निम्न चाप पेटीको बीचमा हुन्छ। यो ९ देखि १० किलो मिटर बाक्लो हुन्छ। यो हावाको गति प्रति घण्टा २०० माइल हुन्छ। यो हावा, नागवेली आकारमा बहन्छ कारण भूमध्य रेखाबाट आएको तातो हावा हलुका भई माथि उठ्छ। उत्तरी उप–ध्रुवीय निम्न चाप पेटीबाट आएको हावाले तल ढकेल्छ। त्यसकारण जेट स्ट्रीम नागवेली आकारको हुन्छ।





तातो गुम्बज (Heat dome) को निर्माण यही हावाबाट भएको हुन्छ। जुन महिनामा सूर्य उत्तरी ध्रुवमा सिधा पर्दछ। जून २१ तारिखको दिन सूर्य कर्कट रेखामा सिधा पर्दछ। त्यसबेला कर्कट रेखा माथिका देशहरूमा तापक्रम निकै बढेको हुन्छ। भूमध्ये रेखीय निम्न चाप पेटीबाट गएको हावा त्यही कर्कट रेखा माथि पुग्छ। त्यही बेला समुद्रमा बहने उत्तर अमेरिकामा गल्फष्ट्रिम धार र जापानबाट बहने क्यूरिओ सिओ धार बहन्छ जुन तातो छ र ४०° को अक्षांशमा पुग्छ। ती धारहरू मोडिएर गल्फष्ट्रिम धारले युरोपको पश्चिमी किनारका देशहरूमा र क्यूरिआ सिओ धारले उत्तर अमेरिकाको क्यानाडा र यू.यस.ए. को पश्चिममा रहेको हावालाई तताई दिन्छ। त्यो तातो हावालाई ध्रुवीय उच्च चाप पेटी बाट आएको चिसो हावाले थिचेर माथि उठ्न दिँदैन बरु तल थिचिराखेको हुन्छ। तातो गुम्बज (Omega) आकारको संरचना निर्माण गर्दछ। यो नै तातो गुम्बज हो। यस गुम्बज भित्र गर्मी बढ्दै जानु र तातो

हावा थुप्रिन्दै जान्छ र तातो गुम्बजको निर्माण हुन्छ। नेशनल ओशेनिक एण्ड एटमोस्फेरिक एडमिनिस्टेशन National Oceanic and Atmospheric Administration (NOAA) अमेरिकामा रहेको संस्थाका अनुसार तातो गुम्बजको निर्माणको घटना त्यसवेला हुन्छ जब वातावरण गर्मी हुन्छ र समुद्री तातो हावा पनि त्यहीँ आएर थुप्रन्छ। जमिनको हावा तातो भइरहेको हुन्छ। यता समुद्रको तातो हावा पनि यहीँ आउँछ र थुप्रिन्छ। त्यो तातो हावा नियमले माथि जानु पर्ने हो तर उच्च चाप पेटीबाट आएको चिसो हावाले यसलाई थिची राख्छ। यसरी एकातिर तातो हावा माथि जानको लागि बल गरेर माथि ढकेलेको हुन्छ भने चिसो हावाको थिचाइका कारण माथि जान दिँदैन तल थिचि राखेको हुन्छ। गुम्बजको आकार लिएर त्यो तातो हावा त्यहीँ थुप्री रहन्छ। यसको शुरु समुद्रमा तापक्रमको परिवर्तनले गर्दा हुन्छ। संवाहन प्रकृयाबाट समुद्रको सतह गर्मी भएपछि हावा पनि गर्मी भएर समुद्री सतहबाट माथि उठ्छ। यसरी माथि उठेको हावालाई जेट स्ट्रीमले रोक्छ र तातो गुम्बज निर्माण हुन्छ।




भूमध्य रेखामा सूर्यको प्रकाशले गर्दा तातो भएको हावा एउटा उत्तरतिर र अर्को दक्षिणतिर बहन्छ। यसरी बहेको हावाले क्यानाडा र यूयसएको हावा पनि तातो गर्छ। त्यस्तै भूमध्य रेखामा उत्पत्ति भएको तातो धारलाई वाणिज्य वायुले गर्दा पश्चिमतिर ढकेल्छ र पश्चिमतिर बहन्छ। ती धार पूर्वी टापूहरूमा ठक्कर खान्छ। स-साना धारहरू त्यही विलिन हुन्छ र उत्तरतिर बहेको धार चीनको पूर्वी किनार हुँदै जापान भएर बहन्छ। जापानमा पुगे पछि यस धारलाई क्यूरिओसिओ धार भन्दछन्। त्यो धार तातो भएकोले पानीको संवाहन प्रकृयाको कारण समुद्र सतहसँग रहेको पानी तातेको हुन्छ। पानी तातेपछि त्यहाँको हावा पनि तातेर उत्तर अमेरिकाको क्यानाडाको कोलम्वीया यू.एस.ए.को कोलोराडोतिर बहन्छ। त्यो हावालाई उत्तरी जेट स्ट्रीमले तल ढल्केछ र भूमध्य रेखाबाट आएको तातो हावाले माथि ढल्केछ र तातो गुम्बज निर्माण हुन्छ।




त्यतिमात्र होइन क्यानाडा, यू.एस.ए. र युरोपको उत्तर पश्चिम भागमा उद्योगहरूबाट निस्कने कार्वोनले गर्दा पनि त्यस क्षेत्रको हावा तातो हुने गर्दछ। ती ठाँउहरूमा करिव ५० डिग्री सेन्टिग्रेटसम्म तापक्रम पुग्छ। त्यो तापक्रम मानिसको शरीरले थेग्न सक्तैन । भनिन्छ घर घरमा भएको एसी (AC) ले पनि थाम्न सक्तैन। त्यसकारण मानिसहरू समुद्रको किनारमा, स्विमिङपुलमा र एसी चलेको होटेलहरू खोजेर बस्न थाल्छन । यति हुँदा हुँदै पनि त्यहाँ १ हप्तामा ५०० भन्दा बढी मानिसले ज्यान गुमाएको हुन्छ। एउटा तथ्याङ्कअनुसार सन् २०२२ मा युरोपमा ५००० मानिसले ज्यान गुमाएको समाचार बाहिर आएको थियो। यो तातो गुम्बजका कारण वालीनाली सुख्खा हुन सक्छ। वनजङ्गल सुकेर जान्छ। तातो हावाको कारण डढेलो लाग्न थाल्छ। गुडिरहेको गाडीमा आगो लाग्न सक्छ। यसरी यो तातो गुम्बजले विशेष गरी क्यानाडाको दक्षिण पश्चिम र यू.एस.ए. को उत्तर पश्चिममा बढी असर पारेको हुन्छ। त्यस्तै युरोपको पश्चिम भू-भागमा रहेका मानिसहरूको जनजीवमा ठूलो प्रभाव पारेको हुन्छ। यो सबै हुनुका कारणमा मानिसको कृयाकलाप नै हो। NOAA एक यु.एस.ए.को हावापानी सम्बन्धी अध्ययन गर्ने संस्थाकाअनुसार जहाँ उद्योग कलकारखाना धेरै हुन्छ त्यहाँ तातो गुम्बज बन्छ र धेरै नोक्सान गर्छ। त्यस्तै वन विनाशले गर्दा पनि तातो गुम्बज निर्माण हुन्छ। त्यसकारण विकास एकै ठाँउमा मात्र नभै सन्तुलित रूपमा छरिएर गर्नुपर्दछ।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# रातो मच्छिन्द्रनाथ मन्दिरको पुन:निर्माण . . .

## कति बस्छौ बुँगद्यः, प्लास्टिकको घुम्टो ओढेर ?



लोकनाथ, रातो मच्छिन्द्रनाथ वा मत्स्येन्द्रनाथ, बुङ्गमलोकेश्वर, बुँगद्यः, आर्यावलोकितेश्वर, वृष्टिदेव आदि विभिन्न नामले पुकारिने रातो मच्छिन्द्रनाथको मन्दिर विसं २०७२ को भूकम्पमा क्षतिग्रस्त भएको थियो ।



२०७७ साल असार २२ गते उपभोक्ता समिति र पुरातत्त्व विभागबीच रु. तीन करोड २१ लाखको सम्झौता भएर काम अघि बढेको थियो ।



१) आयोजनाको नाम : रातो मच्छिन्द्रनाथ मन्दिरको पुन: निर्माण कार्य ।
२) ठेगाना : ललितपुर महानगरपालिका वडा नं. २२ बुंगमती ।
३) उद्देश्य : रातो मच्छिन्द्रनाथ मन्दिरको पुन: निर्माण तथा संरक्षण कार्यको बाँकी काम पुरा गर्ने ।
४) आयोजना स्वीकृत गर्ने निकाय : राष्ट्रिय पुन: निर्माण प्राधिकरण सिंहदरबार काठमाण्डौ ।
५) आयोजना स्वीकृत मिति : २०७६।०८।१४ कार्यकारी समितिको बैठक
६) आयोजना शुरु हुने मिति : सम्झौता भएको मिति २०७७।०३।१५
७) आयोजना सम्पन्न हुने मिति : २०७८ आषाढ १५ गते
८) सम्झौता रकम : ३,०८,०८,४६१।१८ (अक्षरुपी तीन करोड आठ लाख आठ हजार ... सय एकसठ्ठी पैसा अठार ।
९) लागत व्यहोर्ने स्रोत : राष्ट्रिय पुन:निर्माण प्राधिकरण,पुरातत्व विभाग, रामशाहपथ काठमाण्डौ ।

उपभोता समितिको विवरण:

क) उपभोक्ता समितिको नाम : रातो मच्छिन्द्रनाथ मन्दिर पुनर्निर्माण उपभोक्ता समिति
ख) ठेगाना : ललितपुर महानगरपालिका वडा नं २२, बुंगमती
ग) उपभोक्ता समितिका पदाधिकारी : अध्यक्ष : अमिर शाक्य, उपाध्यक्ष : मानिक राज शाक्य, सदस्य : अष्ट बहादुर महर्जन, सदस्य : तिलक मान शाक्य

विस्तृत जानकारीको लागि

लगभग एक हजार ५०० वर्ष अघि शिखरशैलीमा निर्माण भएको रातो मच्छिन्द्रनाथ मन्दिर पुन:निर्माणको काम २०७८ असार मसान्तसम्म सम्पन्न गरिसक्नुपर्ने सम्झौता छ । मन्दिरमा ३४ फिट ४ इन्चको ४ निदालका, २० ओटा ढुङ्गाको थाम हाल्नुका साथै गारो केही माथि उठाइएको देखिन्छ । मन्दिर पुन:निर्माणमा १३ देखि १४ सय वर्ष पुराना मेथ, कार्नेशलगायतका वस्तुको प्रयोग भइरहेको बताइएको छ ।

## जाने त गैगो भैगो, ढल पनि नछोपी गएछ ...



'वर्षा र सहकालका देवता' रातो मच्छिन्द्रनाथलाई हाल बुङ्मतीको एक पाटीमा राखिएर दैनिक पूजाआजा र रेखदेख गरिरहेको छ ।

## रातो मच्छिन्द्रनाथको मन्दिरको दुई स्वरुप






# नेपालको शैक्षिक विकास एक झलक



न्हुछेरत्न बुद्धाचार्य

**"शिक्षाको जरा धेरै नै तीतो हुन्छ तर यसको फल धेरै नै मीठो हुन्छ"**- अरस्तु

ब्रम्हाण्डको अन्धकारलाई सूर्यले प्रकाश दिए झैं मानव समाजको अन्धकारलाई चिर्ने कार्य शिक्षाले गर्दछ। शिक्षाले सम्पूर्ण समाजको अन्धकार र अज्ञानतालाई प्रकाश पुञ्ज बनाउँछ। शिक्षाको अर्को नाम ज्ञान हो। ज्ञान आर्जन गर्न शिक्षा नै लिनुपर्दछ।

नेपालको शैक्षिक विकास भन्नाले नेपालको शिक्षामा भएको ऐतिहासिक क्रमलाई जनाउँछ। यहाँ नेपालको शैक्षिक प्रणालीको बारेमा छोटो चर्चा गरिएको छ।

## प्राचीन काल

प्राचीनकालीन शिक्षा प्रणालीमा परम्परागत रूपमा चल्दै आएका सामाजिक मूल्य मान्यता एक पीँढीबाट अर्को पीँढीमा हस्तान्तरण हुँदै जाने पारिवारिक शिक्षा परम्परा थियो।

प्राचीन नेपालका निवासीहरूमा धार्मिक भावनाको प्रधानता थियो। तसर्थ तत्कालीन शिक्षा प्रणाली र घर्मबीच घनिष्ठ सम्बन्ध हुनु स्वाभाविक थियो। त्यसको सञ्चालन देशका विभिन्न धार्मिक संस्थाहरूद्वारा गरिन्थ्यो।

प्राचीन नेपालमा दुई थरीका शिक्षण संस्थाहरू रहेका प्रमाण हामी पाउँदछौं।

पहिलो, परम्परागत वैदिक धर्ममा आधारित थियो, जसका सञ्चालक तथा शिक्षकहरू मुख्यत हिन्दू मन्दिरका पुजारी, ब्राम्हण, पुरोहित तथा पण्डितहरू हुन्थे। तिनीहरू गृहस्थ भएर पनि विद्यार्थी जीवनमा ब्रम्हचर्यँ पालनमा विशेष जोडदिई नैतिकताको विकास गराई विभिन्न सांसारिक तथा व्यावहारिक शिक्षा-दीक्षाबाट बालबालिकाको व्यक्तित्व विकास गराउनमा मदत गर्दथे।

अर्को थरीका शिक्षण संस्थाहरूका सञ्चालक तथा शिक्षकहरू प्रायः अविवाहित बौद्ध भिक्षु तथा भिक्षुणीहरू थिए। तिनीहरू धेरैजसो बौद्ध विहारमा बस्दथे। तिनीहरूको शिक्षाको मुख्य उद्देश्य बालबालिकाहरूलाई सांसारिक मोह र लोभबाट विरक्त गराई बौद्ध धर्म अँगाल्न लगाउनु र आफूजस्तै बौद्ध भिक्षु तथा भिक्षुणीहरू बनाएर विहोरमा, आफ्नो उत्तराधिकारी बनाई बौद्ध दर्शनको प्रचारलाई स्थायित्व प्रदान गर्नु थियो।

प्राचीनकालमा शिक्षा दिने सङगठित संस्थाहरू नहुँदा गुरुकुलमा ऋषि, महर्षिको आश्रममा गई शिक्षा-दीक्षा आर्जन गर्ने प्रचलन रहेको कुरा प्राचीन ग्रन्थहरूबाट अवगत हुन्छ।

नेपालका दक्षिण-पूर्व एसियाका धेरै विद्यार्थीहरूले नालन्दा विश्वविद्यालयमा अध्ययन गरेका थिए। त्यस विद्यापीठमा नेपालका पण्डित रत्नाकर, श्रान्त नारोया, शान्तिमा आदि विद्वानहरू थिए।

नेपालका पण्डित वागीश्वरी कीर्ति त्यहाँ अध्यापक थिए। अर्को नेपाली पण्डित कनकश्री विक्रमशीला विद्यापीठका द्वार पण्डित थिए।

एघारौं शताब्दीमा पाटन, फर्पिङ, काठमाडौं विद्याको केन्द्र थिए। पाटनका पण्डित महाकरुणाकर बडा प्रसिद्ध थिए। नेपाली विद्वान विभूति चन्द्रले व्याकरण शास्त्रमा ठूलो पुस्तक लेखेका छन्। धेरै बिहारहरूमा तन्त्रशास्त्र, मूर्तिकला, पुस्तक लेखनकला, धातुकला आदिको शिक्षा दिइन्थ्यो। नेपालमा लिच्छविकालमा उच्च कोटिका संस्कृत, नेपालभाषा आदि भाषामा लेखिएको शिलालेखबाट पनि जनतामा प्रशस्त शिक्षा फैलिएको थाहा पाउन सकिन्छ।

त्यस बेलाका चिनियाँ यात्री ह्वेनसाङ्ले लेखेका लेखहरू अनुसार नेपालका लिच्छवि राजाहरू धेरै विद्वान थिए। अंशुवर्माले शब्द विद्यामा एक पुस्तक पनि लेखेका थिए। नेपाली जनता शिल्प विद्यामा साह्रै निपुण थिए। लिच्छविकालका शासकको झुकाव र विचार अनुरूप नै शिक्षाका ढाँचा बन्दथ्यो। खास गरी वेद, उपनिषदमा आधारित शिक्षाको प्रचार प्रसार लिच्छविकालमा भएको पाइन्छ। शिक्षाको मुख्य लक्ष्य नै आध्यात्मिक विचारको विकासबाट जनतामा चेतना ल्याउनु थियो। त्यसबेला शिक्षाको व्यवस्था सम्बन्धी काम हेर्ने प्रशासकीय अङ्गलाई **अग्रहार** भनिन्थ्यो।

शिक्षाको व्यवस्था सम्बन्धी मिलाउने सम्पूर्ण अधिकार अग्रहारलाई दिएको अध्ययनबाट देखिन्छ। विहार तथा अग्रहारलाई राखिएको गुथि जग्गाको आयस्ताबाट शिक्षा केन्द्रहरू सञ्चालन भएको देखिन्छ। लिच्छविकालमा दैनिक जीवनसँग घनिष्ठ सम्बन्ध राख्न व्यावसायिक शिक्षामा जोड दिएको देखिन्छ। त्यसबेला कलासूत्रशिक्षा निकै प्रचलनमा थियो। सूत्र शिक्षाका माध्यमबाट कलाकारहरू अनुपम कलात्मक मूर्तिहरू तयार पार्थे।

लिच्छविकालीन शिक्षामा औषधि विज्ञानको चर्चा पाइन्छ । लेलेको शिवदेवको शिलालेखमा **आरोग्य शाला**को उल्लेख पाइनु यसको प्रमाण हो । लिच्छवि शासकहरूले ठाउँ–ठाउँमा आरोग्यशाला खोली जनताको स्वास्थ्यप्रति विशेष चाखलिएको देखिन्छ । यसरी प्राचीनकालको शिक्षाको उद्देश्य र आदर्श आध्यात्मिक र व्यवहारमूलक शिक्षा दिनुमा केन्द्रित रहेको स्पष्ट हुन्छ । त्यसवेला खास गरी छैटौँ र सातौँ शताब्दीतिर नेपालमा शिक्षाको व्यापक प्रचार भएको थियो । त्यतिखेर काठमाडौँ लाई संस्कृति र सभ्यताको केन्द्र मानिन्थ्यो ।

## मध्यकाल

मध्यकालीन शैक्षिक व्यवस्थालाई हेर्दा बौद्ध दर्शन, तन्त्रशात्र, मूर्तिकला, चित्रलेखन आदिको राम्रो उन्नति भएको देखिन्छ । मध्यकालीन शिक्षा दुई भागमा बाँडिएको थियो भन्दा अत्युक्ति नहोला **पहिलो**, अध्यात्मिक शिक्षा जसमा धर्म, दर्शन, सङ्गीत आदि पर्दथ्यो । **दोश्रो,** जीवनमूलक शिक्षा आनन्द प्राप्तिको लागि उच्च घरानासँग सम्बन्धित थियो भने यसैमा अर्को तल्लो वर्गको जीवन धान्ने यज्ञ र प्रतिभासँग सम्बन्धित शिक्षा थियो ।

मध्यकालमा बुद्ध दर्शनको प्रभाव बढेको कारण विहारमा बौद्ध दर्शन, रमाइला किसिमका सङ्गीत, गीत, नृत्य शास्त्रहरूको अध्ययन उच्चवर्गमा भएको देखिन्छ । मध्यकालमा राजप्रा सादमा रहने आचार्य, दैवज्ञ, गुभाजु, प्रधान, मास्के, भण्डारीहरूले प्रायः लेखपढ गरेका हुन्थे । यिनीहरूमध्येबाट शिक्षामा विशेष दखल भएका विद्वानहरूलाई दरबारमा झिकाई राजकुमार तथा राजकुमारीहरूलाई पढाउने काममा नियुक्ति गरिन्थ्यो । मल्लकालको प्रारम्भतिर नेपालको नजिक पर्ने भारतीय क्षेत्रका नालन्दा, विक्रमशीलजस्ता शैक्षिक केन्द्रहरूले शिक्षा प्रचारमा महत्त्वपूर्ण भूमिका खेलेका थिए । पछि मुसलमानहरूको आक्रमणपछि त्यहाँका कैयौँ शिक्षाविद्हरू शरण लिन नेपाल भित्र पसे । यो घटनाले गर्दा यहाँको शिक्षा पद्धतिमा निकै परिवर्तन आयो । त्यसबेला नेपालका कला शिक्षाले नेपालमा मात्र नभएर छिमेकी देशमा पनि निकै प्रभाव पारेको थियो । प्रसिद्ध नेपाली कलाकार **अरनिको** र उनको प्रतिभा मध्यकालीन समाजले नै पाएको थियो । मध्यकालीन शिक्षा जीवनमूलक शिक्षाको रूपमा कलाले नै महत्त्वपूर्ण भूमिका खेलेको भन्न कर लाग्छ । त्यसबेला चित्रकला, मूर्तिकलामा राम्रो ज्ञान हासिल गर्न विभिन्न शास्त्रहरूको पनि अध्ययन गर्नुपर्थ्यो ।

चौधौँ शताब्दीमा जयस्थिति मल्लले आफ्ना प्रजालाई विभिन्न **व्यावसायिक समूहमा विभाजन** गरेर सीप सिकाउन व्यवस्था गरेका थिए ।

राजा जगज्योति मल्ल पनि उच्च कोटिका विद्वान थिए । यिनले **हरगौरी विवाहकुञ्ज बिहारी** नाटक र **सङ्गीतसार** सङ्ग्रहजस्ता ग्रन्थको रचना गरेका थिए ।

राजा प्रताप मल्ल अङ्ग्रेजी, फ्रेन्चलगायत १५ भाषाका ज्ञाता थिए । यिनका पालामा तान्त्रिक, ज्योतिष, आयुर्वेद विद्याको साथै कला, संस्कृति र व्यावहारिक शिक्षाको प्रचार प्रसार भएको थियो ।

मल्लकालमा पाटनका राजा सिद्धिनरसिंह मल्लले धर्मबाट शिक्षालाई अलग्याएका थिए । यस अघिसम्म शिक्षा धर्मको माध्यमद्वारा दिइन्थ्यो । उनले **ग्रोबर डोरविल** भन्ने क्रिश्चियन धर्म प्रचारकलाई धर्म प्रचार गर्न रोक लगाएका थिए । त्यसै बेलादेखि धार्मिक संस्था वा यिनका प्रमुखबाट शिक्षा दिने काम बन्द भयो ।

बाइसे चौबिसे राज्यहरूमध्ये डोटी, जुम्ला, पाल्पा, कास्की, तनहुँ आदि राज्यमा गुरु पुरोहितका घरमा संस्कृत भाषामा कर्मकाण्ड सम्बन्धी शिक्षा दिइन्थ्यो । गोरखाका राजा रामशाह शिक्षा प्रेमी थिए । गोरखामा शाह वंशीय राजाहरूले राजकुमारहरूको पठनपाठन गुरू पुरोहितबाट गराउँथे ।

तनहुँमा पनि संस्कृतका ठूला विद्वानहरू थिए । उनीहरूबाट संस्कृत शिक्षाको परिपाटी प्रवाहित भएको थियो । प्रेमनिधि पन्त, शक्तिवल्लभ अर्याल त्यसबेलाका विद्वान मध्येका मुख्य थिए । उनीहरूबाट कास्कीमा परम्परागत संस्कृत शिक्षाको पठनपाठनमार्फत व्यवस्थित भएको पाइन्छ ।

कास्कीका राजा सिद्धिनारायण शाहले गुथिको आयस्ताबाट विद्यालय सञ्चालन गरेका थिए । विद्यार्थीहरूको लागि छात्रावास, भोजनको व्यवस्थालगायत सबै खर्च गुथि जग्गाको आम्दानीबाट हुन्थ्यो । त्यहाँ वेद, व्याकरण, न्यायदर्शन, ज्योतिष शास्त्र, धर्मशास्त्र पढाउनुको साथै कर्मकाण्ड, नैतिक शिक्षासमेतको शिक्षा दिने गरिन्थ्यो ।

त्यसैले उहिले 'न्याय नपाए गोरखा जानू, विद्या हराए कास्की जानू' भन्ने उखान प्रचलित थियो ।

पृथ्वीनारायण शाहको शासनकालमा संस्कृतका साथै फारसी शिक्षाको प्रारम्भ भएको देखिन्छ ।

यिनले राज्यतर्फबाट छात्रवृत्ति दिने प्रथाको सुरुवात गरेका थिए । नेपालको एकीकरणपछि आफ्ना सैनिक जवानका टुहुरा बच्चाहरूलाई राष्ट्रको तर्फबाट सैनिक शिक्षा दिने काम सुरुवात भएको थियो । पृथ्वीनारायण पछि प्रतापसिंह शाह पनि विद्वानहरूको कदर गर्दथे । उनले तन्त्र शास्त्रको ग्रन्थ सम्पादन गराउनुका साथै ज्योतिष शास्त्रको विकासमा पनि सघाएको पाइन्छ । उनी पछिका रणबहादुर शाह तथा गीर्वाण

युद्ध विक्रम शाहको पालामा पनि लेखक, कवि तथा विद्वानहरूको कदर गर्ने परम्परा कायमै भएको पाइन्छ । गीर्वाणयुद्ध विक्रम शाहको पालामा **'सत्कर्म रत्नावली'** भन्ने कृति प्रकाशित भएको थियो । उनकै पालामा प्रधानमन्त्री भीमसेन थापाले फेन्च अफिसर झिकाई आधुनिक सैनिक शिक्षा दिएका थिए । त्यस्तै राजेन्द्रविक्रम शाहका पालामा पनि कवि, लेखक तथा विद्वानहरूको सम्मान गर्ने गरिन्थ्यो । उनको पालामा सुन्दरानन्दको **त्रिरत्न सौन्दर्य गाथा**को रचना भएको थियो ।

पृथ्वीनारायण शाहदेखि सुरेन्द्र विक्रम शाहको पालासम्ममा आ–आफ्नै वैदिक परम्परा, धार्मिक आस्थाअनुसार सरकारी बन्दोवस्तबिना शिक्षा व्यवस्थालाई समाजले अविच्छिन्न राख्दै आएको पाइन्छ ।

## राणाकाल

नेपालको राणाकालीन शासनकाललाई अन्धकारमय युग भनिएता पनि नेपालमा शिक्षाको विकास **संस्थागत थालनी** भने यसै कालमा भएको कुरा ऐतिहासिक तथ्यले देखाउँछ । वि.सं. १९०७ तिर जंगबहादुर बेलायत भ्रमण गर्दा त्यहाँ भएको शिक्षाको विकास देखि अङ्ग्रेजी शिक्षाबाट निक्कै प्रभावित भएर आफ्ना सन्तानहरूलाई शिक्षा–दीक्षा दिनुपर्ने महसुस गरे । त्यसपछि वि.सं. १९१० मा थापाथली दरबारमा अङ्ग्रेजी स्कुल स्थापना भयो । यस स्कुलमा राजाका छोरा छोरी र राणाका सन्तानलाई मात्र शिक्षा दिने ब्यवस्था मिलाइएको थियो । त्यसैले सर्वसाधारणलाई यो स्कुलको बारेमा जानकारी ज्यादै कम थियो । प्राचीन संस्कृत र बौद्ध शिक्षाको परम्परामा संस्थागत शिक्षाको नयाँ जग बसाल्ने काममा यही अङ्ग्रेजी शिक्षा नै पहिलो भएको देखिन्छ ।

वि.स. १९४२ सालमा वीरशमशेरले दरबार स्कुलमा सर्वसाधारण जनताको छोराले पनि प्रवेश पाउन सक्ने व्यवस्था गराए । उनको पालामा ब्यावसायिक शिक्षाको सुरुवात गरे ।

देवशमशेरले शिक्षामा खुकुलोपन ल्याए । उनले नेपालमा प्राथमिक शिक्षा ब्यापक गराउन घोषणा गरेका थिए । उनको पालामा छोटो समयमा ५७ ओटा भाषा पाठशाला खुलेका थिए ।

चन्द्र शमशेरको पालामा उपत्यका बाहिर अङ्ग्रेजी स्कुलका रूपमा सिराहामा चन्द्र मिडिल स्कुल खुल्यो ।

उनको पालामा **कन्या पाठशाला**, अड्डाहरूमा लेखापढी गर्ने हिसाब किताब राख्ने **स्रेस्ता पाठशाला** खुल्यो । वि.सं. १९७५ भाद्र २७ गते चन्द्रशमशेरले दरबार स्कुलको सभागृहमा आई. ए. स्तरको कलेजका रूपमा **त्रिभुवन चन्द्र कलेज**को स्थापना गरे ।

भीम शमशेरको पालामा **टेक्निकल स्कुल** खुल्यो । जुद्धशमशेरले **कृषि स्कुल**को स्थापना गरेका थिए । नेपालको शैक्षिक इतिहासमा वि.सं. १९९० कार्तिक १६ का दिन **एस.एल.सी. बोर्ड** गठन भयो ।

वि.सं. १९९५ मा जनताको तर्फबाट **प्राइभेट स्कूल** खडा गर्ने स्वीकृति प्रधानमन्त्री जुद्ध शमशेरबाट दिइयो ।

सर्वसाधारणले स्कुल खोल्दा गर्नुपर्ने कार्य समेतको जानकारी दिन वि.सं.१९९६ मा शिक्षा सम्बन्धी पहिलो **नियमावली** घोषणा गरियो । पाठशाला निरीक्षण गर्नको लागि काठमाडौं उपत्यका बाहिर विरलै निरीक्षक पुग्दथे । यसले गर्दा पब्लिक स्कूल सञ्चालन भए नभएको निरीक्षण गर्ने उद्देश्यले वि.सं. १९९९ मा **इन्स्पेक्टर अफ स्कुल**को व्यवस्था भएको थियो ।

वि.सं. २००४ मा पद्म शमशेरले **संवैधानिक कानुनको** घोषणा गरेपछि जनताको मौलिक हक संवैधानिक कानुनको व्यवस्था भयो । २००४ कार्तिक ७ गते **आधार शिक्षा** स्थापना भयो । आधार शिक्षाको व्यवस्थामा स्कुल स्थापना शिक्षक दरबन्दी ब्यवस्था, रकम निकासा, रेखदेख निरीक्षण तथा सुपरिवेक्षण आदि सम्पूर्ण प्रशासनको काम गरिरहेको पाठशाला बन्दोबस्त अङ्ग्रेजी फाँटबाट छुट्याएर वि. सं. २००३ मै शिक्षा विभाग अन्तर्गत आधार शिक्षा गोश्वरा नाउँको नयाँ अड्डा खडा भयो । यसले पनि शैक्षिक विकासमा राम्रो योगदान गरेको पाइन्छ । यसै क्रममा आधार स्कुलमा पढाउने शिक्षकलाई तालिम दिन वि.सं. २००४ मा ताहाचलमा **आधार शिक्षक प्रशिक्षण** केन्द्रको स्थापना गरियो । २००५ मा डारेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सन मृगेन्द्र शमशेरको अध्यक्षतामा २५ सदस्यीय **विश्वविद्यालय योजना** कामिसन गठन गरियो । यसपछि राणा शासनको अन्त्य भएकाले विश्वविद्याल स्थापना कार्य तत्काल हुन सकेन ।

## आधुनिक काल

देशमा १०४ वर्ष राणाशासन अन्त्य भएपछि प्रजातन्त्रको उदय भयो । प्रजातन्त्रिक लहरमा शिक्षाको विकास पनि नेपालमा तेजगतिले वृद्धि भयो । २००७ सालमा **शिक्षा मन्त्रालयको** स्थापना भयो । शिक्षा मन्त्रालयको गठन भएपछि राणाकालमा शिक्षा हेर्ने शिक्षा विभाग यसै अन्तर्गत राखियो । २००७ सालमा जनताको सक्रियतामा स्कूल खोली सञ्चालन गर्न थाले । २००७ साल पछि देशको शिक्षा विकास गर्ने ध्येयले धेरै आयोग गठन तथा योजनाहरू बनाइए । नेपालको विद्यालय शिक्षाको इतिहासमा महत्त्वपूर्ण प्रतिवेदनहरू आए । जस्तै

### १. नेपाल राष्ट्रिय शिक्षा आयोग - २०११

शिक्षा समिति २००९ को सिफारिस बमोजिम २०१० चैत्र ९ गते **'राष्ट्रिय शिक्षा योजना आयोग'** को गठन

भयो। यस आयोगले राष्ट्रव्यापी रूपमा शिक्षाका विभिन्न पक्षका ज्ञाता र शिक्षाविद्का साथै सर्वसाधारण व्यक्तिसमेतबाट सुझाव सङ्कलन गरी २०११ साल फागुन १६ मा सरकारसमक्ष प्रतिवेदन पेश गर्‍यो। आयोगले आफ्नो प्रतिवेदनमा शिक्षाको व्यवस्था र निरीक्षणका बारेमा निम्न सुझाव प्रस्तुत गरेको थियो–

क) नेपालमा स्कुल व्यवस्था र निरीक्षणले प्रजातान्त्रिक प्रयोगको राम्रो दृस्टान्त दर्शाउनु पर्ने,

ख) प्रजातान्त्रिक स्कुल व्यवस्था,

ग) शिक्षाका बोर्डहरू राष्ट्रिय, जिल्ला र स्थानीय, तीन तहमा नीति निर्माण हुनुपर्ने,

घ) नयाँ योजनाहरूसित मिल्ने नियमले आधुनिक प्रजातान्त्रिक परिपाटी शैक्षिक नियम संशोधित हुनुपर्ने,

ङ) प्रभावकारी निरीक्षण व्यवस्था हुनुपर्ने आदि ।

## २. सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति प्रतिवेदन - २०१८

नेपालमा बहुदलीय ब्यवस्थाको अन्त्यगरी २०१७ सालमा दलविहीन पञ्चायती व्यवस्था लागू गरिएपछि पञ्चायती व्यवस्था अनुकूलको शिक्षा प्रणाली लागू गर्न वि.सं. २०१८ वैशाख २५ गते सर्वाङ्गीण राष्ट्रिय शिक्षा आयोग गठन गरियो। यो समितिले नेपाल राष्ट्रिय शिक्षा आयोग २०११ का सिफारिसलाई नै सामान्य सुधार र थपघट गरी कार्यान्वयन पक्षमा जोड दिएको थियो।

## ३. राष्ट्रिय शिक्षा पद्धतिको योजना:२०२८

नेपालमा योजनावद्ध रूपमा शिक्षाको विकास गर्ने निरन्तर प्रयासहरू भइरहेपनि गुणात्मक शिक्षाको विकास र विस्तार नहुनुका साथै अनेकौं विकृति, कमजोरी र समस्याहरू चिर्नको लागि भनी वि.सं. २०२८ सालमा विधिवत रूपमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ घोषणा गरियो। यस योजनालाई 'नयाँ शिक्षा योजना' पनि भनियो। राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ देखि २०३२ गरी ५ वर्षमा देशभर लागू गरियो। रा.शि.प.यो. को योजना कार्यान्वयन अवधिलाई ३ चरणमा विभाजन गरिएको थियो।

## ४. राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९

जन आन्दोलन २०४६ को सफलतापश्चात् देशको शिक्षा नीतिलाई समयानुकूल बनाउन राष्ट्रिय शिक्षा आयोग २०४९ गठन गरियो। उक्त आयोगले पेश गरेको सुझावअनुसार प्राथमिक शिक्षाको उद्देश्यलाई बाल केन्द्रित गरी बाल-बालिकामा अन्तर्निहित क्षमताको विकास गर्नु, दैनिक व्यवहारमा आइपर्ने साधारण लेखाइ, पढाइ र हिसाब सम्बन्धी सीपको विकास गर्नु, जीवनपयोगी मूल्य, मान्यता र आस्थाहरूको सम्बर्द्धन गरी इमानदारी, स्वावलम्बन र श्रमशीलता जस्ता गुणहरू र नागरिक वैज्ञानिक तथा वातावरणीय चेतनाका विकास गर्नु रहेको छ। त्यस्तै निम्न माध्यमिक शिक्षाको लक्ष्य श्रमप्रति सकारात्मक भावना भएका राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान तथा नेपाली भाषा, गणित र विज्ञान विषयमा उपयुक्त स्तरको ज्ञान भएका चरित्रवान नागरिक तयार पार्नु रहेको छ भने माध्यमिक शिक्षाको उद्देश्यमा भाषिक व्यवहारमा सक्षम श्रृजनशील सहयोगी, राष्ट्रिय परम्परा र संस्कृतिसँग परिचित वैज्ञानिक सुझबुझ भएका स्वावलम्बी उद्यमशील र प्रजातान्त्रिक जीवन मूल्यप्रति सचेत नागरिक तयार गर्नु मुख्य मानिएको छ। यो लक्ष्य पूरा गर्न पाठ्यक्रममा नेपाली, संस्कृत, अङ्ग्रेजी, गणित, विज्ञान र व्यावसायिक शिक्षाको सुझाव गरिएको थियो।

## ५. उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन-२०५५

राष्ट्रिय शिक्षा नीति कार्यक्रम तथा सङ्गठनको अध्ययन एवं विश्लेषण गरी राष्ट्रिय आवश्यकता अनुरूप स्वावलम्बी र दक्ष जनशक्ति निर्माण गर्नका लागि एक्काइसौँ शताब्दीसँग प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति तयार गर्नका लागि समय सापेक्ष नीति तयार गरी प्रतिवेदन पेश गर्न २०५४।१।१२ गतेको निर्णयअनुसार उच्चस्तरीय शिक्षा आयोगको गठन गरिएको थियो। २०५४ असारबाट कार्य प्रारम्भ गरी २०५५।२।३१ सम्म कार्यरत रहेर प्रतिवेदन तयार गरी पेश भएको थियो।

यस आयोगका प्रतिवेदनका उल्लेखनीय केही बुँदाहरू–

क) निरक्षरता उन्मूलन गर्न अनौपचारिक शिक्षाको अभियान,

ख) प्राथमिक शिक्षालाई अनिवार्य गर्ने,

ग) महिलाको शिक्षामा समान अवसर प्रदान,

घ) गुणस्तर वृद्धि गर्नका निम्ति शिक्षक तालिम पाठ्यक्रम, परीक्षा र मूल्याङ्कन पद्धतिमा सुधार,

ङ) राष्ट्रिय संस्कृति कला कौशल एवं शास्त्रीय भाषाको संरक्षण सम्बर्द्धन तथा अध्ययनका साथै राष्ट्र र राष्ट्रिय भाषाको विकास तथा प्राथमिक शिक्षा मातृभाषामा दिने कार्य नीति तय गरिएको छ।

### सहयोग सामग्री


१) Ancient Nepal – D.R. Regmi

२) नेपालको शिक्षाको इतिहास - गोपिनाथ शर्मा

३) माध्यमिक शिक्षा दिग्दर्शन - विष्णुप्रसाद अधिकारी

४) शिक्षाको आधार - डा. मनप्रसाद वाग्ले

५) नेपाल पत्रिका त्रि.वि. - प्राचीन शिक्षा प्रणाली -प्रो.जी.सो. शास्त्री)

६) नेपालको शिक्षा सेवा दिग्दर्शन - चण्डी कार्की

# राष्ट्रिय बक्सिङ खेलाडी तुल्सीराम देशेमरु

आर. के (राज)

भक्तपुरमा थुप्रै प्रतिभावान खेलाडीहरू छन् । जसले जिल्ला र राष्ट्रको प्रतिनिधित्व गरी देशको नाम स्वर्ण अक्षरले लेखाउन सफल भए । राज्यको खराब नीतिका कारण धेरै प्रतिभावान खेलाडीहरू पनि छायाँमा परेका छन् । राज्यले खेलाडी छनौट गर्दा नातावाद कृपावादको भेदभावपूर्ण नीति लिँदा खेलाडीहरूमा निराशा छाउने हुन्छ । तसर्थ खेलकुदलाई संविधानमा मौलिक हकको रूपमा राख्ने र प्रत्येक युवालाई अनिवार्य सैनिक तालिमको बन्दोवस्त गर्न सके देशको सार्वभौमिकता रक्षाको लागि युवाहरूले कुनै पनि बेला योगदान गर्न सक्षम हुन्छन् । ती अवधारण अनुरूप भक्तपुर नपाले विभिन्न विधाका खेलकुदमा प्रशिक्षण चालु राख्नु खेल विकासको लागि महत्त्वपूर्ण अध्यायको रूपमा रहेको छ । आज भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बक्सिङ प्रशिक्षणबाट तयार भएका खेलाडी **तुल्सीराम देशेमरु**बारे चर्चा गर्दैछौं ।



तुल्सीराम देशेमरु बक्सिङका प्रतिभावान राष्ट्रिय खेलाडी हुन् । उनको जन्म २०३४ साल श्रावण १० गते भक्तपुर नपा वडा नं २ (साविक वडा नं. १५) इताछेँको किसान परिवारमा भएको थियो । बुवा स्व.तुल्सीमान देशेमरु आमा रामकेशरी देशेमरुकासुपुत्र तुल्सीरामका जीवन संगिनी कृष्णश्वरी देशेमरु हुनुहुन्छ । उनका एक छोरा र एक छोरी छन् ।

तुल्सीराम देशेमरुले २०५३ साल फागुनदेखि भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कमलविनायक बक्सिङ प्रशिक्षण हलमा गुरु कृष्णसुन्दर प्रजापतिबाट बक्सिङ खेलको प्रशिक्षण लिए । त्यसबेला उनी नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर नपा वडा नं. १५ वडा इकाइ समितिमा आवद्ध थिए । युवा सङ्घमा रही टोलका युवाहरूलाई सङ्गठित गर्न लागि परे र टोलको विकास निर्माणमा सहभागी भए । युवा सङ्घका साथीहरू, टोलका दाजुभाइबाट जानकारी पाएर तीन जना साथीहरूसहित बक्सिङ प्रशिक्षणमा सहभागी भए ।

तुल्सीराम देशेमरु नेपाल क्रान्तिकारी युवा सङ्घका साथीहरूलाई प्रेरणास्रोतको रूपमा लिन्छन् । सुरुको बक्सिङ खेलको प्रशिक्षण प्रशिक्षक कृष्णसुन्दर प्रजापतिबाट लिए । त्यसपछि एभरेष्ट ई. स्कुल मिबाछेँमा प्रशिक्षक गौतम सुजखुबाट ६ महिना प्रशिक्षण लिए । गुरु गौतम सुजखुको घरको प्राङ्गणमा खेलेर पनि बक्सिङ खेलको प्रशक्षिण लिई खेललाई थप मजबुत बनाए । त्यसपछि शहीद स्मृति खेल मैदानमा पनि प्रशिक्षण लिएका तुल्सीराम देशेमरु बताउँन्छन् । हाल उनी आर्ट एण्ड स्क्रिन प्रिन्ट कलर हाउस पसल खोलेर गुजारा चलाइरहेका छन् ।

तुल्सीराम देशेमरुको उद्देश्य राष्ट्रियस्तरसम्म खेलेर राम्रो परिणाम ल्याई अन्तराष्ट्रिय खेलाडी बन्ने थियो । तर आर्थिक अभाव र व्यापार ब्यवसायको कारण निरन्तरता दिन नसकेको बताउँन्छन् । उनी भन्छन्, खेल्ने बेला पैसा अभाव हुने र अर्काको ज्यामी काम जानुपर्ने कारण पनि खेल्न सकिएन ।

उनले पद्म मावि भक्तपुरबाट १० कक्षासम्म पढे । पछि उनले पढाइलाई निरन्तरता दिन सकेनन् । बक्सिङ खेलाडी केशव त्वानाबासु भक्तपुर जिल्ला बक्सिङ सङ्घको अध्यक्ष हुँदा उनी पनि कार्यसमिति सदस्य रही खेल विकासमा क्रियाशील रहे । उनी भक्तपुर नगरपालिकाद्वारा जनआन्दोलन २०४६ का अमर शहीदहरूको सम्मानमा आयोजित राष्ट्रव्यापी अन्तर नगर बक्सिङ प्रतियोगिता–२०५७ (फागुन ८ गते)मा ५७ केजी तौलतर्फ स्वर्ण पदक जित्न सफल भए । उनले २०५७ साल वैशाखमा नेपाल बक्सिङ सङ्घद्वारा काठमाडौँमा आयोजित नौबिस कप राष्ट्रिय बक्सिङ प्रतियोगितामा ६० केजीतर्फ रजत पदक जित्न सफल भए । त्यस्तै तत्कालीन राजा ज्ञानेन्द्रको जन्मोत्सवको अवसरमा नेपाल बक्सिङ सङ्घद्वारा २०५९ सालमा आयोजित राष्ट्रव्यापी बक्सिङ प्रतियोगितामा ६० केजी तौलमा उनी रजत पदक जित्न सफल भएका थिए । उनले सन् २०१३ अप्रिल २३ देखि २९ सम्म आयोजित नेपाल बक्सिङ सङ्घको आयोजना र भक्तपुर जिल्ला बक्सिङ सङ्घको सह आयोजनामा भक्तपुरमा आयोजित National Refree तथा Judge ट्रेनिङ्ग लिई उत्त्तीर्ण गर्न सफल भए । तर विविध कारणले प्रतियोगितामा judge गर्ने कार्यलाई हालसम्म निरन्तरता दिन नसकेको बताउँन्छन् ।

बक्सिङ किन खेल्ने भन्ने प्रश्नमा उनी भन्छन, बक्सिङ आत्मसुरक्षाको लागि खेल्नु पर्छ । अनुशासित नागरिक र खेलाडीको परिचय दिन पनि खेल्नुपर्छ । आफ्नो र राष्ट्रको इज्जत प्रतिष्ठा बढाउन र राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी बन्न बक्सिङ खेलेमा अति राम्रो र सफलता मिल्छ । बक्सिङ खेलका समस्याबारे सोध्दा तुल्सीराम देशेमरु ➲

# स्वर्गीय जोशी र कर्माचार्यको निधनप्रति श्रद्धाञ्जली





नारायणप्रसाद कर्माचार्य



हिरण्यबहादुर जोशी

भक्तपुर नगरपालिका कार्यपालिकाको मिति २०७९ पुस २७ गते बसेको बैठकले भनपा साविक वडा नं. ८ का वडाध्यक्ष हिरन्यबहादुर जोशी र साविक वडा नं. १० का नसस रामगोपाल कर्माचार्यका पिता नारायणप्रसाद कर्माचार्यको निधनमा श्रद्धाञ्जली अर्पण गर्दै शोक प्रस्ताव पारित गरेको छ ।

वडाध्यक्ष जोशीको ७९ वर्षको उमेरमा २०७९ पुस १ गते र कर्माचार्यको पुस २१ गते निधन भएको हो । नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको बैठकले शोक प्रस्ताव पारित गरेको हो ।

स्व. जोशीले २०५४ सालदेखि ०५९ सालसम्म तत्कालीन वडा नं. ८ को वडाध्यक्ष भई समाजको सेवा गर्नुभयो । पेशाले एक इन्जिनियर उहाँलाई प्रजातन्त्र पुनःस्थापना पछि तत्कालीन सरकारले नेपाल मजदुर किसान पार्टीलाई आर्थिक सहयोग गरेको आरोपमा सरकारी सेवाबाट अवकाश दिएको थियो । उहाँका भाइ यज्ञबहादुर जोशी पनि २०३९ सालमा सोही वडाबाट वडाध्यक्ष हुनुभएको थियो ।

साविक वडा नं. १० का नसस रामगोपाल कर्माचार्यका पिता नारायणप्रसाद कर्माचार्य एक प्रतिष्ठित व्यक्ति हुनुहुन्थ्यो । नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्ने उद्देश्यले २०४५ सालमा तत्कालीन पञ्चायती सरकारले रचेको भक्तपुर काण्ड मा स्व. कर्माचार्य र छोरा रामगोपाल दुवै जना जेल पर्नुभएको थियो । नेमकिपालाई लगाएको झूटो मुद्दाको विरोधमा उहाँ अन्तिमसम्म दृढ रहनुभयो ।

आफ्नो जीवनकालमा उहाँहरूले गर्नुभएको योगदानको उच्च मूल्याङ्कन गर्दै भक्तपुर नगर कार्यपालिका स्व. जोशी र स्व. कर्माचार्यप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनप्रति समवेदना व्यक्त गर्दछ ।

➲ भन्छन्, उनले खेलेको समय २०५८ र २०५९ सालतिर निरन्तर प्रतियोगिता आयोजना हुँदैनथ्यो । कराँते र तेक्वान्दोमा भए black belt, yellow belt, green Belt आदि तह हुन्थ्यो । अरू खेलमा जस्तो बक्सिङमा खेलमा तह वा स्तर निर्धारण नहुने अर्को समस्या उल्लेख गर्छन् । यस खेलमा स्वर्ण पदक जिते अलि राम्रोमा गनिन्छ अरू पदकलाई चासो दिँदैनन् ।

तुल्सीराम देशेमरुको खेल जीवनको अविस्मरणीय क्षण के छ भन्ने प्रश्नमा उनी भन्छन्, २०५९ सालमा फाइनलमा आर्मीका खेलाडीसँग प्रतिस्पर्धा भयो । विपक्षी खेलाडीको पन्च मेरो नाकमा लाग्यो । त्यसपछि मेरो नाकबाट रगत बगिरह्यो । मुखमा आयो निलेर खेलिरहेँ, पटक पटक थुक्दै खेलिरहेँ । तर पराजित भएँ । त्यो खेल नै मेरो अविस्मरणीय क्षण रहेको छ । एकचोटि बक्सिङ प्रशिक्षण हलमा अभ्यासको सिलसिलामा स्पायरिङ्ग गर्दा अरूको पन्च मेरो मुखमा लाग्यो र दाँत टुक्रा हुने गरी भाँचेको क्षण र भक्तपुर नगरपालिकाद्वारा आयोजित अन्तर नगर बक्सिङ प्रतियोगितामा भक्तपुरलाई स्वर्ण पदक जितेको क्षणलाई पनि उनी थप अविस्मरणीय क्षणको रूपमा लिन्छन् ।

बक्सिङलगायत अन्य खेलमा लाग्न चाहने युवाहरूलाई के सन्देश छ भन्ने जिज्ञासामा राष्ट्रिय बक्सिङ खेलाडी तुल्सीराम देशेमरु भन्छन्, कुनै युवाले खेलको प्रशिक्षण राम्रो गर्न नियम र अनुशासन पालना गर्नुपर्छ । गुरुको आदेश पालना गर्नु अति आवश्यक छ । नियमित प्रशिक्षणले खेलस्तरमा वृद्धि भई प्रतियोगितामा सफल भइन्छ । कुनै पनि प्रतियोगितामा नर्भस नहुन र आफ्नो खेल कौशल देखाउन पछि नपरौँ भन्छन् ।

*(वार्तामा आधारित)*

# हाम्रा जनताका सहयोगीहरू

मानिसहरूको जीवन अत्यन्त अनिश्चित र तरल हुन्छ। मानिसलाई नाप्ने कसी सङ्कटमा हुन्छ। साधारण अवस्थामा सबै सामान्य रहन्छ। सुनलाई आगोमा जाँच्नुपर्छ भनेजस्तै मानिसलाई सङ्कटमा जाँचिन्छ। कति साथीहरू सामान्य जीवनमा नजिक रहेका र नङ र मासुजस्तै भए पनि सङ्कट आउँदा साथीहरूलाई छोडेर भाग्ने गर्छन् र नातागोता भए पनि नचिनेको जस्तो गर्छन्। यस्ता अनेक घटनाहरू समाजले भोगेको सबै भुक्तभोगीहरूलाई थाहा छ।

कोभिड-१९ पछि ज्येष्ठ नागरिकहरूलाई अनेक प्रकारका रोगहरूका अवशेष छोडेर गएको चर्चा छ। कोभिडले रूप फेर्ने विषयले पनि सबैलाई तर्साउँदै छ। हालै भक्तपुरको सुकुलढोकाको एकै चोकमा दुई जना ज्येष्ठ नागरिकहरूले मृत्युवरण गरेको समाचारले 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिकका पाठकहरूलाई स्तब्ध बनाए। 'श्रमिक' र 'मजदुर' ले आफ्ना दुईजना पाठक र सहयोगी गुमाए। हामी उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

नारायण कर्माचार्य तुलाछेँ (खिछेँ) र सुकुलढोकाका एक गन्यमान्य व्यक्ति हुनुहुन्थ्यो। उहाँ समाजमा एक स्पष्ट वक्ता र गलत प्रवृत्तिको विरुद्ध नझुक्ने एक सचेत नागरिक हुनुहुन्थ्यो। ४ साउन १९९५ सालमा जन्मनुभएका कर्माचार्यले २१ पुस २०७९ को दिन २ बजे ८४ वर्षको उमेरमा अन्तिम श्वास लिनुभयो। उहाँ एक चुरा र कपालको धागो (साचिका) का चर्चित व्यापारी हुनुहुन्थ्यो। टोलका पत्रपत्रिका पढ्ने सचेत नागरिकमध्ये एक जना उहाँ पनि हुनुहुन्थ्यो। अन्तिम समयमा श्वास-प्रश्वास र अन्य रोगहरूको लक्षण देखिएको र उपचारकै क्रममा उहाँ बित्नुभयो।

२०४५ सालको भक्तपुर काण्डमा उहाँ र छोरा रामगोपाल कर्माचार्य पनि जेल पर्नुभएको थियो। उहाँहरूले जेलमा पनि अन्यायको विरोधमा अडान राख्नुभयो। रामगोपालजीले तत्कालीन भनपा १० का नसस भएर पनि जनताको सेवा गर्नुभएको थियो।

नारायण कर्माचार्यका दुई छोरा, श्रीमती, एक छोरी र नाति-नातिनाहरू छन्। समाजप्रति सदा चासो राख्ने नारायण कर्माचार्यलाई टोलवासी र प्रगतिशील जनताले सदा सम्झिरहने छन्। उहाँको परिवार अहिले जगातीमा शोकमा छन्। शोक सन्तप्त परिवारप्रति हामी समवेदना व्यक्त गर्छौं र धैर्यधारण गर्न हामी सल्लाह दिन्छौं।

सुकुलढोका भूसननीकै नगरपालिकाका ८ वडाका पूर्वअध्यक्ष हिरण्यबहादुर जोशी ७९ वर्षको उमेरमा बित्नुभयो। साउन १६ गते २००० सालमा उहाँ जन्मनुभयो। पुस १ गते २०७९ मा उहाँ बित्नुभयो। उहाँ पेसाले इन्जिनियर र शिक्षित परिवारकै एक सदस्य हुनुहुन्थ्यो।

प्रजातन्त्र पुनःस्थापनापछि नेमकिपालाई आर्थिक सहयोग दिएको आरोपमा उहाँले सरकारी नोकरीबाट अवकाश पाउनुभएको थियो। पछि नक्सा पास गर्ने र घर निर्माणमा जनतालाई सहयोग गर्न नगरपालिकाको सदस्यको रूपमा कार्यरत रहनुभयो।

हिरण्यबहादुर जोशीको परिवार अहिले काठमाडौं बुद्ध नगरमा बस्नुहुन्छ। नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका पुराना कार्यकर्ता यज्ञबहादुर जोशी र अन्य परिवार सुकुलढोकामा बस्नुहुन्छ। यज्ञबहादुरजी तत्कालीन वडा नं. ८ का वडाध्यक्ष भएर पनि जनताको सेवा गर्नुभएको थियो।

हामी 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिकका पाठकहरू र साथीहरू जोशीजीको निधनमा परिवारप्रति समवेदना प्रकट गर्दै शोक सन्तप्त परिवारप्रति धैर्यधारण गर्न सुझाव दिन्छौं।

**जनताका साथी**

(श्रमिक साप्ताहिक, पुस २६)

## हार्दिक समवेदना



**स्व. मैया कोण्डा**

**जन्म : २००७ कार्तिक ४ | निधन : २०७९ मंसिर २१**

भक्तपुर नगरपालिकाका दर्ता शाखाका कर्मचारी विश्वराम कोण्डाका ममतामयी आमा **मैया कोण्डा**को असामयिक निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**

# अध्यक्ष रोहितको निवासमा राष्ट्रपति भण्डारी



राष्ट्रपति विद्यादेवी भण्डारी माघ ७ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को निवास पुग्नुभई समसामयिक विषयमा छलफल गर्नुभयो ।



राष्ट्रपति भण्डारीले कामरेड शोभा प्रधानको दुःखद निधनबाट आफू मर्माहत भएको बताउनुहुँदै परिवारजनमा समवेदना व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, 'धेरै अगाडि नै भेट्ने इच्छा हुँदाहुँदै सम्भव भएन । मलाई आज माइती आएको अनुभव भयो ।'

अध्यक्ष कामरेड रोहित र राष्ट्रपति भण्डारीबीच शिक्षा, स्वास्थ्य, संस्कृति तथा सम्पदा संरक्षणबारे छलफल भयो । अध्यक्ष रोहितले ऐतिहासिक धरोहर तथा सम्पदाहरूको संरक्षणमा सरकारले पनि अगुवाइ गर्नुपर्ने विचार राख्नुभयो । उहाँले विदेशीको भर नपरी मौलिक सम्पदा संरक्षणमा जोड दिनुभयो ।



अध्यक्ष रोहितले रासायनिक मल कारखाना स्थापनामा सरकारको बरोबर ध्यानाकर्षण गरेको स्मरण गर्नुभयो । औषधि उत्पादन स्वदेशमै गर्ने र औषधिको अभावमा कुनै नागरिकले ज्यान गुमाउने स्थितिमा तत्काल परिवर्तन गर्न आवश्यक रहेको अध्यक्ष रोहितले उल्लेख गर्नुभयो । उहाँले औषधि उत्पादन विभाग संवेदनशील नहुँदा ठूलो क्षति पुगिरहेको बताउनुभयो ।

राष्ट्रपति भण्डारीले शिक्षा तथा स्वास्थ्यमा जोड दिएर भक्तपुरमा काम भइरहेकोमा खुसी व्यक्त गर्नुहुँदै संस्कृति र सम्पदा संरक्षणमा भइरहेको प्रयास सराहनीय भएको विचार राख्नुभयो ।

अपराह्न ४:१० मा रोहित निवास पुग्नुभएका राष्ट्रपति भण्डारीले अपराह्न ४:५० सम्म छलफल गर्नुभयो ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# सांस्कृतिक अस्तित्वया बलात्कार स्वस्वं दना वयाम्ह जि

– महर्जन इन्दुरा

म्हिग जिं पुयागु जिगु सिंया बाँसुरी
जिगु समाजया अस्तित्व ब्वल
जिगु समाजया इतिहास ब्वल
जिगु पुर्खाया हिचति ब्वल
थौँ गथे गथे मसिउ जित
जिं पुयागु जिगु हे सिंया बाँसुरी
ह्व मदुगु सिंया कठि थें जक ताल
जिं थानागु बाजं न
खौ मदुगु सः थें जक ताल
वहे बाजं
म्हिग नासः द्यः जुलसा
थौँ वहे बाजं
जिगु समाजया लागि घाँडो जुल
उकिंला जि हालागु
यायेमते अथे छिमिस धका
थम्हेस्या थगुहे संस्कृतिया बलात्कार धका
तर ग्व न्यनिम्ह सु
धाइम्ह सु
थुइकिम्ह सु
कनिम्ह सु
जि जक हाला
जि जक ख्वया
जि जिगु हे अस्तित्व न्ह्यने वें जुया
न्यंकेगु थौं सुइत
कनेगु थौं सुइत
बस जिला समाजया मिखां धु जुम्ह
विरोधी धका तक्मा लाम्ह
उकिंला जि ज्या मवम्ह जुल
जि जिगु सामाजिक अस्तित्वं तापाम्ह
जुल
उकिंला जि गनं मथ्याम्ह जुल
समाजया न्ह्यने धुलँ दंगु
गुलाफ मा:या कँ थें जक जुल:
जि जित मागु म्वागु मस्वसे
जि दुहाँ वयागु लुखा क्वसं
जि जब दना वया:
जि जब विरोधया ध्वाँय् ज्वना वया
जि जब हाला वया
जि जब निरर्थक जुया वया
जि जब विरोधया मिप्वा ज्वना वया
जि जब सामाजिक ह्युपा:या स:ज्वना
वया
जिगु सः
जिगु विद्रोहया भावना
थुइकेत न्यनेत
दनिमखु सुन्ह
वइमखु सुन्ह
बस झ्या:या लुखा क्वस
सकलस्याँ इ फाना वनि
व लुखा:यात सकलस्याँ प्यँका वनि
सकलस्याँ विरोधीया भ्वं तिका वनि
जि न्ह्याबलें गन ख अनहे
जि न्ह्याबलें गन लात: अनहे
छन्हु त्वइगु न्हू निभा:या आशा ज्वंज्वं
ग्व गब्ले त्वइगु ख न्हगु निभा: धका:
जि पिया च्वनागु जुल याकचा
क्वथा प्वा नापं च्यागु ख्युं मतया ज:स्वस्वं
छन्हुला त्वइला धका: ।

## थाहा पाइराखौँ

- नेपालको पहिलो महिला इन्जिनियर कान्ति मल्ल हुन् ।
- महाभारत युद्ध भएको कुरुक्षेत्र हाल भारतको हरियाणा राज्यमा पर्दछ ।
- गौतम बुद्धको सारथीको नाम छन्दक हो भने घोडाको नाम कन्थक थियो ।
- रेशम, कागज, छापाखाना सबैभन्दा पहिले चीनमा प्रयोग भएको मानिन्छ ।
- पञ्चतत्त्व भनेको पानी, हावा, अग्नि, आकाश र पृथ्वी हुन् ।
- जनमत सङग्रहको निर्वाचन वि.सं. २०३७ वैशाख २० गते भएको थियो ।

सङ्कलकः न्हुछेरत्न बुद्धाचाय


# ‘भक्तपुर’

## मासिकलाई

हाम्रो गौरवपूर्ण ऐतिहासिक, सांस्कृतिक सम्पदाबारे र समसामयिक लेखरचना दिई सहयोग गर्नुहोस् । सम्बन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइने छ ।

लेखकहरूले स्रोत सामग्री र सम्पर्क नं. नछुटाउनु होला ।

**रचना पठाउने ठेगाना :**

- भक्तपुर नपा भवन (कोठा नं.२०७)
- email:bhaktapurmasik@gmail.com

## तस्बिरमा केही गतिविधि



पुन:निर्मित ढेगमना फल्चा, वडा नं. ३



पुन:निर्मित नारायण मन्दिर, कमलविनायक पोखरी

## तस्बिरमा केही गतिविधि



पुन:निर्माणाधीन लक्ष्मीनरसिंह मन्दिर



पुन:निर्माणाधीन इखालाछी मठ

## तस्बिरमा केही गतिविधि



पुन:निर्माणाधीन हाडा छैं



ढाला खुसीमा निर्माणाधीन २ लाख लिटर पानी अट्ने ट्याङ्की

## तस्बिरमा केही गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति जेलास्थित पुन:निर्मित हरिशङ्कर मन्दिरको उद्घाटन गर्नुहुँदै (माघ १ गते)




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट वडा नं. ७ हनुमानघाटस्थित लोकेश्वर महादेव मन्दिर पुन:निर्माणका लागि शिलान्यास (पुस २० गते)

# भूकम्प सुरक्षा दिवसको अवसरमा दत्तात्रयमा जनचेतनामूलक शैक्षिक प्रदर्शनी




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा २५ औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा भक्तपुरको दत्तात्रयमा माघ ५ गते जनचेतनामूलक शैक्षिक प्रदर्शनी भयो। प्रदर्शनीको नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले रिबन काटेर उद्घाटन गर्नुभएको थियो।




कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले माटो जोडाइ, ढुङ्गा र काठ तथा प्राकृतिक स्रोतको प्रयोगबाट मौलिक शैलीमा घर निर्माण गर्नेतर्फ अनुसन्धानको आवश्यकता रहेको बताउनुहुँदै मौलिक कला र सीपयुक्त प्रविधिबाट निर्माण भएका संरचनाले ठूल्ठूला भूकम्पहरूमा कम क्षति भएको बताउनुभयो।

भवन निर्माणमा आधुनिक तथा नयाँ–नयाँ प्रविधि प्रयोग बढेसँगै मौलिक घरहरू लोप हुँदै गएको बताउनुहुँदै उहाँले देखावटीको निम्ति मात्र पुरानो शैलीको घर निर्माण गर्नु गलत भएको बताउनुभयो।

सिमेन्टको घरले फोक्सो तथा नसासम्बन्धी धेरै रोगहरू निम्त्याइरहेकोतर्फ सजग पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूले अनुसन्धानलाई जोड दिँदै भूकम्प प्रतिरोधी घर निर्माण गर्नेतर्फ जनतालाई सचेत पार्ने काम गर्दै जानुपर्ने बताउनुभयो।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भूकम्पले क्षति मात्र नभई सहर पुनःनिर्माणको अवसर पनि मिलेको बताउनुहुँदै भक्तपुर नगरपालिकाले भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड तयार गरी भूकम्प प्रतिरोधी निर्माणको लागि आवश्यक व्यवस्था मिलाउँदै आएको बताउनुभयो।




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप ईन्जिनियरिङ कलेज र ख्वप कलज अफ ईन्जिनियरिङबाट विकास निर्माणको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गरी बलियो र भरपर्दो निर्माणको लागि राष्ट्रिय रूपमा टेवा पुऱ्याउँदै आएको बताउनुहुँदै नपाले प्रत्येक वर्ष भवन निर्माण कार्यमा संलग्न डकर्मी, सिकर्मीलगायत प्राविधिकहरूलाई भूकम्प प्रतिरोधी प्रविधिसम्बन्धी तालिम प्रदान गर्दै आएको बताउनुभयो।

भक्तपुर जिल्लाका प्रजिअ **रुद्रादेवी शर्मा**ले सन् १९९० सालको भूकम्पको स्मरणस्वरूप प्रत्येक वर्ष भूकम्प सुरक्षा दिवस मनाउँदै आएको बताउनुहुँदै खुल्ला क्षेत्र र सार्वजनिक ठाउँको संरक्षणमा स्थानीय तहले आवश्यक पहल गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्यद्वय **सुजन माक** र **सुनिल दुवाल**ले भूकम्प प्रतिरोधी क्षमता विकास गर्न भूकम्पसम्बन्धी अध्ययन अनुसन्धानलाई निरन्तरता दिनुपर्ने र ख्वप इन्जिनियरिङ कलेजले भूकम्प विषयमा स्नातकोत्तर विषयको अध्ययन अध्यापकनसञ्चालन गरेकै कारण यस किसिमको शैक्षिक प्रदर्शनी गर्न सफल भएको बताउनुभयो। कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य **रत्नशोभा प्रजापति**ले पनि बोल्नुभएको थियो।

# नवयुवकसग अपिल

## 'प्रिन्स' क्रोपाट्किन



**(पिटर अलेक्सिभिच क्रोपाट्किन** (Pyotr Alexeyevich Kropotkin) **अर्थात् "प्रिन्स" क्रोपाट्किन (सन् १८४२-१९२१) रूसी अराजकतावादी, समाजवादी, क्रान्तिकारी, इतिहासकार, वैज्ञानिक र दार्शनिक थिए। उनले सन् १८८० मा "नवयुवकसँग अपिल" रचना प्रकाशित गरेका थिए। त्यसको हिन्दी भाषामा हिन्दी शैलीको अनुवादलाई "पंचायत" मासिकमा २०४१-४२ मा नेपालीमा छापिएको थियो। यहाँ क्रमशः पुनःमुद्रण गरिएको छ - 'भक्तपुर'**)

## गुरु

पाठशालाको गुरुसँग के भन्ने र। आफ्नो पेशालाई बेगार जस्तो ठान्नेलाई त म गुरु नै मान्दिन। तर स-साना केटाकेटीको बीच रहेर तिनीहरूको हाँस-खेलले प्रसन्न हुने, आफू युवावस्थामा सोच्ने गरेका मनुष्यका आदर्शका बीउ तिनीहरूको मनमा उमार्न कोसिस गर्नेलाई मात्र म गुरु मान्दछु।

प्रायः तिमी निराश भएको मैले देखेको छु, र तिम्रो चिन्ताको कारण पनि मलाई थाहा छ। त्यस दिन तिम्रो एक छात्रले महाराणा प्रतापको कथा बडो जोशले पढेर सुनाएको थियो। त्यस छात्रको भाषामा राम्रो दखल नभए पनि हृदय विशाल छ। कथा पढिरहेको बेला उस्को आँखा चम्किरहेका थिए मानौं ऊ त्यही बेला सारा अत्याचारीहरु खतम गर्ने छ।

तर गाउँका महन्त, पुलिसका हाकिमलाई नमस्ते गरेन भनेर त्यस छात्र घर पुग्नासाथ उसको आमा-बाबु, काकाले झपारे। तिनीहरूले उसलाई गृहस्थी, अधिकारीहरूको इज्जत, आफूभन्दा ठूलाप्रति नम्रता आदिबारे लामो भाषण सुनाए। तब त्यस विद्यार्थीले महाराणा प्रतापको जीवनीलाई पन्छाएर 'सांसारिक उन्नतिको उपाय' नामको पुस्तक पढ्न शुरू गरे।

हिजै त हो, कसैले तिम्रा सबै होनहार विद्यार्थीहरू उल्टो बाटोमा लागेका छन् भनेर तिमीलाई भनेको। ती मध्ये एक अफिसर बन्ने सपनाबाहेक केही देख्दैनन्। अर्को ठूला मानिसको कृपापात्र बनेर गरीबहरूलाई लुट्छन्। तिमीले तिनीहरूबाट के के आसा गरेका होलाउ। अहिले आफ्नो आदर्श र समाजको वास्तविकता देखेर तिमी चिन्तामा छौ।

केही समयसम्म तिमीलाई चिन्ता भइरहने छ। तर मलाई लाग्छ, एक-दुई वर्षपछि यस्तो समय आउने छ कि तिमी निराश भएर आदर्शका ठेलीहरूलाई दराजमा बन्द गर्दै भन्ने छौ, महाराणा प्रताप मानिस त स्वाभिमानी र देशभक्त हुन्। तर साथै केही सनकी पनि छन् भनी तिमी सोच्न थाल्ने छौ। केटाकेटीलाई दिनभरि पढाएर थाकेको बेला कविता धेरै राम्रो हुनेछ। तर यथार्थबाट टाढा रहेर लेखिने कविहरूको कविताले जीवन-निर्वाह गर्न कुनै मदत दिँदैन र पाठशालाको निरीक्षणको बेलापनि कुनै फाइदा हुन सक्दैन।

यसको विपरीत युवावस्थाको तिम्रो सपना उमेर ढल्कँदै गएपछि दृढ विश्वासमा परिणत पनि हुनसक्छ। पाठशाला पढेका या नपढेका सबै मनुष्यलाई विस्तृत र मानवोचित शिक्षा दिइयोस् भन्ने तिमीले चाहे पनि वर्तमान स्थितिले त्यो असम्भव देख्छौ। तब तिमी विद्यमान सामाजिक सङ्गठनको जरामाथि आघात पुऱ्याउन थाल्छौ। त्यस परिस्थितिमा तिमीलाई नोकरीबाट निकाल्ने छ। तब अरू, उमेरमा जेठो भएपनि योग्यतामा तिमीभन्दा कम भएकालाई ज्ञान कस्तो सुन्दर वस्तु छ, मानव समाज कस्तो हुनुपर्छ आदि सम्झाउन हाम्रो माझ आउने छौ। तिमी वर्तमान सामाजिक प्रथा आमूल परिवर्तनको लागि प्रयत्न गर्न थाल्ने छौ ताकि संसारमा साँचो एकता, साँचो भ्रातृत्व र अनन्त समयसम्म कायम रहने स्वाधीनता प्राप्त गर्न सकियोस्।

- अनु.श्रेष्ठ

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## बैठक सङ्ख्या- १५

### मिति २०७९ पुष १ गते, शुक्रबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरी | ऐ |

## निर्णयहरू

### नपा स्थापना दिवस

भक्तपुर नगरपालिकाको स्थापना दिवसको अवसरमा यस नगरपालिकाद्वारा सञ्चालित सय शय्याको ख्वप अस्पतालको नयाँ भवन समुद्घाटन समारोह, 'कोभिड नियन्त्रणमा भक्तपुर नगरपालिका' पुस्तक सार्वजनिकीकरण, भक्तपुर नगरपालिकाका उत्कृष्ट कर्मचारीलाई पुरस्कार वितरण, ख्वप अस्पतालमा अक्सिजन प्लान्टलगायत अन्य स्वास्थ्य उपकरण व्यवस्था गर्न रु.५ लाख वा सोभन्दा बढी आर्थिक सहयोग गर्ने दाताहरूलाई सम्मान तथा कोभिड-१९ रोग रोकथाम, नियन्त्रण र उपचारको लागि ख्वप अस्पताल कोभिड युनिटमा योगदान गर्नुहुनेहरूलाई कदर पत्र वितरण समारोह मिति २०७९ पौष २ गते, शनिवार ख्वप अस्पताल प्राङ्गण, च्याम्हासिंहमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नारायणमान बिजुक्छँेज्यूको प्रमुख आतिथ्यतामा गर्ने निर्णय गरियो।

### पुरस्कृत कर्मचारी

भक्तपुर नगरपालिकामा कार्यरत कर्मचारीहरूमध्ये विभिन्न शाखा, उपशाखा, केन्द्र, आयोजनाबाट सिफारिस गरी पठाइएका उत्कृष्ट कर्मचारीहरूमध्ये भक्तपुर नगरपालिका उत्कृष्ट सिफारिस समितिबाट छनौट गरी पठाइएका देहाए बमोजिमका १० जना उत्कृष्ट कर्मचारीहरूलाई रु.१५,०००।- कर बाहेक (अक्षेरूपी रु.पन्ध हजार) नगदसहित कदर पत्र प्रदान गरी पुरस्कृत गर्ने निर्णय गरियो :-

१. सहायक निर्देशक श्री दामोदर सुवाल
२. ओभरसियर श्री विद्यालक्ष्मी प्रजापति
३. ड्राफ्ट म्यान श्री अर्हत बज्राचार्य
४. वडासचिव श्री विश्वराम सिंबन्जार
५. वरिष्ठ सहायक श्री केशव सत्ता
६. कम्प्युटर अपरेटर श्री रमिता थापा श्रेष्ठ
७. ड्राइभर श्री लक्ष्मीप्रसाद दुमरु
८. कार्यालय सहयोगी श्री रविन्सन त्वानाबासु
९. आया दिदी श्री कृष्णप्यारी सैंजु (कोजु)
१०. हेल्पर श्री सिताराम जति

### नियुक्ति

यस नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार तथा बाल विकास केन्द्रहरूको लागि शिक्षिका ४ जना र आया दिदी ४ जना पदपूर्ति गर्न प्रकाशित सूचनाअनुसार आवेदन प्राप्त भएका आवेदकहरूमध्ये लिखित र अन्तर्वार्ताबाट सफल देहाय बमोजिमका उम्मेदवारहरू नियुक्तिको लागि भक्तपुर नगरपालिकामा करारमा कर्मचारी व्यवस्था गर्ने सम्बन्धी सूचीकरण तथा छनौट समितिबाट अनुरोध भई आए अनुसार मिति २०७९।९।३ गतेदेखि मिति २०८० असार मसान्तसम्मको लागि सूचीकरण तथा छनौट समितिबाट सिफारिस भई आए अनुसारका देहाय बमोजिमका शिक्षिका ४ जना र आया दिदी ४ जनालाई नियुक्ति दिने निर्णय गरियो-

**विज्ञापन नं. :०२/०७८।७९**

तह/श्रेणीः सहायक स्तर चौथो तह

पदः शिक्षिका

सेवा : प्रशासनिक

सफल उम्मेदवारहरू

| क्र.सं. | सिम्बोल नं. | उम्मेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | २९ | रोशनी साखकर्मी | भ.न.पा. १० |
| २ | १५ | सविता कैटी | भ.न.पा. २ |
| ३ | २६ | मञ्जु मूलगुठी | भ.न.पा. ४ |
| ४ | ४८ | मिनु कर्माचार्य (लवजु) | भ.न.पा. ९ |

**विज्ञापन नं. :०२/०७८।७९**

तह/श्रेणीः श्रेणीविहीन

पदः आया दिदी (कार्यालय सहयोगी पद)

सेवा : प्रशासनिक

सफल उम्मेदवारहरू

| क्र.सं. | सिम्बोल नं. | उम्मेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | १९ | कृष्णकेशरी कुस्मा(कोण्डा) | भ.न.पा. ६ |
| २ | ८७ | सजना प्रजापति | भ.न.पा. १० |
| ३ | ६२ | रूप लक्ष्मी प्रजापति | भ.न.पा. १ |
| ४ | ११८ | रविना धौबन्जार (कोजु) | भ.न.पा. २ |

## समितिको निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

### शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति

**मिति २०७९।८।२९ गते**

कोभिड–१९ नियन्त्रणको लागि अक्सिजन प्लान्ट निर्माणको लागि १ लाखभन्दा माथि आर्थिक सहयोग गर्नु हुने सम्पूर्ण सहयोगदाताहरूलाई कदर पत्र दिने निर्णय गरियो। साथै ख्वप अस्पताल भवन उद्घाटन कार्यक्रममा प्रमुख अतिथिज्यू मार्फत ५ लाखभन्दा माथि आर्थिक सहयोग गर्नु हुने महानुभावहरूलाई कार्यक्रममै **कदर पत्र वितरण** गर्ने निर्णय गरियो ।

### आर्थिक तथा लेखा समिति

**मिति २०७९।८।१८ गते**

१. भक्तपुर नगरपालिकाभित्र कार्य क्षेत्र भएका सहकारी संस्थाहरूलाई आवश्यक **कोपोमिस सञ्चालन** सम्बन्धी १ दिने तालिम २०७९।९।१३ गते, बुधबार सञ्चालन गर्न सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

२. सहकारी संस्थाहरूको विनियम संशोधन सम्बन्धमा छलफल हुँदा निम्न लिखित सहकारीहरूको निम्न बमोजिमको **विनियम संशोधन गर्न स्वीकृति** दिने निर्णय गरियो :

क. **समदर्शी** बचत तथा ऋण सहकारी संस्था लि. को विनियम संशोधनको निवेदनअनुसार सञ्चालक समितिको पदावधि र लेखा समितिको पदावधि ४ वर्ष र कोष बाँडफाँड सहकारी नियमावली अनुसारको हुने गरी विनियम संशोधन स्वीकृति दिने ।

ख. **पवित्र** बचत तथा ऋण सहकारी संस्था लि. को विनियम संशोधनको निवेदनअनुसार विनियमको ३८ को उपदफा ३ मा साधारण २५ प्रतिशत वा १३ जना र १५ प्रतिशत वा ११ जना जुन बढी हुन्छ सोही सदस्य उपस्थित भएमा पनि सभा हुनेछ भनी संशोधन स्वीकृति दिने ।

ग. **थालाछेँ** बचत तथा ऋण सहकारी संस्थाको विनियम संशोधनको निवेदनअनुसार शेयर पूँजी रु.५० लाख र लोगोको तल दुई हात राख्ने गरी विनियम संशोधनको स्वीकृति दिने ।

घ. **पल्पसा** बचत तथा ऋण सहकारी संस्था लि. को विनियम संशोधनको निवेदनअनुसार सञ्चालकको कार्यकाल ४ वर्ष हुने विनियम संशोधनको स्वीकृति दिने ।

ङ. **सप्ततारा** बचत तथा ऋण सहकारी संस्था लि. को विनियम संशोधनको निवेदनअनुसार कोष बाँडफाँड लोगोमा दुई हात राख्ने गरी विनियम संशोधनको स्वीकृति दिने ।

च. **जनसत्कार** उपभोक्ता सहकारी संस्थाको विनियम संशोधनको निवेदनअनुसार संस्थाको ठेगाना, शेयर पूँजीको लागि ६०,००० थान कित्ता हुने गरी विनियम संशोधनको स्वीकृति दिने ।

**मिति २०७९।८।१९ गते**

सामुदायिक विद्यालयको लेखा सम्बन्धी कर्मचारी तथा शिक्षकहरूलाई **लेखा प्रणालीसम्बन्धी तालिम सञ्चालन** गर्ने निर्णय गरियो ।

### युवा तथा खेलकुद समिति

**मिति २०७९।८।२३ गते**

भक्तपुर नगरपालिकाको आयोजनामा २०७९ पौष ५–९ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न समितिका संयोजक श्री श्यामकृष्ण खत्रीलाई रु.१४,००,०००।–(अक्षेरूपी चौध लाख रूपैयाँ) **पेश्की लिन लगाउने** निर्णय गरियो ।

**मिति २०७९।८।२८ गते**

भक्तपुर नगरपालिकाको आयोजनामा २०७९ पौष ५–९ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय प्रतियोगिताको उद्घाटन कार्यक्रम दत्तात्रयबाट ऱ्यालीसहित २०७९ पौष ५ गते, मंगलबार शहीद स्मृति खेल मैदानमा गर्ने र उक्त कार्यक्रमको लागि प्रमुख अतिथि श्री नारायणमान बिजुक्छेँज्यूलाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्माण समिति

**मिति २०७८।०८।२६ गते**

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि ल.ई. / कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | नगर स्वास्थ्य केन्द्र, ब्यासी भवनमा मर्मत कार्य | २ | शिक्षा, संस्कृति तथा स्वास्थ्य | ८६४,४१२।८४ | | | | | | | | |
| २ | भगवती स्थान जनस्वास्थ्यमा बालमैत्री वातावरण बनाउने कार्य | ५ | शिक्षा, संस्कृति तथा स्वास्थ्य | २२६,०००।०० | | | | | | | | |
| ३ | सुकुलढोका क्षेत्रमा आवश्यक नयाँ रेन इनलेट निर्माण कार्य | ५ | मर्मत | २०,५६४।७२ | | | | | | | | |
| ४ | भनपाका विभिन्न स्थानमा राख्नका लागि आवश्यक नयाँ रेन इनलेट निर्माण कार्य | १–१० | मर्मत | ९७,४६५।६८ | | | | | | | | |
| उपभोक्ता/ अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | कालीघाट हुङ्गेधारा परिसर सुधार कार्य | २ | मर्मत | ४८५,४२०।६४ | | | उ.स.अ.: श्री बालमुकुण्ड बासुकला<br>अ.स.स.: श्री न्हुछेराम कोजु | | | | | |
| २ | कालीघाट क्षेत्रको कासन खोला सुधार कार्य | २ | खोला सुधार शीर्षक | ३४०,७२३।८८ | | | उ.स.अ.:श्री लक्ष्मी नारायण सुवाल<br>अ.स.स.: श्री न्हुछेराम कोजु | | | | | |
| ३ | पाली फः फल्चा (पाटी) पुन:निर्माण कार्य | ९ | नपा | ३,९५१,७९९।१५ | | | उ.स.अ.: श्री विष्णुबहादुर मानन्धर<br>अ.स.स.: श्री ज्ञान वहादुर मानन्धर | | | | | |
| पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | वागीश्वरी कलेज भवनको तेस्रो तला निर्माण कार्य | ९ | आर्थिक सहयोग | ३,५८६,६९९।३१ | | ५००,०००।०० | २,५१०,००२।०० | २,०००,०००।०० | ३,३५३,६४२।१४ | सम्पन्न | ज्ञान सागर प्रजापति | रू.१०,००२ विद्यालयबाट व्यहोर्ने |
| ल.ई. स्वीकृति /भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | दरबार स्क्वायर स्थित कोशेली घरमा रंगरोगन गर्ने कार्य | २ | मर्मत | ११९,४३३।६२ | | सामान तर्फ | ४०,४७१।५० | ४०,४७१।५० | ४४,१५२।८७ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्याला तर्फ | १६,१००।०० | १६,१००।०० | ७४,८०२।७२ | | | |
| | | | | | | जम्मा | ५६,५७१।५० | ५६,५७१।५० | ११८,९५५।५९ | | | |
| मेशिनबाट माटो खन्ने दररेट स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | आ.व. २०७९/८० का लागि एक्साभेटरबाट माटो खन्ने एक्साभेटर, ब्याकोलोडर तथा श्रमिकद्वारा लोर्डअनलोड र ट्रिपरबाट ढुवानीको दररेट स्वीकृत गर्ने निर्णय गरियो । | | | | | | | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

क. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा २ च ९८०८ नं. को जिप्सि गाडीमा मर्मत गरे वापत रु.९९,१०१।– अजिमा अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ क ८१५६ नं. को स्काईभेटर चेन डोजरमा हाइड्रोलिक पाइप र हाइड्रोलिक फेरे वापत रु.९५,७११।– हाम्रो हेभी इकुपमेन्ट वर्कशप प्रा.लि.लाई **भुक्तानी दिने** निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ ग ३२३८ नं. गाडीमा मोबिल फिल्टर, हाइड्रोलिक जग, टाटा ह्वील पाना तथा अन्य आवश्यक सामान फेरे वापत रु.८७५७.५०।– सिद्धि गणेश मोटर पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित फोहोरमैला सङ्कलन गर्ने को १ स १६८१ नं. को तीनपाङ्ग्रे ट्राइसाइकलमा आवश्यक सामान फेरे वापत रु.१२,९७५।– लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा २ च ६०४९ नं. जिपको डिज खिया लागि मर्मत गरेको ज्याला र रंग खरिद गरे वापत जम्मा रु.२,६१०।– ड्राइभर नारायण कृष्ण गाईजुलाई **भुक्तानी दिने** निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ ग २९४१ नं. को ब्याको लोडोरको पंचर बनाए वापत रु.२,०००।– विक्रम गाईजुलाई **भुक्तानी दिने** निर्णय गरियो ।

छ. यस भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाजा र नास्ता उपलब्ध गराए वापत रु.२७,२६५।– दिव्य स्वीट्सलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ज. मिति २०७९ मंसिर २४ गते शनिबारको दिन भक्तपुर नगरपालिकाद्वारा आयोजित योमरी प्रदर्शनी तथा सांस्कृतिक झाँकी प्रदर्शन अन्तर्गत दत्तात्रय नौबाजा डाफा भजनको तर्फबाट दत्तात्रयमा नौ बाजा डाफा भजन प्रदर्शन गरे वापतको भुक्तानी माग भए बमोजिम निवेदक पञ्च लाल लाछिमस्यूलाई रु.१०,०००।– **भुक्तानी दिने** निर्णय गरियो ।

झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।

## बैठक सङ्ख्या– १६

## मिति २०७९ पुष ७ गते, विहीबार

### निर्णयहरू :

### अन्तरनगर प्रतियोगिता

भक्तपुर नगरपालिकाबाट शहीद दिवसको अवसरमा २०७९ फागुन महिनामा **अन्तर नगर खो खो प्रतियोगिता** आयोजना गर्ने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

**बोलपत्र मूल्याङ्कन समिति**

**मिति २०७९।९।७ गते**

१. भक्तपुर नगरपालिकाबाट दैनिक सरसफाइ तथा फोहोर सङ्कलन कार्यको लागि आवश्यक लाइट पीकअप ( मिनी ट्रिपर) गाडी २ थान खरिद गर्न मिति २०७९।०७।२४ गते "गोरखापत्र" दैनिकमा सूचना प्रकाशित गरिएकोमा म्याद भित्र एउटै मात्र बोलपत्र दर्ता हुन आएको हुँदा उक्त बोलपत्र मिति २०७९।०८।२६ खोलिएको मुचुल्का अनुसार बोलपत्रदाता सिप्रदी ट्रेडिङ्ग प्रा.लि, काठमाडौँको प्रति थान गाडीको रु.१५,४८,६७२।५६ का दरले २ थानको कूल रु.३०,९७,३४५।१२ (भ्याट बाहेक) अक्षरेपि तीस लाख सन्तानब्बे हजार तीन सय पैतालिस रुपैयाँ बाह्र पैसा बराबरको रकम कबोल गरिएको हुँदा "सार्वजनिक खरिद ऐन २०६३" को दफा (४०) उपदफा (५) र नियमावलीको नियम (८४) उपनियम (९) बमोजिम उक्त बोलपत्र न्यूनत्तम मुल्याङ्कित सारभूत रूपमा प्रभावकारी भएकोले **स्वीकृत गर्न सिफारिस** गर्ने निर्णय गरियो ।

२. चालु आ.व. ०७९/८० का लागि नपामा रहेको सवारी साधनहरूको टायर, ट्युव, सफाइ गाडाको टायर, रिङ्ग र सफाइ कार्यका लागि आवश्यक सामग्रीहरू (क्लोरिनयुक्त चुन, च्वाफी र कुचो) खरिद गर्न मिति २०७९/०७/३० मा "गोरखापत्र" दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी प्रकाशित सूचनाअनुसार दर्ता हुन आएका ३ (तीन) थान बोलपत्रहरू मिति २०७९/०९/०१ गते खोलिएको मुचुल्का अनुसार न्यूनत्तम अङ्क कबोल गर्ने बोलपत्रदाता क्रियटिभ बिजनेश इन्टरप्राइजेज, काठमाडौँको कुल रु.२५,४२,४०६।४० (भ्याट बाहेक) अक्षरेपि पच्चीस लाख बयालीस हजार चार सय ५ रुपैयाँ चालीस पैसा बराबरको रकम कबोल गरिएको हुँदा "सार्वजनिक खरिद ऐन २०६३" को दफा (४०) उपदफा (५) र नियमावलीको नियम (८४) उपनियम (९) बमोजिम उक्त बोलपत्र न्यूनत्तम मुल्याङ्कित सारभूत रूपमा प्रभावकारी भएकोले **स्वीकृत गर्न सिफारिस** गर्ने निर्णय गरियो ।

**निर्माण समिति**

**मिति २०७९।१।७ गते**

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि ल.ई. /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | थन्यु दरबार पुन:निर्माण कार्य | ३ | नपा | ४७,३९१,१५८।९२ | | | | | | | | अमानत तथा टेण्डर प्रक्रियाबाट कार्य गर्ने |
| २ | सैनिक आवासिय मा.वि.को प्राङ्गणमा रहेको बोरिङको पानी भाजु पोखरीमा ल्याउने | १ | मर्मत | ४०,६८०।०० | | | | | | | | |
| ३ | वडा नं. १० मा रहेको कभर्ड हलको लागि सिंढी बनाउने कार्य | १० | मर्मत | ४२,३०१।०३ | | | | | | | | |
| पेश्की फछ्र्यौट र भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | महेश्वरी ग्यारेजमा ढल व्यवस्थापन कार्य | ७ | मर्मत | ९९,८२९।६९ | | ३२,५००।०० | ४४,३३३।०१ | ११,८३३।०१ | ८८,३०५।७८ | सम्पन्न | हेरा ख्याजु | |
| उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | इटाछैं बाटोको छेउमा ढुङ्गा छपाइ | २ | सडक बोर्ड नेपाल र नपा | १,१९१,४२६।६१ | | | उ.स.अ.:श्री पुण्यराम देशेमरू<br>अ.स.स.:श्री श्यामसुन्दर मातां | | | | | |
| २ | नारमला फल्चा पुन:निर्माण र शहीद स्मृति फल्चा मर्मत | २ | नपा | ३,२९८,१६९।५२ | | | उ.स.अ. : श्री गणेशभक्त खर्बुजा<br>अ.स.स. : श्री श्यामसुन्दर मातां | | | | | रू. २० लाख बजेट विनियोजन |
| ३ | जनज्योति पुस्तकालयमा ई–लाइब्रेरी सञ्चालनको लागि इलेक्ट्रिफिकेशन, ब्याक अप सिस्टम, सीसी क्यामेरा फर्निचर जडान कार्य | २ | शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति | ५५८,८०७।०७ | | | उ.स.अ. : श्री राजन जति<br>अ.स.स. : श्री श्यामसुन्दर मातां | | | | | |
| ४ | रानी पोखरीमा विद्युतीकरण कार्य | १ | मर्मत | ५१२,३५२।४७ | | | उ.स.अ. : श्री रमेश गाइसी<br>अ.स.स. : श्री सूर्यप्रसाद श्रेष्ठ | | | | | |

**आर्थिक तथा लेखा समिति**

**मिति २०७९।९।७ गते**

१. भक्तपुर नगरपालिका कार्य क्षेत्र भई सञ्चालन भएका केही सहकारीहरूले बचतकर्ताको बचत रकम फिर्ता नदिएको गुनासो आएकोले उक्त सहकारीहरूका सञ्चालक र व्यवस्थापकहरूलाई २०७९।९।११ गते, सोमबार भ.न.पा. सभा कक्षमा बोलाई **छलफल गर्ने** निर्णय गरियो।

२. आ.व. २०७४/०७५ अगाडि दर्ता भई एकभन्दा बढी स्थान/ तह/ कार्य क्षेत्र लिई भक्तपुर नगरपालिकाभित्र सञ्चालनमा भइरहेका सहकारी संस्थाहरूले भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ अनुसार मासिक र वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने भएकोले भक्तपुर नगरपालिकाभित्र सञ्चालनमा रहेका सहकारीहरू सञ्चालन स्वीकृतिको लागि निवेदन पेश गर्न **सूचना प्रकाशित गर्ने** निर्णय गरियो।

३. भक्तपुर नगरपालिकाभित्र कार्य क्षेत्र भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूका लेखा समितिका पदाधिकारीहरूलाई २०७९।९।२० गते, बुधबार ख्वप इन्जिनियरिङ्ग कलेज, लिवाली, भक्तपुरमा पदाधिकारी भेलाको **सूचना प्रकाशित गर्ने** निर्णय गरियो। उक्त भेलामा सहभागी २०० जनालाई स्टेशनरी, खाजा र चियाको बन्दोबस्त गर्ने निर्णय गरियो।

४. सहकारी संस्थाका व्यवस्थापकहरू वा लेखाको कार्य गर्ने कर्मचारीहरूलाई **वित्तिय व्यवस्थापन सम्बन्धी तालिम** दिने निर्णय गरियो।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

**क.** पूर्वाधार विकास कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकको च.नं. ३६७ र मिति २०७९।८।१७ गतेको पत्रानुसार डेकोचा चाँगु न्याचपौवा मंगलटार सांखु सलम्बुटार सडक, भक्तपुरको बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, हेटौंडाबाट खरिद गुरुयोजना मिति २०७९।७।३० मा स्वीकृत भइसकेको हुँदा उक्त सडक निर्माण कार्य अगाडि बढाउन जग्गा सिमाङ्कन (Right of way) शहरी सडकको/ प्रादेशिक सडकको मापदण्डअनुसार उपलब्धको सुनिश्चितता आवश्यक भएकोले तहाँ पालिकाको कार्यपालिकाको निर्णयबाट उक्त सडकमा पर्ने सम्बधित वडा कार्यालयहरूलाई जानकारी गराई जग्गा उपलब्ध गराउन सकिने वा नसकिने ? सकिने भएमा कति मिटर चौडाई (Row) सकिने हो सोको जानकारीसहित आवश्यक निर्णय पठाई सहयोग गरिदिनु हुन भनी यस कार्यालयमा पत्राचार भएको विषयमा छलफल हुँदा "भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धी विनियम २०६० को परिच्छेद ५(५.८) सडक मापदण्ड तथा सार्वजनिक जग्गाबाट छोड्नु पर्ने दूरी (सेट ब्याक) डेकोचा चोकदेखि बारे पुलसम्मका सडकको केन्द्र विन्दुबाट दायाँ बायाँ दूरी सडक सीमा क्षेत्र (Right of Way) ६ मिटर र सडक छेउबाट छोड्नु पर्ने दूरी (सेट ब्याक) १.५ मिटर" भएकोले सडक मापदण्ड अनुसारको जग्गा उपलब्ध गराउन सकिने भनी सम्बन्धित भ.न.पा. ६ नं. र १० नं. वडा कार्यालयबाट लेखी आएको हुँदा सडक मापदण्डअनुसारको जग्गा उपलब्ध गराउन सकिने भनी पूर्वाधार विकास कार्यालय, धुलिखेलमा **पत्राचार गर्ने** निर्णय गरियो।

**ख.** भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ ग २२६२ नं. गाडीमा मोबिल फिल्टर, ह्वील सिलिण्डर, डिजेल फिल्टर तथा अन्य आवश्यक सामान फेरे वापत रु.२३,६१७।- सिद्धि गणेश मोटर पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो।

**ग.** भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ झ ८७४० नं. गाडीमा ब्याट्री फेरे वापत रु.११,०२५।- र को १ स १६८१ नं को ट्राइसाइकलमा ब्याट्री फेरे वापत रु.३,४९९।- गरी कूल रु.१४,५२५।- नेपाल अटो ईलेक्ट्रिक ट्रेड सेन्टरलाई **भुक्तानी दिने** निर्णय गरियो।

**घ.** भक्तपुर नगरपालिकाद्वारा सञ्चालित प्रदेश ३-०१-००२ झ ५४९६ नं. एम्बुलेन्स गाडीमा अक्सिजन ब्ल्याकेट बनाए वापत जम्मा रु. ३,३९०।- भक्तपुर अटो पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो।

**ङ.** यस भक्तपुर नगरपालिकामा विभिन्न समयमा बिस्कुट तथा फलफूल उपलब्ध गराए वापतको रु.१६,३२०।- आर के जुस सेन्टरलाई **भुक्तानी दिने** निर्णय गरियो।

**च.** भक्तपुर नगरपालिकाद्वारा आयोजना गरिएको लैङ्गिक हिंसाविरुद्ध महिला कानूनी सचेतना तथा अभिमुखीकरण कार्यक्रममा सहभागीहरूलाई खाजा व्यवस्था गरे वापत रु.२४,४०८।- सूर्यविनायक पार्टी भेन्यूलाई **भुक्तानी दिने** निर्णय गरियो।

**छ.** भक्तपुर नगरपालिकाका D ३१९ कोमासु बुल डोजरको सामान फेरी मर्मत गर्नु परेकोले हाम्रो हेभी इकुपमेन्ट वर्कशपबाट पेश भएको कोटेशन रु.२०२,२७७।- स्वीकृत गरी **मर्मत गराउने** निर्णय गरियो।

# अनुभवको आदान-प्रदान

## भक्तपुरका नगर प्रमुख प्रजापति र वीरेन्द्रनगरका प्रमुख भण्डारीबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया भण्डारी (ढकाल) बीच माघ ८ गते शनिबार प्रमुख भण्डारीको सभाकक्षमा भेटघाट भएको छ।

शुक्रबार सुर्खेत पुग्नुभएका प्रमुख प्रजापति र प्रमुख भण्डारीबीच आपसी अनुभव आदानप्रदान गर्ने हेतुले भेटघाट भएको हो।

भेटका क्रममा दुई नगर प्रमुखबीच अहिलेसम्म गरेका सकारात्मक कार्य, समस्या र चुनौतीको विषयमा अनुभव आदानप्रदान भयो भने आगामी दिनमा दुवै स्थानीय सरकारबीच हुन सक्ने विभिन्न विकास साझेदारीको विषयमा पनि छलफल भएको थियो।

सोही क्रममा प्रमुख प्रजापतिले भक्तपुर नपाले शिक्षा र स्वास्थ्य क्षेत्रमा गरिरहेको प्रयासहरूबारे अवगत गराउनुहुँदै नपाले नगरवासी विद्यार्थीहरूलाई सहुलियत दरमा शैक्षिक ऋण र विभिन्न विषयहरूमा पीएचडी अध्ययनसम्मको छात्रवृत्तिको व्यवस्था गर्दै आएको बताउनुभयो। भक्तपुरको मुख्य आम्दानीको स्रोत पर्यटन भएको बताउनुहुँदै विदेशी सहयोगबिना नै भक्तपुरले सम्पदा पुनःनिर्माण तथा विकास निर्माणका गतिविधि अगाडि बधाइरहेको जानकारी उहाँले गराउनुभयो।

त्यस्तै वीरेन्द्रनगर नपाका प्रमुख मोहनमाया भण्डारीले वीरेन्द्रनगर नपा दश वर्षे शैक्षिक रणनीति बनाएर अगाडि बढिरहेको बताउनुहुँदै उच्च शिक्षामा निजीमा भन्दा सरकारीमा बढ्दो आकर्षण रहेको बताउनुभयो। उहाँले भक्तपुर नपाको असल अभ्यासबारे आफू जानकार रहेको बताउनुहुँदै नगरपालिकाको अवसर र चुनौतीका क्षेत्रबारे जानकारी गराउनुभयो।

सुर्खेत जिल्ला कर्णाली प्रदेशको राजधानी भएकोले पनि प्रदेशकै शैक्षिक गन्तव्यको केन्द्रको रूपमा रहेको चर्चा गर्नुहुँदै उहाँले वीरेन्द्रनगर नपाले पन्ध्र शय्याको नगर अस्पताल निर्माणाधीन अवस्थामा रहेको र महिला तथा बालबालिकाको क्षेत्रअन्तर्गत प्रसूति सेवा प्रभावकारी रूपमा सञ्चालनमा रहेको पनि बताउनुभयो।

वीरेन्द्रनगर नपाको वार्षिक आम्दानी २७ करोडको हाराहारीमा रहेको बताउनुहुँदै प्रमुख भण्डारीले नगरपालिकाको सेवा क्षेत्र व्यापक भएको तर सङ्घीय सरकारको अनुदानबिना नै नगरपालिकाले कार्यक्रमहरू सञ्चालन गर्नु परेकोले काम गर्न असहज भएको बताउनुभयो।

भेटमा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको आयोजनामा २०७९ फागुन ५ देखि ९ गतेसम्म सञ्चालन हुने अन्तर नगर खेलकुद प्रतियोगिताअन्तर्गत यस वर्ष खोखो खेलको प्रतियोगिता हुने जानकारी गराउनुहुँदै भक्तपुरमा हुने उक्त प्रतियोगितामा वीरेन्द्रनगर नगरपालिकाको पनि सहभागिताको लागि पत्र हस्तान्तरण गर्नुभयो। प्रमुख भण्डारीले सक्दो खेलाडीहरू सहभागी गराउने आश्वासन दिनुभयो।

भेटपश्चात नगर प्रमुख प्रजापतिले प्रमुख भण्डारीलाई नगरपालिकाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो भने प्रमुख भण्डारीले पनि प्रमुख प्रजापतिलाई मायाको चिनो प्रदान गर्नुभएको थियो।

भेटमा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, कार्यपालिका सदस्य रञ्जना त्वाती, नेक्राविसङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङ, नेमकिपा सुर्खेत जिल्ला समितिका सचिव धनेन्द्र बि.क, वीरेन्द्रनगर जिल्ला समन्वय प्रमुख, वडा नं. ८ र ९ का वडाध्यक्ष एवम् भक्तपुरमा सरुवा भई आउनुहुने नयाँ प्रमुख जिल्ला अधिकारी खगेन्द्र रिजालगायतको उपस्थित थिए।

## भक्तपुरका नगर प्रमुख जुम्लाको चन्दननाथ नगरपालिकाका कावाहक प्रमुखबीच भेटघाट

भक्तपुरका नगर प्रमुख सुनिल प्रजापति कर्णाली प्रदेशको जुम्लास्थित चन्दननाथ नगरपालिकामा माघ ११ गते पुग्नुभएको छ। प्रमुख प्रजापतिको नेतृत्वमा पुगेको उक्त टोलीलाई चन्दननाथ नपाका कार्यवाहक प्रमुख नवराज देवकोटाले स्वागत गर्नुभयो।

नगर प्रमुख र कार्यवाहक प्रमुखबीचको उक्त भेटमा



सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र पर्यटनका सम्भावनाबारे अनुभव आदानप्रदान भयो ।

प्रमुख प्रजापतिले नपाले गरेको न्यानो स्वागतको लागि भक्तपुर नपाको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले भक्तपुर र जुम्ला राजनीतिक र सांस्कृतिकरूपमा नजिक सम्बन्ध भएको बताउनुहुँदै जुम्ला पर्यटकीय सम्भावना बोकेको देशकै सुन्दर ठाउँ भएको बताउनुभयो ।

कर्णाली नदीको सही सदुपयोगले देशकै समृद्ध प्रदेशको रूपमा विकास हुने बताउनुहुँदै उहाँले भक्तपुर नपाले शिक्षा, स्वास्थ्यमा गरेको काममा पारदर्शी र आर्थिक अनुशासन कायम भएको बताउनुभयो ।

चन्दननाथ नपाका कार्यवाहक प्रमुख नवराज देवकोटाले जुम्लाको राजनीतिक र सांस्कृतिक विषयबारे अवगत गराउनुहुँदै जुम्लाको राजनीतिक अस्थिरताले यहाँको विकासमा बाधा पुगेको बताउनुभयो ।

उहाँले चन्दननाथ नपा १० ओटा वडामा विभाजित भएको बताउनुहुँदै सडक निर्माणमा धेरै बजेट खर्च हुने गरेको बताउनुभयो ।

जुम्लाको स्वास्थ्य र शिक्षा क्षेत्र सोचेअनुरूप विकास हुन नसकिरहेको जानकारी गराउनुहुँदै चन्दननाथ र भक्तपुर नपाबीच आपसी सम्बन्ध कायम गरी अगाडि बढ्न उत्सुक रहेको बताउनुभयो ।



भेटमा भनपा १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, कार्यपालिका सदस्य रञ्जना त्वाती, नेक्राविसङ्घका अध्यक्ष प्रकाश गुरुङ, चन्दननाथ नपाका निमित्त प्रमुख प्रशासकीय अधिकृत केशरीनाथ योगी, वातावरण शाखा प्रमुख लक्ष्मीचन्द्र न्योपानेलगायतको उपस्थिति थियो ।

चन्दननाथ नपाका प्रमुख राजुसिंह कठायत र उपप्रमुख काम विशेषले जिल्ला बाहिर हुनुभएकोले नपाका निमित्त प्रमुखले भक्तपुर भ्रमण टोलीलाई स्वागत गर्नुभएको हो ।

भक्तपुरका प्रमुख र कार्यवाहक प्रमुखबीच उपहार आदानप्रदान भएको थियो । भेटमा नेमकिपा जुम्ला जिल्ला समितिका अध्यक्ष पूर्णबहादुर खत्रीको उपस्थिति थियो ।

## खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष भक्तपुर नपामा



भक्तपुर नगरपालिकाका कार्यवाहक प्रमुख रजनी जोशीसँग खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बुका अध्यक्ष मिङ्मा छिरीं शेर्पासहित १८ जनाको टोलीले माघ १३ गते भेट गर्‍यो । भेटमा कार्यबाहक प्रमुख जोशीले भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेको ८ ओटा शैक्षिक संस्थाहरू मार्फत देशभरिका ७ हजारभन्दा बढी विद्यार्थीहरूले उच्च शिक्षा अध्ययन गरिरहेको जानकारी दिनुहुँदै शिशुस्याहारदेखि स्नातकोत्तर तहसम्म अध्ययन गराउने भनपा देशको एकमात्र स्थानीय तह भएको बताउनुभयो ।

उहाँले भक्तपुर नपाले १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी दैनिक ७०० जनाभन्दा बढी बिरामीहरूलाई सेवा प्रदान गर्दै आएको र नगरका १० ओटै वडामा

घरदैलो नर्सिङ सेवासहित नपाद्वारा सञ्चालित ३ ओटा नगर स्वास्थ्य केन्द्रहरूबाट स्वास्थ्य सेवा प्रदान गरिरहेको जानकारी दिनुहुँदै प्रत्येक वडामा नि:शुल्क व्यायामशाला स्थापना गर्दै सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

भनपाले सम्पदा संरक्षण र विकास निर्माणसम्बन्धी कार्यहरू उपभोक्ता समितिमार्फत गरिरहेको बताउनुहुँदै उहाँले जनश्रमदान मार्फत गुणस्तरीय निर्माण भइरहेको र निर्माण पश्चात अपनत्व बढाउनसमेत मदत मिलेको बताउनुभयो । साथै भक्तपुर नपाले सञ्चालन गरिरहेको शैक्षिक संस्थानहरूमा वर्षको ३ करोडभन्दा बढीको छात्रवृत्ति तथा इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपाल भाषा र संस्कृति विषय अध्ययन गर्नेलाई जुनसुकै कलेजमा पढेपनि छात्रवृत्ति र नगरवासी विद्यार्थीहरूलाई ५ लाखसम्मको शैक्षिक ऋण प्रदान गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा अध्यक्ष शेर्पाले खुम्बु पासाङल्हामु गाउँपालिका पर्यटनमा निर्भर रहेको बताउनुहुँदै भक्तपुर नगरपालिका धेरै कुरामा उदाहरणीय रहेको र यहाँबाट सिकेका कुराहरू गाउँपालिकामा लागू गर्न सकिने बताउनुभयो । उहाँले खुम्बु पासाङ गाउँपालिका र भक्तपुर नपाबीच पर्यटन क्षेत्रमा समानता रहेको हुँदा दुई पालिकाबीच सम्बन्ध र समन्वयबाट अनुभव आदानप्रदान गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो ।

कार्यक्रममा खुम्बु पासाङल्हामु गाउँपालिकाका उपाध्यक्ष श्री टासी ल्हामु शेर्पा, भक्तपुर नपाका वडाध्यक्ष रविन्द्र ज्याख्व र योगेन्द्रमान बिजुक्छें, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, खुम्बु पासाङ ल्हामु गापाका प्रमुख प्रशासकीय अधिकृत मोहनप्रसाद चापागाईलगायतको उपस्थिति रहेको थियो ।



भेटमा कार्यवाहक प्रमुख जोशीले अध्यक्ष शेर्पालाई भक्तपुरको प्रसिद्ध मयूर झ्याल र भनपाका प्रकाशनहरू उपहार प्रदान गर्नुभयो भने सो पश्चात टोलीले भक्तपुर दरबार क्षेत्र र टौमढी क्षेत्रको अवलोकन गरेको थियो ।

## भक्तपुर नपा र विभिन्न नगरपालिकाका नगर प्रमुखहरूबीच भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र कर्णाली तथा लुम्बिनी प्रदेशअन्तर्गतका विभिन्न नगरपालिकाका नगर प्रमुखहरूबीच माघ १६ गते छुट्टा छुट्टै भेटघाट भयो ।

विभिन्न स्थानीय तहका प्रमुखहरूसँग अनुभव आदानप्रदानको सिलसिलामा प्रमुख प्रजापतिले सुर्खेतको **भेरीगंगा** नगरपालिकाका प्रमुख यज्ञप्रसाद ढकाल, सुर्खेतको **गुर्भाकोट** नपा प्रमुख हस्त पुन, बाँकेको **कोहलपुर** नपाका प्रमुख पूर्णप्रसाद आचार्य, सल्यान जिल्ला **शारदा** नपाका प्रमुख प्रकाश भण्डारी र बर्दिया जिल्ला **बाँसगढी** नपाका प्रमुख खड्गबहादुर खड्कासँग अलग अलग भेटघाट गर्नुभएको हो ।

भेटका क्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाबारे सङ्क्षिप्त परिचय र नगरपालिकाका विशेषताहरूबारे अवगत गराउनुहुँदै भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थल र ज्ञान विज्ञानको केन्द्रको रूपमा विकास गर्ने उद्देश्यले काम गरिरहेको जानकारी दिनुभयो । साथै उहाँले भक्तपुर नपा ख्वप विश्वविद्यालय सञ्चालनको तयारीमा रहेको स्पष्ट पार्नुहुँदै शैक्षिक ऋण, छात्रवृत्ति, सम्पदा पुन:निर्माणलगायत नपाबाट सञ्चालित विविध पक्षबारे उल्लेख गर्नुभयो ।



प्रमुख प्रजापति भेरीगंगा नगरपालिकाका प्रमुख यज्ञप्रसाद ढकालसँग

भेटको अवसरमा भेरीगंगा नपाका प्रमुख **यज्ञप्रसाद ढकाल**ले कर्णाली प्रदेशको प्रवेशद्वारको रूपमा रहेको भेरीगंगा नपा १३ ओटा वडामा विभाजित भएको, नगरपालिकाको २०७८ सालको जनगणनाअनुसारको कूल

जनसङ्ख्या ४८ हजार ५ सय रहेको जानकारी दिनुहुँदै क्षेत्रफलको हिसाबले सुर्खेतको ५ नगरपालिकामध्ये यो नगरपालिका तेस्रो ठूलो नगरपालिकाको रूपमा रहेको बताउनुभयो ।

उहाँले यस क्षेत्रमा बेमौसमी तरकारी खेती, दुग्ध उद्योग र बाख्रापालनको माध्यमबाट यहाँका मानिसहरूको जीविकोपार्जन भइरहेको बताउनुहुँदै सबै जातजातिहरूको मिश्रित बसोबास रहेको यो नगरपालिकामा विशेषगरी क्षेत्री, ब्राह्मण, दलित र मगर जातिहरूको बसोबास रहेको बताउनुभयो । साथै भक्तपुर नपाले शिक्षा क्षेत्रमा गरिरहेको उपलब्धि निकै प्रशंसनीय भएको बताउनुहुँदै यस नपाले मासिक रूपमा नियमित सरसफाइ अभियान सञ्चालन गरिरहेको बताउनुभयो ।

त्यस्तै सुर्खेतको गुर्भाकोट नपाका प्रमुखसँग भएको भेटमा प्रमुख हस्त पुनले कर्णाली प्रदेश सुर्खेत जिल्लादेखि पूर्वमा अवस्थित यस नगरपालिकालाई सहरको रूपमा विकास गर्ने योजनाका साथ अगाडि बढिरहेको बताउनुहुँदै नपाको कूल जनसङ्ख्या ४३ हजारभन्दा बढी रहेको बताउनुभयो । व्यापार, उद्योग, पर्यटन र व्यवसायिक कृषिको माध्यमबाट यहाँका बासिन्दाहरूको जीविकोपार्जन भइरहेको बताउनुहुँदै सीमित स्रोतबीच जनताको सेवा गरिरहेको, नपाको मुख्य बजार मेहेलकुना रहेको प्रमुख पुनले अवगत गराउनुभयो । उक्त भेटघाटमा गुर्भाकोट नपाका उपप्रमुख मैना बि.क र कार्यपालिका सदस्यहरूको समेत उपस्थिति रहेको थियो ।

कोहलपुर नपाका प्रमुख **पूर्णप्रसाद आचार्य**सँगको भेटमा प्रमुख आचार्यले नेपालको मध्यपश्चिम तराई क्षेत्रमा पर्ने यस नगरपालिकाको कूल क्षेत्रफल १८४.२६ वर्ग किमि.



प्रमुख प्रजापति कोहलपुर नपाका प्रमुख पूर्णप्रसाद आचार्य (दायाँ) र सल्यानको शारदा नपाका प्रमुख प्रकाश भण्डारी (बायाँ) सँग

रहेको बताउनुभयो । उहाँले बाँके जिल्लाको सदरमुकाम सहरको रूपमा रहेको नेपालगञ्जबाट करिब १० किमि उत्तरपट्टि रहेको कोहलपुर नपाले नगर प्रहरीको व्यवस्थापनसमेत गर्दै आइरहेको बताउनुभयो ।

सोही भेटमा सल्यानका शारदा नगरपालिकाका



प्रमुख प्रजापति बाँसगढी नपाका प्रमुख खड्गबहादुर खड्कासँग

प्रमुख **प्रकाश भण्डारी**ले भक्तपुर नपाले गरिरहेको असल अभ्यासबारे आफू अवगत भएको र भक्तपुरको कामबारे सिक्न भक्तपुर नपाको अवलोकन भ्रमणमा गर्ने योजनामा रहेको समेत जानकारी दिनुभयो ।

यसैबीच कोहलपुरको बाँसगढी नगरपालिकाका प्रमुख **खड्गबहादुर खड्का**सँग भएको भेटमा प्रमुख खड्काले लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा पर्ने यस नगरपालिका नयाँ नगरपालिकाको रूपमा रहेको बताउनुहुँदै उक्त नगरभित्र ५६ ओटा विद्यालय रहेको जसअन्तर्गत ४० ओटा सामुदायिक र १६ ओटा निजी विद्यालयहरू रहेको बताउनुभयो ।

बाँसगढी नपाभित्र बर्दिया राष्ट्रिय निकुञ्ज रहेको बताउनुहुँदै यस नपा ९ ओटा वडामा विभाजित रहेको र करिब ७२ हजारको जनसङ्ख्या रहेको उहाँले जानकारी गराउनुभयो । सो भेटमा बाँसगढी नपाका प्रमुख प्रशासकीय



भक्तपुर नपा प्रमुख गुर्भाकोट नपा प्रमुख हस्त पुनलगायत कार्यपालिका सदस्यहरूसित

अधिकृत कमलप्रसाद पौडेल र शिक्षा अधिकृत छत्रबहादुर शाहीको उपस्थिति रहेको थियो ।

विभिन्न नगरपालिकाका नगर प्रमुखहरूसँगको भेटमा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री र कार्यपालिका सदस्य रञ्जना त्वातीको पनि उपस्थिति थियो भने उक्त भेटमा नगर प्रमुख प्रजापतिले नगर प्रमुखहरूलाई नगरपालिकाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो ।

## भक्तपुर नपाका प्रमुख र नेपालगञ्ज उपमनपाका प्रमुखबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त बिष्टबीच माघ १७ गते नेपालगञ्जमा भेटघाट भई दुई नगर प्रमुखहरूबीच अनुभव आदानप्रदान भयो ।

सो क्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य र सरफाइ क्षेत्रमा गरिरहेको



कामबारे अवगत गराउनुहुँदै नपाले कुहिने नकुहिने फोहोर अलगअलग सङ्कलन गरी मल उत्पादन गरी कृषकहरूलाई समेत सस्तोमा मल उपलब्ध गराउँदै आएको बताउनुभयो ।

त्यस्तै नेपालगञ्ज उपमहानपाका प्रमुख **बिष्ट**ले उपमहानपाले यसै वर्षदेखि पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत कलेज सञ्चालनमा ल्याई बीबीएसलगायतको विषय सञ्चालनमा आएको जानकारी गराउनुभयो । उहाँले फोहोरमैला व्यवस्थापनमा अपनाइरहेको नयाँ-नयाँ प्रविधिबारे प्रस्ट पार्नुहुँदै यहाँका महत्त्वपूर्ण पर्यटकीय स्थलहरूमा बागेश्वरी मन्दिर र सोही परिसर भित्र नेपालकै पहिलो जुंगे महादेवको मूर्ति अवस्थित रहेको बताउनुभयो ।

भेटपश्चात प्रमुख प्रजापतिले प्रमुख बिष्टलाई नपाका केही प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

## भक्तपुर नपबाट सञ्चालित शिशुस्याहार केन्द्र



## भक्तपुर नगरपालिका गतिविधि

### हनुमानघाटस्थित लोकेश्वर महादेव मन्दिर शिलान्यास

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ७ हनुमानघाटस्थित लोकेश्वर महादेव पुनःनिर्माण कार्यका लागि पुस २० गते शिलान्यास गर्नुभयो ।



कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले भक्तपुरका सांस्कृतिक, धार्मिक र प्राकृतिक दृष्टिले महत्त्वपूर्ण स्थान र सम्पदाहरू पर्यटन आकर्षणको आधारहरू भएको बताउनुहुँदै यहाँका मूर्त र अमूर्त सम्पदा संरक्षणमा भक्तपुर नपा प्राथमिकताका साथ अगाडि बढिरहेको बताउनुभयो ।

हनुमानघाट परिसर यहाँका जनताको आस्थाको केन्द्रको रूपमा रहेको महत्त्वपूर्ण धार्मिक स्थल भएको बताउनुहुँदै उहाँले यस ठाउँको सुधारको लागि नियमित सरसफाइ, मठ मन्दिर पुनःनिर्माण, पुल निर्माण, सुधारिएको शवदाहगृह निर्माणलगायतका कार्य निरन्तर रूपमा सञ्चालन भइरहेको बताउनुभयो ।

भक्तपुर धार्मिक पर्यटनको रूपमा विकास गर्ने धेरै सम्भावनाहरू रहेको ठाउँ हो भन्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले धार्मिक स्थल व्यवस्थापनमा पनि विशेष पहल गर्दै आएको र सम्पदा पुनःनिर्माणमा उपभोक्ता समितिलाई नै जोड दिँदैआएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले भक्तपुर धेरै मठमन्दिरहरू भएको ठाउँ हो र जीर्ण अवस्थामा रहेका सम्पदाहरूको पुनःनिर्माण क्रम जारी रहेको बताउनुहुँदै मन्दिर पुनःनिर्माणमा स्थानीय जनताबाट आर्थिक र भौतिक सहयोग रहने विश्वास व्यक्त गर्नुभयो ।

मन्दिर पुनःनिर्माण उपभोक्ता समितिका सदस्य **जीवनराज राजोपाध्याय**ले हनुमाघाटको इतिहास र महत्त्वबारे प्रष्ट पार्नुहुँदै लामो समयदेखि जीर्ण अवस्थामा रहेको लोकेश्वर महादेव पुनःनिर्माण हुनु सुखद पक्ष रहेको बताउनुभयो ।

कार्यक्रममा भनपा ७ का वडा सदस्य **हेरा ब्याजू** र उपभोक्ता समितिका अध्यक्ष **बुद्धिराम दुवाल**ले पनि मन्दिर पुनःनिर्माणमा स्थानीय जनताबाट सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो ।

### सहकारी संस्थाहरूले सहुलियत दरमा शैक्षिक ऋण उपलब्ध गराउन जरुरी




भक्तपुर नगरपालिकाको आयोजनामा नगर प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरभित्र रहेका सहकारी संस्थाअन्तर्गत लेखा समितिका पदाधिकारीहरूको भेला पुस २० गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख **प्रजापति**ले सहकारी संस्थाको लेखा समितिका पदाधिकारीहरू इमानदार हुनुमा संस्थाको दिगो हित हुने बताउनुहुँदै भक्तपुर नपाले आर्थिक पारदर्शिता र जनता केन्द्रित गतिविधि गरेकै कारण व्यापक जनताको हितमा काम गर्न सफल भएको हो भन्नुभयो ।

सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई सहुलियत दरमा शैक्षिक ऋण उपलब्ध गराई उच्च शिक्षा हासिल गर्ने अवसर दिए सिङ्गो देश र समाज शैक्षिक रूपमा अगाडि बढ्न टेवा पुग्ने बताउनुहुँदै उहाँले भक्तपुर नपाबाट उत्पादित मललाई प्राथमिकता दिनेतर्फ सहकारी संस्थाहरूको ध्यानाकर्षण गराउनुभयो । यसबाट देशलाई आत्मनिर्भर बनाउन पनि सहयोग पुग्नेमा उहाँले जोड दिनुभयो ।

बहुउद्देश्यीय सहकारी संस्थाहरूले ब्याजको लोभ देखाई सदस्यहरूको रकम लिएर भाग्ने क्रम बढेसँगै धेरै

जनता यस समस्याबाट पीडित बनिरहेको सन्दर्भ जोड्दै उहाँले भक्तपुर नपाले बहुउद्देश्यीय सहकारी सञ्चालनमा रोक लगाइराखेको र त्यस्तो संस्थामा जनतालाई रकम जम्मा नगर्न र सदस्य नबन्न सचेत पार्ने कार्य गर्दै आइरहेको बताउनुभयो ।



उहाँले आर्थिक अनियमितताका कारणले धेरै सङ्घ संस्था र व्यक्तिहरू बद्नाम भइरहेको हुँदा आर्थिक कारोबार गर्नेहरू सचेत हुनुपर्नेमा जोड दिनुहुँदै हाम्रो लगनशीलता र इमानदारीले हामीलाई पतनमा जाने हो कि अग्रपङ्क्तिमा जाने निश्चित गर्ने बताउनुभयो ।

त्यस्तै भनपा सहकारी समितिका संयोजक **हरिप्रसाद बासुकला**ले भक्तपुरका सहकारीहरू सहकारीको मूल्य मान्यताभित्र रही काम गरे कुनै पनि आर्थिक सङ्कट नआउने बताउनुहुँदै अनुत्पादक क्षेत्रमा लगानी नगर्न सहकारी संस्थाहरूलाई आग्रह गर्नुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका तर्फबाट प्रतिनिधि **जगन्नाथ प्रजापति**ले सहकारीका सञ्चालक र लेखा समितिका पदाधिकारीहरूले जिम्मेवारीपूर्वक काम गर्नुपर्नेमा जोड दिँदै लेखा समितिको नियमित बैठक नबस्दा सहकारी क्षेत्रमा समस्या निम्तिन सक्नेतर्फ सचेत पार्नुभयो ।

सहकारी समितिका सदस्य **हरिरत्न गोर्खाली** र **नारायणप्रसाद त्वानाबासु**ले सहकारी संस्थाको वर्तमान अवस्थाबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।

## आधारभूत सिलाइ, बुटिक, पाक शिक्षा र हेयर कटिङसम्बन्धी तालिम




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित आधारभूत सिलाइ, बुटिक, पाक शिक्षा र हेयर कटिङसम्बन्धी तालिमको संयुक्त रूपमा पुस २० गते उद्घाटन गर्नुभएको छ ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले नगरवासी जनतालाई सीपयुक्त बनाउन वर्षेनि विभिन्न सीपमूलक तालिम सञ्चालन गर्नुका साथै सांस्कृतिक बाजा प्रतियोगिता, सांस्कृतिक गुरु सम्मानलगायतका कार्यक्रमहरूलाई निरन्तरता दिँदै आएको बताउनुभयो ।

श्रमलाई माया र सम्मान गर्नुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले श्रमलाई माया गर्नेहरूलाई समाज र परिवारले पनि इज्जत दिन्छ भन्नुहुँदै सिक्न र सिकाउने कार्यलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले गरेको फरक शैलीको काम नै ख्वप मोडलको रूपमा परिचित भएको बताउनुहुँदै भक्तपुरलाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्न नगरपालिका तत्परताका साथ अगाडि बढिरहेको बताउनुभयो ।



भनपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद हयौँमिखा**ले आफूले सिकेको तालिमलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न जरुरी रहेको बताउनुहुँदै जनतालाई आत्मनिर्भर बनाउने उद्देश्यले यी तालिमहरू सञ्चालनमा ल्याएको बताउनुभयो ।

त्यस्तै कार्यपालिका सदस्य **रोशनमैंया सुवाल**ले तालिमका प्रशिक्षार्थीहरूलाई नियमित रूपमा सहभागी भई आफूले सिकेको सीप देश र समाजको निम्ति प्रयोग गर्न प्रेरित गर्नुभयो । तालिममा आवेदन दिएका सबैलाई तालिममा सहभागी गराएको बताउनुहुँदै उहाँले आफू तालिम प्राप्त गरी आत्मनिर्भर हुन्छु भन्ने भावनाले काम गर्न हौसला प्रदान गर्नुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य छोरीमैंया सुजखु र वडा सदस्य हेरा ख्याजुले पनि मन्तव्य राख्नुभएको थियो ।

## वडा नं. ६ मा स्वास्थ्य शिविर




भक्तपुर नगरपालिका वडा नं. ६ महिला स्वास्थ्य कार्यकर्ता परिचालन समितिको आयोजनामा दम रोग सम्बन्धी स्वास्थ्य शिविर भनपाका उप-प्रमुख  रजनी जोशीको प्रमुख आतिथ्यता पुस २१ गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख आतिथि **रजनी जोशी**ले भनपाले शैक्षिक क्षेत्रमा मात्र नभई स्वास्थ्य क्षेत्रमा पनि देशकै केन्द्र भक्तपुर नगरलाई बनाउनको लागि नगरपालिकाले सय शय्याको ख्वप अस्पताल निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याएको बताउनुभयो । नगरपालिकाले सम्पन्न र सञ्चालनमा ल्याएको ख्वप अस्पतालमा मानिसलाई लाग्ने सम्पूर्ण रोगहरूको उपचार गर्नको लागि नगरपालिका प्रयासरत रहेको वहाँले बताउनुभयो ।

सरकारले विश्वविद्यालय खोल्ने अनुमति नदिँदा नगरपालिकाले डाक्टरहरू उत्पादन गर्न नसकेको बताउनुहुँदै वहाँले भनपालाई विश्वविद्यालय दिई मेडिकल कलेज खोल्ने अनुमति आएको खण्डमा हाल इन्जिनियर र नर्सहरू तयार गरको जस्तै गरी कम शुल्कमा डक्टरहरू उत्पादन हुने बताउनुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले सभापतिको आशनबाट वडा र नगरपालिकाले निर्माण गर्दा स्थानीय स्रोत साधन र मानवसाधन प्रयोग गरेको र जनसहभागितामुलक विकास निर्माणले दिगो विकास हुने बताउनुभयो । नगरपालिकाले शिक्षा, स्वास्थ्य मात्र नभई सम्पदा  पुनः निर्माण क्षेत्रमा उल्लेखनीय काम गर्दै आएको वहाँले बताउनुभयो । नगरपालिकाले आर्थिक रूपमा कमजोरलाई शैक्षिक ऋण, अनुसन्धान गर्ने विद्यार्थीहरूलाई अनुदान, इतिहास, राजनीतिशास्त्र, संस्कृति, नेपाल भाषा अध्ययन गर्ने विद्यार्थीहरूलाई अनुदान दिँदै आएको चर्चा पनि गर्नुभयो ।

कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले नगरपालिकाले रोजगारी सिर्जना गर्न र विदेश जाने युवाहरूलाई सीप सिकाउनको लागि विभिन्न तालिमहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

ख्वप अस्पतालका डा. **बालकृष्ण चाँगुभारी**ले दम रोगका विषयमा आफ्नो मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा समाजसेवी **गोपीकृष्ण चाँगुभारी** र समितिकी सदस्य **सानु मैया बजिकों**ले पनि मन्तव्य राख्नुभएको थियो ।

## वडा नं. ५ मा श्वासप्रश्वाससम्बन्धी स्वास्थ्य शिविर



भक्तपुर नपा वडा नं ५ को आयोजनामा पुस २३ गते श्वासप्रश्वाससम्बन्धी एकदिने स्वास्थ्य शिविर सम्पन्न भयो । ६० वर्ष नाघेका वृद्धवृद्धाहरूको लागि लक्षित गरी भक्तपुर नगरपालिकाले विगत एक महिनादेखि वडास्तरीय शिविरको आयोजना गर्दै आएको हो । अत्यधिक जाडोको मौसममा उमेर पुगेका वडावासीहरूमा सामान्यतया श्वासप्रश्वासको रोग बल्झिने भएकोले नगरका दसै वडाका सम्पूर्ण वडावासीहरूको श्वासप्रश्वाससम्बन्धी समस्या पहिचान र त्यसको उपचारको लक्ष्य राखेर शिविरको आयोजना गरिएको हो ।

वडा नं ५ भगवतीस्थानस्थित वरदायणी आधारभूत विद्यालयमा भएको सो शिविरमा १३४ जनाले स्वास्थ्य परीक्षण गराएका थिए । ६० वर्षमुनिकाले पनि सो शिविरबाट स्वास्थ्य परीक्षण गराएका थिए । श्वासप्रश्वाससम्बन्धी समस्याबाहेक परीक्षणको क्रममा केही वडावासीहरूमा उच्च रक्तचाप देखिएकोले तत्काल शिविरबाटै उहाँहरूलाई ख्वप अस्पताल लगेर थप परीक्षण गराइएको थियो ।

शिविर सञ्चालन गर्नुपूर्व गरिएको छोटो परिचयात्मक कार्यक्रममा शिविरको उद्देश्यबारे प्रकाश पार्दै वडा नं ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छें**ले भक्तपुर

नगरपालिकाले नगरवासी जनताको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै प्रतिरोधात्मक शिविरको आयोजना गर्दै आएको जानकारी गराउनुभयो ।

शिविरका चिकित्सक टोलीका प्रमुख डा. **बालकृष्ण चाँगुभारी**ले दम र श्वासप्रश्वाससम्बन्धी रोगका लक्षण तथा त्यसको निराकरण र दैनिक जीवनमा यस रोगलाई लाग्न नदिन गर्नुपर्ने उपायको बारेमा सचेत गराउनुभयो ।

सो शिविरमा वडा ५ का सबै जनप्रतिनिधि र कर्मचारीहरू तथा स्वास्थ्य स्वयंसेवीहरूको सक्रिय सहभागिता थियो ।

## राष्ट्रपति कप रनिङ शिल्ड खेलकुदको खेलाडी छनोट




भक्तपुर नगरपालिकाको आयोजनामा २०७९ पुस ५ देखि ९ गतेसम्म भएको भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताका निर्णायकहरूलाई प्रशंसापत्र वितरण तथा राष्ट्रपति कप रनिङ शिल्प खेलकुद प्रतियेगिताको खेलाडी छनोटको उद्घाटन कार्यक्रम पुस २५ गते नगरपालिकाको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले टेक्वाण्डोका रेफ्री बलराम न्हिसुतुलाई खेल सामग्री हस्तान्तरण गर्दै प्रतियोगिताको उद्घाटन गर्नुभयो । कार्यक्रममा बोल्नुहुँदै उहाँले भक्तपुर शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरफाइलगायतको क्षेत्रमा नमुना बन्दै गइरहेकोमा खेलकुद क्षेत्रमा पनि नमुनाको रूपमा विकास गर्ने लक्ष्यअनुरूप अगाडि बढिरहेको बताउनुभयो ।

भक्तपुरलाई जीवन्त नगरको रूपमा विकास गर्ने उद्देश्यका साथ लागिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले खेलाडीहरूले पैसाको निम्ति नभई अनुशासन र प्रतिष्ठाको निम्ति खेल्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले पूर्णकालीन खेलकुद प्रशिक्षक नियुक्ति गरी विद्यालयहरूमा खेलकुद प्रशिक्षणलाई जोड दिँदै आएको



बताउनुहुँदै उहाँले भक्तपुरबाटै राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी, रेफ्री तयार गर्ने उद्देश्य नपाको रहेको र २०७९ फागुन ५ गते खोखो खेलको अन्तरनगर खेलकुद प्रतियोगिता आयोजना हुने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले २०७९ फागुन ५ गतेबाट हुने राष्ट्रपति रनिङ शिल्डको लागि भलिबल, कबड्डी, उसु, तेक्वान्डो, एथ्लेटिक्स र कराँते गरी ६ ओटा खेलमा खेलाडी छनोट हुने बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय भलिबल खेलका प्रशिक्षक **विनोदचरण राय**ले राष्ट्रपति रनिङ शिल्ड निकै महत्त्वपूर्ण प्रतियोगिता भएको बताउनुहुँदै खेलाडीहरूले राष्ट्र, स्वास्थ्य र खेलाडी स्वयम्को विकासको निम्ति खेल्नुपर्ने बताउनुभयो । भक्तपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष **दिपक थापा**ले भक्तपुर नपाले खेलकुदको विकासमा गरिरहेको प्रयास सराहनीय भएको बताउनुहुँदै अन्य स्थानीय तहले पनि भक्तपुरले जस्तै काम गर्न सकेको खण्डमा राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी उत्पादनमा टेवा पुग्ने बताउनुभयो ।



कार्यक्रममा भनपा ४ का वडाअध्यक्ष उपेन्द्र सुवाल, कार्यपालिका सदस्यद्वय सुनिता अवाल र भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले पनि मानव जीवनमा खेलकुदको महत्त्वबारे आफ्नो धारणा राख्नुभयो ।

सोही क्रममा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको आयोजनामा २०७९ पुस ५ देखि ९ गतेसम्म भएको भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताका निर्णायक र रेफ्रीहरूलाई प्रशंसापत्र वितरण वितरण गर्नुभयो ।

## खेलाडी छनोटको नतिजा

राष्ट्रपति कप रनिङ शिल्ड खेलकुद प्रतियोगिताको खेलाडी छनोटअन्तर्गत भएको कराँते प्रतियोगिता ४२ केजी छात्रतर्फ वागीश्वरी माविका युनिक धौंजु प्रथम र प्रभात माविका सिसेर सितिखु द्वितीय भएका छन् । त्यस्तै ४७ केजी छात्रतर्फ वागीश्वरी माविका बिमल कुमार थापा प्रथम, सेकरिड हार्टका अभिसेक लामा द्वितीय भएका छन् ।

५२ केजी छात्रतर्फ सेकरिड हार्टका विशाल तामाङ प्रथम र श्री पद्म माविका दिलिप शाही द्वितीय भएका छन् ।

४० केजी छात्रातर्फ रोम्बसका कृतिका राई प्रथम, वागीश्वरीका श्रीया शाही द्वितीय, श्रीपद्मका किरण पाण्डे र शारदा माविका करुणा तामाङ तृतीय भएका छन् ।

४५ केजी छात्रातर्फ ख्वप्रिङका सारिका राई प्रथम, सेकरिड हार्टका सोनिया सिलवाल द्वितीय भएको छ । ५० केजी छात्रतर्फ सेकरिड हार्टका सिमरन भुजु प्रथम र माउन्ट भ्यालीका न्हुज सुकुपायो द्वितीय भएका छन् ।

एथ्लेटिक्सतर्फ ८०० मि. छात्रतर्फ बासु माविका श्रीजन शाक्य, छात्रातर्फ जेसिज सेकेन्डरीका रोशिका गोठे, १५०० मि. छात्रतर्फ गणेश माविका विश्वराम कुँवर, छात्रातर्फ क्याश्रिन बासुकला, ३००० मि. छात्रतर्फ बासु माविका मनिर गौतम, छात्रातर्फ जेसिसका विनिशा सितिखु, ज्याभलिन थ्रो छात्रतर्फ जेसिसका अनुस हामो, छात्रातर्फ जेसिसजका जेसिका दुवाल छनोट भएका छन् ।

सटपुट छात्रतर्फ जेसिस सेकेन्डरी स्कूलका कृजल फैजु, छात्रातर्फ पृथुजा गोर्खाली, लङ जम्प छात्रतर्फ बासु माविका म्याथुलिसन सिंह, छात्रातर्फ जेसिस से. का जेसिका दुवाल, ट्रिपल जम्प छात्रतर्फ बासु माविका हरि श्रेष्ठ, छात्रातर्फ ख्वप उमाविका स्वागता खाइजु छनोट भएका छन् ।

त्यस्तै ४–१०० छात्रतर्फ ख्वप उमाविका सुनिल गोर्खाली, बासु माविका सुजन श्रेष्ठ, बासु माविका अनिस बिक र जेसिजका मन्जिल शिल्पकार छनोट भएका छन् भने छात्रातर्फ ख्वप उमाविका स्वागता खाइजु, जेसिज इ. स्कूलका ब्रितिसा शिल्पकार, मिनर्वा इ. स्कूलका समीक्षा श्रेष्ठ र जेसिस इ. स्कूलका शिल्भि नागा छनोट भएका छन् ।

४–४०० छात्रतर्फ बासु उमाविका श्रीजन शाक्य, जेसिस इ. स्कूलका सजल सैंजु, मिनर्वा इ. स्कूलका होइसर तामाङ र जेसिस इ. स्कूलका उत्कर्ष शाह केशरी छनोट भएका छन् ।

४–४०० छात्रातर्फ ख्वप उमाविका ऊर्जा मधिकर्मी, जेसिस इ. स्कूलका रोशिका गोठे, जेसिस इ. स्कूलका क्याश्रिन बासुकला र जेसिस इ. स्कूलका पृथुजा गोर्खाली छनोट भएका छन् ।

एथ्लेटिक्सतर्फ भएको १०० मि. छात्रमा ख्वप उमाविका सनिल गोर्खाली, छात्रातर्फ ख्वप उमाविकाका स्वागता खाइजु, २०० मि. छात्रतर्फ बासु माविका सुजन श्रेष्ठ, छात्रातर्फ जेसिस माविका ब्रिटिसा शिल्पकार, ४०० मि. छात्रतर्फ जेसिसका सुजल सैंजु र छात्रातर्फ जेसिसकै उर्जा मधिकर्मी छनोट भएका छन् ।

## स्वयम्सेविकाहरू सेवामुखी हुनुपर्ने



पुस २६ गते । भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले स्वयम्सेविकाहरू सेवामुखी हुनुपर्नेमा जोड दिनुहुँदै स्वयम्सेविकाहरू समाजका सामाजिक कार्यकर्ता भएको हुँदा गम्भीरतापूर्वक काम गर्नुपर्छ भन्नुभयो ।

भक्तपुर नपाले घरदैलो नर्सिङ कार्यक्रममार्फत गरेको नगरवासीहरूको स्वास्थ्यसम्बन्धी तथ्याङ्क सङ्कलनले नपालाई काम गर्न सजिलो भएको बताउनुहुँदै सोही तथ्याङ्कअनुसार नपाले यस वर्ष श्वासप्रश्वाससम्बन्धी शिविर १० ओटै वडामा सञ्चालन गरेको बताउनुभयो ।

उहाँले भक्तपुर नपाले दीर्घकालीन सोच लिएर काम गर्दै आइरहेको बताउनुहुँदै जनतासँगको सहकार्यले नगरपालिकालाई काम गर्न सहज भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले नगरप्रति सामाजिक उत्तरदायित्व बहन गर्ने सामाजिक कार्यकर्ताको रूपमा महिला स्वयम्सेविकाहरूले भूमिका खेलिरहेको चर्चा गर्नुहुँदै नगरवासीहरूसँग स्वयम्सेविकाहरूले सामाजिक दूतको रूपमा आफ्नो काम इमानदारीपूर्वक गर्न प्रेरित गर्नुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले नगरको स्वास्थ्य सुधार र प्रवर्द्धनमा उल्लेखनीय काम गर्दै आएका महिला स्वयम्सेविकाहरू धन्यवादका पात्र हुन् भन्नुभयो ।

महिला स्वास्थ्यस्वयम्सेविका तारादेवी धन्छाको सभापतित्वमा भएको उक्त कार्यक्रममा पेमा शिल्पकारले स्वागत मन्तव्य राख्नुभएको थियो ।

**हरिशंकर नारायण मन्दिर उद्घाटन**

## पारदर्शिता र इमानदारी नै जनविश्वास प्राप्तिको आधार




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पारदर्शिता र इमानदारी नै जन विश्वासको आधार हुने बताउनु भएको छ ।

भक्तपुर नगरपालिका वडा नं. ८ जेलामा पुनः निर्माण गरिएको हरिशंकर नारायण मन्दिरको माघ १ गते उद्घाटन गर्नुहुँदै उहाँले भक्तपुर नगरलाई वर्षैभरी जीवन्त राख्न नगरपालिकाले समय समयमा नियमित रूपमा सांस्कृतिक, खेलकूदलगायतका गतिविधिहरू गरिहेको बताउनुभयो ।

उहाँले सम्पदा संस्कृतिको संरक्षण विदेशीको सहयोग नलिई आफैले गर्नेतर्फ सबैले ध्यान दिनुपर्नेमा जोड दिनुहुँदै भन्नुभयो– अरूको सहयोगमा मात्रै काम गर्ने बानी परेमा हामी अल्छी हुन्छौं । सकेसम्म हरेक काम नगरपालिकाले जनताको सहयोग लिएर आफ्नै स्रोत र साधनको भरमा गर्ने कोसिस गरिरहेको छ ।

सांस्कृतिक सम्पदाहरू बचाइराख्न स्थानीय जनताको अमूल्य सहयोग प्राप्त भएको छ । जनप्रतिनिधि, स्थानीय जनता र कर्मचारीहरूको संयुक्त प्रयासले भक्तपुर उदाहरणीय बन्दै गएको छ–उहाँले भन्नुभयो ।

सहरी विकास तथा भवन विभागका प्रमुख **कोषनाथ अधिकारी**ले भक्तपुर नगरपालिकाको लागि पुनःनिर्माण प्राधिकरणबाट रु.५ करोड विनियोजन गर्ने भनिए पनि पछि रु.५० लाखमात्रै प्राप्तभएको बाट दुई ओटा योजना सञ्चालन गर्न सकेको जानकारी दिनुभयो ।

उहाँले भक्तपुरका दुई ओटा योजनाको लागि ७२ लाखको ल.ई. भएकोमा टेण्डर गर्दा भारती कन्स्ट्रक्सनले रु.४७ लाख २ हजारमा गर्ने बोल कबोल गरे बमोजिम एउटा योजना हरिशंकर मन्दिर पुनःनिर्माण सम्पन्न भएको बताउनुभयो ।

भनपा वडा नं.८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुको सभापतित्वमा भएको उक्त कार्यक्रममा पूर्व वडाध्यक्ष महेन्द्र खायमली, गणेजु दाफा भजनका नाइके कृष्णहरी गणेजु, नपा सम्पदा शाखाका प्रमुख रामगोविन्द श्रेष्ठ र नसस सुमित्रा बोहजुले सम्पदा निर्माण गर्नुका साथै त्यसको संरक्षण गर्नु साझा कर्तव्य भएको बताउनुभएको थियो ।

## अन्तर नगर खो खो प्रतियोगिताको लागि खेलाडी छनौट



भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवस (फागुन ८) को अवसरमा यही फागुन ५ गते देखि ९ गतेसम्म हुने अन्तर नगर खो खो खेलकुद प्रतियोगिताको लागि भक्तपुर नगरपालिकाको टिमका लागि खेलाडी छनौट माघ ६ गते सम्पन्न भएको छ ।

भक्तपुर नगरपालिकाको टिमबाट खेल्न इच्छुक खेलाडीहरूलाई नाम दर्ताको लागि यही पुष २५ गते 'मजदुर' दैनिकमा सार्वजनिक सूचना जारी गरेको थियो । सो सूचनाअनुसार ४९ जना खो खो खेलाडीहरूले नाम दर्ता गराएको भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले जानकारी दिनुभयो । राष्ट्रिय खो खो प्रशिक्षकहरू र भक्तपुर जिल्ला खो खो सङ्घका पदाधिकारीहरूको उपस्थितिमा खेलाडी छनौट प्रकृया भएको थियो ।

अन्तर नगर खो खो प्रतियोगितामा आयोजकको तर्फबाट भक्तपुर नगरपालिकाबाट दुई ओटा टिम सहभागी हुनको लागि ३० जना खेलाडीहरू छनौट गरिएको छ। छनौट भएका खेलाडीहरूलाई विशिष्ट प्रशिक्षकको निगरानीमा प्रशिक्षण पनि चाँडै सुरु गरिने जानकारी दिइएको छ।

## भनपाद्वारा प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको बिदाइ



भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरबाट सरुवा भई जानुहुने प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको बिदाइ कार्यक्रम माघ १० गते सम्पन्न भयो।

कार्यक्रममा बोल्नुहुँदै कार्यवाहक प्रमुख **रजनी जोशी**ले सरुवा भई जान लाग्नुभएका प्रजिअ शर्मा सकारात्मक सोच, सहज र सरल तरिकाले काम गर्ने कुशल प्रशासक भएको हुँदा फरक पहिचान बनाउन सफल भएको जानकारी दिनुहुँदै उहाँको भक्तपुर जिल्लाको १६ महिनाको कार्यकाल सफल एवं उपलब्धीमूलक रहेको बताउनुभयो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी **शर्मा**ले भक्तपुर नगर पुरातात्त्विक, सांस्कृतिक एवं ऐतिहासिक रहेको बताउनुहुँदै स्थानीय तहका जनप्रतिनिधि, कर्मचारीहरूको सहयोगका कारण कार्यकाल सहज ढङ्गले कर्तव्य निर्वाह गर्न सफल भएको बताउनुहुँदै काम गर्ने सिलसिलामा भक्तपुरबाट प्राप्त सिकाइ आगामी दिनमा उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले भक्तपुर नगरपालिका देशको अन्य स्थानीय तहहरूको लागि अनुकरणीय रहेको बताउनुहुँदै भक्तपुर नपा शिक्षा, स्वास्थ्य, विकास निर्माण, सम्पदा संरक्षण र सरसफाइलगायतका काममा अग्रणी रहेको विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा कार्यवाहक प्रमुख जोशीले प्रजिअ शर्मालाई भक्तपुरको प्रसिद्ध मयूरको झ्याल र सुर्के थैली तथा भनपाका प्रकाशनहरू मायाको चिनो प्रदान गर्नुभयो।

## मेयर कप तेक्वान्दो प्रतियोगितामा भक्तपुर नपा तृतीय




काठमाडौँ, माघ १४ गते। जैशिदेवल युथ क्लबको आयोजनामा भएको बागमती प्रदेशस्तरीय तेस्रो जुनियर आमन्त्रण मेयर कप तेक्वान्दो प्रतियोगितामा भक्तपुर नगरपालिकाले टिम इभेन्टस्तर्फ ६ ओटा पदक प्राप्त गरी तेस्रो स्थान प्राप्त गर्न सफल भएको छ।




प्रतियोगितामा महिलातर्फ २३-२६ के.जी. तौल समूहमा **जेनी जोशी** र ३२-३५ के.जी. तौल समूहमा **दिया**

**लाखाजु**ले प्रथम स्थान, २९-३२ के.जी. तौल समूहमा **रिद्धि ग्वाछा**ले तृतीय स्थान हासिल गरेका थिए भने पुरुषतर्फ २५-२८ के.जी. तौल समूहमा **शोबराज तामाङ**, ३४-३८ के.जी. तौल समूहमा **रिको ह्योम्बा** र ३८-४२ तौल समूहमा **नविन सेन्चुरी**ले तृतीय स्थान हासिल गरेका थिए ।

प्रतियोगितामा भक्तपुर नगरपालिकाको तर्फबाट १० जना महिला र १० जना पुरुष गरी २० जनाले सहभागिता जनाएका थिए । भक्तपुर नपाको टिम प्रशिक्षक अनिस खयरगोली र टिम व्यवस्थापक बलराम न्हिसुतु रहनुभएको थियो ।

## भक्तपुर नपाबाट अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा भक्तपुर नगरभित्र रहेका फलफुललगायत ६ ओटा पसलहरूमा पुस २८ गते अनुगमन व्यासीमा गरियो ।



अनुगमनमा सम्बन्धित पसलहरूलाई पसल समयमै नवीकरण गर्न, मूल्य सूची राख्न, बिनादर्ता सञ्चालन गरेकालाई तीन दिनभित्र दर्ता गर्न, ढक तराजु नवीकरण गर्न, सरसफाइमा ध्यान दिन, प्याकेजिङ सामानमा लेवल राखेरमात्र बिक्री वितरण गर्न निर्देशन दियो ।

त्यस क्रममा लेवल नभएको जुस, म्याद नाघेका विभिन्न सामानहरू जफत गरी नष्ट गरियो ।

## औषधि पसलहरूमा

भक्तपुर नपा अनुगमन समितिका सदस्य रोशनमैंया सुवालको नेतृत्वमा च्याम्हासिंहमा ५ ओटा औषधि पसलहरू माघ १० गते अनुगमन गरियो ।

अनुगमनमा पसलमा औषधि बिक्रीको लागि फार्मेसिष्ट वा औषधि व्यवस्था विभागबाट अनुमति नलिएकाहरू बसिराखेको र बिना दर्ता सञ्चालन भएको पाइएको छ ।

अनुगमनमा २०७१ सालदेखि नगरपालिकामा बिनादर्ता सञ्चालन गरेको पाइएकोले तीन दिन भित्र दर्ता



गरी नगरपालिकामा उपस्थित हुन र सम्बन्धितलाई सेवासुविधाको विवरण, मानसिक रोगीको औषधि बिक्री गर्दा तथ्याङ्क लगत राखीमात्र बिक्री वितरण गर्न र मूल्य सूची राख्न निर्देशन दियो ।

त्यस्तै, नवीकरणाबिना सञ्चालन भएका पसलहरूलाई नवीकरण गरी नगरपालिकामा तीन दिनभित्र उपस्थित हुन निर्देशन दियो ।

अनुगमनकोक्रममा फेला परेका म्याद नाघेका विभिन्न औषधिहरू जफत गरी नष्ट गरियो ।

त्यस्तै, अनुगमन समितिबाट माघ ११ गते त्रिपुरासुन्दरीका औषधि पसलहरू अनुगमन गरियो ।

अनुगमनमा नार्कोटिक औषधिहरू जथाभावी बिक्री गरेको पाइएको छ ।

अनुगमनमा एक पसलमा औषधि विभागको अनुमति पत्र नभएका व्यक्ति पसलमा बसिराखेकोले अनुमति पत्रबिना पसलमा नराख्न निर्देशन दिइयो भने लागु पदार्थको रूपमा प्रयोग हुने नार्कोटिक औषधि डाक्टरको प्रस्क्रिप्सनअनुसार मात्र दिन र त्यसरी जथाभावी नबेच्न तथा अर्को एक पसललाई नवीकरण गर्न निर्देशन दियो ।

अनुगमनको क्रममा फेला परेका म्याद नाघेका औषधि जफत गरी नष्ट गरियो ।

विभिन्न मितिमा भएको अनुगमन टोलीमा अनुगमन समितिका सदस्य श्यामकृष्ण खत्री, रिता फसिकवा, श्यानिटेशन उपशाखाका प्रमुख दिलिपकुमार सुवाल, वडानिरीक्षक रामकृष्ण प्रजापति, कर उपशाखाका मोहनदेवी ब्याञ्जू र न्हुज किजु, जिल्ला प्रशासन कार्यालय, भक्तपुरका यादवप्रसाद मिश्र, जिल्ला प्रहरी कार्यालयका प्र.स.नि. विनोद सुवाल, महानगरीय प्रहरी प्ररिसरका प्र.स.नि. भगउर हरिजन, प्र.ना.नि. राजु प्रसाई, प्र.ह. पदम पौडेल, प्र.ह. प्रदिप थापा, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी र मनोज थापा, भक्तपुर उद्योग बाणिज्य सङ्घका राजु त्वानाबासु, घरेलु तथा साना उद्योग सङ्घका लक्ष्मीप्रसाद बाटी, ख्वप अस्पतालका मनिष ज्याख्व रहेको थियो ।

# विविध समाचार

## भौतिक सम्पत्ति भन्दा नैतिकता मूल्यवान : प्रमुख प्रजापति



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ विभाग प्रथम वर्षका विद्यार्थीहरूले फोहोरमैला व्यवस्थापनबारे पुस १९ गते भक्तपुर नपाको अध्ययन अवलोकन भ्रमण गरेका छन् ।

उक्त अवसरमा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले स्वच्छ र सफा वातावरणमा बस्ने सबै नागरिकको आवश्यकता र चाहना भएको बताउनुहुँदै सहरी क्षेत्रमा फोहोर व्यवस्थापन झनै चुनौतीपूर्ण बन्दै गइरहेको बताउनुभयो ।

भौतिक सम्पत्ति भन्दा नैतिकता नै मूल्यवान भएको बताउनुहुँदै प्रमुख प्रजापतिले योग्य विद्यार्थीहरूले देश र समाजको निम्ति योगदान गर्ने हुँदा आफ्नो योग्यता र क्षमता अभिवृद्धि गर्नेतर्फ विद्यार्थीहरू अग्रसर हुनुपर्ने बताउनुभयो ।

उहाँले परीक्षा उत्तीर्ण गर्नको निम्ति मात्र अध्ययन गर्ने नभई नयाँ-नयाँ कुरा सिक्न र अनुभव गर्न गहनताका साथ अध्ययनमा जोड दिनुपर्ने बताउनुहुँदै आफ्नो कार्यक्षेत्रमा इमानदारीपूर्वक काम गर्न विद्यार्थीहरूलाई मार्गनिर्देश गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा स्यानिटेशन शाखा प्रमुख **दिलिपकुमार सुवाल** र वडा निरीक्षक **रामकृष्ण प्रजापति**ले फोहोर व्यवस्थापनमा भक्तपुर नपाले गरिरहेका प्रयासबारे आ-आफ्नो विचार राख्नुभयो । उहाँहरूले सफाइ गर्नु सबै नागरिकको साझा जिम्मेवारी भएको बताउनुहुँदै काठमाडौँ उपत्यका सफा, सुन्दर र स्वच्छ बनाउन सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न आग्रह गर्नुभयो ।

## बालबालिका भविष्यका कर्णधार हुन् : प्रमुख प्रजापति



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाबाट सञ्चालित शिशुस्याहार केन्द्रका शिक्षिका तथा आया दिदीहरूलाई पुस १९ गते मार्गनिर्देश गर्नुभएको छ ।

मार्गनिर्देशन कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले भक्तपुर नपालाई शैक्षिक केन्द्रको रूपमा विकास गर्ने उद्देश्यका साथ भक्तपुरको शैक्षिक क्षेत्रलाई उकास्न विविध कार्यक्रमहरू अगाडि सारिरहेको बताउनुभयो । भक्तपुर नपाले शिशुस्याहार केन्द्रदेखि विश्वविद्यालय स्थापना गर्ने सम्मको उद्देश्य राखेको र ख्वप विश्वविद्यालय स्थापना गर्न आवश्यक तयारीमा पनि जुटिरहेको उहाँले बताउनुभयो । सोही क्रममा उहाँले भन्नुभयो, बालबालिका भनेका भविष्यका कर्णधार हुन्, उनीहरूको स्याहारसुसारमा कुनै कमी हुन दिन नहुने बताउनुहुँदै शिशुस्याहार केन्द्रमा कार्यरत शिक्षिकाहरूलाई आफ्नो उच्च शिक्षाको अध्ययनलाई निरन्तरता दिन जोड दिनुभयो ।

उहाँले शिक्षिकाहरू सूचना र प्रविधिमा पोख्त भएर विद्यार्थीहरूलाई त्यहीअनुसारको गुणस्तरीय सेवा प्रदान गर्न उत्साहित गर्नुहुँदै केन्द्रमा कार्यरत शिक्षिका तथा कर्मचारीहरूले अनुशासनलाई प्राथमिकतामा राखी पारदर्शी ढङ्गले जनताको मन जित्ने हिसाबले काम गर्न मार्गनिर्देश गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले २०५६ सालदेखि सञ्चालित शिशुस्याहार केन्द्रले हालसम्म अनवरत रूपमा जनताको सेवा गर्दै आइरहेको बताउनुहुँदै अभिभावकको सुझावलाई गम्भीर ढङ्गले हेरी बालबालिकाको मनोभावना बुझेर काम गर्न प्रेरित गर्नुभयो ।

कार्यक्रममा शिशुस्याहार केन्द्रका इन्चार्ज **दिपेन्द्र प्रजापति**ले पनि बोल्नुभएको थियो ।

## नेमकिपाको तर्फबाट निर्वाचित सांसदहरूको सम्मान तथा बधाईज्ञापन




नेमकिपाको तर्फबाट निर्वाचित सांसदहरूको सम्मान तथा बधाईज्ञापन र वागीश्वरी परिवारको भेटघाट कार्यक्रम वागीश्वरी मा.वि./कलेजको आयोजनामा बल्थली माउन्टेन रिसोर्ट, काभ्रेमा पुस २३ गते सम्पन्न भयो।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ(रोहित)** ले २१ औँ शताब्दी समाजवादी व्यवस्थाको युग हुने बताउनुभयो। विचार र सिद्धान्त नछोडी निःस्वार्थरूपमा काम गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले पुँजीवादी व्यवस्थामा धनीहरू नाफाका लागि जे पनि गर्ने बताउनुभयो।

अनैतिक सत्ता गठबन्धन गर्ने एमाले, माओवादी नामअनुसार काम नगर्ने पार्टी भएको उहाँले स्पष्ट पार्नुभयो। धनीहरू गरिबका छोराछोरी पढ्ने त्रिभुवन विश्वविद्यालय ध्वस्त भएको चाहन्छन् भन्नुहुँदै उहाँले हाम्रो शिक्षा नीतिले बहुसङ्ख्यक जनताको हित हुने काम गर्नुपर्ने औँल्याउनुभयो।

वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कार्यक्रमको सभापतित्वको आशनबाट आत्मनिर्भरताले हामीलाई अघि बढ्न हौसला प्रदान गरेको बताउनुभयो। उहाँले एनजीओ र आइएनजीओले आफ्नो नियन्त्रणमा राख्न खोजेकोप्रति सतर्क बन्नुपर्ने बताउनुहुँदै वागीश्वरी परिवारले कहिल्यै अल्छी नमानेको स्पष्ट पार्नुभयो। उहाँले देशको निर्वाचन परिणामले जनता अझै सचेत नभएको सन्देश दिएको बताउनुभयो।

बाग्मती प्रदेशसभाका सदस्य **सुरेन्द्रराज गोसाईं**ले विद्यालयलाई नमुना बनाउन विद्यालयको पनि 'होल बडी चेक अप' गर्नुपर्ने बताउनुभयो। उहाँले शिक्षक – प्राध्यापकहरूले वार्षिकरूपमा पठन संस्कृतिको आत्ममूल्याङ्कन गर्नुपर्ने बताउनुभयो। खोज तथा अनुसन्धानमूलक कार्यका लागि शिक्षकहरू अघि बढ्नुपर्ने बताउनुहुँदै उहाँले नयाँ–नयाँ सोच र सृजनात्मक कार्यमा लाग्न प्रोत्साहित गर्नुपर्ने औँल्याउनुभयो।

उहाँले नेमकिपाको विचार र सिद्धान्तमा अडिग भई प्रदेश सभामा सङ्घर्ष गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

प्रदेशसभा सदस्य **गीता काफ्ले**ले नेमकिपाको घोषणापत्र, मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारा र पार्टीको निर्णयअनुसार काम गर्ने बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **रवीन्द्र ज्याख्व**ले विद्यालयको स्थापनाको इतिहास कसैले बिर्सन नहुने बताउनुहुँदै वागीश्वरी देशभरकै शैक्षिक गन्तव्यको रूपमा रहेको बताउनुभयो। अग्रजले पढाइसँगै राजनीतिक चेतना दिएको स्मरण गर्नुहुँदै उहाँले नयाँ पुस्तालाई पनि यसका बारेमा सन्देश दिनुपर्ने बताउनुभयो।

वागीश्वरी कलेजका संयोजक **ज्ञानसागर प्रजापति**ले वागीश्वरीका परिवारले इमानदारी साथ काम गरेकै कारण नमुना बन्न सफल भएको स्पष्ट पार्दै शब्दले भन्दा काम र व्यवहार नै यसको उपज भएको बताउनुभयो।

प्रमुख अतिथि र कलेज व्यवस्थापन समितिका अध्यक्षबाट नेमकिपाका तर्फबाट निर्वाचित प्रतिनिधिसभा र प्रदेशसभाका सदस्यहरूलाई सम्मान गरिएको उक्त कार्यक्रममा प्रधानाध्यापक **कृष्णप्रसाद धन्छा** र **कृष्णप्रसाद कर्माचार्य**ले पनि बोल्नुभएको थियो।

## खोपसम्बन्धी सूक्ष्म कार्ययोजनाबारे कार्यशाला गोष्ठी




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको आयोजनामा खोपसम्बन्धी सूक्ष्म कार्ययोजनाबारे कार्यशाला गोष्ठी भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा पुस २५ सम्पन्न भयो।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले कुनै पनि

बालबालिका खोपबाट बञ्चित नहोस् भन्ने उद्देश्यले खोप कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुनुपर्ने बताउनुभयो। सरकारबाट निःशुल्क रूपमा प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा नपाएर धेरै नागरिकहरूले अकालमा ज्यान गुमाउन परिरहेको यथार्थ प्रस्तुत गर्नुहुँदै उहाँले स्वास्थ्य संस्थाहरू व्यापक जनताको सेवाको निम्ति सञ्चालन हुनुपर्ने धारणा राख्नुभयो।

राज्य बलियो भए निजी संस्थाहरू स्वतः कमजोर हुँदै जाने बताउनुहुँदै उहाँले भक्तपुर नपाले राज्यलाई बलियो बनाउने उद्देश्यले १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको बताउनुभयो। भक्तपुर नपाले नगरभरि निःशुल्क रूपमा स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आएको अवगत गराउनुहुँदै सरकारी अस्पतालको स्तरोन्नतितर्फ सरकारको ध्यान जान जरुरी रहेको बताउनुभयो।

सोही क्रममा ख्वप अस्पतालका डा. **रत्नसुन्दर लासिवा**ले स्वास्थ्य संस्थाको कार्यक्षेत्रभित्रको आधारभूत जानकारी प्रस्तुत गर्नुहुँदै खोप कार्यक्रम सञ्चालन गर्नुको मुख्य उद्देश्यहरूमाथि प्रष्ट पार्नुभयो।

गोष्ठीमा जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख **कृष्णबहादुर मिजार**ले भक्तपुरमा हाल ८० प्रतिशत मात्र पूर्ण खोप लगाएको अवस्था रहेको बताउनुहुँदै शत प्रतिशत खोपको सुनिश्चितता हाम्रो योजना हो भन्नुभयो।

त्यस्तै जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका खोप अधिकृत **शान्तिराम खतिवडा**ले खोप कार्यक्रमको उपलब्धीहरूमाथि चर्चा गर्नुहुँदै खोपबाट बचाउन सकिने रोगहरूलाई शून्यमा पुऱ्याउने र सो कायम गर्ने योजना रहेको बताउनुभयो।

गोष्ठीमा ख्वप अस्पताल घरदैलो नर्सिङका इन्चार्ज **रचना सुवाल**ले पनि बोल्नुभएको थियो।

## नेमकिपा प्रतिपक्षमा

देशघाती एमसीसी सम्झौता र एसपीपी साझेदारी, नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खा भर्ती, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को सन्धि, नेपाललाई सिक्किमजस्तै बनाउने नागरिकता विधेयक खारेजीलगायत नेपाल मजदुर किसान पार्टीले राखेको देश र जनताको विषयमा सत्ता गठबन्धनका नेताहरू र माओवादीका प्रम पुष्पकमल दाहालले स्पष्ट नगरेको हुँदा नेमकिपाका सांसद प्रेम सुवालले पुस २६ गते भएको प्रमको विश्वासको प्रस्तावको विपक्षमा मत दिनुभयो।



सांसद सुवालले प्रम दाहालको विश्वासको प्रस्तावबारे बोल्नुहुँदै देशको सन्तुलित विकास र काठमाडौँ उपत्यकाको सांस्कृतिक पहिचान संरक्षण गर्न सङ्घीय राजधानी दाङ उपत्यकामा सार्नुपर्ने औँल्याउनुभयो।

विकास विस्थापन नभएको तर काठमाडौँ उपत्यकाका आदिवासी नेवारहरूको पहिचान हराउने र विस्थापित हुने उल्लेख गर्नुहुँदै सांसद सुवालले नगरपालिकाहरूलाई आ–आफ्नो पहिचान र संस्कृति संरक्षण गर्ने अदालत बाधक बनेको, सम्पन्न खस आर्य समूहले कामदार वर्गका खस आर्य तथा अन्य जातजातिलाई अवसर नदिएको तर्फ सत्ता गठबन्धन र प्रमको ध्यानाकर्षण गराउनुभयो।

प्रम दाहालको विश्वासको प्रस्तावमा मत विभाजन हुँदा नेमकिपाका प्रेम सुवाल र राजमोका चित्रबहादुर केसीले विपक्षमा मत दिनुभयो भने बाँकी दलहरूको २६८ मत पक्षमा गयो।

## "नेमकिपाले प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षको भूमिका खेल्ने छ" – प्रमुख प्रजापति



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले प्रतिनिधि सभाको सबभन्दा ठूलो दल नेपाली काङ्ग्रेसले माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई प्रधानमन्त्रीको लागि विश्वासको मत दिएको कारण कानूनी, व्यवहारिक र नैतिक रूपमा प्रतिपक्षको भूमिका खेल्न नसक्ने बताउनुहुँदै अब नेपाल मजदुर किसान पार्टीले प्रमुख प्रतिपक्षको भूमिका खेल्ने बताउनुभयो ।

सर्वसुलभ बचत तथा ऋण सहकारी संस्था लि. को आठौँ वार्षिक साधारणसभाको पुस २७ गते उद्घाटनमा आफ्नो विचार राख्नुहुँदै प्रमुख प्रजापतिले 'सङ्घीय संसद् पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक सम्बन्धी ऐन २०७३ ले मन्त्रिपरिषद्मा सहभागी तथा समर्थन गर्ने दलबाहेक' का दलमात्र प्रतिपक्षको भूमिकामा रहनसक्ने स्पष्ट पारेको हुँदा नेपाल मजदुर किसान पार्टी वैधानिक रूपमै प्रमुख प्रतिपक्ष हुने उल्लेख गर्नुभयो ।

देशघाती एमसीसी सम्झौता, एसपीपी साझेदारी, नागरिकता विधेयकलगायतको खारेजीको माग राख्दै आन्दोलन गर्दै आएको सन्दर्भमा नेमकिपाले त्यसका समर्थक माओवादी पार्टीका अध्यक्ष दाहालको विपक्षमा मत प्रदान गरेको हो, उहाँले भन्नुभयो ।

सत्ता र पदको लागि देशको स्वाभिमान बेच्न तयार शासक दलहरूले देशको हितमा काम नगर्ने प्रष्ट पार्नुहुँदै उहाँले पार्टी ठूलो र सानो सङ्ख्या नभई विचार र सिद्धान्त हो भन्नुभयो ।

जनतालाई सहज रूपमा सेवा उपलब्ध गराउन स्थापित सर्वसुलभ सहकारीले व्यापक जनताको हितमा काम गर्न कहिल्यै पछि हट्न नहुने बताउनुहुँदै उहाँले उपभोक्ताको हितमा आधारित संस्थालाई दिगो रूपमा विकास गर्न सदस्यहरूले आ–आफ्नो ठाउँबाट सक्दो योगदान गर्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले संस्थाको विकास र प्रगतिमा सदस्यहरूको साझा दायित्व र कर्तव्य हुने बताउनुहुँदै सदस्यहरूको अपनत्व भएको सहकारीले दीर्घकालीन सोचका साथ अगाडि बढे सफलता हासिल हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौँमिखा**ले सर्वसुलभ सहकारीले वस्तुहरू किनबेचभन्दा पनि जनतालाई सहज र सरल रूपमा सेवा उपलब्ध गराउनेतर्फ ध्यान दिन जरुरी रहेको बताउनुहुँदै नगरवासी जनताको समस्या र गुनासो सम्बोधन गर्ने प्रयास वडामार्फत भइरहेको अवगत गराउनुभयो ।

त्यस्तै संस्थाका सल्लाहकार **कृष्णभक्त लवजू**ले सर्वसुलभ सहकारी शाखा विस्तारको तयारीमा रहेको अवगत गराउनुहुँदै सामूहिक प्रयासबाट भएको कामबाट व्यापक जनताको हित हुनुपर्नेमा जोड दिनुभयो ।

त्यस्तै संस्थापक अध्यक्ष **कृष्णगोविन्द लाखा**ले सहकारी संस्थाले बचत र ऋण सङ्कलन र कारोबार भन्दा पनि उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रमका सभापति एवम् सर्वसुलभ सहकारीका अध्यक्ष लक्ष्मीप्रसाद लाखा, उपाध्यक्ष बद्रीप्रसाद माक, सिद्धि गणेश साकोसको तर्फबाट राजन लाखा, संस्थाका सल्लाहकार राजेन्द्र दुमरुलगायतले संस्थाको उद्देश्य र प्रगतिबारे आआफ्नो विचार राख्नुभयो ।

साधारणसभामा संस्थाका सचिव नारायणमान वनमालाले आ.व. २०७८।७९ को प्रगति प्रतिवेदन, कोषाध्यक्ष शिवराम साँदले आ.व. २०७८।७९ को आर्थिक प्रगति र आ.व. २०७९।८० को अनुमानित बजेट र लेखा सुपरीवेक्षण समितिको तर्फबाट शर्मिला लवजूले लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले संस्थाका ज्येष्ठ सदस्यहरूलाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो भने उत्कृष्ट १० जना सदस्यहरूलाई संरक्षित पुँजी फिर्ता कोष रकम वितरण गर्नुभएको थियो ।

## सांस्कृतिक सम्पदाहरूको भौतिकवादी व्याख्या आवश्यक




भक्तपुर स्थानीय पथ प्रदर्शक परिचालन समितिको आयोजनामा नेमकिपाबाट नवनिर्वाचित सांसद प्रेम सुवाललाई बधाईज्ञापन तथा स्थानीय पथ प्रदर्शकहरूलाई मार्गनिर्देशन एवम् परिचयपत्र वितरण कार्यक्रम पुस २९ गते एक कार्यक्रमबीच सम्पन्न भयो ।

कार्यक्रममा सांसद **सुवाल**ले पर्यटन क्षेत्र विश्वको भूगोल र संस्कृति अध्ययनसँग जोडिएको महत्त्वपूर्ण विषय भएको बताउनुहुँदै देशको राजनीतिक परिस्थितिले पर्यटन क्षेत्रमा ठूलो असर पर्ने बताउनुभयो ।

स्थानीय पथप्रदर्शकहरूले पर्यटकहरूलाई नयाँ ठाउँमा घुम्न मार्गनिर्देशकको रूपमा काम गरिरहेको बताउनुहुँदै सांसद सुवालले भक्तपुरको कला र संस्कृतिबारे पर्यटकहरूलाई गलत र मिथक सूचना पुग्नेतर्फ पथप्रदर्शकहरू सजग हुनुपर्ने बताउनुभयो ।

भारतले लामो समयदेखि गौतमबुद्ध भारतमा जन्मेको भनी गलत प्रचार गर्दै आएको बताउनुहुँदै भारतले पर्यटन क्षेत्रको माध्यमबाट नेपाललाई आफ्नो अधिनमा राख्न खोजिरहेको र भारत नेपाललाई उसको एउटा प्रान्तको रूपमा विश्वमा देखाउन चाहेको प्रष्ट पार्नुभयो ।

उहाँले भक्तपुरको सांस्कृतिक सम्पदाको भौतिकवादी व्याख्या आवश्यक भएको बताउनुहुँदै नेपाल पर्यटनको राम्रो सम्भावना भएको देश हो र यसको प्रवर्द्धनमा सरकारले पहल गर्नुपर्ने बताउनुभयो ।

उच्च शिक्षा अध्ययनलाई जोड दिनुपर्ने बताउनुहुँदै उहाँले पथप्रदर्शकलाई आवश्यक तालिम उपलब्ध गराउन समितिले आवश्यक भूमिका खेल्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले इमानदारी, अनुशासन र असल व्यवहारबाट पर्यटक पथप्रदर्शकहरूले भक्तपुर घुम्न आउने पर्यटहरूमा सकारात्मक सन्देश प्रवाह गर्न मार्गनिर्देश गर्नुहुँदै पर्यटकहरूको निगरानी र सुरक्षाको विषयमा आधुनिक प्रविधि प्रयोगमा जोड दिनुपर्ने बताउनुभयो ।

वर्तमान राजनीतिक घटनाक्रमबारे विश्लेषण गर्नुहुँदै प्रमुख प्रजापतिले सत्तापक्षलाई स्वेच्छाचारी हुनबाट रोक्ने काम प्रमुख प्रतिपक्ष हो र अब नेपाल मजदुर किसान पार्टी वैधानिक रूपमा संसदको प्रमुख प्रतिपक्ष हुने विचार उल्लेख गर्नुभयो ।

उहाँले राजनीतिबाट कोही पनि अछुतो रहन नसक्ने बताउनुहुँदै सत्ताको लोभ गर्ने राजनीति दलले सिद्धान्तअनुसारको काम नगर्ने र अवसरवादी चरित्रको हुने बताउनुभयो ।



कार्यक्रमका सभापति एवम् भक्तपुर स्थानीय पथ प्रदर्शक परिचालन समितिका संयोजक **गौतमप्रसाद लासिव**ले नवनिर्वाचित सांसद सुवाललाई खादा र पुष्पगुच्छाले बधाईज्ञापन गर्नुहुँदै भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउन स्थानीय पथप्रदर्शकहरूको उल्लेखनीय भूमिका भएको बताउनुभयो ।

कार्यक्रममा पर्यटक प्रहरीका निरीक्षक चन्द्रकिशोर साह, भक्तपुर पर्यटन बोर्डका सचिव रबिन्द्र श्रेष्ठ, स्थानीय पथ प्रदर्शक रामेश्वर न्यौपाने, बीटीडीसीका अध्यक्ष रामसुन्दर भेले र समिति सदस्य दिपेशराज शर्माले पनि बोल्नुभएको थियो ।

सोही कार्यक्रममा प्रमुख अतिथि सुवालले स्थानीय पथ प्रदर्शकहरूलाई परिचयपत्र वितरण तथा विशेष अतिथि प्रजापतिले भादगाउँले टोपी लगाइदिनु भएको थियो ।

## व्यक्तिगत स्वार्थ त्यागी समर्पणको भावनाले जनताको सेवामा लाग्नेहरूमा निराशापन नआउने : अध्यक्ष रोहित



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालय, ख्वप कलेज, शारदा क्याम्पस र ख्वप कलेज अफ लमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको वार्षिक भेटघाट कार्यक्रम पुस ३० गते काठमाडौँमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले नेमकिपा समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत रहेको र भनपाका जनप्रतिनिधिहरूले पनि समाजवादी विचारधाराअनुसार कार्य गरिरहेकाले भक्तपुर नगरपालिका आज सबै स्थानीय निकायको लागि चासोको विषय बनिरहेको छ भन्नुभयो ।

उत्पादनका मुख्यमुख्य साधन र स्रोत सामाजिकीकरण, शिक्षा–स्वास्थ्य निःशुल्क, योग्यताअनुसारको



काम र कामअनुसारको ज्यालाको बन्दोवस्त नै समाजवादी व्यवस्थाका प्रमुख विशेषताहरू भएको उहाँले उल्लेख गर्नुभयो। भनपाले सर्तसहितको विदेशी सहयोग अस्वीकार गरी जनभावनाअनुसार कार्य गरिरहेको सराहनीय कदम भएको अध्यक्ष रोहितले बताउनुभयो।

नेमकिपाले नि:स्वार्थरूपमा देश र जनताको सेवा गर्ने लक्ष्यसहित कार्यकर्ताहरूलाई प्रशिक्षित गरेकै कारण भक्तपुर अरू जिल्लाभन्दा शिक्षा, स्वास्थ्य, विकास निर्माण र सम्पदा संरक्षणमा छुट्टै पहिचान बोक्न सफल भएको अध्यक्ष रोहितले स्पष्ट पार्नुभयो।

उहाँले भन्नुभयो, 'नेमकिपाले पहिलो चरणमा किसान आन्दोलनलाई अगाडि बढायो, दोस्रो चरणमा सरसफाइ आन्दोलनलाई अगाडि बढायो र अहिले शिक्षा–स्वास्थ्यमा जोड दिई जनतालाई राजनीतिकरूपमा सचेत र सङ्गठित गर्ने अभियानमा प्रतिबद्ध भई लागिपरेको छ।'

राजनीतिक बेथिति र विकृतिको समाधान राजनीतिक आन्दोलन नै भएको स्पष्ट पार्नुहुँदै अध्यक्ष रोहितले सशस्त्र सङ्घर्षले मात्र समाजमा आमूल परिवर्तन सम्भव भएको बताउनुभयो।

बेलायती पुँजीवादी क्रान्ति, अमेरिकी स्वतन्त्रता आन्दोलन, फ्रान्सेली राज्य क्रान्ति, अक्टोबर समाजवादी क्रान्ति, चीनको किसान आन्दोलन र भियतनामविरूद्ध संरा अमेरिकी युद्धबारे पार्टी कार्यकर्ताहरूलाई प्रशिक्षित गरेकै कारण नेमकिपाका कार्यकर्ताहरूमा निराशापन नआएको स्पष्ट पार्नुहुँदै अध्यक्ष रोहितले व्यक्तिगत स्वार्थ त्यागी समर्पणको भावनाले जनताको सेवामा लाग्नेहरूमा निराशापन आउनेछैन भन्नुभयो।

संसदीय प्रणालीको सुन्दरता भनेको नै प्रतिपक्षीय व्यवस्था हो भन्नुहुँदै उहाँले सत्ता स्वार्थको निम्ति नेपाली काङ्ग्रेसले 'प्रचण्ड'को सरकारलाई विश्वासको मत दिनु दुर्भाग्यपूर्ण छ भन्नुभयो।

अन्तर्राष्ट्रिय राजनीतिबारे चर्चा गर्नुहुँदै अध्यक्ष रोहितले बीचमा कुनै बाधा व्यवधान नआएमा सन् २०३० सम्ममा चीन विश्वको सबभन्दा ठूलो अर्थतन्त्रको देश हुने निश्चित भएकोले त्यसलाई रोक्न संरा अमेरिकाले चीनविरूद्ध विभिन्न बाधा व्यवधान खडा गर्ने दुस्प्रयास गरिरहेको छ भन्नुभयो।

संरा अमेरिकाले युद्धको बाटो लिन खोजे पनि चीन वार्ताको माध्यमबाट विश्वमा शान्ति स्थापना गर्न हरदम प्रयासरत रहेको अध्यक्ष बिजुक्छेँले बताउनुभयो।

नेमकिपाका सचिव एवं प्रतिनिधिसभा सदस्य **प्रेम सुवाल**ले शासक पार्टीका सांसदहरू भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद पक्षपोषक भएकै कारण तिनीहरूले भारतीय विस्तारवादको विरोधमा बोल्न नसकिरहेका हुन् भन्नुभयो।

उहाँले भन्नुभयो, 'देशको सार्वभौमसत्ता र भूअखण्डताको रक्षा एवं कामदार जनताको पक्षमा नेमकिपाले संसद् र सडकमा सङ्घर्ष गर्दै आएको र गर्दै जानेछ।'

'सङ्घीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन २०७३' को दफा २(ङ)(४) मा प्रतिनिधिसभामा प्रधानमन्त्रीलाई विश्वासको मत नदिने दस प्रतिशत वा सोभन्दा बढी सदस्य भएको दल नभएमा सभामुखले प्रमुख प्रतिपक्षी दल तोकिदिने व्यवस्था भएकोले प्रधानमन्त्रीलाई विश्वासको मत नदिने नेपाल मजदुर किसान पार्टी नै प्रमुख प्रतिपक्षी दल भएको सांसद सुवालले उल्लेख गर्नुभयो।

संसदीय व्यवस्थामा बहुमत प्राप्त दलले शासन सञ्चालन गर्ने हुँदा संसद्मा कुनै दलको बहुमत नआएसम्म निर्वाचन गरिरहनुपर्ने धारणा सांसद सुवालले राख्नुभयो।

उहाँले भन्नुभयो, 'कानुन बनाउने थलो संसद्मा कानुनको पालना नभए देशमा अराजकता कायम हुने भएकोले कानुन भनेको सबैलाई समानरूपमा लागू हुनुपर्छ।'

नेपाल मजदुर किसान पार्टीले खाद्यान्नमा आत्मनिर्भर बनाउन, माध्यमिक तहको शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गर्ने, स्वदेशमा रोजगारी दिने, स्वास्थ्य उपचार नि:शुल्क गर्ने, नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खा भर्ती, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को सन्धि, अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता, अमेरिकी सेनाले नेपाली सेनाको ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारी, नेपाललाई सिक्किमजस्तै बनाउने नागरिकता विधेयक खारेज गर्नुपर्नेलगायत विषय संसद्‌ा उठाए पनि सत्ता गठबन्धनले सम्बोधन नगरेको हुँदा प्रधानमन्त्रीलाई विश्वासको मत नदिएको सांसद सुवालले उल्लेख गर्नुभयो।

भनपाद्वारा सञ्चालित कलेजहरूका सञ्चालक समितिका अध्यक्ष, भक्तपुर नगरपालिकाका प्रमुख एवं कार्यक्रमका सभापति **सुनिल प्रजापति**ले कम शुल्कमा गुणस्तरीय शिक्षा दिने उद्देश्यले भनपाले शैक्षिक संस्थानहरू सञ्चालन गरिरहेको बताउनुभयो।

शासक पार्टीका गलत नेतृत्वका कारण शैक्षिक संस्थामा अनियमितता, भ्रष्टाचार, बेथिति बढेकोले कैयौँ विद्यार्थीहरू विदेसिन विवश भएको हुँदा विद्यार्थीलाई आत्मनिर्भर एवं देशभक्तिको भावना दिनु अहिलेको आवश्यकता भएको उहाँले बताउनुभयो।

नेमकिपाको निर्वाचन घोषणापत्रअनुसार भनपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइमा विशेष जोड दिई विकास निर्माणमा स्थानीय स्रोत र साधन परिचालन गरी उपभोक्ता समितिमार्फत कार्य गरिरहेको प्रमुख प्रजापतिले स्पष्ट पार्नुभयो ।

'सरकारबाट जस्तोसुकै बाधा–व्यवधान खडा गर्न खोजे पनि भक्तपुर नगरपालिकाले समाजवादी विचारधारालाई आत्मसात गरी देश र जनताको सेवामा जनप्रतिनिधिहरू इमानदारीपूर्वक लागिरहने छन्', उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं काठमाडौँ जिल्ला अध्यक्ष **नारायण महर्जन**ले भनपाबाट सञ्चालित कलेजहरूले सस्तो र गुणस्तरीय सेवा दिई गौरव गर्न लायकको काम गरिरहेका छन् भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले ख्वप सर्कलमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको सेवा निरन्तरता सफलताको पर्याय भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'सफलता भनेको निरन्तरताको प्रयास हो, जुझारूपनको परिणाम हो ।'

सरकारको असफलताका तस्बिरहरू प्रत्येक दिन पत्रपत्रिकाका समाचारले चित्रण गरिरहेको चर्चा गर्नुहुँदै केन्द्रीय सदस्य गोसाईंले देशको विकृति, बेथितिविरुद्ध शिक्षक–प्राध्यापकहरूले कलेजको कक्षा कोठालाई मञ्चको रूपमा उपयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पार्टीका अर्का केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभाका सदस्य **सृजना सैंजू**ले ख्वपका शिक्षक तथा कर्मचारीहरूको निःस्वार्थ, इमानदारी र लगनशीलताकै कारण ख्वप सर्कलका कलेजहरू गौरव गर्नलायक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'शिक्षक, प्राध्यापक देशको बौद्धिक वर्ग हो । सही र गलत मूल्याङ्कन गरी जनतालाई सचेत पार्ने, जानकार बनाउने कर्तव्य बुद्धिजीवीहरूको हो ।'

स्वायत्तता र विकेन्द्रीकरणलाई जोड दिइएको खण्डमा सङ्घीयता आवश्यक नहुने धारणा राख्नुहुँदै उहाँले नेमकिपाका सभासद्हरूले प्रखर प्रतिपक्षको रूपमा जनताको आवाजलाई प्रदेशसभामा उठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नेमकिपाको तर्फबाट बागमती प्रदेशसभाका सदस्य **गीता काफ्ले**ले नेमकिपाको सिद्धान्त र विचारलाई आत्मसात गर्दै प्रदेशसभालाई सदुपयोग गर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले निर्वाचन घोषणापत्रलाई अक्षरशः पालना गरी भनपाका जनप्रतिनिधिहरूले कार्य गर्दै आएका छन् भन्नुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य **रूपक जोशी**, ख्वप माविका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ** र शिक्षक **कमिनिका न्याइच्याई**ले पनि बोल्नुभएको थियो ।इदिनुभएको थियो ।

## जिल्ला बक्सिङ सङ्घबाट बधाई ज्ञापन




भक्तपुर जिल्ला बक्सिङ सङ्घको आयोजनामा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन २०७९ मा निर्वाचितहरूलाई बधाई ज्ञापन तथा वनभोज कार्यक्रम नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा च्वङागणेश सल्लाघारीमा एक समारोह बीच पुस ३० गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि **प्रेम सुवाल**ले खेलकुद स्वास्थ्य, अनुशासन, मित्रताका साथै सार्वभौमिकताको लागि हो भन्नुभयो । उहाँले देशमा सार्वभौमिकता माथि थिचोमिचो बढिरहेको बताउनुहुँदै संसदीय व्यवस्थापमा प्रमुख प्रतिपक्षविहीन हुने गरी नेकाले 'प्रचण्ड'लाई प्र.म. बनाबाट अराजकता फैलिने बताउनुभयो ।

उहाँले संविधानअनुसार अब प्रमुख प्रतिपक्ष नेपाल मजदुर किसान पार्टी भएको बताउनुहुँदै सभाध्यक्ष वा सभामुखले नेमकिपालाई प्रमुख प्रतिपक्ष घोषणा गर्नुपर्ने माग गर्नुभयो ।

उहाँले अहिलेको अर्थतन्त्रले कर्मचारीहरूलाई तलब खुवाउन पनि नपुग्ने बताउनुहुँदै बहुराष्ट्र कम्पनीको सस्तो ज्यामी बनाउन विदेश पठाउने नीतिले दैनिक ६/७ ओटा लास भित्रिरहेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् प्रदेश सभासद् **सुरेन्द्रराज गोसाईं**ले निर्वाचनमा आफ्नो अमूल्य मत दिएर सहयोग गरेकोमा धन्यवाद व्यक्त गर्नुहुँदै देशमा शासक दलहरूको अकर्मण्यताका कारण देश जोगाउन गाह्रो हुने अवस्था आएकोले खेलाडीहरू र युवाहरूको एकता कायम भएमात्र देश जोगाउन सक्ने बताउनुभयो ।

उहाँले युवाहरूलाई तहस नहस पार्ने पूँजीवादीहरूको घृणित हतियार लागुपदार्थ, वेश्यावृत्ति र जुवातासविरुद्ध युवाहरूलाई अनुशासित, लगनशील, धैर्यवान र शोषितपिडित वर्गको पक्षमा सङ्घर्षशील गराउनु आजको आवश्यकता भएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका प्रदेश सभासद् **सृजना सैजू**ले देशको राजनीति सबैसँग जोडिने भएकोले खेलकुद पनि अछुतो रहन नसक्ने बताउनुभयो । उहाँले देशको परिस्थिति र शासक दलहरूको कारण प्रजातन्त्र सङ्कटमा परेको बताउनुहुँदै शासक दलहरूले गाईजात्रा देखाइरहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल बक्सिङ सङ्घका आजीवन अध्यक्ष **विष्णुगोपाल श्रेष्ठ**ले नेपाल मजदुर किसान पार्टी विचारबाट देश विकास हुने बताउनुहुँदै विकृति विसङ्गति हटाउन सके खेलकुद विकास हुने बताउनुभयो ।

भक्तपुर जिल्ला बक्सिङ सङ्घका अध्यक्ष रामकृष्ण प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल बक्सिङ सङ्घका राम अवाले, लक्ष्मीप्रसाद दुवाल र साजन लघुले पनि बोल्नुभएको थियो ।

## नगरव्यापी खुला कसिमला पाँय्



भक्तपुर नपा वडा नं ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वको प्रमुख आतिथ्यमा गुरु गणेश बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा खुला भक्तपुर नगरव्यापी खुला कसिमला पाँय् प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रम पुस २७ गते सम्पन्न भयो ।

प्रमुख अतिथि **रबिन्द्र ज्याख्व**ले लोप हुन लागेको परम्परागत कसिमला पाँय् हाम्रो पहिचानसहितको खेल भएकोले त्यसलाई बचाउन ९२ ओटा विद्यालयका शिक्षकहरूलाई प्रशिक्षण र नियम बनाई पाठ्यक्रममा राखेर नगरपालिकाले प्रत्येक वर्ष प्रतियोगिताहरू गर्दै जाँदा नयाँ पुस्तामा हस्तातरण भएको बताउनुभयो । उहाँले नयाँ पुस्ता भर्चुयल संसारमा रमाउँदा मानसिक रोग र आत्महत्याहरू बढिरहेकोले नयाँ पुस्तालाई समाजसँग घुलमिल गराउन वा बाहिर निकाल्न यो खेलले टेवा पुऱ्याउने बताउनुभयो ।

उहाँले पैसाको लागि जे पनि गर्ने पुँजीवादी सोच भएको बताउनुहुँदै नैतिक शिक्षाको अभावमा नयाँ पुस्ता विकृति र विसङ्गतितर्फ गइरहेको बताउनुभयो ।

कार्यक्रममा संस्थाका सल्लाहकार **रामकृष्ण प्रजापति**ले खेलकुद स्वास्थ्यको लागि भएको बताउनुहुँदै कसिमला पाँय् खेल परम्परागत खेल भएकोले भक्तपुर नगरपालिकाको पर्यटकीय गन्तव्य बनाउने सोचलाई टेवा पुऱ्याउन सक्ने बताउनुभयो ।

युवा तथा खेलकुद समितिका संयोजक सिद्धान्त प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा अध्यक्ष कृष्णराम कासिछ्वा, उपाध्यक्ष श्रीप्रसाद प्रजापति, सचिव सत्यराम ज्ञामरु र रेफ्रि राजेन्द्र प्रजापतिले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि रबिन्द्र ज्याख्वले प्रतियोगितामा प्रथम हुने लक्ष्मीभक्त कोजूलाई मेडल, प्रमाण पत्र र नगद पुरस्कार रु.२५००।-, द्वितीय हुने राजाराम प्रजापतिलाई मेडल, प्रमाण पत्र र नगद पुरस्कार रु.१५००।- र तृतीय हुने कृष्णगोपाल प्रजापतिलाई मेडल, प्रमाण पत्र र नगद पुरस्कार रु.१०००।- हस्तातरण गरी सम्मान गर्नुभयो ।

## लोकेश्वर साकोसमा ब्याडमिन्टन प्रतियोगिता



लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.को १८ औं स्थापना दिवसको अवसरमा युवा तथा अतिरिक्त क्रियाकलाप उप-समितिको आयोजनामा अन्तर सदस्यीय पुरुष एकल ब्याडमिन्टन प्रतियोगिता भयो ।

प्रतियोगिताको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि भक्तपुर नपा साविक १५ वडाका पूर्व वडा अध्यक्ष **रविन्द्र खर्बुजा**ले युवाहरू खेलकुद र शिक्षामा आवद्ध गराउन सके सभ्य समाजको निर्माण हुने र स्वस्थ रहन कुनै न कुनै खेलमा लाग्नुपर्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष **राजन जति**ले सहकारीहरू समुदायमा आधारित रहेर वित्तिय कारोबारसँगै अतिरिक्त क्रियाकलापहरू पनि गर्दै लैजानुपर्ने बताउनुभयो ।

युवा तथा अतिरिक्त क्रियाकलाप उपसमितिका संयोजक राजु छुकांको सभापतित्वमा भएको उद्घाटन कार्यक्रममा सदस्य इन्द्रभक्त पंचले पनि बोल्नु भएको थियो ।

## महेश्वरी बचतको वार्षिक साधारणसभा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा वडा नं. ७ वाचुत्वस्थित महेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. को १५ औँ वार्षिक साधारणसभाको पुस ३० गते पानसमा दीप प्रज्जवलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र, पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्यका साथ नगरपालिका अगाडि बढिरहेको बताउनुहुँदै सहकारीको माध्यमबाट भक्तपुरको पहिचान कायम हुँदै आएको बताउनुभयो ।

भक्तपुरलाई सफा, सुन्दर र संसारकै हेर्नलायक सहरको रूपमा विकास गर्न नगरवासीहरूको योगदान आवश्यक भएको बताउनुहुँदै उहाँले नमुना नगरका नागरिकहरू सभ्य र सुसंस्कृत हुन आवश्यक भएको बताउनुभयो ।

उहाँले विदेशी सहयोगबाट हुने विकास निर्माणमा स्थानीय जनताको अपनत्व नरहने चर्चा गर्नुहुँदै भक्तपुरको विकासबारे देशका विभिन्न नपाका जनप्रतिनिधिहरूसँग अनुभव आदानप्रदानको सिलसिला चालु रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा ७ का वडाध्यक्ष **उकेश कवां**ले सहकारी संस्थाहरूले सामाजिक विकासमा गरिरहेको काम उल्लेखनीय भएको बताउनुहुँदै वडाको विकास निर्माण र सरसफाइलगायतको कार्यमा सहकारी संस्थाहरूले निरन्तर सहयोग गर्दै जानुपर्ने बताउनुभयो ।

त्यस्तै पूर्ववडाध्यक्ष **कृष्णगोविन्द खाइजु**ले जनतालाई ठग्ने सहकारी संस्थाको बिगबिगी बढेसँगै सदस्यहरूमा त्रास पैदा भएको बताउनुहुँदै समुदायमा आधारित सहकारी संस्थाले मात्र सदस्यहरूको हकहितमा काम गर्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बचत सङ्घका अध्यक्ष **कृष्णगोविन्द लाखा**ले साधारणसभाको महत्त्वबारे प्रस्ट पार्नुहुँदै समुदायमा आधारित सहकारी संस्थामा मात्र रकम जम्मा गर्न सदस्यहरूलाई सचेत पार्नुपर्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष विवेक कुस्माको सभापतित्वमा भएको उक्त कार्यक्रममा सिद्धि गणेश साकोसका सचिव विष्णुप्रसाद दुमरु, कोषाध्यक्ष राजुराम ख्याजुलगायतले पनि बोल्नुभएको थियो ।

## पोखरामा विमान दुर्घटना



काठमाडौँबाट ६८ जना यात्रु र चालक दलका चार जना सदस्यसहित ७२ जना लिएर पोखराका लागि माघ १ गते बिहान उडेको यती एयरलाइन्सको ९एन एएनसी एटीआर ७२ जहाज पोखरामा दुर्घटना भयो ।

अवतरण गर्ने क्रममा पुरानो एअरपोर्ट र नयाँ एअरपोर्टको बीचमा रहेको सेतीको खोंचमा दुर्घटनामा परेको थियो ।

आन्तरिक उडानको यस दुर्घटनामा सबैभन्दा ठूलो मानवीय क्षति भएको छ ।

एक तथ्याङ्कअनुसार सन् १९४६ देखि हालसम्म नेपालमा १०८ ओटा साना ठूला हवाई दुर्घटना भएको छ ।

### नेपालमा विमान दुघर्टना र मृत्यु

– सन् १९४६ मे ७, रोयल फोर्स एयर, मानवीय क्षति भएन ।

- सन् १९५५, कालिंगा एयरको विमान सिमरा विमानथलमा, २ जना ।
- सन् १९५६, इण्डियन एयरलाइन्सको विमान काठमाडौँमा, १४ जना ।
- सन् १९५७, इन्डियन एयरलाइन्स पाट्नेभञ्ज्याङ, टीकारभैरवमा, २० जना ।
- सन् १९५८, इण्डियन एयरलाइन्सको विमान टिकाभैरवमा, २० जना ।
- सन् १९६०, नेपाल वायुसेवा निगमको विमान भैरहवामा, ४ जना ।
- सन् १९६२, नेपाल वायुसेवा निगमको विमान ढोरपाटनमा, १० जना ।
- सन् १९६२, नेपाल वायुसेवा निगमको विमान ढोरपाटनमै, ६ जना ।
- सन् १९६९, नेपाल एयरलाइन्सको विमान बतासेडाँडामा, ३५ जना ।
- सन् १९७०, नेपाल एयरलाइन्सको विमान दिल्लीमा, १ जना ।
- सन् १९७०, रोयल लाईट जोमसोममा, १ जना ।
- सन् १९७२, रोयल लाईट धुलिखेलमा, ३१ जना ।
- सन् १९७५, नेपाल एयरलाइन्सको विमान काठमाडौँमा, ५ जना ।
- सन् १९७६, नेपाल एयरलाइन्सको विमान मेघौलीमा, ६ जना ।
- सन् १९७९, भिभिआइपी लाङटाङमा, ६ जना ।
- सन् १९८१, नेपाल एयरलाइन्सको विमान विराटनगरमा, १० जना ।
- सन् १९८४, नेपाल एयरलाइन्सको विमान भोजपुरमा, १५ जना ।
- सन् १९८५, नेपाल आम सवार विमान, २५ जना ।
- सन् १९९२, थाई एयरको विमान रसुवाको याङफेदमा, ११३ जना ।
- सन् १९९२, पाकिस्तान एयरलाइन्सको विमान ललितपुरको भट्टेडाँडामा, १६७ जना ।
- सन् १९९२, एभरेष्ट एयरको विमान, १८ जना ।
- सन् १९९५, नेपाल एयरलाइन्सको विमान काठमाडौँमा, २ जना ।
- सन् १९९७, कर्णाली एयरको विमान सोलुमा, १ जना ।
- सन् १९९८, एटएससी लिबनी विमान, १८ जना ।
- सन् १९९८, एशियन एयरको विमान सोलुखुम्बुमा, ३ जना ।
- सन् १९९८, नेपाल एयरलाइन्सको विमान सोलुमा, १ जना ।
- सन् १९९९, नेकोन एयरको विमान जुम्लामा, ५ जना ।
- सन् १९९९, स्काईलाइनको विमान मकवानपुरमा, १० जना ।
- सन् २०००, नेपाल एयरलाइन्सको विमान डडेल्धुरामा, २५ जना ।
- सन् २००१, फिस्टेल एयरको विमान रारा तालमा, ४ जना ।
- सन् २००२, स्काईलाईनको विमान सुर्खेतमा, ४ जना ।
- सन् २००२, सांग्रीला एयरको विमान कास्कीमा, १८ जना ।
- सन् २००४, यती एयरलाइन्सको विमान लमजुङमा, ३ जना ।
- सन् २००५, एयर डाइनेटिकको विमान रामेछापमा, ३ जना ।
- सन् २००६, यती एयरलाइन्सको विमान जुम्लामा, ९ जना ।
- सन् २००६, यती एयरलाइन्सको विमान लुक्लामा, १९ जना ।
- सन् २०१०, अग्नि एयरको विमान मकवानपुरमा, १४ जना ।
- सन् २०११, तारा एयरको विमान ओखलढुंगामा, २२ जना ।
- सन् २०११, बुद्ध एयरको विमान लतिलतपुरमा, १९ जना ।
- सन् २०१२, अग्नि एयरको विमान मुस्ताङको जोमसोममा, १५ जना ।
- सन् २०१२, सीता एयरको विमान भरतपुरमा, १९ जना ।
- सन् २०१५, टर्किस एयरलाइन्सको विमान, मानवीय क्षति भएन ।
- सन् २०१८, बंगला एयरलाइन्सको विमान त्रिभुवन विमानस्थलमा, ४५ जना ।
- सन् २०१८, नुवाकोट अल्टिच्युड एयरको हेलिकप्टर, ६ जना ।
- सन् २०१८, मकालु एयरको विमान हुम्लाको सिमिकोटमा, २ जना ।
- सन् २०१९, एयर डाइनेस्टीको हेलिकोप्टर ताप्लेजुङको सिस्नेभीरमा, ७ जना ।
- २०७९ जेठ १६ गते तारा एयरको जहाज मुस्ताङको थासाङमा, २२ जना ।
- २०७९ माघ १ गते यती एयरलाइन्सको विमान पोखरामा, ७२ जना ।

स्रोतः इन्टरनेट

## घरदैलो नर्सिङ सेवाबाट हजारौँलाई स्वास्थ्य सेवा उपलब्ध



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालमा कार्यरत घरदैलो नर्सिङअन्तर्गतका वडा नर्सहरूको पुस महिनाको मासिक समीक्षा बैठक माघ ४ गते नपाको सभाकक्षमा बस्यो ।

बैठकमा प्रमुख **प्रजापति**ले जनताको वास्तविक समस्या बुझेर जनताको घरदैलो पुगेर सेवा गर्ने वडा नर्सहरूलाई जनताको भावना बुझेर काम गर्न मार्गनिर्देश गर्नुभयो ।

भक्तपुर नपाले शैक्षिक क्षेत्रमा गरेको उल्लेखनीय प्रगतिले धेरै विद्यार्थीहरूले उच्च शिक्षा हासिल गर्न सफल भएको बताउनुहुँदै अब भक्तपुर नपाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै अगाडि बढिरहेको बताउनुभयो ।

जनताको सेवक भएर काम गर्ने सोचले नर्सहरूलाई परिचालन हुन आग्रह गर्नुहुँदै प्रमुख प्रजापतिले घरदैलो नर्सिङ सेवाले मासिक एक हजारभन्दा बढी घरधुरी र करिब तीन हजार घरपरिवारको स्वास्थ्य जाँच गर्दै आएको तथ्याङ्क रहेको उल्लेख गर्नुभयो ।

प्रत्येक वर्ष नगरका १० ओटै वडामा विभिन्न रोगसम्बन्धी नियमित स्वास्थ्य शिविर सञ्चालनअन्तर्गत यस वर्ष श्वासप्रश्वाससम्बन्धी शिविर सञ्चालन सम्पन्न भएको बताउनुहुँदै उहाँले नगरका सामुदायिक विद्यालयहरूमा पनि नियमित स्वास्थ्य शिविर सञ्चालन गर्ने आवश्यक तयारीहरू भइरहेको बताउनुभयो ।

ख्वप अस्पतालका डा. **रत्नसुन्दर लासिवा**ले घरदैलो नर्सहरूले वडा कार्यालयसँग समन्वय गरी नगरवासी बिरामीहरूको सेवा गर्न प्रेरित गर्नुहुँदै घरदैलो जाने क्रममा घरपरिवारलाई पनि आधारभूत स्वास्थ्य जाँचका उपायहरूबारे शिक्षित गर्न सकिने बताउनुभयो ।

बैठकमा भनपा १ देखि १० वडाका वडा नर्सहरूले पुस महिनाको घरदैलो नर्सिङ सेवाको स्वास्थ्य तथ्याङ्क प्रस्तुत गरेका थिए ।

## रवि लामिछाने नागरिकतासम्बन्धी मुद्दामा दोषी ठहर

कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, डा आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको संवैधानिक इजलासले रवि लामिछानेको नागरिकतासम्बन्धी मुद्दामा दोषी ठहर गरेको छ ।

माघ १२ गतेको फैसलामा भनिएको छ –‘रवि लामिछानेले प्राप्त गरेको अमेरिकी नागरिकता परित्याग गरेपछि विधिवत् रूपमा नेपाली नागरिकता पुनः कायम गर्ने प्रक्रिया पूरा गरेको नदेखिएको हुँदा निजले प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार हुन वा सो पदमा निर्वाचित भई कायम रहन मिल्ने देखिएन ।’

अधिवक्ता रविराज बसौला, युवराज पौडेललगायतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका उपप्रधानमन्त्री लामिछाने प्रतिनिधिसभा सदस्यमा निर्वाचित सांसदको योग्यताबारे प्रश्न उठाउँदै रिट निवेदन दायर गरेका थिए । नेपाली नागरिकता नलिई राजनीतिक दल खोलेको, प्रतिनिधिसभा निर्वाचनमा प्रतिस्पर्धा गरी सांसद बनेको उल्लेख गर्दै उपप्रधानमन्त्री लामिछानेको सांसद पद खारेजको माग रिट निवेदनमा गरिएको थियो ।

## ब्राजिलमा भएको अप्रजातान्त्रिक कूको दुष्प्रयासको विश्वभर निन्दा



दक्षिण अमेरिकी देश ब्राजिलमा दक्षिणपन्थी तत्वले पुस २४ मा गरेको ‘आतङ्ककारी’ कूको दुष्प्रयासको विश्वभर निन्दा गरिएको छ ।

ब्राजिलका पूर्वराष्ट्रपति जैर बोल्सोनारोका समर्थकहरूले सुरक्षा अवरोधहरू तोडेर आइतबार ब्राजिलको संसद् भवन, सर्वोच्च अदालत र राष्ट्रपति भवनमा प्रवेश गरेको सीएनएनले ब्राजिलका सञ्चारमाध्यमहरूमा देखाइएका तस्बिरहरू उद्धृत गर्दै उल्लेख गरेको छ ।

लुइज इनासियो लुला दा सिल्भाले ब्राजिलको

राष्ट्रपतिको पदभार ग्रहण गरेदेखि बोल्सोनारोका समर्थकहरू ब्राजिलमा उपद्रव गरिरहेका छन् । विरोधका कारण संसद्को दुवै सदन चल्न सकेको छैन ।







दक्षिणपन्थीहरूले राष्ट्रपति भवनमा आक्रमण गर्दा ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भा भने भवनमा अनुपस्थित हुनुहुन्थ्यो । त्यसैले, उहाँ सुरक्षित रहनुभएको टेलेसुरले जनाएको छ ।

बोल्सोनारोका समर्थकहरूको उपद्रवले विश्वलाई ६ जनवरी २०२१ मा डोनाल्ड ट्रम्पका समर्थकहरूको संरा अमेरिकाको राजधानीमा मच्चाएको उपद्रवलाई स्मरण गरायो ।

## 'लुला एक्लो छैनन्'

ल्याटिन अमेरिकी देशलगायत विश्वका थुप्रै देशका राष्ट्रप्रमुख, सरकार प्रमुख र राजनीतिक सङ्गठनहरूले राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाको सरकारविरुद्ध उक्त फासीवादी, आतङ्ककारी र अप्रजातान्त्रिक सत्ताविप्लवको दुष्प्रयासको कडा निन्दा गरेका छन् ।

**क्युबा**ली राष्ट्रपति मिग्वेल डियाज कानेलले ट्विटरमा लेख्नुभएको छ, अराजकता सिर्जना गर्ने र राष्ट्रपति लुलालाई निर्वाचित गर्ने जनताको इच्छालाई अनादर गर्ने उद्देश्यले ब्राजिलमा भइरहेको हिंसात्मक र प्रजातन्त्रविरोधी क्रियाकलापको कडा शब्दमा निन्दा गर्न चाहन्छौँ । हामी राष्ट्रपति लुला र उहाँको सरकारप्रति हाम्रो पूर्ण समर्थन जाहेर गर्न चाहन्छौँ ।

**भेनेजुयला**का राष्ट्रपति निकोलस माडुरोले स्पष्ट शब्दमा बोल्सोनारोका नवफासीवादी समूहहरूले मच्चाएको हिंसा र प्रजातान्त्रिक संस्थाहरूप्रति गरेको अपमानको विरोध गर्नुभएको छ र ब्राजिलियाली जनताले प्रजातन्त्र, शान्ति र आफ्ना राष्ट्रपतिको रक्षाका लागि सक्रिय हुने विश्वास गर्नुभएको छ ।

**अर्जेन्टिनी** राष्ट्रपति अल्बर्टो फर्नान्डेजले प्रजातन्त्रको रक्षाका लागि आफू ब्राजिलियाली जनता र राष्ट्रपति लुलासँग रहेको बताउनुभएको छ र दक्षिणपन्थीहरूको सत्ताविप्लवको भूत कहिल्यै सफल हुन नसक्ने बताउनुभएको छ ।

**मेक्सिको**का राष्ट्रपति आन्ड्रेज म्यानुअल लोपेज ओब्राडरले पनि सत्ता विप्लवको दुष्प्रयासको घोर निन्दा गर्दै लुला एक्लो नभएको र मेक्सिकोका प्रगतिशील शक्तिहरूको समर्थन उनलाई रहेको स्पष्ट पार्नुभएको छ ।

त्यस्तै **निकारागुआ**का राष्ट्रपति ड्यानियल ओर्टेगा, **चिली**का राष्ट्रपति ग्याब्रियल बोरिक, **होन्डुरस**की राष्ट्रपति जियोमारा क्यास्ट्रो जेलाया, **क्युबाली** विदेशमन्त्री ब्रुनो रोड्रिगेज, **अल्बा टीसीपी**का महासचिव फेलिक्स प्लासेनसियालगायतले पनि सत्ता विप्लवको दुष्प्रयासको घोर विरोध गरेका छन् ।

**ब्राजिल मजदुर पार्टी**का अध्यक्ष ग्लेइसी होफम्यानले दक्षिणपन्थीहरूको दुष्प्रयास सफल हुन नसक्ने जनाउँदै ब्राजिल मजदुर पार्टीले सबैखाले उपाय गरेर राष्ट्रपति लुलाको कार्यकाल सफल बनाउने बताउनुभएको छ ।

त्यसैगरी **संयुक्त राष्ट्रसङ्घ**का महासचिव एन्टोनियो गुटेरेसले 'ब्राजिलको प्रजातान्त्रिक संस्थाहरूमा भएको आक्रमणको' निन्दा गर्नुभएको छ । उहाँले ब्राजिलका जनता र प्रजातान्त्रिक संस्थाको इच्छालाई सम्मान गर्नुपर्नेमा

पनि जोड दिनुभएको छ ।

'आज ब्राजिलको लोकतान्त्रिक संस्थाहरूमा भएको आक्रमणको म निन्दा गर्दछु । ब्राजिलका जनता र प्रजातान्त्रिक संस्थाहरूको इच्छालाई सम्मान गर्नुपर्छ । मलाई पूर्ण विश्वास छ कि यो हुनेछ । ब्राजिल एक महान् लोकतान्त्रिक देश हो,' गुटेर्रेसले ट्वीटमा लेख्नुभएको छ ।

सत्ताविप्लवको दुष्प्रयासको निन्दा गर्नेहरूमा **कोलम्बिया**का राष्ट्रपति गुस्टाभो पेट्रो, **इक्वेडर**का राष्ट्रपति ग्वीलेर्मो लास्सो, **पारागुए**का राष्ट्रपति मारिटो आब्डो बेनिटेज, **संरा अमेरिका**का राष्ट्रपति जो बाइडेन, **फ्रान्स**का राष्ट्रपति इमानुएल माक्रोन, **क्यानाडा**का प्रधानमन्त्री जस्टिन ट्रुडो, **इटाली**का प्रधानमन्त्री निओर्जीया मेलोनी, **स्पेन**का प्रधानमन्त्री पेड्रो सांचेज तथा **चीन**, **उरुगुए**, **पेरु**, **पोर्तुगाल**का विदेश मन्त्रालय, **अमेरिकी राज्यहरूको सङ्गठन**, **युरोपेली संसद्**का अध्यक्ष, **युरोपेली साङ्गठनिक नीति**का प्रमुख आदि थिए ।

## क्षमा होइन सजाय




'No amnesty! No amnesty! No amnesty!'

अर्थात उपद्रवीहरूलाई माफी वा क्षमा होइन भन्दै पुस २५ गते ब्राजिलको राजधानीमा जनताको विशाल जुलुस प्रदर्शन भयो । तिनीहरूले बोकेको ब्यानरमा पोर्तुगाली भाषामा लेखिएको छ– 'हामी प्रजातन्त्र हौँ' ।

'तिनीहरूले ब्राजिलको प्रतिनिधित्व गर्दैन, हामीले गर्छौं' ६१ वर्षकी प्रदर्शनकारी बेटी आमिनले भनिन् 'तिनीहरूलाई सजाय दिनुपर्छ, उपद्रव गर्न आदेश दिनेलाई सजाय गर्नुपर्छ र त्यसको लागि पैसा दिनेलाई पनि सजाय गर्नुपर्छ ।'


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## पर्यटक सेवा शुल्क सम्बन्धी सूचना

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु १५००।- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शुल्क रु १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु १८००।- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# नेमकिपा बाँकेको दोस्रो जिल्ला परिषद् उद्घाटन



नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य **सुनिल प्रजापति**ले नेमकिपा बाँकेको दोस्रो जिल्ला परिषद् र प्रशिक्षण कार्यक्रमको माघ १७ गते उद्घाटन गर्नुभयो।

नेमकिपाको ४९ औं स्थापना दिवसको अवसरमा आयोजित उक्त प्रशिक्षण कार्यक्रममा केन्द्रीय सदस्य **सुनिल प्रजापति**ले समाजवादी क्रान्तिको लागि उपयुक्त वातावरण तयारी गर्न नेमकिपाले निर्वाचनलाई उपयोग गर्दै आएको बताउनुहुँदै साम्यवादी समाज स्थापना गर्नु पार्टीको मुख्य उद्देश्य भएको बताउनुभयो।

समाजवादी व्यवस्थाका विशेषताबारे प्रष्ट पार्नुहुँदै उहाँले समाजवादी व्यवस्था कामदार जनताको प्रजातन्त्र हो भन्नुभयो। सबै कुरामा भारतनिर्भर भएको नेपाल स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न हुन नसक्ने बताउनुहुँदै उहाँले भारतीय एकाधिकार पुँजी र भारतीय विस्तारवादी नीति नेपाली जनताको मुख्य शत्रु भएको बताउनुभयो।

वामपन्थी अवसरवाद र दक्षिणपन्थी अवसरवादको विरुद्ध नेमकिपाले निरन्तर सङ्घर्ष गर्दै आएको बताउनुहुँदै उहाँले हामीले क्षणिक फाइदाको निम्ति विदेशी शक्तिसामु झुक्ने काम गर्न नहुने धारणा राख्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य तथा सुदूरपश्चिम प्रदेशका संयोजक **नवराज कोइराला**ले पुँजीवादी पार्टीको विकल्पको रूपमा नेमकिपाले सशक्त ढङ्गले राजनीतिक गतिविधि गर्दै आएको प्रस्ट पार्नुहुँदै कामदार जनतालाई सचेत र सङ्गठित गर्दै देशमा समाजवादी व्यवस्था स्थापना गर्ने पार्टीको महत्त्वपूर्ण उद्देश्य भएको बताउनुभयो।

कार्यक्रमका सभापति एवम् नेमकिपा बाँके जिल्ला समितिका अध्यक्ष **बखत थापा**ले सङ्गठन विस्तारका लागि योजनाबद्ध ढङ्गले पार्टीको कामलाई प्राथमिकताका साथ अगाडि बढाइरहेको बताउनुहुँदै नेमकिपाले निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्दै जनतालाई सङ्गठित बनाउने काममा जोड दिँदै आएको बताउनुभयो।

त्यस्तै नेक्राविसङ्घका केन्द्रीय अध्यक्ष **प्रकाश गुरुङ**ले विद्यार्थीहरूलाई साङ्गठनिक गतिविधिमा क्रियाशील बनाउन अभिभावकहरूको भूमिका महत्त्वपूण भएको बताउनुहुँदै समाजवादी शिक्षाबाट उनीहरूलाई प्रशिक्षित गर्नुपर्ने आजको आवश्यकता भएको बताउनुभयो।



उद्घाटन कार्यक्रममा नेमकिपा बाँके जिल्ला समितिका सदस्य मोहनलाल थापा, नेमकिपा बाँके सचिव नवीनकुमार शाही, नेक्रामहिला सङ्घ बाँकेका अध्यक्ष कोकिला शाहीले पनि बोल्नुभएको थियो।

# संक्षेपमा

## निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति भक्तपुर नपा वडा नं. १० मा निर्माणाधीन बेखाल कभर्ड हल ढलान कार्यको पुस २७ गते निरीक्षण गर्नुभयो।

## अवलोकन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माघ १ गते माघे संक्रान्तिको दिन भनपा वडा नं. १ थथुबही परिसरमा भएको सम्यक महादान पर्वको स्थलगत अवलोकन गर्नुभयो।

## स्वास्थ्य स्वयम्सेविकाहरूको अर्धवार्षिक समीक्षा कार्यक्रम



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति उपस्थितिमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको आयोजनामा भएको महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरूको अर्धवार्षिक समीक्षा कार्यक्रम माघ ३ गते सम्पन्न भयो।

## भूकम्प इन्जिनियरिङको तेस्रो सम्मेलन उद्घाटन




भनपाका कार्यवाहक प्रमुख रजनी जोशी ख्वप ई. कलेज र ख्वप कलेज अफ ईन्जिनियरिङको संयुक्त आयोजनामा भइरहेको भूकम्प इन्जिनियरिङ विषयमा राष्ट्रिय स्तरको तेस्रो सम्मेलन '3rd National Conference on Earthquake Engineering' को माघ ६ गते उद्घाटन गर्नुभयो।

## स्वास्थ्य शिविर




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले वडा नं. ४ मा स्वास्थ्य शिविरको उद्घाटन गर्नुभयो।

## सांस्कृतिक प्रतियोगिता सञ्चालनसम्बन्धी महिला भजनकर्मीहरूको भेला



भक्तपुर नगरपालिकाले हरेक वर्ष सञ्चालन गर्दै आएको सांस्कृतिक विधासम्बन्धी प्रतियोगिता सञ्चालन गर्ने विषयमा नगरका सबै वडाका महिला भजन मण्डलहरूका प्रतिनिधिहरूसँग माघ १३ गते भनपा सभाकक्षमा छलफल गरियो।

उक्त कार्यक्रम भक्तपुर नपाका कार्यवाहक प्रमुख रजनी जोशीको उपस्थितिमा भएको थियो।

## ट्र्याकसुट वितरण



भक्तपुर नपाका कार्यवाहक प्रमुख रजनी जोशीद्वारा जैसीदेवी युथ क्लव, काठमाडौँको आयोजनामा मिति २०७९ माघ १२ गतेदेखि १४ गतेसम्म हुने बागमती प्रदेशस्तरीय मेयर कप तेक्वाण्डो प्रतियोगितामा भनपाको तर्फबाट सहभागी हुने खेलाडीहरूलाई माघ ११ गते ट्र्याकसुट वितरण गर्नुभयो।

## मेजर अपरेशन सुरु



भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालले माघ ७ गतेबाट मेजर अपरेशन सुरु गरेको छ। ख्वप अस्पतालका डा. मजेशप्रताप मल्लका अनुसार जनरल एनेस्थेसियामा थाइराइड ग्रन्थीको सफलतापूर्वक शल्यक्रिया भएको बताउनुभयो।

## योजनाहरूको निरीक्षण

भक्तपुर नपाका कार्यवाहक प्रमुख एवं अनुगमन समितिका संयोजक रजनी जोशी नेतृत्वको टोलीले माघ १७ गते नपाद्वारा उपभोक्ता समितिमार्फत सञ्चालित भनपा-५ अन्तर्गतको गय भिन्द्योदेखि आदर्शसम्मको ढुङ्गा छपाइ तथा बाटो मर्मत र तरकारी बजारका लागि पूर्वाधार निर्माण, भनपा ७ स्थित छिपा ताँ परिसरमा ढुङ्गा छपाइ तथा घाट मर्मत, हनुमानघाट सुधारिएको शवदाह गृह परिसरमा प्रतिक्षालय निर्माण कार्य, गय भिन्द्योदेखि आदर्शसम्म सडकको पूर्वतर्फ पेटी निर्माण र हनुमानघाटस्थित लोकेश्वर मन्दिर पुनःनिर्माण लगायतका योजनाहरूको अनुगमन गरेको छ।











अनुगमन टोलीमा भनपा–७ का वडाध्यक्ष उकेश कवां, भनपा–५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ, भनपा–४ का वडाध्यक्ष उपेन्द्र सुवाल, भनपाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीलगायत कर्मचारीहरू रहेका थिए ।

## भाजु पुखूको झार सफा गरिंदै









औषधी, खाद्यसामग्री लगायतका वस्तु किन्दा
म्याद हेर्ने बानी गरौं ।

# हाम्रो स्वास्थ्य

## आनो : लक्षण र उपचार



– डा लोकेन्द्र अवस्थी

आँखामा हुने विभिन्न समस्यामध्ये एउटा हो ‘स्टाइ’, जसलाई बोलीचालीको भाषामा ‘आनो’ भन्ने गरिन्छ। आनो एक प्रकारको खटिरा जस्तै हो जुन परेलाको रौँ उम्रिने ठाउँको प्वालमा अर्थात् परेलाको जरो र परेलाको तेल ग्रन्थीमा ‘स्टेफाइलोकोकस’ ब्याक्टेरियाको सङ्क्रमणले गर्दा हुन्छ। सङ्क्रमण भइसकेपछि यसमा पिप जम्मा हुन्छ र त्यसैलाई हामी आनो आएको भन्ने गर्छौं। यो आँखाको परेलाभन्दा भित्र वा बाहिर र तल्लो वा मथिल्लो जुनसुकै परेलामा पनि आउन सक्छ।

धेरैजसोलाई थाहा होला, पहिलेपहिले आँखामा आनो आयो भने बुढापाकाले यो त धेरै भूटो बोलेर आएको हो भन्ने गर्थे। तर यो भनाइमा कुनै सत्यता छैन।

फोहोर हातले आँखा चलाउँदा वा माड्दा, आँखा धेरै मिचिरहने बानीले, आनो भएको व्यक्तिले प्रयोग गरेको रुमाल वा तौलिया अरूले प्रयोग गर्दा, फोहोर पानीले आँखा धुँदा यो समस्या उत्पन्न हुने गर्छ। त्यसैगरी परेलामा चाया पर्ने समस्या छ भने पनि आनो हुने गर्छ।

आनो जुनसुकै उमेर समूहका व्यक्तिलाई पनि हुनसक्छ तर प्रायःजसो बालबालिकामा आनो बढी देखिन्छ। आनो एकपटक भइसकेपछि पनि फेरिफेरि आउन सक्छ र सामान्यतया यसले आँखाको दृष्टिलाई भने असर गर्दैन।

### लक्षण

- आँखा चिलाइरहने र माड्न मन लाग्ने
- आँखाको परेला भारी हुने
- आँखाको परेला सुन्निने
- खटिरा आउने र रातो हुने
- आँखाबाट आँसु बगिरहने वा चिप्रा आउने
- घाम अथवा प्रकासमा हेर्न अप्ठ्यारो हुने

### उपचार

सामान्यतया आनो केही समयमा आफै निको भएर जान्छ तर बारम्बार आनो हुने समस्या छ भने चिकित्सकको सल्लाहमा एन्टिबायोटिकको प्रयोग गर्न सकिन्छ र दुखाइ धेरै भएमा दुखाइ कम गर्ने औषधिको प्रायेग गर्न सकिन्छ।

आनो आएपछि घरमै गर्न सकिने उपचार जस्तैः सफा नरम कपडालाई मनतातो पानीमा भिजाएर दिनमा कम्तीमा २–३ पटक आँखा सेक्ने। यसरी सेक्दा पीडा कम हुने, आँखाको वरिपरि सफा हुने र बन्द रहेका ग्रन्थीका प्वालहरू खुल्न मद्दत पुग्छ। आनो आएको आखाँलाई सफा राख्नुपर्छ र मिच्नु हुँदैन। आनो आएको बेला आँखाको मेकअप गर्नु हुँदैन। त्यसैगरी चिकित्सकको सल्लाहबिना बजारमा पाउने औषधिको प्रयोग पनि गर्नु हुँदैन।




यसरी घरेलु विधिबाट आँखाको हेरचाह गर्दा पनि सन्चो भएन भने आँखा रोग विशेषज्ञको सल्लाह बमोजिम औषधि सेवन गर्नुपर्छ।

वृद्धावस्थाका मानिसमा आनोको समस्या देखिए मधुमेहको जाँच गराउनुपर्छ र दृष्टिमा समस्या भए समयमै परीक्षण गरेर चस्मा लगाउनुपर्छ।

तर, आँखा धेरै सुन्नियो, धेरै दुख्यो, पिप या रगत निस्किन थाल्यो, ज्वरो आयो भने घरेलु विधि अपनाउनुभन्दा तुरुन्त स्वास्थ्य संस्थामा गएर जँचाउनु बुद्धिमानी हुन्छ। घरमा आफैले आनो फुटाएर पिप निकाल्ने, आनोमा लिसोको प्रयोग गर्ने आदि सकभर नगर्ने।

### आनोको रोकथाम

- प्रायः बालबालिकामा यो समस्या बढी देखिने हुँदा उनीहरूको सरसफाइमा ध्यान दिनुपर्छ। धूलो, धुवाँ र फोहोरबाट आँखालाई बचाउनुपर्छ। आँखा सधैँ सफा पानीले धुनुपर्छ।
- आँखा चिलाउँदा मिच्नु हुँदैन।
- आँखालाई असर पर्ने गरी मेकअपका सामान प्रयोग गर्नु हुँदैन।
- कन्ट्याक्ट लेन्स प्रयोग गर्नेले लेन्स लगाउँदा र निकाल्दा हात राम्ररी धुनुपर्छ।

समयमै उपचार गरिएन भने आनो फुटेर थप सङ्क्रमण हुन सक्ने र आँखाको दृष्टिमा पनि समस्या उत्पन्न हुनसक्ने भएकाले बेलैमा चिकित्सकको परामर्श लिई उचित औषधिको प्रयोग अत्यन्तै आवश्यक हुन्छ। आँखा एक संवेदनशील अङ्ग भएका कारण चिकित्सकको सल्लाहबिना आँखामा कुनै पनि औषधि प्रयोग गर्नु हुँदैन।

*(डा अवस्थी बिपी कोइराला स्वस्थ्य विज्ञान प्रतिष्ठान, धरानमा कार्यरत छन्।)*

स्वास्थ्यखबर

## विश्वमा कोभिड-१९ को स्थिति (माघ १५ गते)

| क्र. सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | पुस १५ मा |
|---|---|---|---|---|---|
| | विश्व | ६७४,७२१,९७१ | ६४६,८८१,८१९ | ६,७५८,७२१ | |
| १ | संर- अमेरिका | १०४,१११,७४७ | १०१,१९३,६९९ | १,१३२,२५४ | १ |
| २ | भारत | ४४,६८२,६३९ | ४४,१५०,०५७ | ५३०,७४० | २ |
| ३ | फ्रान्स | ३९,५१२,६६७ | ३९,२४३,६४७ | १६४,०८० | ३ |
| ४ | जर्मनी | ३७,७३९,४७२ | ३७,३२५,१०० | १६५,४४१ | ४ |
| ५ | ब्राजील | ३६,८०९,६०८ | ३५,८१२,९०८ | ६९६,८०९ | ५ |
| ७ | जापान | ३२,४१९,६३२ | २१,५४४,८६७ | ६७,३८८ | ७ |
| ६ | दक्षिण कोरिया | ३०,१४९,६०१ | २९,६२०,७२९ | ३३,३९० | ६ |
| ८ | इटाली | २५,४५३,७८९ | २५,०१४,९८६ | १८६,८३३ | ८ |
| ९ | संयुक्त अधिराज्य | २४,२७४,३६१ | २४,००३,२९५ | २०४,१७१ | ९ |
| १० | रूस | २१,९३१,४८० | २१,३३५,७०४ | ३९४,९४४ | १० |
| ११ | टर्की | १७,०४२,७२२ | अप्राप्त | १०१,४९२ | ११ |
| १२ | स्पेन | १३,७३१,४७८ | १३,५५७,६९९ | ११८,४३४ | १२ |
| १३ | भियतनाम | ११,५२६,३९५ | १०,६१२,४३८ | ४३,१८६ | १३ |
| १४ | अस्ट्रेलिया | ११,२९५,४४६ | ११,२३५,७७१ | १८,६१५ | १४ |
| १५ | अर्जेन्टिना | १०,०३२,७०९ | ९,८६२,५७६ | १३०,३९४ | १५ |
| १६ | ताइवान | ९,४५५,९२४ | ९,०३८,९६३ | १६,२२४ | १६ |
| १७ | नेडरलान्ड | ८,५८१,४२१ | ८,५४५,३५७ | २२,९८९ | १७ |
| १८ | इरान | ७,५६४,०४६ | ७,३३७,३७९ | १४४,७४४ | १८ |
| १९ | मेक्सिको | ७,३५८,५९३ | ६,५९२,५३६ | ३३२,०८७ | १९ |
| २० | इन्डोनेसिया | ६,७२९,४०८ | ६,५६४,१३६ | १६०,८०२ | २० |
| २१ | पोलान्ड | ६,३७८,२९९ | ५,३३५,९४० | ११८,७१५ | २१ |
| २२ | कोलम्बिया | ६,३५६,३०९ | ६,१७९,५०१ | १४२,४८६ | २२ |
| २३ | अस्ट्रिया | ५,७७२,२८० | ५,७२३,२०४ | २१,६६१ | २३ |
| २५ | ग्रीस | ५,७०८,३०१ | ५,६४८,५०५ | ३५,६३० | २५ |
| २४ | पोर्तुगल | ५,५६३,२६५ | ५,५३२,०६१ | २६,००२ | २४ |
| २६ | युक्रेन | ५,३७०,१३१ | ५,२५२,०७१ | १११,०२० | २६ |
| २७ | चिली | ५,११५,१३० | ५,०४५,५६८ | ६३,७६४ | २७ |
| २८ | मलेसिया | ५,०३५,८७१ | ४,९८९,४३५ | ३६,९४० | २८ |
| ३० | इजरायल | ४,७८४,५७० | ४,७६६,२६८ | १२,१७० | ३० |
| २९ | प्रजग कोरिया | ४,७७२,८१३ | ४,७७२,७३९ | ७४ | २९ |
| ३१ | थाइलान्ड | ४,७२६,५१२ | ४,६९२,१६४ | ३३,८३६ | ३१ |
| ३२ | बेल्जियम | ४,६९१,४९९ | ४,६४१,६८४ | ३३,५५७ | ३२ |
| ३३ | चेक गणतन्त्र | ४,५८८,७२७ | ४,५३८,०९० | ४२,३०२ | ३३ |
| ३४ | क्यानाडा | ४,५३९,२२९ | ४,४३७,९४१ | ५०,१३५ | ३४ |
| ३५ | पेरू | ४,४८१,१०१ | ४,२५६,८८१ | २१८,७५० | ३५ |
| ३६ | स्वित्जरलान्ड | ४,३८५,७०१ | ४,३६४,१०९ | १४,४५२ | ३६ |
| ३७ | फिलिपिन्स | ४,०७२,८४४ | ३,९९७,०४९ | ६५,७५७ | ३७ |
| ३८ | दक्षिण अफ्रिका | ४,०५५,२८४ | ३,९१२,५०६ | १०२,५९५ | ३८ |
| ३९ | रोमानिया | ३,३२२,६४८ | ३,२४८,६५० | ६७,५४२ | ३९ |
| ४० | डेनमार्क | ३,१७२,९३६ | ३,१६३,३९५ | ८,१२० | ४० |
| ४२ | हङकङ | २,८७२,८२३ | २,४२८,८८२ | १३,३१३ | ४२ |
| ४१ | स्वीडेन | २,६९३,४५८ | २,६५४,९८४ | २३,२४६ | ४१ |
| ४४ | सर्बिया | २,४६८,६०६ | २,४३७,५५३ | १७,६८३ | ४४ |
| ४३ | इराक | २,४६५,५४५ | २,४३९,४९७ | २५,३७५ | ४३ |
| ४५ | सिंगापुर | २,२१५,८८९ | २,१४३,३०७ | १,७२० | ४५ |
| ४६ | हङगेरी | २,१९१,८२७ | २,१३७,३०५ | ४८,६५८ | ४६ |
| ४७ | न्यु जीलान्ड | २,१७१,७८८ | २,१५५,४७१ | ३,७५४ | ४७ |
| ४८ | बंगलादेश | २,०३७,५०६ | १,९९१,१७० | २९,४४१ | ४८ |
| ४९ | स्लोभाकिया | १,८६०,७४५ | १,८३९,१५९ | २०,९३५ | ४९ |
| ५० | जर्जीया | १,८१४,१८० | १,७७६,५४८ | १६,९२६ | ५० |
| ५१ | जोर्डान | १,७४६,९९७ | १,७३१,००७ | १४,१२२ | ५१ |
| ५२ | आयरलान्ड | १,७००,२५३ | १,६८३,६८४ | ८,४६२ | ५२ |
| ५३ | पाकिस्तान | १,५७६,२७१ | १,५३८,६८९ | ३०,६४० | ५३ |
| ५४ | नर्वे | १,४७७,७१५ | १,४७१,६४२ | ५,११२ | ५४ |
| ५५ | फिन्लान्ड | १,४५८,६१९ | १,४४६,८७४ | ८,६३९ | ५५ |
| ५६ | कजाखस्तान | १,४०५,७५३ | १,३८३,०२० | १३,६९५ | ५६ |
| ५७ | स्लोभेनिया | १,३२१,०८३ | १,३०९,९१५ | ७,०५५ | ५७ |
| ५९ | लिथुआनिया | १,२९५,८९३ | १,२८१,४२० | ९,५३८ | ५९ |
| ५८ | बुल्गेरिया | १,२९५,२५५ | १,२५४,२४६ | ३८,१७४ | ५८ |
| ६० | मोरोक्को | १,२७२,२२२ | १,२५५,८५२ | १६,२९६ | ६० |
| ६१ | क्रोएसिया | १,२६७,४६७ | १,२४८,९७८ | १७,८५८ | ६१ |
| ६२ | लेबनान | १,२२८,२६२ | १,०८७,५८७ | १०,७८६ | ६२ |
| ६३ | ग्वाटेमाला | १,२२६,९५१ | १,२०३,०२० | २०,०९६ | ६३ |
| ६५ | बोलिभिया | १,१८७,०९२ | १,१४३,९७१ | २२,३४५ | ६५ |
| ६४ | कोस्टा रिका | १,१८२,३७१ | ८६०,७११ | ९,१४२ | ६४ |
| ६६ | ट्युनिसिया | १,१५०,२७८ | अप्राप्त | २९,३०२ | ६६ |
| ६७ | क्युबा | १,११२,४१४ | १,१०३,७७४ | ८,५३० | ६७ |
| ६९ | इक्वेडर | १,०५१,२३९ | १,०११,६८२ | ३५,९४२ | ६९ |
| ६८ | संयुक्त अरब इमिरेटस | १,०४९,२०९ | १,०३२,४६१ | २,३४८ | ६८ |
| ७१ | उरूग्वे | १,०३१,५८१ | १,०२२,०५५ | ७,६०१ | ७१ |
| ७० | पनामा | १,०२९,०६१ | १,०१९,३४५ | ८,५९४ | ७० |
| ७२ | मंगोलिया | १,००७,८६५ | १,००५,६४२ | २,१७९ | ७२ |
| ७३ | नेपाल | १,००१,०९२ | ९८९,०५४ | १२,०२० | ७३ |
| ७४ | बेलारूस | ९९४,०३७ | ९८५,५९२ | ७,११८ | ७४ |
| ७५ | लात्भिया | ९७५,२३० | ९६८,६७५ | ६,२११ | ७५ |
| ७७ | अजरबैजान | ८२७,८८० | ८१७,५६२ | १०,०८१ | ७७ |
| ७६ | साउदी अरेबिया | ८२७,८२८ | ८१५,४१८ | ९,५६८ | ७६ |
| ७८ | पारागुए | ८०६,२५६ | अप्राप्त | १९,८२० | ७८ |
| ७९ | बहराइन | ७००,३४६ | ६९८,३१८ | १,५४२ | ७९ |
| ८० | श्री लंका | ६७१,९८७ | ६५५,१५८ | १६,८२६ | ८० |
| ८१ | कुवेत | ६६२,८५८ | ६६०,२३७ | २,५७० | ८१ |
| ८२ | डोमिनिकन गणतन्त्र | ६६०,०९५ | ६४४,७८५ | ४,३८४ | ८२ |
| ८४ | साइप्रस | ६४२,६६३ | ६३३,४२२ | १,२८७ | ८४ |
| ८३ | म्यानमार | ६३३,८१८ | ६१४,२७९ | १९,४९० | ८३ |
| ८५ | प्यालेस्टिन | ६२१,००८ | ६१५,४४५ | ५,४०४ | ८५ |
| ८६ | इस्टोनिया | ६१३,५०७ | ५२४,९९० | २,९०४ | ८६ |
| ८७ | मोल्डोभा | ५९८,०७३ | ५०४,१४२ | ११,९५० | ८७ |
| ८८ | भेनेजुयला | ५५१,४१२ | ५४४,८४३ | ५,८४५ | ८८ |
| ८९ | मीश्र | ५१५,६४५ | ४४२,१८२ | २४,६१३ | ८९ |
| ९० | लिबिया | ५०७,१५९ | ५००,७१७ | ६,४३७ | ९० |
| ९६ | चीन | ५०३,३०२ | ३७९,०५३ | ५,२७२ | ९६ |
| ९१ | इथियोपिया | ४९९,४६६ | ४८६,४७२ | ७,५७२ | ९१ |
| ९२ | कतार | ४९२,२३४ | ४९१,२४६ | ६८६ | ९२ |
| ९३ | रियुनियन | ४८५,८९५ | ४१८,५७२ | ९१९ | ९३ |
| ९४ | होन्डुरस | ४७०,३३७ | अप्राप्त | ११,१०२ | ९४ |
| ९५ | आर्मेनिया | ४४६,००८ | ४३५,१६२ | ८,७१७ | ९५ |
| ९७ | बोस्निया र हर्जगोभिना | ४०१,३३३ | ३७९,०६६ | १६,२५० | ९७ |
| ९८ | ओमान | ३९९,१५४ | ३८४,६६९ | ४,२६० | ९८ |
| ९९ | उत्तर मेसेडोनिया | ३४६,४२८ | ३३६,६२३ | ९,६३८ | ९९ |
| १०० | केन्या | ३४२,८१० | ३३७,०४० | ५,६८८ | १०० |
| १०१ | जाम्बिया | ३४०,१७२ | ३३४,०९१ | ४,०४४ | १०१ |
| १०२ | अल्बानिया | ३३४,१५३ | ३२८,९३५ | ३,५९५ | १०२ |
| १०३ | बोत्स्वाना | ३२८,८८७ | ३२५,६१० | २,७९८ | १०३ |
| १०४ | लक्जम्बर्ग | २९७,७५७ | २८८,९९१ | १,१३३ | १०४ |
| १०५ | मोन्टेनेग्रो | २८६,२३५ | २८३,११० | २,७९६ | १०५ |
| १०८ | ब्रुनइ | २७५,२२० | २४३,६०१ | २२५ | १०८ |
| १०६ | अल्जेरिया | २७१,३६९ | १८२,७३९ | ६,८८१ | १०६ |
| १०७ | नाइजेरिया | २६६,४६३ | २५९,८५० | ३,१५५ | १०७ |
| १०९ | जिम्बाबे | २६१,६०६ | २५४,९५१ | ५,६५२ | १०९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११० | उज्वेकिस्तान | २५०,५०८ | २४१,४८६ | १,६३७ | ११० |
| १११ | मोजाम्बिक | २३१,९९४ | २२८,८०५ | २,२३३ | १११ |
| ११२ | मार्टिनक्यू | २२९,५७७ | अप्राप्त | १,०९५ | ११२ |
| ११३ | लावस | २१७,९६२ | अप्राप्त | ७५८ | ११३ |
| ११४ | आइसलान्ड | २०८,६०५ | अप्राप्त | २२९ | ११४ |
| ११५ | अफगानिस्तान | २०८,४३५ | १८६,०४० | ७,८७६ | ११५ |
| ११६ | कीर्गीज्स्तान | २०६,५९१ | १९६,४०६ | २,९९१ | ११६ |
| ११७ | एल साल्भाडोर | २०१,७८५ | १७९,४१० | ४,२३० | ११७ |
| ११८ | ग्वाडेलौप | २०१,३९४ | अप्राप्त | १,००७ | ११८ |
| ११९ | ट्रिनिडाड एन्ड टोवागो | १८७,५८५ | १८२,८६८ | ४,३१९ | ११९ |
| १२० | माल्दिभ्स | १८५,७१३ | १६३,६८७ | ३११ | १२० |
| १२१ | घाना | १७१,११२ | १६९,६३६ | १,४६२ | १२१ |
| १२२ | नामिबिया | १७०,४९६ | १६६,३२४ | ४,०८३ | १२२ |
| १२३ | उगान्डा | १७०,३२८ | १००,४३१ | ३,६३० | १२३ |
| १२४ | जमैका | १५३,४०७ | १०२,२१२ | ३,४८० | १२४ |
| १२५ | कम्बोडिया | १३८,६८९ | १३५,६२१ | ३,०५६ | १२५ |
| १२६ | र्वान्डा | १३३,०९० | १३१,५५९ | १,४६८ | १२६ |
| १२७ | क्यामरून | १२३,९९३ | ११८,६१६ | १,९६५ | १२७ |
| १२८ | माल्टा | ११६,९५३ | ११५,४७३ | ८२४ | १२८ |
| १३० | बार्बाडोस | १०६,१५७ | १०५,५७० | ५७१ | १३० |
| १२९ | अंगोला | १०५,१८४ | १०३,२१६ | १,९३१ | १२९ |
| १३१ | च्यानल टापू | १०१,०६२ | १००,७३२ | २२३ | १३१ |
| १३२ | फ्रेन्च गीयाना | ९८,०२८ | ११,२५४ | ४२० | १३२ |
| १३३ | प्रजातान्त्रिक गणतन्त्र कंगो | ९५,४७३ | ८४,२२७ | १,४६३ | १३३ |
| १३४ | सेनेगल | ८८,९०० | ८६,९१५ | १,९६८ | १३४ |
| १३५ | मलावी | ८८,५०५ | ८५,३३७ | २,६८६ | १३५ |
| १३६ | आइभोरि कोस्ट | ८७,९७४ | ८७,१३५ | ८३३ | १३६ |
| १३७ | सुरिनाम | ८२,०२० | अप्राप्त | १,३९८ | १३७ |
| १३८ | न्यू क्यालेडोनिया | ७९,८२० | ७९,४८० | ३१४ | १३८ |
| १३९ | फ्रेन्च पोलीनेसिया | ७७,९५७ | अप्राप्त | ६४९ | १३९ |
| १४० | इस्वाटिनी | ७४,११४ | ७२,६४१ | १,४२२ | १४० |
| १४१ | गुयाना | ७२,९२२ | ७१,२७९ | १,२९४ | १४१ |
| १४२ | बेलिज | ७०,६१० | ६९,८६८ | ६८८ | १४२ |
| १४३ | फिजी | ६८,८२० | ६६,७८० | ८८३ | १४३ |
| १४४ | मडागास्कर | ६७,८१७ | ६६,३४३ | १,४११ | १४४ |
| १४५ | सुडान | ६३,७३६ | ५८,२८४ | ५,००१ | १४५ |
| १४६ | मौरितानिया | ६३,६६४ | ६२,४३३ | ९९७ | १४६ |
| १४७ | क्याबो भर्ड | ६३,२२७ | ६२,७५५ | ४१३ | १४७ |
| १४८ | भुटान | ६२,५९८ | ६१,५६४ | २१ | १४८ |
| १४९ | सिरिया | ५७,४५३ | ५४,२८९ | ३,१६४ | १४९ |
| १५० | बुरून्डि | ५२,१६२ | ५१,३९३ | ३८ | १५० |
| १५१ | सेशेल्स | ५०,३५५ | ५०,०२६ | १७२ | १५१ |
| १५२ | ग्याबोन | ४८,९८० | ४८,६६८ | ३०६ | १५२ |
| १५३ | अन्डोरा | ४७,८२० | ४७,५६३ | १६५ | १५३ |
| १५४ | पपुआ न्यू गिनी | ४६,६६३ | ४३,९८२ | ६६९ | १५४ |
| १५५ | कुरासाओ | ४५,९८६ | ४४,७२० | २९५ | १५५ |
| १५६ | अरूबा | ४३,९९३ | ४२,४३८ | २३६ | १५६ |
| १५७ | तान्जानिया | ४२,६०० | अप्राप्त | ८४६ | १५७ |
| १५८ | मायोत्ते | ४२,००२ | अप्राप्त | १८८ | १५८ |
| १५९ | मौरिसियस | ४१,६५२ | ३९,९४३ | १,०४३ | १५९ |
| १६० | टोगो | ३९,३५३ | ३९,०५९ | २९० | १६० |
| १६१ | गिनी | ३८,२४० | ३७,७५७ | ४६७ | १६१ |
| १६२ | आइल अफ मान | ३८,००८ | अप्राप्त | ११६ | १६२ |
| १६३ | वहामाज | ३७,४९१ | ३६,३६६ | ८३३ | १६३ |
| १६५ | लेसोथो | ३४,७९० | २५,९८० | ७२३ | १६५ |
| १६४ | फैरोए टापू | ३४,६५८ | अप्राप्त | २८ | १६४ |
| १६६ | हैटी | ३४,००८ | ३२,९८६ | ८६० | १६६ |
| १६७ | माली | ३२,७७८ | ३१,९५४ | ७४३ | १६७ |
| १६८ | केमान आइलान्ड | ३१,४७२ | ८,५५३ | ३७ | १६८ |
| १६९ | सेन्ट लुसिया | २९,८०३ | २९,०९५ | ४०९ | १६९ |
| १७० | बेनिन | २७,९८९ | २७,८२३ | १६३ | १७० |
| १७१ | सोमालिया | २७,३१८ | १३,१८२ | १,३६१ | १७१ |
| १७२ | कंगो | २५,३७५ | २४,००६ | ३८६ | १७२ |
| १७३ | सोलोमन टापू | २४,५७५ | अप्राप्त | १५३ | १७३ |
| १७४ | टिमोर लेस्टे | २३,४१४ | २३,१०२ | १३८ | १७४ |
| १७५ | सान मारिनो | २३,४०३ | २३,२४५ | १२२ | १७५ |
| १७६ | माइक्रोनेसिया | २२,६७६ | अप्राप्त | ५८ | १७६ |
| १७७ | बुर्किना फासो | २२,०२५ | २१,५९६ | ३९६ | १७७ |
| १७८ | लिक्टेन्स्टाइन | २१,३३४ | २१,२३० | ८९ | १७८ |
| १७९ | जिब्राल्टर | २०,३९९ | १६,५७९ | १११ | १७९ |
| १८० | ग्रेनाडा | १९,६८० | १९,३५८ | २३८ | १८० |
| १८१ | बर्मुडा | १८,७६६ | १८,५९३ | १५७ | १८१ |
| १८२ | निकारागुआ | १८,४९१ | ४,२२५ | २२५ | १८२ |
| १८३ | दक्षिण सुडान | १८,३६८ | १८,११५ | १३८ | १८३ |
| १८४ | ताजिकिस्तान | १७,७८६ | १७,२६४ | १२५ | १८४ |
| १८५ | इक्वेटोरियल गिनी | १७,१८६ | १६,८८० | १८३ | १८५ |
| १८६ | टोंगा | १६,७३४ | १५,६३८ | १३ | १८६ |
| १८८ | मोनाको | १६,०५६ | १५,९८२ | ६५ | १८८ |
| १८७ | समोआ | १६,०२२ | १,६०५ | २९ | १८७ |
| १८९ | डोमिनिका | १५,७६० | १५,६७३ | ७४ | १८९ |
| १९० | जिबौटी | १५,६९० | १५,४२७ | १८९ | १९० |
| १९१ | मार्शल टापू | १५,५५४ | १५,५२८ | १७ | १९१ |
| १९२ | केन्द्रीय अफ्रिकी गणतन्त्र | १५,३६१ | १४,७७७ | ११३ | १९२ |
| १९३ | गाम्बिया | १२,५८६ | १२,१८९ | ३७२ | १९३ |
| १९४ | सेन्ट मार्टिन | १२,२३३ | १,३९९ | ६३ | १९४ |
| १९५ | भनौतु | १२,०१४ | ११,९७६ | १४ | १९५ |
| १९६ | ग्रीनलान्ड | ११,९७१ | २,७६१ | २१ | १९६ |
| १९७ | यमन | ११,९४५ | ९,१२४ | २,१५९ | १९७ |
| १९८ | क्यारिबियन नेडरलान्ड | ११,६४८ | १०,४७६ | ३८ | १९८ |
| १९९ | सिन्ट मार्टेन | ११,०१० | १०,९०५ | ८९ | १९९ |
| २०० | इरिट्रिया | १०,१८९ | १०,०८६ | १०३ | २०० |
| २०१ | नाइजर | ९,९३१ | ८,८९० | ३१२ | २०१ |
| २०२ | सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स | ९,५८१ | ९,४४८ | १२३ | २०२ |
| २०३ | एन्टिगुआ एन्ड बर्बुडा | ९,१०६ | ८,९५४ | १४६ | २०३ |
| २०४ | कोमोरोस | ८,९९२ | ८,८२७ | १६१ | २०४ |
| २०५ | गिनी बिसाउ | ८,९४७ | ८,६५६ | १७६ | २०५ |
| २०६ | लाइबेरिया | ८,०५३ | ७,७५२ | २९४ | २०६ |
| २०७ | सिएरा लियोन | ७,७६० | अप्राप्त | १२६ | २०७ |
| २०८ | चाड | ७,६५२ | ४,८७४ | १९४ | २०८ |
| २०९ | ब्रिटिस भर्जिन टापू | ७,३०५ | अप्राप्त | ६४ | २०९ |
| २१२ | कूक टापू | ६,९९९ | ६,९९३ | २ | २१२ |
| २१० | सेन्ट किट्स एन्ड नेभिस | ६,५९१ | ६,५३२ | ४६ | २१० |
| २११ | टर्क्स एन्ड कैकोस | ६,५२२ | ६,४५१ | ३८ | २११ |
| २१३ | साओ टोम एन्ड प्रिन्सिप | ६,२७९ | ६,२०२ | ७७ | २१३ |
| २१४ | पलाउ | ५,९८६ | ५,९७६ | ९ | २१४ |
| २१५ | सेन्ट बार्थ | ५,४२० | अप्राप्त | ६ | २१५ |
| २१८ | किरिबाटी | ४,९९१ | २,७०३ | १८ | २१८ |
| २१६ | नाउरू | ४,६२१ | ४,६०९ | १ | २१६ |
| २१७ | अन्गिवला | ३,९०४ | ३,८७९ | १२ | २१७ |
| २२१ | मकाओ | ३,४८३ | ३,३५७ | १२० | २२१ |
| २१९ | सेन्ट पीरे मिक्वेलोन | ३,४५२ | २,४४९ | २ | २१९ |
| २२५ | वालिस एन्ड फुटुना | ३,४२७ | ४३८ | ७ | २२५ |
| २२० | तुभालु | २,८०५ | | | २२० |
| २२३ | सेन्ट हेलेना | २,१६६ | २ | | २२३ |
| २२२ | फकलान्ड टापू | १,९३० | १,९३० | | २२२ |
| २२४ | मोन्टसेराट | १,४०३ | १,३७६ | ८ | २२४ |
| २२७ | नियुए | ७४१ | ७३० | | २२७ |
| २२६ | डाइमन्ड प्रिन्सेस | ७१२ | ६९९ | १३ | २२६ |
| २२८ | भेटिकन सिटी | २९ | २९ | | २२८ |
| २२९ | पश्चिमी सहारा | १० | ९ | १ | २२९ |
| २३० | एमएस जान्डाम | ९ | ७ | २ | २३० |
| २३१ | टोउकेलाउ | ५ | | | |
| | **जम्मा** | ६७४,७२१,९७१ | ६४६,८८१,८१९ | ६,७५८,७२१ | |
| | **पुस १५ सम्म जम्मा** | ६६३,९७७,७०० | ६३६,०९२,०६८ | ६,६९३,९०४ | |
| स्रोत | WORLDOMETERE | मिति : २०७९।१०।१५ | | GMT : 06:00 | |

An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Poush Report

## 2079

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 1999 | 11.95 |
| 10-19. | 1450 | 8.67 |
| 20-59 | 9787 | 58.51 |
| ≥60 | 3490 | 20.87 |
| **Total** | **16726** | **100.00** |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 430 | 2.57 |
| General | 3268 | 19.54 |
| Insurance | 13028 | 77.89 |
| **Total** | **16726** | **100** |

| District | Number | In Percentage |
|---|---|---|
| Dhading | 1 | 0.01 |
| Kanchanpur | 1 | 0.01 |
| Okhaldhunga | 1 | 0.01 |
| Rukum | 1 | 0.01 |
| Sindhuli | 1 | 0.01 |
| Tehrathum | 1 | 0.01 |
| Dang | 1 | 0.01 |
| Rautahat | 1 | 0.01 |
| Makwanpur | 1 | 0.01 |
| Dang | 1 | 0.01 |
| Bara | 2 | 0.01 |
| Salyan | 2 | 0.01 |
| Morang | 2 | 0.01 |
| Pyuthan | 2 | 0.01 |
| Dolkha | 3 | 0.02 |
| Dailekh | 3 | 0.02 |
| Kailali | 3 | 0.02 |
| Lalitpur | 4 | 0.02 |
| Sankhuwasabha | 4 | 0.02 |
| Sarlahi | 4 | 0.02 |
| Jumla | 5 | 0.03 |
| Nuwakot | 5 | 0.03 |
| Accham | 8 | 0.05 |
| Rolpa | 9 | 0.05 |
| Ramechap | 15 | 0.09 |
| Sindhupalchowk | 18 | 0.11 |
| Kathmandu | 26 | 0.16 |
| Kavrepalanchok | 50 | 0.30 |
| Bhaktapur | 16551 | 98.95 |
| **Total** | **16726** | 100.00 |
| Madhyapur Thimi | 79 | |
| Suryabinayak | 672 | |
| Changu | 2512 | |
| Bhaktapur | 13288 | |
| **Total** | **16551** | |


| Department | Number | Percentage |
|---|---|---|
| General Ward | 53 | 0.32 |
| Cardiologist | 119 | 0.71 |
| General Surgery OPD | 151 | 0.90 |
| Physiotherapy | 171 | 1.02 |
| Laboratory | 346 | 2.07 |
| Dermatology | 393 | 2.35 |
| Internal Medicine | 474 | 2.83 |
| Obs. & Gynaecology | 531 | 3.17 |
| MDGP | 579 | 3.46 |
| Paediatric | 899 | 5.37 |
| Emergency Ward | 1124 | 6.72 |
| ENT | 1146 | 6.85 |
| Dental | 1359 | 8.13 |
| Orthopedic | 1746 | 10.44 |
| General OPD | 7635 | 45.65 |
| **Total** | **16726** | **100.00** |

| Inpatient Services | Number |
|---|---|
| Patient Admitted | 53 |
| Discharge | 49 |
| LAMA | 2 |
| Refer | 2 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2072 |
| Total Cataract Surgery | 54 |

## आ.व. २०७९/८० पौष महिनामा पर्यटक सूचना केन्द्र तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ११३ | १८० | १२० | ११४ | १२४ | १३४ | १५८ | ९७ | १३५ | १३८ | १४० | १४७ | २३४ | १६२ | २२० | २५३ | १२८ | १२८ | १७९ | २१० | २१० | १०३ | १६८ | १४७ | ७८ | १९४ | १०५ | ९३ | ७६ | ११४ |
| ■ सार्क तथा चिनियाँ | २२८ | २७० | १८१ | २०१ | १३२ | १९३ | २६३ | २६३ | ३६० | ३५५ | ५११ | ५७२ | ५५५ | ६६७ | ६४४ | ४९५ | ३२२ | २६१ | १५६ | १७३ | ९४ | १११ | १६६ | १८२ | ८५ | १९५ | १४१ | ८४ | ३०० | ६९ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०७८ पौष | ८५९ | २,४९१ | ३,३५० |
| २०७९ पौष | ४,४०२ | ८,२२९ | १२,६३१ |
| प्रगति | ३,५४३ | ५,७३८ | ९,२८१ |

सम्पादकको पृष्ठ

# प्रमुख प्रतिपक्षी दल एमाले किन हुनसक्दैन ?

माओवादीलाई प्रधानमन्त्री पद दिएको भए नेका सत्ताधारी दल नै हुन्थ्यो । एमाले–माओवादीको सरकारको प्रधानमन्त्रीलाई विश्वासको मत नदिएको भए नेका स्वतः प्रमुख प्रतिपक्षी दल हुन्थ्यो । तर, नेका दुवैबाट चुक्यो र अहिले 'घरको न घातको' भएको छ । सरकार अर्थात् मन्त्रिपरिषद् गठनमा सहभागी नहुने र समर्थन नगर्ने अहिले संसद्मा केवल दुई दल बाँकी रहेका छन्– नेमकिपा र राजमो ।

संसदीय व्यवस्थामा निर्दलीय पञ्चायती व्यवस्थामा जस्तो विपक्षीरहितको कल्पना गरेको छैन बरु प्रतिपक्षी दलको व्यवस्था एक प्रकारले अनिवार्य मानेको छ । उपरोक्त दुई दलले विपक्षी दलको हैसियत राख्छ र नेमकिपा त्यसको पहिलो हकदार हो ।

तर, नेकाले प्रमुख प्रतिपक्षी दलको माग गरेर जग हँसाइ गरेको छ । मन्त्रिपरिषद् गठनको लागि मार्ग प्रशस्त गर्न प्रमलाई विश्वासको मत पनि दिने त्यही प्रमको विपक्षी दलको नेताको हैसियत पनि खोज्ने नेकाले 'कही नभएको जात्रा हाँडीगाउँमा' आहानलाई चरितार्थ गरेको छ । यदि प्रमलाई विश्वासको मत दिएर नेका प्रमुख प्रतिपक्षी हुनसक्छ भने एमाले किन हुनसक्दैन ? माओवादी र एमालेबीच आलोपालो प्रधानमन्त्री हुने सहमति संविधान र ऐनले चिनेको छैन । तब, सरकार र प्रमुख प्रतिपक्षी दलको आलोपालो अभ्यास अहिले नै गरे फरक के पर्छ ? त्यसो गर्नु संसदीय अभ्यास, विद्यमान ऐनले मिल्दैन भने नेकाले  विपक्षी दलको माग गर्नु कहाँको संसदीय अभ्यास हो ?

'सङ्घीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३' को दफा २ (ङ) को उपदफा १ देखि ४ सम्म विपक्षी दलको नेताको व्यवस्था गरेको छ । प्रधानमन्त्रीलाई विश्वासको मत दिनु भनेको मन्त्रिपरिषद् गठनमा समर्थन र सहयोग गर्नु नै हो– यसको अर्को परिभाषा हुन सक्दैन र आफूखुसी व्याख्यालाई मान्यता दिन पनि सकिँदैन । ऐन नियमको व्याख्या 'माछा आए दूलो हात र सर्प आए बाहिर हात' जस्तो गर्न थाले देशमा 'जसको लाठी उसको भैंसी' हुनेछ । त्यसको परिणाम व्यवस्थामात्र होइन देशकै अस्तित्वमा सङ्कट आउन सक्छ ।

नेका पछिल्लो समय विचारशून्य र सिद्धान्तहीन  भई सत्तामुखीमात्र भएको चर्चा सर्वत्र भइरहेको सन्दर्भमा 'नेकपा–कांग्रेस' हुन खोजेकै हो ? अन्यथा संसदीय प्रजातन्त्रको रातदिन दुहाइ दिने नेकाभित्र संसदीय  मूल्य–मान्यता, आचरण र संस्कारको यति टाट पल्टाईलाई त्यसका 'बुद्धिजीवी' हरू किन 'लाटाले केरा हेरेझैँ' हेरेर बसिरहेका छन् ? 'लाटाको खुट्टा बाटामा परे' अलिकति भए पनि भाग पाइएला भनेर र्‍याल चुहिरहेकोले बोल्न नसकेका हुन् कि ?

विगतमा काङ्ग्रेसी सभामुखले दलबदल गर्ने नेमकिपाका सांसदलाई ऐनको प्रावधानअनुसार बर्खास्त  गरेन भने माओवादी सभामुखले एमालेका सांसदहरूलाई बर्खास्त नगरी विकृति र विसङ्गतिलाई हुर्काएका थिए । अहिले एमालेका सभामुखले नेमकिपाका सांसद प्रेम सुवाललाई ऐनअनुसार विपक्षी दलको नेता घोषणा नगरी त्यसैको साक्षी बसिरहेका हुन् कि ?



पुन:निर्मित बाराही पुल



निर्माणाधीन बेखाल कभर्ड हल

# निरंकुश जहानियाँ शासनविरुद्ध देश र जनताको लागि जीवन उत्सर्ग गर्ने प्रातःस्मरणीय अमर शहीदहरूमा हार्दिक श्रद्धाञ्जली !



शुक्रराज शास्त्री



धर्मभक्त माथेमा



दशरथ चन्द



गंगालाल श्रेष्ठ

## भक्तपुर नगरपालिका परिवार